ॐ

ॐ नमः शिवाय

"धर्मो रक्षति रक्षितः"

वेदादिशास्त्र समाज र कलियुग

तथा

नेपालमा दलीय राजनीति



- दामोदर गौतम

२०५७ साल श्रावणमा एक लाख पार्थिव शिवलिङ्ग पूजाको बेदी

इ०पु०666

- ॐ नमः शिवाय -

"धर्मो रक्षति रक्षितः"

क्रम संख्या 5 मिति २२/१२/०३५

श्री .....ले प्रजातन्त्र, समाजवाद र राष्ट्रीयतामा आस्था र विश्वास जनाउँदै क्रियाशील सदस्यताका लागि शुल्क रु० २)- भुक्तान गरी आवेदन गरेकोमा स्थानीय सुझावको आधार मा तपाईलाई नेपाली कांग्रे[illegible] क्रियाशील [illegible]स्यता प्रदान गरिन्छ ।

निर्देश्वर प्र. कोइराला

अध्यक्ष

–Damodar Gautam–

Nepali Congress Active Member From : 2034 B.S.

1) S.N. 5 -2034/12/13 From B.P.Koirala.

2) S.N. 26625 -2048 From K.P.Bhattarai.

3) S.N. 56484 - 2053 From K.P.Bhattarai.

4) S.N. 270420031 - 2057 From G.P.Koirala.

5) S.N. 270420010- 2062 From G.P.Koirala.

6) S.N. 26090907001- 2067 From Sushil Koirala.

7) S.N. 26090907001- 2072 From Sher Bdr. Deuba.

8) 330092080700131 – 13,14 2078 from Sher Bdr Deuba.

9) Founder Member:Nepal Vidhyarthi Sangh 2027 B.S.

10)Nepali Congress Member of Standing Committee - 9 Ktm.

11)Central Member many Different Department of Nepali Congress.

Contact: (977) 1-4034251(Res), 9851043122

Email: omdamodargautam@gmail.com

ॐ

शुभ-कामना

✍ प्रा. शिवगोपाल रिसाल

अलिकति वेद, अलिकति उपनिषद, अलिकति स्मृति, कतै गीता, कतै पुराण, कतै नीति, कतै धर्म, कतै दर्शन आदिका आधार लिएर तिनका सिद्धान्तलाई प्रतिपादन गर्दै तयार पारिएको यो पुस्तिकाले रमाइलो रसको संयोजन गरेको छ। प्रसङ्ग प्राप्त स्थानमा बाइबल र कुरआन पनि आएका छन्। आफ्ना कुरालाई पुष्टि गर्नका लागि पुराण आदिका प्रमाण प्रस्तुत छन्।

सबै थोक मिसाएर बनाएको 'जोगी तिहुन' वा 'खिचडीको' मिठो स्वाद यसमा पाइन्छ। वेदका मन्त्र देखि लिएर मानस रामायणका दोहा, चौपाइले पनि राम्रो स्थान पाएका छन्। कतै आद्य जगदगुरु शङ्कराचार्यको विवेक चूडामणि, दशश्लोकीका श्लोकहरूले पुस्तकको गरिमा बढाएका छन् भने उपनिषद् र पुराणका उद्धरणहरूले आध्यात्मिक यात्रामा राम्रो सुगन्ध छरेका छन्।

चार युगका विशेषताबाट आरम्भ भएको यो पुस्तक शिवध्यानमा गएर टुङ्गिन्छ। बीच बीचमा ईश्वर, आत्मा, जीव, जगत्, बुद्ध आदिको चर्चा छ। कर्म, उपासना, ज्ञान आदिलाई, प्रतिपादन गर्नका लागि भागवत, शिवपुराण, गीता आदिका श्लोकहरू फाट्टफुट्ट उद्धरण गर्दै तिनको भावार्थ दिएर अलिकति 'चटनी' जस्तो अलिकति 'सर्वत' जस्तो भएको यो सानो पुस्तकले पाठकलाई पढ्नमा रुचि चाहिँ मनग्गे सिर्जना गरेको छ।

मलाई अध्यात्मसत्रको कुनै पनि पुस्तक, पुस्तिका, ग्रन्थ, शास्त्र, पढ्न र लेख्न असाध्य मन् पर्ने हुनाले यसको पाण्डुलिपि सरसरर्ती पढ्दा रमाएइलो लाग्यो, आनन्द भयो। श्री दामोदर गौतम ज्यू मेरा चिर परिचित मित्र भएकोले उनको लेखनीबाट निस्केको यस पुस्तिकाले अध्यात्मका पाठकलाई मिठो खुराक पस्कने छ भन्ने विश्वासका साथै गौतमज्यूलाई शुभ-कामना व्यक्त गर्द छु।

शिवमस्तु

२०६६/८/६/७
शिव-मन्दिर, विवाह पञ्चमी
शान्तिकुञ्ज, ललितपुर-५

- ॐ नमः शिवाय -

आफ्नै बारे

मानिस सृष्टिका जीवमध्येको उत्तम मानिन्छ किन भने संसार बुझ्ने र आफु लाई जान्ने यही मनुष्य मात्र हो । विभिन्न सुकर्म-कुकर्म पनि मानिस बाटै हुन्छन् । संसारका प्राणीमा उत्कृष्ट र निकृष्ट दुबै किसिमका प्राणी मनुष्य नै हुन् । निकृष्ट र कुकर्म गर्ने स्वार्थी मनुष्यहरूको संख्या संसारमा बढी पाइन्छन् । अनि समाज पनि स्वार्थ कै पछि लाग्छ । मेरो जन्म(सृष्टि) भने ३ विदा(कार्य)का लागि भएछ । एक मैले किशोर अवस्था देखि नै 'परोपकारः पुण्याय' भन्ने बाटो अंगाल्दै आएँ । दोस्रो विद्यार्थी अवस्था २०२२ साल देखि नै समाजवादी राजनीति बाट समाज कल्याण हुन्छ भन्ने वी.पी. कोइरालाको आर्दशको बाटो र गणेश मान सिंहको साहास आजसम्म अगाल्दै आएको छु । तेस्रो किशोर अवस्था देखिनै अध्यात्म 'आनन्द' को बाटो अगाडि बढ्दै आएको छु जुन अन्तिम 'शिवोऽहम्' मा पुगेको छु ।

समाज सेवा

असहाय विरामी सेवाको बाटो करिब २०२० साल देखि गाउँघर बाट सुरु हुदै २०३८ साल देखि संजीवनी सेवा संघको आजीवन अध्यक्ष हुदा सम्म आफुले पर्याप्त नभए पनि सक्दो र विना भेदभाव गरिब देखि विद्रोही माओबादी घाइते भोला अर्याल, तारा भण्डारी लगायत धेरैको उपचार र सेवा पुऱ्याउनुका साथै अनगिन्ति अन्य असहाय विरामीहरूको सेवा गर्दा आनन्द त आउछ । तर दुष्टहरूबाट बढी अपबाद हुने गर्दा आत्मसम्मानमा चोट लागे जस्तो हुन्छ । समाज पनि सत्कार्यको भन्दा झुठा प्रचारको पछाडि लाग्छन् । किनभने समाजले कसैलाई पनि असल र राम्रो भन्न र देख्न चाहदै-चाहदैन यही नै हो समाजको दुर्गुण ।

राजनीति

२०२२ साल देखि आजका मिति सम्म नेपाली कांग्रेस अन्तर्गत प्रजातान्त्रिक समाजवादी राजनीतिको बाटो अनुशरण गर्दै आएको छु । समाज सेवामा त खुट्टा तान्ने र आलोचना गर्ने को कमि हुन्न भन्ने राजनीतिमा मन्त्री सम्म हुने पावर-सत्ता आदिको धेरै ठूला कुराहुँदा त्यसमा तँछाड-मछाड हुनु मात्र होइन खराब र गलत मानिसले

अगाडि विभिन्न प्रपञ्च र षडयन्त्र गर्छन र असल चरित्र र वास्तविक मानिस वा नेता लाई ठिक ठाँउमा पुग्न दिदै-दिदैनन्। यही संसारको चलन वा रीति देखिएको छ।

अध्यात्म

यो बाटो मेरो अत्यन्तै उत्तम छ, त्यो हो 'अध्यात्म' यस्मा पनि समाज लखेटन त आउछ तर उस्ले भेट्नै सक्दैन किन भने उस्ले आत्मचिन्तन गर्न र "अद्वैत" भावमा पुग्ने लाई कस्ले समाउने, कस्ले छेक्ने र आफ्नो स्वरूप शिवोऽहम् मा पुग्दा र एक मात्र रहने हुंदा विरोधि वा अर्को वस्तु नै नहुने र मात्र आनन्द हुने रहेछ त्यही म हुँ। यो ईश्वर खोज्दै हिड्दा आफु भेट्ने रहेछ। आफुलाई खोजे ईश्वर र ईश्वर लाई खोजे आफु। एक ईश्वर, आत्मा, शिवोऽहम् वाहेक अन्य सबै मिथ्या हुन्। यही मोक्ष र परमानन्द हो।

मेरो यो लेखलाई शुभकामना दिनु हुने प्रा.गुरु शिव गोपाल रिसाल देखि अति नै अनुगृहीत भएको छु, भने पढि दिनुहुने पाठक र सुझाव दिनुहुनेहरूका साथै शुद्धाशुद्धि हेरिदिनु हुने आचार्य पूर्णचन्द्र ढुङ्गेल गुरु र प्रा. डा. रामचन्द्र गौतमलाई धन्यवाद दिन चाहन्छु। साथै कम्युटर टाईप गरी सघाउने हेमन्त अधिकारी, राजेश उप्रेती, किरण उप्रेती र मनिष महर्जनका साथै छपाइमा सहयोग गर्ने "अन्तर धार्मिक परिषद नेपाल", "संजीवनी सेवा संघ", "विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति" परिवारलाई साधुवाद दिन चाहन्छु।

लेखक

शिवोऽहम् - शिवमस्तु

विषयसूची

विषय	पेज नं.
१) कलि खण्ड	१
२) मोक्ष खण्ड	१४
३) पशुपतिनाथ खण्ड	९८
४) पूजा-आरती खण्ड	१११
५) महा शिवरात्रि पूजा	११४
६) पार्थिव पूजन - प्रयोग	११८
७) जान्नै पर्ने कुराहरु खण्ड	१२१
८) अन्तर धर्म खण्ड	१५४
९) राष्ट्रपति मार्फत सुझाव खण्ड	१९७
१०) "अत्रि वंश खण्ड"	२०२
११) गोतामे (गौतम) कूल देवता पूजा खण्ड	२२९
१२) नारी वारे	२३१
१३) वाल विवाह	२४०
१४) सुरापान वारे	२४५
१५) छुवाछुत बारे	२५५
१६) राजनीति खण्ड	२७८
१७) सत्य पत्र (अपिल) खण्ड	३३२

- ॐ नमः शिवाय -

वेदादिशास्त्र समाज र कलियुग

(अध्यात्म खण्ड)

(कलि र मोक्ष)

कलि खण्ड

शास्त्र अनुसार ४ युगको गणना हुन्छ, सत्य, त्रेता, द्वापर र कलि । वर्तमानलाई ४ युग मध्ये अन्तिम कलियुगको रूपमा लिइन्छ । कलियुगको महिमा जान्नेले यो युगलाई उत्तम मान्दछन । किन भने विष्णु पुराणको षष्ठ अंशको दोश्रो अध्यायको १२ श्लोक देखि यसबारे वर्णन गरिएको छ । जस्तैः-

"कलिस्साध्वीति यत्प्रोक्तं शूद्रः साध्वीति योषितः ।
यदाह भगवान् साधु धन्या श्चेति पुनः पुनः ॥" ६/२/१२*(वि.पु)*

व्यास जी ले आफ्नो पिता पराशरलाई सोध्नु हुन्छ, "पिताजी तपाइले बारम्बार युगमा कलि श्रेष्ठ, जातमा शूद्र, मनुष्यमा स्त्री श्रेष्ठ, भन्नु भएको छ, त्यो किन ?" भन्दा पराशर भन्नु हुन्छ" कलिमा भगवान् श्री कृष्णचन्द्र को नाम कीर्तनले थोरै समय र परिश्रममा नै मनुष्यले धर्म प्राप्ति गर्दछ । शूद्रले द्विजको सेवा गर्नाले सद्गति प्राप्त गर्दछन् र स्त्रीले आफ्नो पतिको तनमन वचनले सेवा गर्नाले साधु तुल्य धाम प्राप्त गर्छिन् ।

अझ कलिमा पुण्यको लागि कुनै दान, तप, ब्रत भन्दा पनि खाली मानस मनले परमात्माको चिन्तन एवं मनन मात्र गर्नाले सजिलैसँग "शिवोऽहम्" अथवा ब्रह्मपद प्राप्त गर्छ भन्ने कुरोलाई तुल्सीदासले रामचरितमानस को उत्तर काण्डको १०२ ख को ४ श्लोकमा यस्तो भन्नुहुन्छ :-

सोइ भव तर कछु संसय नाही ।
नाम प्रताप प्रगट कलि माही ॥
कलि कर एक पुनीत प्रतापा ।
मानस पुन्य होहिं नहिं पापा ॥

अर्थः-

उही भव सागर तर्दछ यसमा कत्तिपनि सन्देह छैन । नामको प्रताप कलियुगमा प्रत्यक्ष छ । कलिको एक पवित्र प्रताप एवं महिमा छ की मानसिक पूण्य त हुन्छ, तर मानसिक पाप भने हुँदैन । यसको अर्थ यस्तो हो मानिसहरू कलिमा ईश्वर स्मरण मात्र या नाम चिन्तन मनले (मानस) गरे पुण्य हुन्छ तर मानिसलाई कलिमा ईश्वरको चिन्तनको न विश्वास नै हुन्छ न फुर्सद । मानिसलाई सत्य युगदेखि द्वापर युगसम्म मनले कुनैपनि पाप चिताउँदा पापको फल भोग्नुपर्थ्यो । तर कलिमा यति छुट दिएको छ मनले चिताएको पाप कर्म र आँखाले गरेको लोभले पापको फल भोग्नुपर्दैन भने ईश्वरलाई मनले गरेको चिन्तन र मानस पूजन जे गर्नुहोस् त्यसको अत्यन्तै पुण्य मिल्छ ।
तर,

"निर्वीर्या पृथिवी निरौषधिरसा नीचा महत्त्वं गता
भूपाला निजधर्मकर्मरहिता विप्राःकुमार्गे रताः ।
भार्या भर्तृविरोधिनी पररता पुत्राः पितर्द्वोषिणो
हा कष्टं खलु वर्तते कलियुगे धन्या नरा ये मृताः ॥" *(सु.भा.)*

कलियुगको अन्तिम अवस्था पुग्दा कस्तो हुन्छ भनेर माथि उल्लिखित श्लोकको अर्थ यस्तो छ :-

"पृथ्वी बीजरहित हुन्छिन्, याने मरुभूमिमा परिणत हुन्छिन् । औषधि हुन्छ तर रस हुँदैन, लाग्दैन जस्तो क्यान्सर, एड्स, हिपाटाइटिस "B" / "C" आदिको उपचार छैन । कलिमा आएर जो नीच छ जसले लाठी, गोली लिएर समाजलाई दबाउन, तर्साउन सक्छ, त्यस्ताहरूको भयले ती महत्ववान् हुन जान्छन्, जुन नेपालमा भई रहेको छ । राजाहरू आफ्नो धर्मबाट च्युत हुने छन्, प्रजा र जनताका हितमा हुन्नन् । राजा र सन्यासी एकै हुनु पर्नेमा त्यो नभएर स्वार्थ भोगी हुने छन् । राजा भनेको राज्य गर्ने शासकलाई जनाउछ । ब्राह्मणहरू शास्त्र दर्शन, कर्मकाण्ड, पूजा उपासना गर्न छोडेर भक्ष-अभक्ष आदि खाँदै कुमार्गमा लाग्ने छन् । जस्ले गर्दा समाजको धर्म प्रति वितृष्णा आउनुका साथै धर्मको विपरीत मार्ग अंगाल्ने हुन्छन्, नारी-पुरुषहरू आफ्ना पति-पत्नी छोडी पर पुरुष पर नारी गमन गर्ने हुन्छन् । छोरा छोरीहरू बाबु आमालाई नमान्ने कुट्ने पिट्ने, धन

सम्पत्ति नाश गर्ने हुन्छन्। यस्तो कष्ट एवं दुःखमय अवस्थामा मनुष्यहरू बाच्ने र मर्ने हुन्छन् अनि कलियुगको अन्त्य हुन्छ।

कलिमा ब्राह्मणले यज्ञ, भागवत, धर्म, कर्मकाण्ड आदि आफ्नो कर्म एवं कर्तव्य बुजेका हुँदैनन् भने समाजले पनि लौकिक आडम्बरको लागि मात्र यज्ञ कर्म गर्ने गर्छन्। विधि नियम शास्त्रीय आचारको कसैबाट पनि पालना नहुने गर्छ।

वाक्य मिच्छन्ति पितर :
भाव मिच्छन्ति देवता :।

अर्थः -

पितृलाई शुद्ध वचन बाट तर्पण पिण्ड आदि कर्म गर्नु पर्दछ भने, देवतालाई सके विधि पूर्वक, नभए भाव मात्र शुद्ध भए हुन्छ।तर नेपाली नै शुद्ध पढ्न नजान्ने कलिका बाह्मण छन् भने संस्कृतिका वचन त कुरै छाडौं। कलिका समाजहरूमा आज भोलिका ब्राह्मण र कर्ताहरू दुवै थरि नियम विपरीत जूठो सूतक, मलमास, गुरु शुक्र र बृहस्पति को अस्तमा र श्रावण, कार्तिक जस्ता शास्त्रनिषिध्द महीनामा पनि विवाह गर्ने कथा भागवत भन्ने, आदि शुभ कार्यहरू गर्ने पाखण्डीहरू हुन थालेका छन्। जूठो सूतकमा त पण्डित ले भन्नु र श्रोताले सुन्नु मात्र होइन दशरात्र नपुगिकन निम्न लिखित कुनै कुरापनि गर्नुहुँदैन भनी गरुडपुराणको तेह्र अध्यायले यसरी ठोकुवा नै गरेको छ। जस्तैः-

सर्वेषामेव वर्णनां सूतके मृतकेऽपि वा।
दशाहाच्छुद्धिरित्येषा कलौ शास्त्रस्य निश्चयः।१९।

अर्थः-

सबै जात एवं वर्णका लागि कलिमा दश अहोरात्र याने दश दिन पुरा भएपछि मात्र शुद्धि मानिएको छ।
यस्तो बेलामा वर्जित कार्यहरूः-

आशीर्वादं देवपूजां प्रत्युत्थानाभिबन्दनम्।
पर्यङ्के शयनं स्पर्शं न कुर्यान् मृतसूतके।२०।
संध्या दानं जपो होमं स्वाध्यायः पितृतर्पणम्।
ब्रह्मभोज्यं ब्रतं नैव कर्तव्यं मृतसूतके।२१।

अर्थः-

आशीर्वाद, देवताको पूजा, प्रत्युत्थान, अभिबादन (ढोग-भेट) खाटमा सुत्नु, स्पर्श गर्नु, संध्या, दान, जप, होम, स्वअध्ययन, वेदाध्ययन, पितृतर्पण, ब्राह्मण भोजन, व्रत, उपासना आदि कुनैपनि कर्महरू गर्नु हुँदैन ।

यदि जवर्जस्ती गरेमाः-

नित्यं नैमित्तिकं काम्यं सूतके यः समाचरेत् ।
तस्य पूर्वकृतं नित्यादिकं कर्म विनश्यति ।२२।

अर्थः-

जसले जूठो र सूतकामा नित्य, नैमित्तिक र काम्य कर्महरू गर्छन् तिनका पहिले गरेका सबै शुभ कर्महरू नष्ट भएर जान्छन् ।
अझ,

सूतक बारे पाराशर स्मृतिमा यस्तो पनि भनीएको छ :-

अजा गावो महिष्यश्च ब्राह्मण्यश्च प्रसूतिकाः ।
दशरात्रेण शुध्यन्ति भूमिष्ठं च नवोदकम् ।*३।७ पाराशर स्मृति*

अर्थः-

नव प्रसूता (सूतकेरी बच्चा पाएकी), वाखो, गाई, भैँसी र ब्रामणी, क्षत्रिया, वैश्या, शूद्रा आदि सबै वर्णका नारीहरू दश दिन पछि मात्र शुद्ध हुन्छन् । याने दश दिन सबैको सूतक लाग्छ । त्यति मात्र होइन नयाँ कुवा, इनार, जलाशय आदि खनेर खाने पानी निकालिएको छ भने त्यो पानी पनि दश दिन सम्म नै अशुद्ध हुन्छ, खान र पूजा आदि कुनै कर्ममा लगाउनु हुँदैन । वर्षा भएको पहिलो दिन देखि भूमिको समेत दश दिन सूतक वार्नु पर्छ । अद्यावधि गाउँ घरमा गाई भैसी आदिको ११ दिनको दिन न्वारन गरी शुद्ध गरे पछि मात्र दुध, दही, घिउ शुद्ध हुन्छ । त्यस्तै पहिलो वर्षा को भेल वहे पछि कम्तिमा चार दिन होइन भने, दश दिन गंगामा स्नान समेत नगर्नु भनीएको छ ।

यस्तो शास्त्रको निर्णयलाई वेवास्ता गरी गरिएका कर्महरू भागवत आदि ज्ञानयज्ञहरू, यज्ञहरू, का साथै आजकाल योगमार्ग र सन्यास मार्गहरू लगायत सबै अध्यात्मिक मोक्ष मार्गहरू पैसा लिएर धन कमाउने व्यापार मार्गमा परिणत भएका छन् । यस्तो गर्ने गराउनेको

के अवस्था होला ? अझ आफ्नै श्रीमतीको सूतक र घरकै जूठो समेत नबारी कर्म गर्ने गराउनेलाई के पुण्य मिल्ला ?

यस्ता अधार्मिक कार्यहरू हुन्छन् भनेर भागवतको द्वादश स्कन्दको तेश्रो अध्यायको ३८ श्लोकमा यस्तो उल्लेख छ :-

शूद्राः प्रतिग्रहीष्यन्ति तपोवेषोपजीविनः ।
धर्मं वक्ष्यन्त्यधर्मज्ञा अधिरुह्योत्तमासनम् ॥

अर्थः-

पाखण्डीहरू तपस्वीको भेष बनाएर वा लगाएर, पण्डित भएर आफ्नो पेट भर्नको लागि दान लिने गर्दछन् । जसलाई धर्मको रति भर पनि ज्ञान छैन तिनै उच्च आसनमा वसेर धर्मको उपदेश गर्ने गर्दछन् । यस्तो आज समाजमा घट्दै छ, घट्दै जाने छ ।

भागवतको अर्को श्लोकको अर्थ अझ यसरी मिल्छ :-

दूरे वार्ययनं तीर्थं लावण्यं केशधारणम् ।
उदरम्भरता स्वार्थः सत्यत्वे धाष्टर्चमेव हि ।*१२/२/६ भागवत*

अर्थः-

मानिसहरू टाढाको तलाउलाई तीर्थ मान्ने छन् र नजीकको तीर्थ माता-पिता, पति, गंगा, गोमती, पशुपति, मुक्तिनाथ, बराहक्षेत्र, गण्डकी आदि तीर्थलाई उपेक्षा गर्ने छन् । शिरमा लामा लामा कपाल राखी-काकुल, अल्का राख्नु नै शारीरिक सौन्दर्यको चिन्ह सम्झने छन्, उनको जीवनको सबभन्दा ठूलो पुरुषार्थ हुनेछ-आफ्नो पेट भर्नु । जुन पण्डितले जति बठ्याई पूर्वक कुरा गर्न सक्छ, उसलाई उति नै साँचो सम्झने छन् ।

झन आजभोलि त आफुलाई पण्डित भनी यही भागवत बाचन गरी जीविका गर्नेहरू नै लामो लामो कपाल पाली व्यासमा बस्ने गर्दछन् । के यो श्लोक पण्डितहरू पढ्दैनन् ? किनभने कलि युगको धर्म नै यही हो कसलाई ख्याल छ र ! न भन्ने पण्डितलाई न सुन्ने श्रोतालाई । दाह्री, जुङा र कपाल नै सधैं नकाट्ने ब्रह्मचारी, साधु सन्यासी वा पण्डितलाई भने यो कुरा लागु हुन्न तर राम्रो हुन दाह्री

जुङा चिप्लो पारी काटी कपाल मात्र राखी बाचन गर्ने पण्डितहरूले यो श्लोकलाई राम्रो ध्यान दिऊन् ।

अझ भागवत महात्म्यको अध्याय १ श्लोक ३६ र ७१ मा यस्तो भनीएको छ,

अट्टशूला जनपदाः शिवशूला द्विजातयः ।
कामिन्यः केशशूलिन्यः सम्भवन्ति कलाविह । ३६।
विप्रैर्भागवती वार्ता गेहे गेहे जने जने ।
कारिता कणलोभेन कथासारस्ततो गतः ।७१ ।

अर्थः-

यो कलियुगमा सबै देशवासीहरू बजारमा अन्नादि बेच्ने छन्, ब्राह्मणहरू पैसा लिएर वेद भागवतहरू पढाउने र वेच्ने छन्, र स्त्रीहरू वेश्यावृति गरेर निर्वाह गर्ने छन् ।

ब्राह्मणहरू केवल अन्न धनादिको लोभवश घर घर एवं जन-जनलाई भागवतको कथा सुनाउन लागेकाले कथाको सार अन्त्य हुँदै गएको छ र अन्त हुँदै जानेछ ।

किन भने वाचकले कथाको पारायण को सट्टामा गीत र उपवाचकले मादल वजाउँछन्, श्रोताहरूले ज्ञान र उपदेश लिनुको सट्टामा नाच र गान मार्गको अवलम्बन हुन थालेको छ । कथा भन्ने विधि र शुभारम्भ गर्नु अगाडि गर्नु पर्ने पूर्वाङ्ग कर्म साहित निकाली ग्रह शान्ति, मातृका पूजा, नान्दीमुखी श्राद्ध शुद्ध पण्डितहरूले बाहेक गर्न छोडेको पाइन्छ । जस्तो कथाभन्दा व्यासको (वाचकको) पूर्व मुख वा उत्तर मुख हुनै पर्छ, असार देखि मंसिर महीना भित्र दुई पक्ष र दुई मास नमिसाई, भद्रा नक्षत्र नपारी भागवत पुराण आदि यज्ञ कर्महरू गर्नु पर्छ भनी भागवतमाहात्म्य मा नै स्पष्ट उल्लेख छ ।

हाम्रो समाजमा बडाले, ब्राह्मण पण्डितहरूले गरेको र भनेको वाक्यलाई सत्य मान्ने चलन छ । यदि त्यो सत्य हुँदा समाजको हित हुन्छ र झूठो हुँदा समाजलाई विपरीत दिशामा लान्छ । आज यही नै भएको छ ।

तुलसीकृत रामायणको-उत्तर काण्डमा काग भुशुण्डिजीले गरुडलाई कलि महिमा बारे अझ यसरी स्पष्ट पार्नु हुन्छ :-

वरन धर्म नहिं आश्रम चारी ।
श्रुति विरोध रत सव नर नारी ॥
द्विज श्रुति वेचक भूप प्रजाशन ।
कोउ नहिं मान निगम अनुसासन ॥ *९७ ख-१ तु.रा उ.का.*

अर्थ:-

कलियुगमा न वर्णधर्म रहन्छ, न चारै आश्रम रहन्छन् । सबै स्त्री-पुरुष वेदको विरोधमा लागिरहन्छन् । ब्रह्मणवेदहरूलाई बिकि गर्दछन् भने राजा र शासकहरू प्रजाहरूलाई खाने - चुस्ने हुन्छन्, प्रजा पालक हुंदैनन् । वेदको आज्ञा कसैले पालन गर्दैनन् ।

मारग सोइ जा कहुँ जोइ भावा ।
पंडित सोइ जो गाल वजावा ॥
मिथ्यारंभ दंम रत जोई ।
ता कहुँ संत कहइ सव कोई ।९७ ख २ तु.रा उ.का.

अर्थ:-

जसलाई जे मन पर्छ, उही मार्ग हुन्छ । आज हिन्दुहरूका करिब सोह्र शयभन्दा बढि मार्ग छन् भन्ने सुनिन थालेको छ । यी कतिपय नयाँमार्गहरू वेद र शास्त्रहरूभन्दा प्राय विपरीत छन् । जसले डिङ् हाक्न सक्छ (गीत गाउन सक्ने ज्ञान होइन नचाउन सक्ने) उही पंडित हुन्छ । मिथ्या आरम्भ (आडम्वर) गर्दछ र जो दम्भमा अनुरक्त (रत) हुन्छ, उसैलाई सबैले सन्त भन्छन् । आज अक्षरशः फरक नपरी यही घटेको छ हाम्रो हिन्दु समाजमा ।

यस्तै पुष्टि भागवतको तलको श्लोकले यसरी गरेको छ :-

मन्मायामोहितधियः पुरुषाः पुरुषर्षभ ।
श्रेयो वदन्त्यनेकान्तं यथाकर्म यथारुचि ॥ *११।१४।९ भागवत*

अर्थः-

भगवान् कृष्ण भन्नुहुन्छ-हे उध्दव ! सबैको बुद्धि मेरो मायाबाट मोहित भैरहन्छ यसैले उनीहरू आफ्नो आफ्नो कर्म संस्कार र आफ्नो आफ्नो रुचिअनुसार आत्मकल्याणको साधना एवं मार्ग पनि एक होइन, अनेकौ बताउँछन् । अझ कलियुगमा त अनगिन्ति धर्मका मार्ग पेशाको रूपमा अपनाउने छन् र जीविकोपार्जन गर्नका लागि प्रयोग हुनेछ । जुन सत्कर्मभित्र पर्दैनन् ।

सौभागिनीं विभूषन हीना ।
विधवन्ह के सिंगार नबीना ॥
गुरु सिष बधिर अन्ध का . लेखा ।
एक न सुनइ एक नहिं देखा ॥ *९७ ख ३ तु.रा उ.का.*

अर्थः-

कलिमा- सधवा स्त्रीहरू आभूषणले रहित हुन्छन् । तर विधवा भने दिनहुँ नया नया श्रृङ्गार गर्ने गर्दछन् । शिष्य र गुरुमा वहिरो र अन्धाको जस्तो व्यवहार हुने गर्दछ । एक शिष्यले गुरुको उपदेशलाई सुन्दैनन् भने एक गुरुले शिष्यलाई देख्दैनन् । शिष्य कस्तो हुनु पर्छ भन्ने ज्ञान दृष्टि वाला गुरु कलिमा विरलै पाइन्छन् । गुरु हुन्छन् तर चिन्न गाह्रो हुन्छ । किन भने असल गुरु शान्त एवं चटक भटक रहित हुन्छन् । कलिमा मानिस तडक भडकमा आकर्षित हुन्छन् ।

बहु दाम सँवारहिं धाम जती ।
विषया हरि लीन्हि न रहिविरती ॥
तपसी धनवंत दरिद्र गृही ।
कलि कौतुक तात न जात कही ॥ *१०० ख-१ तु.रा.उ.का.*

अर्थः-

कलिमा संन्यासीहरूले धेरै धन लगाएर घर सजाउदछन् । उनमा वैराग्य रहदैन, उनीहरूलाई विषय ले नष्ट पार्छ । तपस्वी धनवान हुनेछन् भने गृहस्थ दरिद्र हुनेछन् । हे तात ! कलियुगको लीलाकेही भन्न सकिन्न ।

आज यसरि तुलसीदासले लेख्नु भएको कुराहरू अक्षरशः मिलेका छन् र मिल्दै जाने छन् ।

जस्तै;

कृते च रेणुका (सतीदेवी) कृत्या त्रेतायां जानकी तथा ।
द्वापरे द्रौपदी कृत्या कलौ कृत्या गृहे गृहे । *सु. भा ।*

अर्थः-

सत्य युगमा रेणुका देवी (सतीदेवी-शिव पत्नी पनि शास्त्रमा उल्लेख छ) ऋषि जमदग्नि की पत्नी रेणुका का कारण कार्तवीर्य राजा लगायत २१ पटक परशुरामले क्षत्रिय वंश नाश गर्नु भएको थियो । त्रेतामा सीताको कारण रावणादिको नाश भयो, द्वापरमा द्रौपदीको कारण महाभारत युद्ध भई अठार अक्षौहिणी फौजको नाश भएको थियो भने कलिमा यस्तो हर घर घरमा हुने छ र नाशको बाटो लिई रहने छ ।

भिक्षोर्धर्मः शमोऽहिंसा तप ईक्षा वनौकसः ।
गृहिणो भूतरक्षेज्या द्विजस्याचार्यसेवनम् । *११।१८।४२।भागवत*

अर्थः-

सन्यासीको धर्म शान्ति र अहिंसा, वानप्रस्थीको धर्म तपस्या र भागवद्भाव, गृहस्थको धर्म प्राणी रक्षा, यज्ञदान, ब्रहमचारीको धर्म आचार्य (गुरु) को सेवा । यसरी ४ आश्रमका धर्म निर्धारित गरिएका छन् ।

उत्तमं मानसं जाप्यमुपांशुं चैवमध्यमम् ।
अधमं वाचिकंप्राहुःपरमार्थ विशारदाः । *वा.सं.उ.ख.१४अ.२४ शि.पु*

अर्थः-

मनले मात्र जपेको उत्तम, ओठ चलाएर जपेको मध्यम, बोलेर जपेको अधम भनेर जान्नु तर आजकाल सबैले जप्छन् र ब्रह्म गायत्री आदिलाई समेत माइक बाट भन्ने गरिन्छ, जबकी यो गुरु द्वारा विधि पूर्वक गोप्य लिनु पर्ने मन्त्र हो । हवन गर्दा भने गायत्री आदि मन्त्रहरूलाई वाचन गरेर नै "स्वाहा" भन्नु पर्दछ । चार वर्ण बारे शुक्रनीति

नचात्मा ब्राह्मणश्चात्र क्षत्रियो वैश्य एव च ।
न शूद्रो न च वै म्लेच्छो भेदिता गुणकर्मभिः ॥ *१ शुक्रनीति*

अर्थः-

यहाँजाति र जन्मका आधारमा ब्राहमण, क्षेत्रिय, वैश्य, शूद्र र म्लेच्छ छुट्टिएका होइनन् तिनीहरू गुण र कर्मका आधारमा छुट्टिएका हुन् ।

चार वर्णभन्दा बरु मनुष्यको रगतमा भने चार ग्रूप छ । जस्तै A, B, O, AB Positive छन् भने Same ग्रूपको Negetive पनि छन् । यो कुराको उल्लेख आफ्नो ग्रन्थमा खप्तड स्वामीले पनि उल्लेख गर्नु भएको छ ।

धर्म बारे आफ्नो सम्प्रदाय अनुसार आफ्नो किसिमको सन्ध्योपासना, नमाज, प्रार्थना आदि छन् । त्यसलाई हरेक सम्प्रदायले मन्त्रवत् एवं, आदर्शको रूपमा अंगिकार गरेको पाईन्छ । सम्प्रदायहरूमा शैव, वैष्णव, शाक्त, गणपत्य, सूर्य का पूजकहरू मा विभक्त थिए भने त्यसमा पनि अद्वैत, विशिष्टाद्वैत, अचिन्त्यभेद, द्वैताद्वैत, द्वैतबाद आदि ईश्वर बादि आस्तिकका रुपमा आए भने चारवाक, जैन र बौद्धबादहरू अनश्वरबादि नास्तिकका रुपमा पूर्विय दर्शन हिन्दु धर्मावलम्वी ॐकार परिवार भित्र पर्दछन् । तर अहिले त यो हिन्दु सम्प्रदायको समुह १६सय भन्दा बढि छन् भन्ने प्रचलन चलेको छ । यसमा ईशाइ र मुस्लिम पनि ईश्वर र अल्लाहबादि आस्तिक दर्शन भित्रनै पर्दछन् । .

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत् प्रमाणं कुरुते लोकस्तदनुवर्तते । *३/२१। गीता*

अर्थः-

श्रेष्ठ र आत्मज्ञानी पुरुषले जे जस्ता काम गर्दछन्, त्यस्तै काम अन्य जनता एवं समाजले पनि गर्दछन् । यस्ता पुरुषहरूले जसलाई प्रमाणित गर्दछन् साधारणले पनि त्यस्तै कर्म गर्दछन् ।

अब आयो कुरा;

मुख मात्र धोयेर विहानै टन्न अन्नादि खानेकुरा खाएर कुनै तिथि वार आदि विधिहरू नपुऱ्याई त्यो पनि काम्य कर्म फलकै आशा राखी यति पैसा उठाउने, यस्तो भौतिक कुरा बनाउने आदि कुरालाई लिएर गरेको कर्मले र शिववास नजुराई गरेको रुद्राभिषेक (रुद्रि) त्यो पनि पुरा आवृत्ति नपुऱ्याई गरेको र अग्नि नजुराई गरेको हवन,

यज्ञ आदिले के गीतामा श्रीभगवान्ले भन्नु भएको उद्घोष विपरीत छैन र ?

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन । *२।४७। गीता*

अर्थः-

कर्म गर्ने अधिकार मात्र तिमीलाई प्राप्त छ अर्जुन । गरेको कर्मको फलको हासिल हुन्छ हुदैन त्यो तिम्रो वसमा छैन । जे हुन्छ कर्म गर फलको आशा नगर यस्तो शास्त्रको उद्घोष छ। तर आजकाल तथाकथित आफुलाई पण्डित भन्नेहरू र साच्चै नै संस्कृत पढेका विद्वान्हरू समेत कथा शुद्ध पारायण को ज्ञान विधालाई छोडेर कसरी धेरै पैसा उठाउने भन्ने तिर अग्रसर भएको देखिन्छ। त्यसको अर्थ केही व्यक्तिगत लगानीमा असल पण्डित द्वारा लगाइएका कथा पुराणमा भने विधि पुगेको देखिन्छ। ३३५ अध्यायका १८ हजार श्लोकलाई सात दिन भित्र शुद्ध पारायण गरेर सक्नलाई राम्रो संस्कृत फुरेको विद्वान्लाई पसिनै पसिना हुन्छ। त्यहा अन्य समयको कीर्तन बाहेक नाँचगान गर्ने समय पुग्दै पुग्दैन तर आजकालको भागवतलाई गीत नाँचमा लगाई व्यापारको रूपमा प्रयोग भएको छ। जुन नीति र धर्म विपरीत कार्य हो। यदि विपरीत कर्म वा यज्ञ भएमा त्यसको परिणाम उल्टो हुन्छ भन्ने प्रमाण भागवतमा उल्लेख छ। जस्तै;

हतपुत्रस्ततस्त्वष्टा जुहावेन्द्राय शत्रवे ।
इन्द्रशत्रो विवर्धस्व माचिरं जहि विद्विषम् । *६।९।११। भागवत*

अर्थः-

त्वस्टा ऋषिले आफ्नो पुत्र विश्वरूपलाई इन्द्रले मारे पछि अर्को यज्ञ गरी पुनः इन्द्रमार्ने छोरो (वृत्राशुर) जन्माउने इच्छा गर्दा इन्द्र द्वारा मारिने छोरो उत्पन्न होस् भनेर भन्ने अर्थ आचार्यहरूले उक्त मन्त्रलाई ईन्द्रलाई बचाउन पापवश "इन्द्रशत्रो विवर्धस्व" भनी इन्द्रशत्रोलाई अनुदात्त स्वरमा उच्चारण गरे र विवर्धस्वलाई उदात्त स्वरमा उच्चारण गर्दा उल्टो अर्थ लाग्ने गरी याने ईन्द्र मारिने छोरो होस भनीभन्दा बृत्राशुर मारिएको उक्त श्लोकले गरेको स्पष्ट छ। यदि श्रोत्रिय र ब्रह्म निष्ट पण्डित द्वारा यज्ञ गरिएन भने यज्ञको फल उल्टो हुन गई कर्ता र होता दुबैको नाश हुन्छ। आजभोलीका यज्ञ, भागवतादि पुराण, योग र सन्यास सबै मार्गहरू मोक्षका लागि नभई धन कमाउने व्यापार

मार्गका रूपमा प्रयोग भएको देखिन्छ । सायद कलिमा यस्तै हुन्छ भनेर पराशर ऋषिले आफ्नो स्मृतिमा यस्तो लेख्नु भएको छ ।

कृते तु मानवा धर्मास्त्रेतायां गौतमा : स्मृताः ।
द्वापरे शंखलिखिताः कलौ पाराशराः स्मृताः ॥ *पा.स्मृति १।२४।*

अर्थः-

सत्य युगमा मनुस्मृति, त्रेतामा गौतमको, द्वापरमा शंखलिखित र कलिमा पाराशर स्मृति को नियम र नीति पालन गर्ने हो । यसरी युग युगको नियम बाधिएको छ । अझ भागवतको ६/१/४० मा स्पष्ट शब्दमा वेदविहित कर्म मात्र धर्म हो वेदनिषिध्द कर्म अधर्म हो भनि स्प्रष्ट उल्लेख छन् ।

युगे युगे तु सामर्थ्यं शेषं मुनिविभायितम् ।
पराशरेण चाप्युक्तं प्रायश्चित्तं विधीयते ॥ *१/३४ पा.स्मृति*

अर्थः-

प्रत्येग युगमा युग र मानिस मानिसको सामर्थ्यको विचार गरेर मुनिहरुले प्रयाश्चित विधान बनाएका छन् । महर्षि परासर कथित पारासरस्मृतिमा प्रयाश्चित विधान कलि युगको लागि आदारातिशय कारणप्रतिपादन गरिएको छ ।

जस्तै :

अश्वालंभं गवालंभं संन्यासं पलपैतृकम् ।
देवराच्च सुतोत्पत्तिः कलौ पञ्च विवर्जयेत् ॥ *(१।३४ व्याख्या) पा.स्मृति*

अर्थः-

अश्वमेध, गोमेध, संन्यास, पितृकार्यमा मासुको प्रयोग र देवर-भाउजू वाट सन्तान उत्पति गरी वंश बढाउनु यी पाँचकर्म कलिमा वर्जित (नगर्नू) भनिएको छ । किन भने यसको व्याख्या लामो छ । छोटकरिमा मात्र उल्लेख गरिएको छ । अश्वमेध, गोमेध, नरमेध आदि यज्ञ युगान्तरका लागि मात्र विधान गरिएका हुन् । सत्य, त्रेता र द्वापर सम्म वलि चढाउने यज्ञहरू स्वतः स्वःजीवलाई मोक्ष गर्न सक्ने कर्म र विधि-विधान योग्य कर्मकाण्ड गर्न सक्ने आचार्यद्वारा गरिन्थ्यो भने कलिमा आएर जीवलाई वलि दिएर मोक्ष गराउन सक्ने क्षमता नरहने हुँदा वलि प्रथालाई उचित मानिन्न ।

यसको व्याख्या माधवाचार्यकृता पराशरमाधवीयसहितामा उल्लेख छ। जस्तै : तत्रैव, ब्रह्मपुराणे ँपि, कतुरपि,पुराणे ँपि आदिले ***पा.स्मृति१।३४ व्याख्यागरेका छन् ।***

जस्तै :

वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः ।
वेदो नारायणः साक्षात्स्वयम्भूरिति शुश्रुम ॥ ***६/१/४० भागवत***

अर्थः-

वेदले जुन कर्मको विधान गरेको छ, त्यो धर्म हो जसको निषेध गरेको छ त्यो अधर्म हो। वेद स्वयं भगवान्को स्वरूप हो। यो उनको स्वाभाविक श्वास-प्रश्वास एवं स्वयंप्रकाश ज्ञान हो। यस्तो हामीले सुनेका हौं भनी नारायणका पार्सदलाई यमदूतले अजामिलोपाख्यानमा बताएका हुन्।

वेदलाई अपौरुषेय भनेको छ यो कसै बाट वा कुनै पुरुषबाट आएको होइन यस श्लोकको भावनाको अर्थ यो अपौरुषेय वेदलाई पहिले नारायणले जान्नुभयो। जस्तै ईस्लाम धर्मको "कुरआन" ग्रन्थलाई जीवीरल (Gabriel), फरिश्ता, जुन पुरुष होइन, बाट मुहम्मद को आत्मामा(रुह) उतारिएको थियो।

कलि खण्ड समाप्त

मोक्ष खण्ड

विभिन्न वेद र शास्त्रहरुले जीवहरूमध्येमा मनुष्य देहलाई उत्तम र कैवल्य मोक्ष प्राप्त गर्नसक्ने मानेको छ। जुन यसप्रकार छ :-

दुर्लभो मानषो देहो देहिनां क्षणभङ्गुरः।
तत्रापि दुर्लभं मन्ये वैकुण्ठप्रियदर्शनम्॥ *११/२/२९ भागवत*

अर्थः-

जीव मात्रको लागि मनुष्य-शरीर प्राप्त हुनु अति दुर्लभ छ। यदि प्राप्त भैगयो भनेपनि प्रतिक्षण मृत्युको भय रहिरहन्छ त्यसैले यो क्षणभङ्गुर छ। यसकारण अनिश्चित मनुष्य जीवनमा भगवान्का प्यारा, उनलाई प्यार गर्ने भक्तजनका, सन्तका दर्शन त अझैं दुर्लभ छ। अझ यसको वास्तविक अर्थ भन्ने हो भने मनुष्य जीवन जीवमा दुर्लभ जीवन हो यसबाट कैवल्य मोक्ष प्राप्त गर्न सक्छन् तर भोली गरौंला भन्नेको जीवन व्यर्थ जान्छ। यो क्षणभङ्गुर छ किनकि यो कुनैपनि पलमा बित्न सक्छ वा मर्दछ। ८४ लाख योनीका प्राणीमा बुद्धि र विवेक भएको प्राणी मनुष्य मात्र हो। यस्तो दुर्लभ जीवनलाई सार्थक तुल्याउन मनुष्यले आफुलाई आचारवान तुल्याउनु पर्छ। त्यसको लागि सतसंग र शास्त्र अंध्ययन गर्नु र वेद शास्त्रहरुले देखाएको बाटो हिड्नु।

अब ती मार्गहरु कुन-कुन वेद शास्त्रहरुले र ऋषि, सन्तहरुबाट कसरि अंगिकार गरेका छन्। त्यसको केहि अंशहरु प्रस्तुत गरिन्छ। ती प्रायः जसो धैरै धर्म सम्पदायका धर्म ग्रन्थहरुबाट केहि मुख्य मुख्य सारंसहरु तल उद्धृत गरिन्छ।

जस्तैः-

भागवत महापुराणको ११/३/२६ ले अत्यन्त सुन्दर वाणीको कल्पना गरेको छ। जुन यस प्रकार छ :-

श्रद्धां भागवते शास्त्रेऽनिन्दायमन्यत्र चापि हि।
मनोवाक्कर्मदण्डं च सत्य शमदमावपि॥

अर्थः-

भागवत (ईश्वर वा अल्लाह) लाई प्राप्त गर्ने मार्ग बनाउने शास्त्रलाई श्रद्धा राख्नु र अरुको शास्त्रको विरोध वा निन्दा नगर्नु, प्राणायाम द्वारा मनलाई, मौन द्वारा वाणीलाई र वासनाहीनताको अभ्यासबाट कर्मलाई संयम गर्नु, सत्य बोल्नु, इन्द्रियहरुलाई आफ्नो गोलोकमा स्थिर राख्नु र मनलाई कही कतैबाट बाहिर जान नदिन सिक्नु। यस्तो प्रष्ट आदर्श र उदार वाणी लेखिएका पूर्वीय दर्शनका शास्त्रहरु छन्।

यस्य चात्मसमो लोको धर्मज्ञस्य मनस्विन :।
सर्बधर्मेषु च रतस्तं देवा ब्राह्मणं विदुः॥ *२०६/३५ वनपर्व महाभारत*

अर्थः-

जो धर्मज्ञ एवं मनस्वि पुरुषका सम्पूर्ण जगतका प्रति आत्माभाव छ र जस्का सबै धर्म प्रति समान अनुराग (आदर) छ, त्यस्तालाई नै देवताहरु ब्राह्मण मान्दछन्।

त्यस्तै पवित्र कुरानको शुरह ६ अल-अनाम १०८ आयातमा यस्तो उल्लेख छ।

Men have no enemies ;

अल्लाह के सिवा जिन्हें ये पुकारते हैं, तुम उनके प्रति अपशब्दका प्रयोग नकरो। ऐसा न हो कि वे हद से आगे बढ्कर अज्ञान वश अल्लाह के प्रति अवशब्द का प्रयोग करने लगें। इसी प्रकार हमने हर गिरोह के (अन्य धर्म सम्प्रदायहरुको लागि) लिय उसके कर्म को सुहावना बना दिया हैं। फिर उन्हें अपने रब ही की लौंटना है। उस समय वह उन्हैं बता देगा, जो कुछ वे करते रहे होंगे।

Meaning;
Surah (6) Al-Annam 108 verse

Revile not ye those whom they call upon besides Allah, lest they out of spite revile Allah in their ignorance. Thus have we made alluring to each people its own doings. In the end will they return to their lord , and we shall then tell them the truth of all thet they did .

Surah (5) Al-Maidah 32 verse; Quran

On that account We ordained for the Children of Israel that if anyone slew a person-unless it be for murder or for spreading mischief in the land-it would be as if he slew the whole people: and if anyone saved a life, it would be as if he saved the life of the whole people. Then although there came to them Our Messengers with clear Signs, yet, even after that, many of them continued to commit excesses in the land.

We go the compare to the means Four religious communities and their sacred scriptures as below ;

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव॥ *११/५५ गीता*

अर्थ :

हे अर्जुन ! जो पुरुष केवल मेरै लागि सम्पूर्ण कर्तब्यकर्मको गर्नेवाला छ , मेरै पराएण छ, मेरै भक्त छ , आसक्तिरहित छ र सम्पूण भूतप्राणिमा वैरभाव रहित छ , त्यो अनन्यभक्तियुक्त पुरुष म मा नै प्राप्त हुन्छ ।

Meaning;

Arjuna, he who performs all his duties for my sake, dependson Me is devoted to Me has no attachment, and is free from malice towards all beings, reaches Me.

Love your enemies
Bible Luke 6. 27-30
27- " But I say to you who hear, Love your enemies, do good to those who hate u .
28- Bless those who curse you, pray for those who abuse you.
29- To one who strikes you on the chick, offer the other also and from one who takes away your cloak do not hold your tunic either .
30- Gave to everyone who begs from you, from one who takes away your goods do not demand them back .
In Bible
Matthew 7. 1-2

1-Judge not , that you be not judge .
2- For with the judgment you pronounce you will be judged , and with the measure you use it will be measured to you.

नहि वेरेन वेरानि-सम्मन्तीध कुदाचनं ।
अवेरेन च सम्मन्ति-एस धम्मो सनन्तनो ॥५॥ धम्मपद
***अर्थ*:**

रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ; यही सनातन देखि चली आएको धर्म हो ।

न परेसं विलोमानि –न परेसं कताकतं ।
अत्तनोव अवेक्खेय्व– कतानि अकतानि च ॥५०॥ धम्मपद
***अर्थ*:**

अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफुले के गरें के गरिन भनी हेर्नु नै बेसछ ।

Meaning;
You can not see others fults and what they did ? it is better see yourselves .

..... × ..... × ..... × .....

Elements of the God:

He is the First and Last, the Evident and Hidden: and he has full knowledge of all things.
Surah 57/3: All Hadeed, Quran

"I am Alpha and Omega, the beginning and the ending, saith the Lord, Which is, which was, and which is to come, the Almighty.

revelation 1/ 8 Bible

अहमात्मा गुडाकेश सर्वभूताशयस्थित : ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥ *१०/२० गीता*

***अर्थ*:**

हे अर्जुन ! म सबै भूत प्राणिको हृदयमा स्थित सवको आत्मा हुँ तथा सम्पूर्ण प्राणिको आदि , मध्य र अन्त पनि म नै हुँ ।

Meaning;
Arjuna, I am the universal self seated in the hearts of all beings; so, I along am the beginning, the middle and also the end of all being .

अत्ता हि अत्तानो नाथो– अत्ता हि अत्तनो गति ।
तस्मा सञ्जमय त्तानं – अस्सं भद्रं व वाणिजो ॥ धम्मपद ३८०

अर्थ :

आफ्नो स्वामी आफै हो, आफ्नो गति आफै हो, त्यसैले व्यापारीले राम्रो घोडालाई तालीममा राखे झैं आफुलाई आफैले संयममा राख्नु पर्छ ।

Meaning;
you are yourself master, as well as speed , then you are control yourself how train the horse as like trainner .
Foolish men are do not know about the Allmighty .

..... × ..... × ..... × .....

About the Spirit (ruha)
Quran : 17 Surah Bani Israil 85.

They ask thee concerning the spirit Say: "The spirit by the command of my Lord: of knowledge it is only a little that is communicated to you.

Bible: In 1 Corinthians 2/14
But the natural man receiveth not the things of the Spirit of God: for they are foolishness unto him: neither can he know them, because they are spiritually discerned.

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥ ॥ *१५/१० गीता*

अर्थ:

शरीरलाई छोडेर जानेहरुको अथवा शरीरमा स्थित हुनेको अथवा विषयलाई भोग्नेहरुको,यस प्रकार तीनै गुणले युक्त हुनेहरुको पनि अज्ञानिजन जान्दैनन्, केवल ज्ञानरुप नेत्र (तेस्रो आँखा) भएका विवेकशील ज्ञानीले मात्र तत्वलाई जान्द छ ।

Meaning;
The ignorant know not the soul departing from, or dwelling in the body, or enjoying the objects of senses, I.e., even when it is connected with the three Gunas; only those endowed with the eyes of wisdom are able to realize it .

येसं सन्निचयो नत्थि–येपरिञ्ञात भोजना ।
सुञ्ञतो अनिमित्तो च –विमोक्खो यस्स गोचरो ।
आकासेव सकुन्तानं– गति तेसं दुरन्नया ॥ धम्मपद ९२

अर्थ:

जस्को संग्रह छैन , जो भोजनमा संयमी छ र शून्यस्वरुप निर्वाणमा दत्तचित्त छ त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तो देख्न गाह्रो हुन्छ ।

Meaning;
Who doesnot collect the matters , and control the food , and who is medited the almighty as that person are free form like flying sky birds . (Above those four lines are same).

..... × ..... × ..... × .....

❖ Light of the light

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥ ***१३/१७ गीता***

अर्थ.

त्यो परब्रह्म ज्योतिको ज्योति माया बाट अत्यन्तै पर छ । त्यो परमात्मा बोधस्वरुप, जान्न योग्य एवं तत्व ज्ञान बाट प्राप्त गर्न योग्य छ र सवको हृदयमा विशेषरुपले स्थित रहेको हुन्छ ।

Meaning;
That supreme Brahma is said to be the light of all lighs and entirely beyond Maya . That godhead is knowledge itself, worth knowing, and worth attaining through real wisdom, and is particularly abiding in that hearts of all.

Suraha 24 all nur 35-37 Quran

35-Allah is the Light of the havens and earth . The parable of His Light is as if there were a Niche and within it a Lamp : The Lamp enclosed in Glass the Glass as it were a brilliant star : Lit from a blessed Tree , and Olive , Neither of the East Nor of the West, whose well is well – Nigh luminous , though fire scarce touched it : Light open Light !Allah doth guide whom He will His Light : Allah doth set fourth parables for men: and Allah doth know all things .

36-(Lit is such Light) in houses, which Allah hath permitted to be raised to honour ; For the celebration , in them , of His name :in them is He glorified in the mornings and in the evenings (again and again)

37- By men whom neither traffic nor merchandise can divert from the Remembrance of Allah , Nor from regular Prayer , nor from the practice of regular Charity : their (Only) fear is for the Day when heart and eyes will be transformed (in a world wholly new)

Example ;

Then spake, jesus again unto them, saying, I am the light of world ; he that followeth me shall not walk in darkness, but shall have the light of life . John 8\12 bible.

दिवा तपति आदिच्चो–रत्ति आभाति चन्दिमा ।
सन्नद्धो खत्तियो तपति– झायी तपत्ति ब्राह्मणे ।
अथ सब्बमहोरत्ति – बुद्धो तपति तेजसा ॥ *धम्मपद ३८७*

अर्थः

दिनमा सूर्य प्रकाशित हुन्छ, रातमा चन्द्रमा प्रकाशित हुन्छ, कवच लगाई सकेपछि क्षत्रीय प्रकाशवान् भए झैं ध्यानि भएर ब्राह्मण पनि प्रकाशवान् हुन्छ, तर बुद्ध आफ्नो तेजले रातो प्रकाशमान् हुन्छ ।

Meaning;

The Sun give light of the day and the Moon gives night, the soldier see the bold wear the armour , Brahman are lighted the meditation but Buddha is inlighten the Himself .

..... × ..... × ..... × .....

यस्तै अर्को पवित्र ग्रन्थ वाइवलको फिलिपि २/३,४पदमा यस्तो लेखिएको छ :-

३ पदमा - **स्वार्थ वा अहङ्गारमा केहि नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान ।**

४ पदमा - **तिमिहरु हरेकले आफ्नै हित मात्र नखोज, तर अरुका हितलाई पनि हेर ।**

Meaning;
Holy bible- 2 philippians 3,4 verse

3- Do nothing out of selfish ambition or vain conceit. Rather, in humility value others above yourselves.
4- Not looking to your own interests but each of you to the interests of the others .

बाइबलको अर्को एफिसीको ४ को २९ र ३१ पदमा यस्तो लेखिएको छ:

तिमीहरुका मुखबाट कुवाक्य ननिस्कोस, तर समय सुहाउदो र सुधार गर्ने मिठो बचन मात्र बोल्ने गर, जसबाट सुन्नेलाई अनुग्रह मिलोस् । *४/२९पद*

Meaning;

Do not let any unwholesome talk came out of your mouths, but only what is helpful for building others up according to their needs, that it may benefit those who listen.

Bible Ephesians 4 /29 verse

सबै तितोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमका डाहा समेत तिमीहरुले त्यागिदेओ । *४/३१ पद*

Meaning;

Get rid of all bitterness, rage and anger, brawling and slander, along with every form of malice.

Bible Ephesians 4/31 verse

मनुष्यदेह क्षणभङ्गुर मात्र होइन कस्तो दुर्वल र आशक्तिले युक्त छ भन्ने कुराको पुष्टि पुरुषोत्तम महात्म्यको अध्याय २०/६१ श्लोकमा यस्तो उल्लेख छ:

अर्धग्रस्तोऽहिना भेको मक्षिकामत्तुमिच्छति ।
कालग्रस्तस्तथा जीवः परपीडाधनाऽऽहृतः॥

अर्थ:-

जस्तै सर्पले आधा निलिसकेको भ्यागुतोले जो घाँटी भित्र पुग्ने वित्तिकै उ आफैं मर्दछ तर आफ्नो अगाडि आएका झिङ्गा, किरा आदिलाई खान खोज्छ र खान्छ पनि, त्यस्तै कालले आधा आयु खाइसकेका मनुष्यहरूपनि विषय वासना र परधनका लोभले ग्रसित भइरहन्छन् । यही हो सृष्टिको चक्र । क्षणभङ्गुर मनुष्य जीवन सदुपयोग गरी अद्वैत ब्रह्ममा लाग्नु नै जीव मात्रको कल्याणको मार्ग हो ।

यस्तो मार्ग परमज्ञानी एवं मुमुक्षु जनहरू जस्तै राजा जनक जस्ताले प्रश्न गर्छन् अष्टावक्र मुनि सँग हे प्रभो !

कथं ज्ञानमवाप्नोति कथं मुक्तिर्भविष्यति ।
वैराग्यं च कथं प्राप्तमेतद्ब्रूहि मम प्रभो ।*१/१ अष्टावक्र गीता*

अर्थ:-

महाराज जनक सोध्नुहुन्छ अष्टावक्र मुनिसँग, कसरी ज्ञान प्राप्त गर्न सकिन्छ र कसरी भविष्यमा मुक्ति मिल्छ, कसरी वैराज्ञलाई प्राप्त गर्न सकिन्छ हे प्रभो मलाई आज्ञा होस् भन्ने महाराज जनकलाई वंहाले पूर्णआत्मज्ञानको ज्ञान दिलाएर मोक्ष गर्नुभयो ।

के गरी मुक्ति हुन्छ, के गरी मोक्ष हुन्छ भन्ने कुराको छोटकरी उदाहरण यस श्लोकबाट स्पष्ट हुन्छ :-

वद्धं प्रवृत्तितो विद्धि मुक्तं विद्धि निवृत्तितः ।
प्रवृत्तिरेव संसारो निवृत्तिर्मुक्तिरिष्यते ।। *५००॥ स.वे.सिद्धान्त*

अर्थ :-

संसारमा दुई मार्ग छन् एउटा प्रवृत्ति मार्ग जुन विषयवासना व्यवहार, घरगृहस्थ आदिमा प्रवृत्त रहेर कर्महरू गर्नु, निवृत्ति मार्ग

संसार एवं विषयवासनालाई छोडेर निवृत्त हुनु वा उपराम लिनु अथवा सन्यास धारण गर्नु हो। प्रवृत्ति मार्गले संसारमा भट्किरहन्छ भने निवृत्ति मार्गले संसारबाट मुक्ति दिलाँउछ। स्वयं ब्रह्म सिद्ध हुन्छ।

ती मार्गहरूको वर्णन मोटामोटी रूपमा यसरी विभिन्न शास्त्रीय आधारमा स्पष्ट गर्न खोजिन्छ :-

तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते।
द्वापरे यज्ञमेवाहुर्दानमेव कलौ युगे। *१।२३। पा.स्मृति*

अर्थः-

सत्य युगमा तपस्या, त्रेतामा ज्ञान, द्वापरमा यज्ञ-याज्ञादि, कलिमा दान मात्र ले मनुष्यको कल्याण हुने मानिएको छ।

कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात्। *१२/३/५२/ भागवत*

अर्थः-

सत्ययुगमा भगवान् ईश्वर (विष्णु)को ध्यान एवं तपस्या गर्नाले, त्रेतामा यज्ञ गर्नाले, द्वापरमा पूजा गर्नाले जुन फल मिल्छ कलिमा हरि कीर्तन गर्नाले त्यही फल एवं ईश्वर प्राप्त हुन्छ। तर आज भोलिका समाजमा त्यस्तो विचार र समय धेरै कमलाई मात्र होला।

नासतो विद्यते भावो नाभावो विद्यते सतः।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्वदर्शिभिः। *२/१६ गीता*

अर्थः-

जुन चीज छैन त्यो हुदैन (भौतिक वस्तु संसार), जुन चीज छ त्यो सधैँ हुन्छ (सत् अविनाशी वस्तु जो देखिन्न)। किन भने तत्वदर्शिहरूले त दुवैको अध्ययन बाट यो निष्कर्ष निकालेका छन् कि असत् देखिने भौतिक वस्तु वा संसार जगत् कहिले पनि चिरस्थाई छैन र सत् आत्मा ईश्वर जो (देखिन्न) स्थायी र अपरिवर्तनशील छ; नमेटिने छ।

उत्तमा सहजावस्था मध्यमा शास्त्रचिन्तनम्।
अधमा मन्त्रजापाद्या तीर्थाटनाधमाधमा॥ *ऋषि परम्परा*

अर्थः-

सबभन्दा उत्तम आत्म चिन्तन, स्वरूपको ध्यान, स्वप्रकाशमा स्थित रहनु, समाधिस्थित हुनु। मध्यम शास्त्र चिन्तन गर्नु, वा शास्त्र अध्ययन गर्नु। अधम मन्त्र आदिको जप गर्नु। अधमा अधम चाहिं तीर्थाटन गर्नु। यस्तो शास्त्र निरूपणले सबै कुरा छोडेर अद्वैत आत्मामा वा ब्रह्ममा स्थित रहनु नै सर्व कल्याण मार्ग बताइएको छ। अझ यसको अर्थ यसरी बुझ्नु जरुरी छ कि, तीर्थाटन गर्नु, जप, शास्त्र अध्ययन र स्वरूपमा स्थित हुनु भनेको आध्यात्मिक मार्गको क्रमशः पहिलो, दोश्रो, तेश्रो हुँदै अन्तिम उत्तम मार्ग चौथो चाहिं आफू स्वयं ब्रह्ममा स्थित रहनु हो।

यस्तै योगवाष्ठिमा पनि यस्तो उल्लेख छ।

एतत्त सर्वमाख्यातं सूचिवृतान्तकीर्तनात्।
आत्मैवास्ति परं सत्यं नान्या संसारदृष्टयः। *उत्पत्ति प्रकरण ३।४।१*

अर्थः-

गुरु वसिष्ट भन्नुहुन्छ – सूचिको वृतान्तको किर्तनबाट यो सबै मैले तिमिलाई बताइ दिएं।आत्मा मात्र परमं सत्य हो, देखिने संसार जो छन् ती भौतिक एवं मायिक चीज हुन् जुन नाशवान हुन, नाशिन्छन्। खाली "आत्मा" ईश्वर जो देखिन्न त्यो मात्र सदा रही रहने परं सत्य हो र बाँकि सबै मिथ्या हो।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा। *६/१७ गीता*

अर्थः-

जस्ले आफ्नो कर्म, कर्तव्य र आचरण ठिक राख्छन्, जो नियम पूर्वक खानु, पिउनु, सुत्नु, उठ्नु, घुम्नु आदि ठिक आहार विहार गर्दछन् त्यस्ताले मात्र योग साधना आदि गर्न सक्छन्। आफ्नो स्वास्थ अनुकुल गरी व्रत-उपवास आदि कर्म गर्नु भनीएको हो। यो युग अनुसार अत्यन्त उपयुक्त छ।

कास्ता दृशो यासु न शन्ति दोषाः,
कास्ता दिशो यासु न दुःखदाहाः।
कास्ता प्रका यासु न भङ्गुरत्वं,
कास्ता क्रिया यासु न नाम माया। *१/२७/३१ वै.प्र.यो.वा.*

अर्थः-

संसारमा कुन दृश्य यस्तो छैन जुन मा दोष नहोस्, चारै दिशा यस्ता छैनन् जहा दुःख नहोस् । संसारमा यस्तो वस्तु छैन जस्को नाश नहोस्, संसारमा यस्ता प्राणी छैनन् जो माया बाट नढाकिएका हुन् ।

सत्यमेवेश्वरो लोके सत्यं धर्मसदाश्रितः ।
सत्यमूलानि सर्वाणि सत्यान्नास्तिपरं पदम् ।

१०९।१३।१४। अ.का वा.रामायण

अर्थः-

सत्यलेनै संसारअढेको छ, सत्यमा नै धर्म सदा आश्रित रहन्छ, सत्यनै सवको मूल धर्म हो, सत्यभन्दा परम पद अर्को छैन ।

श्रद्धया धार्यते धर्मो बहुभिर्नार्थराशिभिः ।
निष्किञ्चना हि मुनयः श्रद्धावन्तो दिवं गताः । *गरुड पुराण । ८/११०*

अर्थः-

धर्मको धारण श्रद्धाबाट हुन्छ, धेरै धन बाट हुँदैन अत्यन्त निर्धन व्यक्तिहरूले पनि श्रद्धाले नै स्वर्ग र मोक्ष प्राप्त गरेका छन् ।

धारणाद् धर्ममित्याहुर्धर्मेण विधृताः प्रजाः।
यः स्याद धारणसंयुक्तःस धर्म इति निश्चयाः॥
१०९/११ शा.प. महाभारत ।

अर्थः-

धर्मको नाम "धर्म" यसकारणले परेको हो की, त्यसले, त्यो सबैको धारणा गर्दछ- धर्मलेनै अधोगतिमा जानबाट रोक्छ । र जीवनको रक्षा गर्छ । धर्मले सबै प्रजाको (प्राणी मात्रको) धारण गरेर राखेको हुन्छ ।अतः जसबाट धारण र पोषण हुन्छ त्यही नै "धर्म" (सत्य) हो । धर्म वेत्ताहरुको यस्तो निश्चय छ ।

सत्येन धार्यते पृथ्वी सत्येन तपते रविः ।
सत्येन वाति वायुश्च सर्वं सत्ये प्रतिष्ठितम् । *चा.नी. ।५।१९।*

अर्थः-

सत्यले नै पृथ्वी अढेको छ, सत्य ले नै सूर्य उदाउने र प्रकाश दिनेगर्दछन् । सत्यलेनै वायु वहन्छ, संसारमा जो जे जति छन् सत्यमा नै अढेका छन् । त्यसकारण सत्यनै सबैको आधार हो ।

सत्यं ब्रूयात् प्रियं ब्रूयात् न ब्रूयात् सत्यमप्रियम् ।
प्रियं च नाऽनृतं ब्रूयादेष धर्मः सनातनः॥ ४/१३८ मनुस्मृति

अर्थः-

सत्य बोल्नु,सुन्नेलाई प्रिय लाग्ने बोलि बोल्नु, सुन्नेलाई अप्रिय हुन्छ भने सत्य बोली नबोल्नु, सुन्नेलाई प्रिय लाग्छ भने झुट पनि नबोल्नु यहिनै सनातन धर्म हो ।

महाभारतको प्रसगंमा सत्य :-

सत्यं ब्रह्म तपः सत्यं सत्यं विसृजते प्रजा :।
सत्येन धार्यते लोकः स्वर्गं सत्येन गच्छति :॥
१९०अ.श्लोक१ महाभारत शान्ति पर्व ।

अर्थः-

सत्यनै ब्रह्म हो, तप नै सत्य हो, सत्यबाटै प्रजाको (प्राणी) सृष्टि हुन्छ, सत्यलेनै लोक एवं संसारलाई धारण गरेको हुन्छ,सत्यलेनै स्वर्ग गइन्छ ।

भागवतको प्रथम स्कन्धको प्रथम अध्यायको पहिलो श्लोक र द्वादश स्कन्धको तेह्र अध्यायको उन्नाईस श्लोकमा स्पष्ट वर्णन गरिएको छ,

"सत्यं परं धीमहि"

अर्थः-

सत्य मात्र संसार मा ध्यान गर्न योग्य परम् प्रभु हो ।

निराकार ब्रम्हलाई जान्न देहधारी मनुस्यलाई सारै कठिन छ तर जान्न सक्नु भने अद्वैत ब्रम्ह स्वयं ब्रम्हमा पुग्नु हो । जुन कुरा गीता, बाईबल, कुरान आदिमा पनि बर्णनन् छन् ।

जस्तैः-

क्लेशोऽधिकतरस्तेषामत्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गर्तिदुःखं देध्वभ्दरवाप्यते ॥ ***१२/५ गीता***

अर्थ-

सच्चिदानन्दधन निराकार ब्रम्हमा जसले आफ्नो मनलाई स्थित गर्न खोज्दछभने अति कठीन हुन्छ कीनकी शरीरधारीद्वारा निर्गुण ब्रम्हको प्राप्त गर्न अति कठीन हुन्छ । यो परमज्ञानबाट मात्र ज्ञानीहरुले प्राप्त गर्दछन ।

Of Course, the strain is greater for those who have their mind attached to the Unmanifest, as attunement with the Unmanifest is attained with difficulty by the body-concious people. *12/5 Geeta*

As Bible

The person without the sprit does not accept the things that comes from the sprit of God but considers them foolishness and cannot understand them because they are discerned only through the Spirit. (*1 Co. 2/14)*

As Quran

They ask Thee concerning the spirit, Say. "The Spirit by command of my lord of knowledge it is only a little that is communicated to you." *(17/85)*

धम्मपद ९२

येसं सन्निचयो नत्थि-ये परिञ्ञात भोजना ।
सुञ्ञतो अनिमित्तो च-विमोक्खो यस्स गोचरो ।
ऋाकासे'व सकुन्तानं-गति तेसं दुरन्नया ॥

अर्थः-

जस्को संग्रह छैन, जो भोजनमा संयमी छ र शून्यस्वरुप निर्वाणमा दत्तचित्त छ त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तो देख्न गाह्रो हुन्छ ।

Meaning:

Those who have not gathered physical properties and know the right quantity of food and whom empitiness and shapeless Nirvana is crystal clear, their trial can not be traced like that of flying birds through the space or sky.

Above the four verses we must accept all the religious oriental (Eastern Philosophy) and Western Philosophy and Sacared Literature gist are more or less to same what about the "God" or "Allah" supreme all mighty is not to know ordinary peoples.

संसारिक जगतमा भने मायाको संसार भएकोले विभिन्न दुःख सुख हुदै जीवन निर्वाह गर्दछन् भने बुद्ध पुरुषले संसारको मोह छोड्छ र उ सदको लागि मुक्त रहन्छ ।

भोगे रोगभयं, कुले च्युतिभयं, वृत्ते नृपालाद्भयं,
माने दैन्यभयं, बले रिपुभयं, रूपे जरायाः भयम् ।
शास्त्रे वादिभयं, गुणेखलभयं, कायेकृतान्ताद्भयं,
सर्वं वस्तु भयान्वितं भुवि नृणां वैराग्यमेवाऽभयम् । *भतृहरि वै.श.३१।*

अर्थः-

खाने कुरा खाँदा रोगको भय, कुलमा खस्नेको भय, धनमा राज्यको भय, मानमा दीनताको (गरिवि) भय, बलमा शत्रुको भय, रूपमा बुढ्याईको भय, शास्त्र जान्ने हुँदा आलोचकको भय, गुणिलाई निन्दाको भय, शरीरलाई कालको भय, संसारमा सबै वस्तु भय नै भयले युक्त छन् भने केवल वैराग्यमा मात्र भय हुन्न ।

धर्म एव हतो हन्ति, धर्मो रक्षति रक्षितः । *८/१५ मनुस्मृति*

अर्थः-

प्रकाशले अन्धकारको नाश गर्दछ र धर्मको रक्षा भएमा आफ्नो रक्षा धर्मले गर्दछ । जसले धर्मको नाश गर्छ त्यसलाई धर्मले नाश गर्छ । जसले धर्मको रक्षा गर्दछ त्यसलाई धर्मले रक्षा गर्दछ ।

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारःपुण्याय पापाय परपीडनम् ॥ *व्यास*

अर्थः-

वेद व्यासले १८ पुराणको सारमा मात्र २ कुरा भन्नु भएको छ, "जसले परोपकार गऱ्यो, त्यसले पुण्य गऱ्यो जसले अरुलाई पीडा दियो, त्यसले पाप गऱ्यो ।"

धर्म बारे गीता

श्रोयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः । *३।३५।गीता*

अर्थः-

राम्रो सित आचरित अरुको धर्मभन्दा गुण रहित भए पनि आफूले गरी आएको धर्म नै श्रेष्ठ हुन्छ । आफ्नो धर्ममा मृत्युनै हुन्छ भने पनि वरण गर्नू, तर अरुको धर्म भने भयावह हुन्छ त्सलाई स्वीकार नगर्नू । यसमा भगवान् कृष्णले कुनै धर्म सम्प्रदाय प्रति इंङ्गित गरेको होइन किन कि पाँच हजार वर्षअघि कुनै किसिमको धर्म सम्प्रदाय थिएन । खाली सनातन धर्म(Eternal Principle) थियो समाजमा । यहाँ वर्णाश्रम धर्मको भने लागु हुन्थ्यो । तसर्थ अर्जुन क्षत्रिय थिए क्षेत्रिको धर्म युद्धमा लड्नु धर्म थियो । जिते राज्य मरे वीरगति प्राप्ति । यस्तो अर्थ हुन्छ यस श्लोकको ।

मनुले हिन्दु ग्रन्थमा धर्मका दश लक्षणका प्रकारहरू यसरि बताउनु भएको छ ।

जस्तै :-

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रह :
दानं दया दम : क्षान्ति : सर्वेषां धर्मसाधनम् ॥ *मनु*

अर्थ :-

हिंसा नगर्नु, सत्यमा रहनु, चोरी नगर्नु, शुद्ध रहनु, इन्द्रिहरूलाई अधिनमा राख्नु, दान गर्नु, दया गर्नु, मनलाई नियन्त्रणमा राख्नु, सदा शान्त रहनु आदि सबैका (मानवमात्रका) लागि धर्मका लक्षण बताउनुभएको छ । यिनै धर्मका लक्षणहरू संसारका सबै धर्म सम्प्रदायका ग्रन्थहरूमा प्राय उल्लेख भएको पाइन्छ ।

धर्म बारे कुरआन

आले इम्रान -सुरह- ३ को पद ७३ मा

(तिनीहरू आपसमा भन्छन्) "-र तिमीहरू आफ्नो सधर्मी हरूवाहेक अन्य माथि विश्वास नगर। (हे सन्देष्टा ! तिनीहरूलाई) भन-"वास्तवमा मार्ग दर्शन केवल अल्लाहको मार्ग दर्शन हो।" यहुदिहरू परस्परमा यो पनि भन्छन्- "कदाचित् यस्तो नहोस् कि तिमीहरूलाई प्राप्त चीज अरुकसैलाई प्राप्त होस् वा उनीहरूले तिमीहरू विरुद्ध तिम्रा पालनकर्ता समक्ष पेश गर्नका लागि ठोस प्रमाण फेला पारुन्। " भनीदेऊ-"कृपा त अल्लाहको हातमा रहेको छ। उनले जसलाई चाहन्छन् त्यसलाई प्रदान गर्दछन्। र, अल्लाह व्यापक एवं सर्वज्ञ छन्।

"नमो तस्स भगवतो अरहतो सम्मासबुद्धस्स"

बुद्ध भगवानका त्रिरत्न (त्रिशरण) मन्त्रः–

१. बुद्धं शरणं गच्छामी
२. धर्मंशरणं गच्छामी
३. संगं शरणं गच्छामी

बुद्धका पञ्चशील मन्त्रहरू

१) हिंसा नगर्नु
२) चोरी नगर्नु
३) झुटो नबोल्नु
४) व्यभिचार नगर्नु
५) मद्यपान नगर्नू

बुद्धका चार आर्यसत्यहरू

१. दुःख - सत्य
२. समुदय-सत्य
३. निरोध-सत्य
४. मार्ग -सत्य

बुद्ध सम्प्रदायमा आएका चार बादहरू :-

१) महायान – पुरातनबाद
२) हीनयान– सम्सोधनबाद

३) बज्रयान– अस्थित्ववाद
४) थेरबाद–अनश्वरवाद

यस्तै जैन धर्मका चार बाद छन् :-
१) दिगम्बरबाद–निर्बस्त्र (नाङ्गै) रहने
२ श्वेताम्बरबाद – सेतो बस्त्र लगाउने
३) श्वेताम्बर – मूर्ति पूजक
४) श्वेताम्बर–तेरापन्थ

महावीर जैन धर्मका पाँच महामन्त्रहरू

१) **णमो अरिहंताणम्**- देवाधि देव श्री अरिहंत भगवान्लाई हामी हाम्रो शिर झुकाएर हृदय देखि नमस्कार गर्दछौँ ।

२) **णमो सिद्धाणं**- देवाधिदेव श्री अनन्त परमात्मालाई हामी हाम्रो शिर झुकाएर हृदय देखि नमस्कार गर्दछौँ ।

३) **णमो आयारियाणां** -परम पूज्य समस्त धर्माचार्या ज्यू हरूलाई हामी हाम्रो शिर झुकाएर हृदय देखि नमस्कार गर्दछौ ।

४) **णमो उवज्झायाणां** - परम पूज्य समस्त उपाध्याय ज्यूहरूलाई हामी हाम्रो शिर झुकाएर हृदय देखि नै नमस्कार गर्दछौँ ।

५) **णमो लोए सव्वसाहूणं** - संसारका सम्पूर्ण साधु-सन्तहरूलाई हामी हाम्रो शिर झुकाएर हृदय देखिनै नमस्कार गर्दछौँ ।

➢ **महावीरका पाँच अणु व्रत**
१) अहिंसा
२) सत्य
३) अचौर्य (अस्तेय)
४) ब्रह्मचर्य
५) अपरिग्रह (संचित नगर्नू)

➢ **इस्लामका पाँच खम्बाहरू :-**
१. तौहिद (एकेश्वर वाद)
२. नमाज (उपासना)
३. जकात (दान दिनु)
४. रोजा (ब्रत बस्नु)
५. हज (तीर्थ गर्नु)

वाईबल- प्रस्थान - २० को १० आज्ञा मध्ये - ८ देखि १७आज्ञा

२० को ८ देखि १७ पद सम्म, वुद्ध, जैन, शिख आदिका पञ्चशील र स्वयम्भु मनुका धर्मका १० लक्षण सँग प्रायः मिल्छन् ।

Every pious person has these following qualities.

For instance: swanbhu Manu Says:

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।

धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥' ६/९२ मनुस्मृति

Dhriti kshama damoastyam shauchmindriyanigraha :

Dhiraviddhya satyamkrodho dashakam dharmalakshanam.

Meaning:

satisfaction, forgiveness, control of the mind , not steal, self-purifications, control over the sensory organs, knowledge, wisdom, truth, no anger, these are tens tools of religion for all.

Like same verses are Old testament Bible- Exodus – Chapter-20 among ten commands 8 to 17=10 Verses

8-Remember the Sabbath day, to keep it holy.

9-Six days salt thou labour , and do all thy work.

10- But the seven days is the Sabbath 0f Lod thy God: in it thou salt not do any work, thou, nor thy son, nor thy daughter, thy men servant , nor thy maid servant , nor thy cattle, nor thy stranger that is within thy gates.

11- For in six days the Lod made heaven and earth, the sea, and all that in them is , and rested the seventh day: wherefore the Lod blessed the Sabbath day, and hallowed it.

12- Honour thy father and thy mother : that days may be long open the land which the Lod thy God giveth thee .

13- Thou shalt not kill.

14- Thou shalt not commit adultery

15- Thou shalt not steal

16- Thou shalt not bear false witness against thy neighbour

17- Thou shalt not covet thy neighbour's house; thou shalt not covet thy neighbour's wife, nor his manservant, nor his maidservant, nor his ox, nor his ass, nor anything that is thy neighbour's. These are the good symptoms of the civilized societies

Luke 18/18-20 : New testament in bible:
"You know the commandments"

The rich and the kingdom of the God.

- you shall not commit adultery
- you shall not murder
- you shall not steal
- you shall not give false testimony
- honor your father and mother.

21- But the leader said, "I have obeyed all these commands since I was a boy."
22- When Jesus heard this, he said to the leaders, "But there is still one thing you give the money to those who are poor. You follow me."
23- But when the man heard Jesus tell him to give away his money, he was sad. He didn't want to do this, because he was very rich.

Two command in bible: Matthew 22|37-39 vers

First : Love the Lord your God.

Second : Love your neighbours as yourselves.

मुस्लिमका पाँच नमाजहरू

१) सूर्य उदाउनु अघि मिर्मिरे उज्यालोमा पढिने नमाज-**"फजर"**
२) १२ वजे पछि पढिने नमाज -**"जुहर"**
३) अपरान्ह ३-४ वजे पढिने नमाज -**"असर"**
४) सूर्य अस्ताए पछि साँझमा पढिने नमाज -**"मगरिव"**
५) राती सुत्ने वेलामा पढिने नमाज -**"ईशा"**

मुसलमानहरूका व्रतमा रम्जान महीनाको एक महीने रोजा (व्रत/उपवास) मुख्य व्रत हो भने अर्को दशांश दीनदुःखीलाई दान दिनु आदि पनि छन् ।

पञ्चमहाज्ञहरू

अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम् ।
होमो दैवो वलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ॥

अर्थः-

१) पढाउनु-पढ्नु ब्रह्मयज्ञ,
२) पितृलाई तर्पण दिनु पितृयज्ञ,
३) हवन गर्नु देवयज्ञ,
४) वलिवैश्वदेव गर्नु भूतयज्ञ,
५) अतिथि सत्कार गर्नु मनुष्य यज्ञ हो । यी पाँचै यज्ञहरू गृहस्थले नित्य गर्नु पर्छ। यी पाँच यज्ञ दैनिक घरमानै रहेर नित्य गर्न सकिनेछन् ।

हिन्दु संप्रदायका वर्ण अनुसार जप्ने त्रिकालीन गायत्री

१) विहान ६ बजे उषा कालिक **हंस वाहिनी वाल रूपा ब्रह्मगायत्री**
२) मध्यान्ह १२ बजे **गरुड वाहिनी तरुणी रूपा विष्णुगायत्री**
३) साँझ ६ बजे **बृषभ वाहिनी त्रिनेत्रा वृद्धा रूपा रुद्रगायत्री ।**
(१२ र ६ बजेको गायत्रीमा कुनै शास्त्रमा यस्को उल्टो छ ।)

यस्तै सामवेदले गाएको स्वस्ति मन्त्र

भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवांसस्तनूभिर्व्यशेम देवहितं यदायुः ॥ ***२१।२६ सामवेद***

स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु । ***२१।२७ सामवेद***

हाम्रो कानले मंगल सुनून्, आखाले कल्याण देखून । स्थिर र पुष्ट अंगले तिमीहरूको स्तुति गर्दै देवता बाट निश्चित गरिएको आयु प्राप्त गरून र तिनकै हितका काममा लगाउन् ।

इन्द्र हाम्रा लागि कल्याणकारी होऊन्, पूषादेवले हाम्रो मंगल गरून्, गरुड हामीलाई हितकारक होउन्, गुरु बृहस्पतिले हाम्रो कल्याण गरून् ।

ॐ द्यौः शान्तिरन्तरिक्ष'गुँ' शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्व'गुँ'शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ।

यजुर्वेद ३६/१७

ॐ शान्तिः ! ॐ शान्तिः !! ॐ शान्तिः !!!

Meaning:

Sky alleviation, Air alleviation, Earth alleviation, Plants alleviation, Trees alleviation, All-Gods alleviation, *Brahma* alleviation, Universe alleviation, just Alleviation may that alleviation come to me!

शिख धर्मका पाँच प्रार्थना

प्रार्थनाका पाँच समय गुरु नानक देवले बताउनु भएका छन् । जसका पाँच नाम छन् ।

१) सत्य
२) यथार्थता
३) ईश्वरको नाममा दया
४) सद्विचार
५) ईश्वरको स्तुति र गुणगान ।

शिख धर्मका पाँच 'क'

१) कपाल
२) काइयो
३) कङ्गन
४) कृपाण (छुरा वा तरवार)
५) कच्छा .

यी पाँच आदर्शलाई शिखहरूले पालना गर्दै मूल मन्त्र 'वाहि गुरु' गुरुको जप गर्दछन् ।

हिन्दुहरूको पाँच वलि (त्याग) तथा त्याग्नु पर्ने पाँच शत्रुहरू

१) **काम** - Sex Lust
२) **क्रोध** - Anger
३) **लोभ** - Greed
४) **मोह** - Attachment
५) **अहंकार** - Ego

यी पाँच कुरालाई त्याग गर्नसक्नुनै परमात्ममा पुग्नु मानिन्छ । तर यहा पञ्चवलिको नाममा

१) **बोको**
२) **राङ्गो**
३) **भेडो**
४) **हाँस**
५) **र कुखुरा** आदिलाई काटेर वलि चढाउने गर्छन्। शास्त्रीय विधि पुरागरी पशुबलि दिनु पशुहरूको निम्ति मोक्ष प्राप्त गर्नु पनि हो। साथै उत्सर्ग गर्नु र उनीहरूको जीवन दान दिनु पनि हो। यस्तो चलन पनि छ, कोही व्यक्तिले पानी छम्केर भिम्सेन, काली आदिका नाममा छोडी दिन्छन्। वास्तवमा जीवन दान दिनु नै वलि हो न कि काट्नु। तर वेदशास्त्रमा नरवलिदेखि पशुवलि प्रथा र पितृ श्राद्धमा मासुको पिण्ड दिने बारे उल्लेख भने प्रशस्त छन्। द्वापर युगसम्म यस्ता नरवलि वा पशुवलि दिँदा उक्त वलिलाई मोक्ष गर्न सक्ने शक्ति कर्मकाण्डमा थियो। तर कलिमा आएर यो शक्ति र क्षमता नराख्ने हुँदा भागवतको सप्तम स्कन्धको १५ अध्यायको ७ देखि ११ श्लोक सम्ममा हविष्यान्नको विधान उल्लेख छ। चाहे त्यो श्राद्ध होस् वा यज्ञ होस्।

वलि बारे अथर्ववेद

प्राजापत्यो वा एतस्य यज्ञो विततो य उप्रहरति।

का.९.सु.७को ११ अथर्वेद

अर्थः-

जसले अतिथिहरूलाई जे समर्पण गर्दछन् त्यसैलाई वलि, उत्सर्ग, भेट, सत्कार यसकिसिमले वलिको व्याख्या गरिएको छ।

त्यस्तै दशगात्रविधि कर्म- ढिकुराको काममा दिने काग वलिको अर्थ कागलाई काट्नु होईन भात चढाउनु हो।

तेस्तै पाराशर स्मृतिको १ को ५६ मा वलिवैश्वदेव यज्ञ भनेको पञ्च भूतहरू-काग, कुकुर, गाई, ब्राह्मण र अतिथि लाई वलि दिनु भनेको वलि वैश्वदेव यज्ञ भनिन्छ यसैलाई आहार दिनु या चढाउनु भनीएको हो काट्नु होइन।
अर्को श्लोक पनि यस्तो छ वलिवैश्वदेव यज्ञको :-

शुनां च पतितानां च श्वपचां पापरोगिणाम्।
वायसानां कृमीणां च शनकैर्निर्वपेदभुवि॥

अर्थः-

कुकुर, पतित, चण्डाल, पापरोगि, काग र किरा यी छ वटाको लागि आफूले खाने भोजन मध्येबाट छ भाग गरेर विस्तारै भूमिमा हाल्नु वा दिनु यसको नाम वलि वैश्यदेव वा भूतयज्ञ हो । यसमा पनि काट्नु भनेको होइन । यी यज्ञहरू दैनिक घरमै रहिकन नित्य गर्न सकिने यज्ञ हुन् र गर्नु पनि पर्छ ।

यद् घ्राणभक्षो विहितः सुराया-
स्तथा पशोरालभनं न हिंसा ।
एवं व्यवायः प्रजया न रत्या
इमं विशुद्धं न विदुः स्वधर्मम् ॥

११।५।१३. भागवत्.

अर्थः-

सौत्रामणि यज्ञमा सुरा (मदिरा) सुँघने विधान हो, पिउने होइन । यज्ञमा पशुको आलंभन (स्पर्श मात्र) गरेर छोड्ने विधान हो, पशुलाई काट्ने वा हिंसा गर्ने होइन । यस्तै किसिमले आफ्नी श्रीमतीका साथ मैथुन गर्ने विधान छ, तर विषय भोगको लागि मात्र होइन, यो धार्मिक परम्पराको रक्षा गर्न सन्तान उत्पत्ति एवं सृष्टि निरन्तरताको निम्ति मात्र हो । तर आजकाल मानिसहरू अर्थवाद आफुलाई हुने अर्थ गरी वेद आदिका वचनलाई उल्टो अर्थ लगाई फसेका छन् । तर उनीहरूले यस्ता भागवत आदिका विशुद्ध ज्ञानलाई जान्दैनन्।

अथर्वेदमा सप्त मधु
यो वै कशायाः सप्त मधूनि वेद मधुमान् भवति ।
ब्राह्मणश्च राजा च धेनुश्चानड्वांश्च व्रीहिश्च यवश्च मधु सप्तमम् ।

का. ९।१।२२। अथर्वेद

अर्थः-

ब्राह्मण, राजा, गाई, गोरु, धान, जौ र मधु यी सात वटा मधुरताले युक्त हुन्छन् । जुन मधुकशाले गाईका यी सात किसिमका मधुर रसका विषयमा जानिएका छन्, तिनीहरू नै माधुर्यले युक्त हुने गरेका छन् ।

विभिन्न सम्प्रदायका धार्मिक ग्रन्थहरूमा ईश्वर, अल्लाह, आत्मा, परब्रह्म, सिरडी साई बाबाको सबका मालिक 'एक', सत्य साईको सर्व धर्म सम भाव, लेखराजमहासेठ (प्रजापिता) को शिव बाबा एवं ॐ शान्ति, यशुको सत्य र प्रेम आदि बारे आ-आफ्नो किसिमको व्याख्या र प्रमाणहरू प्रस्तुत गरिएका पाइन्छन् । तर जुन-शास्त्रले र संप्रदायले जे जसरी भजे पनि गाए पनि मूल रूपले **"सत्यं शिवं सुन्दरम्"** अर्थात् Truth, Welfare, Beauty - **सत्-चित्-आनन्द** पनि यही हो ।**सत्य नै शिव हो, शिव नै सुन्दर हो** । यही नै सार वस्तु हो ।

साथै ऋग्वेदको दशौ मण्डलको १९१ सूक्तको २ मन्त्रले समाजलाई यस्तो सिकाउछ-

सङ्गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ।

१०।१९१।२ ऋग्वेद

अर्थः-

सङ्गै हिड्न सिक वा आपसमा मिलेर हिड, आपसमा मिलेर बोलचाल गर, मनका कुरा आपसमा मिलेर एक अर्कामा आदान प्रदान गर र नयाँ कुरा सिक । पहिलेका सज्जनले आपसमा मिलेर यज्ञ उपासना गरेझैं तिमीहरू पनि आ-आफ्ना संप्रदायमा यस्तै गर्नका लागि एकमत होऊ ।

Meaning :

"May you move together, speak together in one voice; let your minds be of one accord; and like the ancient sages, may you enjoy your assigned share of fortune.

Rgveda 10/191/2

वेद र विभिन्न संप्रदायका शास्त्र एवं ग्रन्थहरूले यस्तो सन्मार्गको निर्देशन गरेको छ तर मानव धर्म-धर्ममा, संप्रदाय-संप्रदायमा मात्र नभई आ-आफ्नै संप्रदाय भित्र शैव र वैष्णव, सिया र सून्नी, क्याथोलिक र प्रोटेस्ट्यान्, हीनयान र महायान, स्वेताम्वर र दिगम्बर आदि आफैंमा लडाई मार-काट र हिंसामा उत्रिरहेका छन् । संसारका राजिनीतिक दल भित्रको लडाइंको पराकाष्टायहाँ उल्लेखगरिरहन पर्दैन ।

मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः । *ब्रह्म विन्दु उपनिषद् २*

अर्थः-

"मानिसको बन्ध र मोक्षको कारण मन नै हो ।"

अझ शुकदेव स्वामीले राजर्षि जनकलाई तिमी राजा भएर पनि आफुलाई विदेह भन्छा, यो कसरी सम्भव छ ? राज्य देखि लिएर सांसारीक भोगमा छौं अनि विदेह भन्छौं आफुलाई भन्दा राजर्षि जनक देवी भागवत्मा भन्नुहुन्छ :-

न देहो न च जीवात्मा नेंन्द्रियाणि परं तप ः।
मन एव मनुष्याणां कारणं बंधमोक्षयौ ः॥

१/१८/३९ देवी भागवत् ।

अर्थः-

लामो बहस पछिको श्रृंखला हो यो शुकदेव स्वामी र राजर्षि जनक सम्वादको-राजर्षि उपदेश दिदै भन्नुहुन्छ शुकदेवलबई हे परंतप ! नदेह, नजीवात्मा, न इन्द्रियहरुनै हुन,बरु मनुष्यहरुको बन्ध र मोक्षको कारण मननै हो ।

म यसरी विदेह छु भन्ने प्रमाण पेश गर्नुहुन्छ राजर्षि जनक शुकदेवलाई :-

देहोऽयं मम वन्धोऽयं न ममेति च मुक्तता ।
तथा धनं गृहं राज्यं न ममेति च निश्चय ः॥

१/१९/३५देवी भागवत् ।

अर्थः-

यो देह मेरो हो,म बद्ध छुं,यस विचारबाट मुक्तता हुन्न तर धन,घर राज्य पनि मेरो होइन यो मलाई निश्चय छ। जब देहनै मेरो होइन भने त राज्य कसरी मेरो हुन्छ ? यसरी यो जड देहलाई मिथ्या सावित गरी वेदेह हुँ भनि राजर्षि जनकले शुकदेवलाई सम्झाए पछि शुकदेवको चित्त बुझ्यो र राजर्षि जनकलाई गुरु मान्नु भएको कथा प्रसगं लामो भए पनि मैले माथि उल्लेखित दुई श्लोकमा संक्षेपिकरण गरे ।

भगवान् मनु ले **"बेदोंखिलो धर्ममूलम्"** भनेर भन्नु भएको छ किन भने सबै शास्त्र आदिको मूल भएको ले वेदलाई यस्तो भन्नु भएको हो । २/६ मनुस्मृति

काम्यानां कर्मणां न्यासं सन्यासं कवयो विदुः ।*वि.चु.७१ र १८।२गीता*

अर्थः-

सम्पूर्ण काम्य कर्मको त्यागलाई पण्डित एवं शास्त्रले संन्यास भनीएको छ । साथै कथा, पुराण, उपनिषदादिमा स्पष्ट वर्णन छ ।

जस्तोः-

समाधिस्थो यतिः कश्चिच्छिवभावेन देहभुक् ।
अस्ति चेत्स महाधीरः परिपूर्णश्शिवो भवेत् ॥ *कै.श.अ.२१।८(शि.पु)*

अर्थः-

जो कोही सन्यासी (यति) समाधिमा स्थित भएर शिव भावले देहलाई भोग्दै महाधैर्यवान् हुन्छन् भने तीनै संन्यासीहरूलाई परिपूर्ण शिव भनेर जान्नु । तर कुनै कर्ममा भने लागेको हुनु हुन्न ।
महाभारतमा यति,सन्यासी,साधुमुनिहरुले यस्तो अवस्थामा आफु प्राप्त हुन्छन्-

जस्तैः-

अक्रोधेन जयेत् क्रोधमसाधुं साधुना जयेत् ।
जयेत् कदर्यं दानेन जयेत् सत्येन चानृतम् ॥

३९/७२महाभारत उ.प.।

अर्थः-

अक्रोधले क्रोधललाई जित्नु,असाधुलाई सद्व्यवहारले बशमा गर्नु, कृपणलाई दानले जित्नु र झुठालाई सत्यले विजय गर्नु ।

यस्तै भगवान बुद्धले पनि आफ्नो धम्मपथमा यस्तो भन्नुभएको छ ।

अक्कोधेन जिने कोधं – असाधुं साधुना जिने ।
जिने कदारियं दनेन– सच्चेन अलिकवादिनं । *ध.प २२३*

अर्थः-

क्रोधिलाई अक्रोधले जित्नु, असाधुलाई साधु भएर जित्नु वा नराम्रो गर्नेलाई राम्रो कामले जित्नु, कृपणीलाई दानले जित्नु र असत्येबादिलाई सत्यले जित्नु। यसरि महामानवहरूको जीवनचर्या व्यतिथ हुन्छ।

द्वावेव न विराजेते विपरीतेन कर्मणा।
गृहस्थश्च निरारम्भः कार्यवाश्चैव भिक्षुकः।

महाभारत वि.नी.१।६२

अर्थः-

कर्म नगर्ने र उदासीन स्वभावको गृहस्थ व्यक्ति र माया, ममता र कर्ममा वाँधिने सन्यासी यी दुवैले शोभा पाउदैनन्। गलत हुन्।

श्लोकार्धेन तु वक्ष्यामि यदुक्तं ग्रन्थकोटिभिः।
ममेति परमं दुःखं न ममेति परं सुखम्।

उ.सं.आ२३।३५ शिव पुराण

अर्थ :-

ग्रन्थहरू कोटियौँ छन् तर त्यसको आधा श्लोकले वास्तविक अर्थलाई दर्शाउछ, "जसले विषय संसारलाई मेरो मेरो भन्छ त्यसले दुःख पाउछ। मेरो संसार होइन म मात्र आत्मा हुँ जसले जान्दछ त्यसले परम सुख पाउछ"।

यस्तै अर्थ राख्दछ ११।९।४४को भागवतको श्लोकमा :-
"आशा हि परमं दुःखं नैराश्यं परमं सुखं"।

अर्थ :-

आशा, कामना आदि नै संसारिक भएकोले परमं दुःख हा, भने निराशा बैराग्य जसले संसारिकतालाई त्याग्छ त्यो नै परमं सुख हो।

अनास्थैव हि निर्वाणं दुःखमास्था परिग्रह॥ *४/१११ महो.उप.*

अर्थ :-

अनास्था नै त निर्वाण हो, आस्था स्विकार्नु चाहि दुःख हो।

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ।४।१९। *गीता*

अर्थः-

जस्का जो सम्पूर्ण कर्म संकल्प तथा कामनाले रहित हुन्छन् र जस्का सम्पूर्ण कर्मलाई ज्ञानाग्निले दग्ध गर्दछन्, पार्दछन्, (अर्थात् सबैकर्महरू ज्ञानमा स्थापित हुन्छन्) । त्यस्तालाई ज्ञानीजनले पण्डित भन्दछन् ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥ ६/२९ गीता
अर्थः

सर्वब्यापि अनन्त चेतनामा एकैभावले स्थित रहेको योगयुक्त आत्मावाला तथा सबैलाई समभावले देख्नेवाला योगि आत्माको सम्पूर्ण प्राणीमा र सम्पूर्ण प्राणीमा एकै आत्मा देख्छ ।यो श्लोकले सर्बब्यापि निराकार अद्वैत ब्रह्मको कल्पना गर्दछ । तर यो श्लोकको भावलाई अर्जुनलाई बुझ्न गाह्रो भएको ठानी साकार ब्रह्मको ब्याख्या ***६।३०। गीतामा गर्नुभएको छ ।***

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।६।३०।गीता

अर्थः-

म परमात्मालाई सर्वत्र देख्ने र म मानै सबै थोक देख्ने, म बाट टाढा हुँदैनन् र म पनि ती व्यक्ति बाट टाढा रहन सक्दिन ।
योगश्चित्तवृतिनिरोधः *(प.यो. २)*

अर्थः-

"चित्तका वृतिहरूको निरोध नै योग हो ।"

यमस्तु प्रथमः प्रोक्तोद्वितियो नियमस्तथा ।
तृतीयमासनं प्रोक्तं प्राणायामस्ततः परम् ।८।

प्रत्याहारः पञ्चमोवै धारणा च ततः परा ।
ध्यानं सप्तममित्युक्तं समाधिस्त्वष्टमः स्मृतः ।९। *लिङ्ग पुराण*

अर्थः-

यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि, यी आठप्रकारका योग हुन्। अन्तिम योग समाधिमा पुगेपछि ईश्वर संगको मिलन हो त्यस पछि संसारिक दुःखमा फर्कनु पर्दैन। यसैलाई पतञ्जलि योग, हठ योग र शैव योग पनि भनिन्छ। तर आज योगलाई विपरीत ढंगले व्याख्या गरी शारीरिक व्यायाम तथा स्वस्थतामा परिणत गरिएको पाईन्छ। हुन त योग पूर्ण भएका योगीहरू आफैमा अत्यन्त स्वस्थ नै रहन्छन्।

योग बारे ओशो

योग कुनै धर्म होइन, यो कुरा स्मरण रहोस्। योग हिन्दु, मुसल्मान, ईशायी, बुद्धिष्ट, जैन आदि पनि होइन। योग त विशुद्ध विज्ञान हो। गणित, फिजिक्स र केमेस्ट्री, जस्तै यो त एक विशुद्ध गणित हो आन्तरिक अस्तित्वको। यसकारण एक मुसल्मान, ईशायी, बुद्धिष्ट, जैन आदि पनि योगी हुन सक्छन्।
अब जाउँ गुरु तर्फ,

"गुकाराश्चान्धकारो हि रुकारस्तेज उच्यते।
अज्ञानग्रासकं ब्रह्म गुरुरेव न संशयः।३२। *गुरु गीता.*
गुकारश्च गुणातीतो रूपातीतो रुकारकः।
गुणरूपविहीनत्वात् गुरुरित्यभिधीयते।" *३४। गुरु गीता.*
गुकारःप्रथमो वर्णो मायादिगुणभासकः।
रुकारोऽस्ति परंब्रह्म मायाभ्रान्तिविमोचकम्।*३५। गुरु.गीता*

अर्थः-

गुकार को अर्थ अध्यारो अन्धकार हो र 'रु' कारको अर्थ तेज एवं प्रकास हो। अज्ञानलाई नाश गराइ दिने ब्रह्मलाई चिनाइ दिने गुरु मात्र एक हुन यसमा संशय एवं शंका गर्नु पर्ने ठाँउ छैन। यसरी गुरु गीतामा माथि उल्लिखित श्लोकहरूले यो स्पष्ट पारेको छ कि माया भ्रान्ति आदि दुर्गुणलाई हटाई परब्रह्म सम्म पुऱ्याउने गुरुनै हुन्छन्।

यो गुरुः स शिवःप्रोक्तो यश्शिवस्स गुरुः स्मृतः।
इति निश्चिन्त्य मनसा स्वविचारं निवेदयेत्। *३।४२।कै.सं*

अर्थः-

बुद्धिमान्ले यस्तो जान्नु कि- "जो गुरु हो सो शिव हो र जो शिव हो सो गुरु हो" यस्तो मनमा विचार निश्चय गरेर आफ्नो विचार निवेदन शिवमा गर्नू ।

अध्यात्म मार्गका तीन प्रकारका कर्महरू छन् ।
१) कर्म २) उपासना (भक्ति) ३)ज्ञान

१) **कर्मः-** कर्मले मल दोष निवारण गर्छ ।
२) **उपासनाः-** उपासनाले विक्षेप दोष हटाँउछ
३) **ज्ञानः-** ज्ञानले आवरण दोष हाटई मोक्ष एवं स्वआत्मालाई चिनाउछ । स्वप्रकाश हुन्छ । कर्म र उपासनाभन्दा आत्मज्ञान नै उत्तम हो ।

कर्म तेस्रो दर्जा र उपासना दोस्रो दर्जा हो भने ज्ञान वा वेदान्त "अद्वैत"मार्ग नै
उत्तम मार्ग हो भनि पूर्वीय दर्शनको निचोडमा यहाँ भागवत् र गीतालाई प्रस्तुत गरिएको छ ।

मन्मायामोहितधियः पुरुषाः पुरुषर्षभ ।
श्रेयो वदन्त्यनेकान्तं यथाकर्म यथारुचि ॥ ***११/१४/९ भागवत् ।***

अर्थः-

भगवान श्री कृष्ण उद्धवलाई भन्नु हुन्छ –"हे प्रिय उद्धव ! सबैको बुद्धि मरो मायाबाट मोहित भैरहेका छन् । त्यसैले तिनीहरु आ-आफ्नो कर्म-संस्कार र आ-आफ्नो रुचि अनुसार आत्मा कल्याणको सादनहरु पनि एक नभएर धेरै बताउछन् । गर्न पर्ने एक मात्र ईश्वरलाई जान्नु श्रेय कर्म हो । तर यसलाई नबुझेर सबैले संसारिक कर्म गर्छन् ।

धर्ममेके यशश्चान्ये कामं सत्यं दमं शमम् ।
अन्ये वदन्ति स्वार्थं वा ऐश्वर्यं त्यागभोजनम् ॥ ***११।१४।१०भागवत***

अर्थः-

पूर्व मिमांसकहरुले धर्मको, साहित्यचार्यहरुले यसको, कामशास्त्रिहरुले कामको, यूगवेत्ताहरुले सत्यको, शमदमादिको,

दण्डनितिकारहरुले ऐश्वर्यको, यतीहरुले त्यागको र लोकायतिकहरुले भोगको नै मनुष्यहरु जीवनका स्वार्थ र परम लाभ हो भनि ठान्दछन्। यो अत्यन्तै गलत हो भनि *११।१४।११।भागवत* ले बताउदछ।

"केचिद् यज्ञतपोदानं व्रतानि नियमान् यमान्।
आद्यन्तवन्त एवैषां लोकाः कर्मविनिर्मिताः।"
दुःखोदर्कास्तमोनिष्ठाः क्षुद्रानन्दाः शुचार्पिताः। *११।१४।११।भागवत*

अर्थः-

यसमा कर्म योगीहरू यज्ञ, तप, दान, व्रत, यम, नियम आदिलाई पुरुषार्थ भन्छन्। वास्तवमा यी सबै कर्म नै हुन, यिनीको उत्पति र नाश हुन्छ। कर्मको फल समाप्त भएपछि उसलाई दुःख नै मिल्छ। साच्चै भन्ने हो भने उसको अन्तिम गति घोर अज्ञाननै हो। उसलाई जो सुख मिल्छ त्यो तुच्छ नै हो। नगन्य छ र उनीहरू भोको समयमा पनि असूया आदि दोषको कारण शोकले नै परिपूर्ण हुन्छन्। यस कारण विभिन्न साधन एवं कर्मको फेरमा नपर्नु नै उत्तम हुन्छ।

तीर्थानि तोयपूर्णानि देवान्पाषाणमृन्मयान्।
योगिनो न प्रपद्यंते स्वात्मप्रत्ययकारणान्॥ बा.स.उ.ख.३९अ.२९ शिव पुराण

अर्थः-

जलपूर्ण तीर्थ र मृत पाषाणका मूर्तिहरुमा योगिजनहरु यसकारण स्नान र पूजा गर्दैन्न् किन की उनिहरुले आत्म ज्ञान प्राप्त गरेकाले केही कर्म बाँकि रहन्न।

कर्म बारे गीता
"क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति। *९।२१ गीता*

अर्थः-

पुण्य सकिए पछि मृत्यु लोक पृथ्वीमा पुनः दुःख भोग्न र जन्म लिन आउनु पर्छ। अन्तिममा सबै शास्त्रको निचोडले पनि अद्वैत, **"एकं ब्रह्म द्वितीयं नास्ति""द्वैतं नो सहते श्रुतिः"** आदि वेदान्तले वताएको, **शिवोऽहम्** मात्र हो।

न योगेन न सांख्येन कर्मणा नो न विद्यया ।
ब्रह्मात्मैकत्वबोधेन मोक्षः सिध्यति नान्यथा ।*(वि.चु ५८।)*

अर्थः-

न पतञ्जलि योगले, न सांख्य योगले, न यज्ञकर्मादि द्वारा अनुष्ठान गरेर वा न विद्या द्वारा पूर्वोक्त दोष को निवृत्ति भएर परमानन्दको प्राप्ति नै हुन्छ । ब्रह्मात्मैकत्व बोध बाट मात्र मोक्ष हुन्छ, अरु प्रकारले हुन्न ।

वेदान्त भन्नाले आद्य जगद्गुरु शंकराचार्य द्वारा लिखित शांकर भाष्य आदि कृतिलाई जनाउछ । यसमा वेद्धान्त दर्शनका तीन प्रस्थान छन् । प्रस्थानत्रयी पनि भनिन्छ ।

१) उपनिषद् २) ब्रह्मसूत्र र ३) गीता हुन् ।

१) उपनिषद :- श्रवणात्मक

२) ब्रह्म सूत्र :- मननात्मक

३) गीता :- निदिध्यासनात्मक हुन ।

यिनका व्याख्या धेरै ठूला छन् । यस सानो लेखबाट सबै समेट्न सकिदैन ।

भवानीशंकरौ वन्दे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तः स्थमीश्वरम् ।*२ तु.रा.वा.का.*

अर्थः-

पार्वती र शंकर श्रद्धा र विश्वासले चिनिने हुन्, त्यस्तालाई नमस्कार गरेपछि मात्र सिद्धहरूले आत्मा मा स्थित रहेको ईश्वरलाई प्राप्त गर्दछन् । शिव भनेकै विश्वास हो । देखिने वस्तु होइन ।

ज्ञानविज्ञानसंयुक्त आत्मभूतः शरीरिणाम् ।
आत्मानुभवतुष्टात्मा नान्तरायैर्विहन्यसे ।*११।७१०। भागवत*

अर्थः-

वेदको मुख्य तात्पर्य हो-"निश्चयरूप ज्ञान (जुन देखिन्न) " र" अनुभव रूप विज्ञान (जुन भौतिक वस्तु देखिन्छ)" बाट भलिभाँति सम्पन्न भएर तिमी आफ्नो अनुभव मा नै आनन्दमग्न हुने छौ सम्पूर्ण देवता आदि शरीरधारिहरूको आत्मा मानै तिमी हुने छौ । यसकारण कुनै पनि बिघ्न गर्नेहरूको आत्मा पनि तिमी नै हुने छौ । यसको अर्थ सर्वत्र आत्मभाव भएपछि को मर्ने को बाच्ने तक्षकले डस्ने वा नडस्ने

यी सम्पूर्ण विकार बाट मुक्त हुनेछौ । स्वयं ब्रह्म तिमी आफै हौ । भनी भगवान्ले परीक्षितलाई बताउनु भएको ज्ञान हो यो ।

श्लोकार्धेन तु वक्ष्यामि यदुक्तं ग्रन्थकोटिभिः ।
ब्रह्म सत्यं जगत्मिथ्या जीवोब्रह्मैव नापरः ॥

ब्रह्म मात्र सत्य हो, जगत् मिथ्या हो जीवनै ब्रह्म हो, संसारमा ब्रह्म देखि अर्को बस्तु केही छैन ।

आत्मालाई धेरै शास्त्रले अत्यन्तै अगम्य छ भनी उल्लेख गरेका छन् । साथै बाइबल र कुरआन मा समेत यसको अत्यन्तै महत्वको साथ उल्लेख भएको पाईन्छ ।

आत्मा बारे बाइबल
- १ कोरिन्थी को २ को १४ पदमा यस्तो भनीएको छ,
"जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन । किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुनछन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ । " यसमा आत्मा जान्नेले मात्र वा ईश्वरको कृपा पात्रले मात्र आत्मालाई चिन्दछ भनीएको हो । साधारण व्यक्तिले सक्तैन ।

Meaning in English :
Bible: - Spirit (Soul)
1 Corinthians – Chapter 2/14
14- But the natural man receiveth not the things of the "Spirit" of God: for they are foolishness unto him: neither can he know them, because they are spiritually discerned.

आत्मा बारे कुरआन
- बनि इसराइल १७ सुरहको ८५ पदमा **"आत्मा"** बारे यस्तो उल्लेख छः-

"र तिनीहरू तिमीसित रुह(आत्मा) को बारेमा सोध्दछन्, भनीदेउ रुह (आत्मा) मेरो पालन कर्ताको आदेश बाट आउछ र तिमीहरूलाई एकदमै कम ज्ञान दिएको छ ।"

Meaning in English:

And they ask you (O Muhammad) concerning the *Ruh* (the Spirit); Say:"The *Ruh* is one of the things, the knowledge of which is only with my Lord. And of knowledge, you (mankind) have been given only a little."***S.17/85 Quran***

अर्थः-

आत्मा जान्ने अल्लाह मात्र हुनुहन्छ त्यो आत्मा नै हो, आत्मा जान्नेले मात्र आत्मा जान्दछ। साथै आत्मा ले मात्र आत्मालाई देख्छ भनीएको हो।

आत्मा बारे राम गीता

कदाचिदात्मा न मृतो न जायते न क्षीयते नापि विवर्धतेऽनघः।
निरस्तसर्वातिशयः सुखात्मकः स्वयंप्रभुः सर्वगतोऽयमद्वयः॥

३५। राम गीता॥

अर्थः-

आत्मा न कैले जन्मन्छ, न मर्छ, न घट्छ न बढ्दछ। आत्मा विकार रहित छ, र आफ्नो सत् चित् आनन्द रूप महत्वले संसारका सम्पूर्ण जड पदार्थहरूलाई सत्ता र स्फुर्ति प्रदान गर्दछ। आत्मा आनन्दरूप, स्वयं प्रकाशस्वरूप र सजातीय, विजातीय एवं स्वगत भेदरहित हुनाले यो अद्वयरूप छ।

आत्मा बारे स्वामी रामतीर्थ

साँचो प्रेम सूर्य समान आत्मालाई विकसित गर्दछ।
मोहले मनलाई कलुषित एवं संकुचित पार्दछ।

आत्मा बारे स्वामी अरविन्द घोष

The first principle of education is to know thyself.

अर्थः-

शिक्षा (ज्ञान) को पहिलो सिद्धान्त हो आफुलाई, (आत्मा)लाई चिन्नु एवं जान्नु हो।

आत्मा बारे - शिव गीता

आत्मा यदेकलस्तेषु परिपूर्णः सनातनः ॥
का कान्ता तत्र कः कान्तः सर्व एव सहोदराः । *२।१८। शिव गीता*

अर्थः-

सबैमा आत्मा एक परिपूर्ण सनातन छ र यो विचारबाट कुन स्त्री, कुन पुरुष भन्ने भेद नरही सबै सहोदर हुन्। सृष्टिको लागि लैंगिक भेद मात्र भएको हो। चेतन वा आत्मा एक मात्र हो, दोश्रो छैन। जस्तो कि **"द्वैतं नो सहते श्रुतिः"**- वेदले दोश्रो वस्तु सहन गर्दैन।

"एकं ब्रह्म द्वितीयं नास्ति" - ब्रह्म एक मात्र छ अर्को छैन।
"द्वितीयाद्वै भयं भवति" वृ.उ १।४।२- संसारमा दुई भयो भने भय हुन्छ।

अद्वैतशैववादोऽयं द्वैतन्न सहते क्वचित्।
द्वैतं च नश्वरं ब्रह्माद्वैतम्परमनश्वरम् ॥ *१७।३कै.सं शिव पुराण*

अर्थः-

यहा स्कन्द जी भन्नु हुन्छ, "यो अद्वैत शैववाद कुनै प्रकारको द्वैतलाई सहन सक्दैन। किन भने द्वैत नश्वर छ र अद्वैत जुन ब्रह्म वस्तु हो त्यो अविनाशी छ।"

"योवै भूमा तत् सुखम्" *७।२३।१।छा.उ.*

अर्थः-

ज्योति एवं आनन्द नै सुख हो।

"रसोवैसः" तै.उ २।७

अर्थः-

जो प्रसिद्ध स्वीकृत रस छ त्यो नै निश्चित रस हो त्यो नै ब्रह्म हो।

"आनन्दो ब्रह्मेति व्यजानात्" तै.उ. ३/६
अर्थः-

आनन्द नै ब्रह्म हो।

"ब्रह्म विद् ब्रह्मैव भवति" ३।२।९ मुण्ड.उ.-

अर्थः-

ब्रह्म वेत्ता ब्रह्म नै हुन्छ् ।

ब्रह्म जाने पछि निम्न २२ प्रकारका महावाक्यहरू फुर्दछन् । ती महावाक्यहरू यी हुन :-

१) प्रज्ञानं ब्रह्म
२) अहं ब्रह्मास्मि
३) तत्वमसि
४) अयंमात्मा ब्रह्म
५) ईशावास्यमिदं सर्वम्
६) प्राणोऽस्मि
७) प्रज्ञानात्मा
८) यदेवेह तदमुत्र यदमुत्र तदन्विह
९) अन्यदेव तद्विदितादथो अविदितादपि
१०) एष न आत्मान्तर्याम्यमृतः
११) स यश्चायम्पुरुषो यश्चासावादित्यःस एकः
१२) अहमस्मि परं ब्रह्म परं परपरात्परम्
१३) वेदशास्त्रगुरुत्वात्तुस्वयमानन्दलक्षणम्
१४) सर्वभूतस्थितं ब्रह्म तदेवाहं न संशयः
१५) तत्वस्य प्राणोऽहमस्मि पृथिव्याः प्राणोऽहमस्मि
१६) अपां च प्राणोऽहमस्मि तैजसश्च प्राणोऽहमस्मि
१७) वायोश्च प्राणोऽहमस्मि आकाशस्य प्राणोऽहमस्मि
१८) त्रिगुगण्स्य प्राणोऽहमस्मि
१९) सर्वोऽहं सर्वात्मकोऽहं संसारी यद्भूतं यच्च भव्यं यद्वर्तमानं सर्वात्मकत्वादद्वितीयाऽहम्
२०) सर्वं खल्विदं ब्रह्म
२१) सर्वोऽहं विमुक्तोऽहम्
२२) योऽसौ सोऽहं हंसस्सोहमस्मि ।

"इत्वेवं सर्वत्र सदा ध्यायेदिति ॥ अथमहावाक्यानामर्थमाह"॥ प्रज्ञानं ब्रह्मवाक्यार्थः पूर्वमेव प्रबोधितः ॥ अहंपदस्यार्थभूतः शक्त्यात्मा परमेश्वरः ॥ ***१९।१। कै.सं शिव पुराण***

अर्थः-

प्रज्ञानस्वरूप परमात्मा नै ब्रह्म हो, म नै ब्रह्म हुँ, त्यो तिमी नै हौ, यो आत्मा नै ब्रह्म हो, यो सब जगत् ईश्वर बाट अधिष्ठित छ, म नै प्राण हुँ, आत्मज्ञान हो, जो यहा सो वहा जो वहा सो यहा, उ विदित र अविदित देखि पर छ, त्यो तिम्रो आत्मा अन्तर्यामी अमृत हो, त्यो जुन यो पुरुषमा र आदित्यमा छ त्यो एकै हो, परब्रह्म म नै हुँ, परभन्दा पर वेद शास्त्रका गुरु सवका ज्ञाता स्वयं आनन्द लक्षण म नै हुँ, सर्व भूत मा स्थित ब्रह्म म नै हुँ यसमा सन्देह छैन, तत्वको प्राण म नै हुँ पृथ्वीको प्राण म नै हुँ, जलको प्राण म नै हुँ तेजको प्राण म नै हुँ, वायु आकाशको प्राण म नै हुँ, त्रिगुणको प्राण म नै हुँ, सब सर्वात्मक मै हुँ संसारी भूत भविष्य वर्तमान सर्वात्मक हुनुको कारण म नै एक अद्वितीय ब्रह्म हुँ, त्यो सब ब्रह्म स्वरूप छ, म सब रूप मुक्तस्वरूप हुँ, जो यो छ सो मै हुँ हंस मै हु। यस प्रकार सर्वत्र सदा यसको ध्यान गर्नु यसको अर्थ बताइन्छ।

अर्को यजुर्वेद ४०।१८ मा यस्तो उल्लेख छ :-

२३)"ॐ खं ब्रह्म"

अर्थः-

ॐकार अक्षर आकास भरिनै सर्बत्र ब्याप्त छरिएर रहेको हुन्छ।

२४) "खं ब्रह्म"

अर्थ :-

खं भनेको आकाश हो र ब्रह्म भनेको आत्मा एव सर्बशक्तिमान ईश्वर, अल्लाह, God जे भन्नोस एकै हुन।आकाश नै सम्पूर्णको ब्रमाण्डको आधार भएकोले यो महा वाक्य पूर्ण ब्रह्मको रुपमा अवस्थित छ। हो पनि यहि माथि उल्लेखित यस किसिमका ज्ञान जीवात्मा मध्ये मनुष्यले मात्र यसको हासिल गर्न सक्तछ। मानिसका तीन शरीर मुख्य छन् त्यसमध्ये सूक्ष्म (लिङ्ग) शरीरलाई पुर्यष्टक भनिन्छ जुन यसप्रकार छः-

वागादिपञ्च श्रवणादिपञ्च प्राणादिपञ्चाभ्रमुखानि पञ्च।
बुध्याद्यविद्यापि च कामकर्मणि पुर्यष्टकं सूक्ष्मशरीरमाहुः।१८। *वि.चु*

अर्थः-

१) **वागादिपञ्च-पाँच कर्मेन्द्रियः** मुख, हात, खुट्टा, लिङ्ग-योनि, गुदा
२) **श्रवणादि पञ्च-पाँच ज्ञानेन्द्रियः** कान, आँखा, नाक, जिभ्रो, छाला
३) **प्राणादि पञ्च-पाँच प्राणः** प्राण, अपान, व्यान, उदान, समान

४) **अभ्रमुखानि पञ्च-आकाशादि पाँचः** आकाश, पृथ्वी, जल, तेज, वायु
५) **बुद्धिआदिक-चतुर्वृत्तिः** बुद्धि, मन, चित्त, अहंकार
६) **अविद्यानाम-चतुर्विधः** तुलाविद्याअंशरूप तुला ज्ञान, निन्दा, प्रमाद, अज्ञान
७) **कामनाम-वासना (काम भोगदि):**
८) **कर्मनाम-संचितादि तीन कर्मः** प्रारव्ध कर्म, संचितकर्म, क्रियमाण कर्म

यी आठ (पुर्यष्टक) क्रिया लिएको सूक्ष्म एवं लिङ्ग शरीरका ब्रह्म प्राप्तिका बाधक तत्वहरूमा सर्व प्रथम नं.१ कामदेव हो ।

बद्ध्वा भ्रामयति प्रपञ्चरचनां संवर्धयन्ब्रह्महा । *५८सं.वे.सि.सा.सं*

अर्थः-

स्त्री पुरुषलाई परस्परमा मोहित गरेर आफ्नो तमो गुण द्वारा प्रेम रूप पाशमा बाधेर जगत् रचनालाई बढाउदै यो ब्रह्म हत्यारा (कामदेव) रमण गर्छ, भ्रमण गर्छ र सव प्राणी मा व्याप्त छ ।

अभ;

भोगा न भुक्ता, वयमेव भुक्ता, तपो न तप्तं वयमेव तप्ताः ।
कालो नयातो वयमेव याता, तृष्णा न जीर्णा वयमेव जीर्णाः ॥

६०। स.वे.सि.सा.सं व्याख्या-भर्तृहरी वै.श ७

अर्थः-

हामी ले संसारिक सुख भोग गर्न सक्दैनौ, परन्तु यसले नै हामीलाई भोगेको छ। हामीले तपस्या गर्न सकेनौ बरु तपस्याले नै हामीलाई चिन्ता दिएर ताप पारेको छ। सुसंगतमा रहेर काल वित्दै जान्छ भनी सोचौँ। मानिसको शरीर जति सुकै जीर्ण होस् या बूढो होस् तर काम वासना र आशक्ति कहिले असक्त हुंदैन। योभन्दा अगाडि मनुष्यका पाँच प्रमादहरू छन् ।

कुरङ्गमातङ्गपतङ्गभृङ्गमीनाहताः पञ्चभिरेव पञ्च ।
एकः प्रमादी स कथं न हन्यते यः सेवते पञ्चभिरेवपञ्च ॥

७८। वि.चु र ग.पु ६।३७

अर्थः-

कानको कारण मृग घण्टीको स्वर सुनेर पछि लाग्दा शिकारीले मार्छ, हात्ति स्पर्श काम भोगको कारण नक्कलि हस्तिनी देखेर कामवासनाले खाल्टोमा पर्छ र माउत ले वसमा लिन्छ, पुतली आँखाको कारण वत्तिलाई रमाइलो देखेर झुमिन जादा उसको मृत्यु हुन्छ, भमरो रसवासनामा नाक को कारण भुल्दा कोपिला चाउरिएर बन्द हुन्छ र उसको मृत्यु हुन्छ, माछो जिभ्राको स्वादले वल्छीमा राखेको मासु खान जाँदा वल्छीमा परेर मर्छ। यसरी एक एक प्रमादले मृग आदि जीवहरू मृत्युको वसमा निरन्तर परिरहेका हुन्छन् भने मनुष्यमा चाहिँ यी पाँचै प्रमाद प्रवल रूपले रहेका हुन्छन्। यसलाई जुन मनुष्यले जित्न सक्छ तेसैले ब्रह्म प्राप्त गर्छ त्यही नै मुक्त पुरुष हो। त्यही नै ब्रह्म हो। त्यही नै शिव हो। यी पाँचै प्रमादलाई शिवले मात्र जितेको पाइन्छ।

आत्मा बारे- गीता

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः॥ *३।४२। गीता*

अर्थः-

पाञ्च भौतिक स्थूल शरीरभन्दा पर इन्द्रिय, इन्द्रियभन्दा पर मन्, मन्भन्दा पर बुद्धि, बुद्धिभन्दा अत्यन्त पर जो छ त्यो हो 'आत्मा'। यसको अर्थ आत्मालाई बुद्धि सम्म ले पनि भेट्न सक्दैनन् जसको लागि स्वप्रकाश, आत्मज्ञान बाट मात्र आत्मालाई भेट्छ।

आत्मा बारे - अष्टावक्र मुनि

क्वचास्ति क्व चवानास्ति क्वास्तिचैकं क्वचद्वयम्।
बहुनात्रकिमुक्तेनकिञ्चिन्नोतिष्ठते मम। *२०।१४। अष्टावक्र. गीता*

अर्थः-

म आत्मा स्वरूप हुँ, यसकारण मेरो विषयमा आस्तिक पना छैन, नास्तिक पना छन्नै, एक पना, द्वैत पना पनि छैन, यसप्रकार कल्पित पदार्थको कुरा करोडौँ वर्ष पर्यन्त भनौ भने पनि पार पाउन सकिन्न यसकारण संक्षेपमा भन्छु कि मेरो (आत्म)मा विषय कुनै कल्पनाको पनि आभास हुँदैन, किनकि म एकरस चेतन स्वरूप हुँ।

आत्मा बारे खप्तड बाबा - आत्मज्ञान
"यस्मिन्नेकस्मिन् ज्ञाते सर्वीमिदं विज्ञातं भवति"

अर्थः-

मानव प्रकृति तथा ईश्वर यी तीनै उही परमसत्ताको विर्वत रूपका प्रधान अङ्ग हुन र आत्मज्ञानका यी तीनै मुख्य क्षेत्र हुन । यी तीनै आपसमा सवंद्ध छन् । यीनलाई चिन्दा हामी कुनै एकलाई सम्यक रूपमा चिन्न सक्छौ । किन भने यी तीनैको अधिष्ठान रूपमा एकै परम सत्ता छ । अथवा यी तीन मध्ये एकलाई राम्ररी चिन्दा यी तिनैका वास्तविक स्वरूपको ज्ञान हुन्छ । यही नै आत्मा हो ।

आत्मा बारे- भागवत
तस्माद् युक्तेन्द्रियग्रामो युक्तचित्त इदं जगत् ।
आत्मनीक्षस्व विततमात्मानं मय्यधीश्वरे ।११।७।९ *भागवत*

अर्थः-

भगवान् श्री कृष्ण उद्धवलाई भन्नु हुन्छ "तिमी पहिलेसमस्त इन्द्रियलाई आफ्नो वसमा गर, इन्द्रियलाई मात्र होइन चित्तका समस्त वृत्तिलाई पनि रोक र यस्तो अनुभव गर कि यो सारा जगत् मेरो आत्मा मा नै फैलिएको छ र आत्मा म (ईश्वर) सर्वात्मा इन्द्रियातीत ब्रह्म एक हो भिन्न छैन भन्ने जान । "

कृष्ण को आत्मा- भागवत
न तथा मे प्रियतम आत्मयोनिर्न शङ्करः ।
न च सङ्कर्षणो न श्रीर्नैवात्मा च यथा भवान् ।११।१४।१५ *भागवत*

अर्थः-

हे उद्धव मलाई तिमी जस्तो प्रेमी भक्त जति प्रियतम हुन्छ, त्यति प्रिय मेरो पुत्र ब्रह्मा, मेरो आत्मा शङ्कर, साख्वै दाजु बलराम, स्वयं अर्धाङ्गिनी लक्ष्मी र मेरो आत्मा पनि प्रिय हुन्न ।

आत्मज्ञान बारे - स्वामी विवेकानन्द

Spiritual knowledge is the only thing that can destroy our miseries for ever.

अर्थः-

आध्यात्मिक ज्ञान (आत्मज्ञान) ले मात्र संसारको कलुषित एवं अज्ञानलाई सदाको लागि नाश गर्न सक्छ ।

आत्माको स्वरूप बारे - डा. क्षितीशचन्द्र चक्रवर्ती

आत्मा विषयक सम्पर्क रहित, अविधा रहित, विक्षेप आवरण रहित र वर्णन अतीत जो चित्तत्व हो, त्यो नै हो परमेश्वर आत्मा । ब्रह्म देखि स्तम्भ सम्म जो जगत् हो त्यो नै हो आत्मा ।

आत्मा बारे - बहाउल्लाह को गुढ वचन ५४

यदि तिम्रो हृदय आत्यन्तिक अविनाशी (आत्मा) साम्राज्य र त्यो प्राचीन अन्तहीन जीवनमा अड्छ भने यो मरणशील र क्षणिक साम्रज्यलाई छोडिदेऊ ।

अझ अर्को गुढ वचन १मा बहाउल्लाह भन्नुहुन्छ :-

"हे आत्माका पुत्र !

मेरो प्रथम उपदेश यो हो : पवित्र, दयालु र उज्ज्व हृदय धारणा गर ताकि एक प्राचीन, अविनाशी र सदाकालस्थायी साम्राज्य तिम्रै होस् ।"

आत्माकृते परिणामत *१/१/४/२६ ब्रम्हसुत्र :*

आत्मा बारे - ब्रह्मसूत्र

समन्वयाख्यप्रथमाध्यायस्य समन्वय नामक प्रथम अध्याय को ९ को आत्मनि विषये कथमध्यासः र १० को आत्मा नैकान्तेनाविषयः को भामती व्याख्यामा उल्लेख आत्माको बारे यस्तो भनीएको छ । आत्मा स्वयं प्रकाश होकि ? पर प्रकाश हो ? परप्रकाश हो भने प्रकाशक को हो ? जड हो या अजड हो ? दीर्घ, स्थूल, अणु र ह्रस्वको रूपमा देखिने र उनको ज्ञान शरीर भित्रको अदीर्घ अस्थूल अनणु र अह्रस्व रूपमा अभासित- कूटस्थ, नित्य, निरंश, सांश, अंश अवयव, सावयव, अनिर्वचनीय-निर्वचनीय, गृहीत-अगृहीत, जहाँ जसरी जुन विद्वान र शास्त्रले जे भने पनि जे लेखे पनि **"आत्मा आत्मानं प्रकाशयति"** आत्माले नै आत्मालाई प्रकाशित गर्दछ । न कि अन्यले । यो जानेर जानि नसकिने अगम्य हो र यो निश्चय र विश्वासमा मात्र भर पर्ने वस्तु हो 'आत्मा' ।

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥ *१०/२० गिता*

Arjuna, I am the universal Self seated in the hearts of all beings; so, I alone am the beginning, the middle and also the end of all beings.

John 6/63 Bible
The Spirit gives life; the flesh counts for nothing. The words I have spoken to you-they are full of the Spirit and life.

आत्मा बारे - योगवाशिष्ठ महारामायण

काकतालीयवत्पश्चादविद्याक्षयआगते ।
प्रपश्यत्यात्मनैवात्मास्वभावस्यैषनिश्चयः ।६/४१/७ *यो.वा.नि.प्र.पू.ख*

अर्थः-

आत्माको अनंत र चिरकाल देखिको अभ्यास बाट अकस्मात् भाग्यको परिपाकता बाट उत्पन्न ब्रह्माकारवृत्ति बाट अविद्याको सर्वथा नाश भएपछि आवरण रहित कुनै सकल नभएको आत्मा आत्माले नै आत्मालाई देख्छ, किनकि आत्माको स्वभाव स्वप्रकाश रूपबाट शेष रहन्छ यहीनै निश्चित पनि हो ।

'आत्मा' बुद्धको शून्यवादसँग मिल्ने यस्तो श्लोक छ :-
यनोयताभिमतदर्शनद्रष्टादृश्यमुक्तस्वभावमवभासनमात्मतत्वम् ।
सर्वार्थशून्यमतएवचशून्यरूपमेकंस्वमात्रमिवमात्रविकल्पमेव ॥
६/१४/२९ *यो.वा.नि.प्र.उ.ख*

अर्थः-

"यो मायामय संसार(जगत्) निजरूपबाट मिथ्या भएकोले सबै विकल्पबाट रहित, अहंकारको कारण विस्तृत मानस विकल्पदेखि तथा द्रष्टा, दर्शन, दृश्य यस त्रिपुटीरूप इन्द्रियजनित विकल्पदेखि वर्जित, वासनामय स्वपनाको पदार्थदेखि रहित, सुषुप्तिको अज्ञानबाट युक्त र सर्वार्थ शून्य एक चिदाकाशरूप नै साक्षीस्वरूप 'आत्मा' हो ।" यसमा बुद्धले देख्नुभएको आत्मामा शून्य छ भन्ने कुरा स्पष्ट रूपले देखिएको

छ किनकि वेदान्तले भनेको निराकार (आकार वा सगुणरहित) ब्रह्म पनि शून्य नै हो ।

अझ अर्को अर्थ यसरी पनि छ :-

सर्व साक्षि ब्रह्मको रूप परमार्थतः समस्त विकल्पदेखि रहित नै छ, यसकारण यो अंहकारको अधीनमा विस्तृत मानस विकल्प तथा दृष्टा, दर्शन, दृश्य यो त्रिपुटीरूप इन्द्रियको विकल्पदेखि मुक्त स्वभाव जाग्रदवस्थादेखि शून्य हुनुको कारण वासनामय स्वाप्निक पदार्थदेखि रहित छ। शून्य रूप एक मात्र आकाशको तरह पूर्ण अवभास वाला एक चिद्रूप "आत्मातत्व" नै परिशिष्ट रहन्छ ।

Meaning :

He who has God rid of his belief of the looking and sight of the world, (*i.e* Of both the subjective and objective, as well as of his action and passion); and has attained the knowledge of self-reflecting soul; and who has placed his belief in one vacuous from of empty air; which is divide of all properties and beyond all catagories, is freed from all option and settled in the only one.

जैनमत सँग मिल्ने यस्तो श्लोक छ :-

अन्योन्यावेदनं त्वैक्यं भागशो गतमप्यलम् ।
अजडं वा जडं वापि नैकं रूपं विमुञ्चति ॥ *६/२५/२४ नि.प्र.उ.ख*

अर्थः-

जो जैनका मातानुयायिहरू वास्तवमा जडबोधको एक रूपता मान्छन् अर्थात् आत्मालाई जड मान्दछन् र ज्ञान उसको मान्छन् । यो उनीहरू(जैनीहरू)को यथार्थ जडरूपबाट आत्मालाई एक मान्नु जडांशगत जडरूप नै हो, यसले कुनै रूपलाई त्याग्न सक्दैन, किनकि आत्मालाई सर्वथा जड मान्यो भने उसको भान नै हुन्न र चिदंश मात्र भान हुनु पनि उ निर्विषय हुन्छ, यसकारण परस्पर ज्ञान रूप नै एकता हो न की जडरूपता ।

अझ अर्को अर्थमा यस्तो पनि छः

जड र ज्ञानको वास्तविक एकता छ र त्यही आत्मरूप हो, यो जैमिनिमतानुयायिहरू(जैन मतवालाहरू) मान्दछन्, उनको मतमा पनि

यो एकता जडबस्तुगत जड र ज्ञानबस्तुगत अजड हुन्छ, यसप्रकार कुनै "एकरूप"लाई उ कहिल्यै छाड्न नै सक्दैन, यस्तो स्थितिमा जड अंशमा उसको स्फुरण नभएपनि चिदंशमा स्फुरित भै रहन्छ। यो अन्योन्य वेदनरूप निर्विषयक एकता आइहाल्छ किनकि आत्मा पनि अक्रिय र शान्त हुन्छ, जडवस्तु पनि अक्रिय र शान्त नै हुन्छ चल्दै चल्दैन।

Meaning :

It is said that the want of reciprocal knowledge, makes the union of two things into one (*i.e* the entire commingling of two things together makes them one); but this is wrong in both ways, because neither does any dull material thing or any spiritual substance, lose its one from (however mixed up with or the other).

न च नास्तिकोपलम्भात्संवित्तेरस्तिता च नैवाजे।
ग्राह्यग्राहकदृष्टेरसम्भवादस्तिकिञ्चिदपि।

६/२९/७८ नि.प्र.उ.ख.यो.वा

अर्थः-

प्रकाश्य जगत्लाई मिथ्या मान्नाले प्रकाशचेतन कै नास्ति(छैन भन्ने) हुनुले शून्यवाद नास्तिक सिद्धान्त(बुद्धवाद) हुन्छ। तर यस्तो होइन किन कि सबैको अभाव गर्नेवाला नास्तिकको पनि "आत्मा" भने विद्यमान छ। (शून्य, जड, ईश्वर वा केहीपनि छैन भन्ने को त ? भन्दा त्यो सब जान्ने स्वप्रकाश ज्ञानरूप आत्मा नै हो।) यसकारण जहाँ ग्राह्य-ग्राहक दृष्टिको असम्भव नास्तिक भनिनछ त्यो सब निषेधको अवधिभूत आत्मा हो भन्ने कुरा मान्नुपर्छ।

Meaning :

The existence of conciousness in the uncreated spirit, or in other words, the existence of a self-conscious eternal Intellect, cannot be denied of God; according to sophistry of Atheists; for though our knowledge of recipient and received (*i.e.* of the container and contained) is very imperfect, yet there is some one at the bottom that ever perfect.

यसरी हामीले योगवाशिष्ठ महारामायणलाई गहिरो सँग बुझेर हेर्ने हो भने विश्वका सबै सम्प्रदायको मतलाई समेटेर जे गरेपनि, जे देखेपनि, जे नदेखेपनि, सगुण भने पनि, निर्गुण भनेपनि, एक ईश्वर, अल्लाह, जडवाद, शून्यवाद आदि विभिन्न सम्प्रदायले अंगिकार गरेको एक आत्मालाई नै परब्रह्म वा ईश्वर मानिन्छ ।

पूर्विय दर्शनमा ६ दर्शन आस्तिकवाद र ३ दर्शन नास्तिकवाद मुख्य उल्लेखित छन् । जसमा नास्तिकवादका प्रणेताहरू जस्तै चारवाक, जैन, बुद्ध आदि सबैलाई विष्णुका अंश र लक्ष्मीका पति भगवान कै अवतारका रूपमा बन्दना गरिएका छन् खाली सृष्टि संरचनाको रक्षा एवं पालनको निम्ति विभिन्न रूप धारण गरेको प्रस्ट उल्लेख छन् ।

ऋषिर्यतिस्तथा कीर्यउपाध्याय इति स्वयम् ।
इमात्यपि तु नामानि प्रसिद्धानि भवंतु वः ।

रू.सं.यु.खं अ४।३४ शिवपुराणम्

अर्थः-

भगवान शिवको आज्ञाले विष्णुले आफ्नो रूपबाट "अरिहन" को सृष्टि गर्नुभयो सो अरिहनबाट ऋषि, यति, कीर्य र उपाध्याय । यी चारवाकका नाम भए । यसको कथा धेरै लामो छ खाली जानकारीको लागि उल्लेख गरिएको हो ।

अब जाउँ जैन र बुद्धलाई लक्ष्मीपतिका रूपमा यो पनि सृष्टिको प्रसंगमा यज्ञ यज्ञादि र कर्मकाण्डमा नरवलिदेखि गोवलिसम्मका धेरै वलिप्रथाबाट दिक्क भएका समाजमा वेदान्त विरोधिको रूपमा तर अहिंसाको लागि नारायणले नै जैन र बुद्धको रूप लिनुभएको प्रसंग शिवपुराण र भागवतमा उल्लेख छन् । जस्तै,

नमस्ते गूढदेहाय वेदनिंदाकराय च ।
योगाचार्याय जैनाय वौद्धरूपाय मापते ॥

रु.सं.ख ५को १६ अ को ११ श्लोक शिवपुराणं

अर्थः-

हे ! गूढदेहधारी वेदका निन्दा गर्नेवाला योगाचार्य, जैन(महावीर) र वौद्धरूप लक्ष्मीपति तपाइलाई नमस्कार छ ।

यस्तै छ भागवतका श्लोकहरूमाः-

अष्टमे मेरुदेव्यां तु नाभेर्जात उरुक्रमः ।
दर्शयन् वर्त्म धीराणां सर्वाश्रमनमस्कृतम् ॥ *१।३।१३ भागवत*

अर्थः-

राजा नाभिकी पत्नी मेरूदेवीको गर्भबाट ऋषभदेवका रूपमा भगवान नारायणले आठौं अवतार धारण गर्नुभयो जुन जैनमार्गको प्रथम तिर्थङ्कर हुनुहुन्थ्यो । वँहाले परमहंस एवं दिगम्बर मार्ग अवलम्बन गर्नुभयो जुन सबै आश्रमीहरूको लागि बन्दनिय देखाउनुभयो ।

ततः कलौ सम्प्रवृत्ते सम्मोहाय सुरद्विषाम् ।
बुद्धो नाम्नाजनसुतः कीकटेषु भविष्यति ॥ *१।३।२४ भागवत*

अर्थः-

कलियुग आएपछि देवताहरूका द्वेषी एवं दैत्यहरूलाई मोहित गर्नका लागि अजनको पुत्रको रूपमा नारायाणको २४ अवतार मध्ये २१औं अवतार बुद्ध रूपमा हुनेछ भने मुख्य १० अवतार मध्ये बुद्धको ९वौ अवतारका रुपमा रहेको भागवत ११/४/२२ मानै उल्लेख छ ।

यसरी आस्तिक एवं नास्तिक जुनसुकै मार्ग भएपनि स्वयं ईश्वरको अंश एवं अवतारका रूपमा शास्त्रहरूमा वर्णन गरेका छन् । यी सम्पूर्ण कुराका प्रसंगहरूलाई मैले उद्धृत गर्नुको अर्थ कुनैपनि धर्म शास्त्रमा प्रक्रिया फरक भएपनि अन्तिम लक्ष्य भनेको ईश्वरप्राप्ति नै हो ।ईश्वरप्राप्ति भनेको आनन्द प्राप्ति गर्नु हो । आनन्द प्राप्ति भनेको स्व "आत्मा"लाई बोध गर्नु हो ।

आत्मा बारे - संत कबिरः-
आशा तो गुरुदेवकि दुजी करे निरास ।
पानी में घर मीनका फिर क्यौं मरे पियास ।

अर्थः-

सज्जन गुरुको संगत भए पछि आत्मज्ञानको लागि निराश रहनु पदैर्न जो आफैमा छ । अज्ञानीले यसलाई जान्दैनन् जस्तो कि पानीमा घर भएको माछा सधै प्यासले तड्पि रहन्छ । हामी पनि आफू भित्र

भएको आत्मालाई जान्दैनौ र दुःखमा पर्छौ। जसरी पियासले छट्पटाएको माछा ले पानी भित्र पल्टा बाजि खेल्छ तब मात्र उसको पानी छिर्ने् जिब्री, ढोका खुल्छ र केही प्यास मेट्छ। त्यस्तै हामीले पनि आफैमा स्व प्रकाश रहेको आत्मा, परब्रह्मलाई जोड्ले खोज्यौ भने अवस्य पाउने छौं। यसको अर्थ अझ यसरी बुझौं बाहिरमुख रहुञ्जेल सम्म ईश्वर, ब्रह्म, आत्मा आदि प्राप्त हुन्न। अन्तर मुख भए मात्र ईश्वर, ब्रह्म, आत्मा वा परब्रह्म जे भन्नुस त्यो निराकार रूपमा प्राप्त हुन्छ। यही नै ब्रह्म प्राप्ति हो।

भागवतगीता ३/४२, ६/२० र १८/६१ मा आत्मा र ईश्वर कहाँ रहन्छ भन्ने उल्लेख छ त्यस्तै योगवसिष्ट महारामायणको निर्माण प्रकरणको पु.ख ६/३९/१३ र १४ मा आत्मा (ईश्वर) को मनुष्यदेहमा सर्वत्र व्यापक रूपले रहन्छ यसमा नाभि, हृदय, कण्ठ, भृकुटी आँखिभउको बीचदेखि हृदयमध्येमा जीव, आत्मा, ईश्वर जे भन्नुस बस्ने ठाउँ देखाएको पाइन्छ भने-शिवगीताको १० अध्यायको २४, २५ २६ श्लोकमा यस्तो उल्लेख छ।

नाभेरूर्ध्वमध : कठाद्व्याप्य तिष्ठति य : सदा ॥
तस्य मध्येऽस्ति हृदयं सनालं पद्मकोशवत् ॥२४॥

अधोमुखं च तत्रास्ति सूक्ष्मं सुषिरमुत्तमम् ॥
दहराकाशमित्युक्तं तत्र जीवोऽवतिष्ठति ॥२५॥

बालाग्रशतभागस्य शतधा कल्पितस्य च ॥
भागो जीवःस विज्ञेयःस चानन्त्याय कल्पते ॥२६॥

अर्थ :-

धेरै शास्त्र एवं ग्रन्थहरूले ईश्वर, आत्मा, जीव बारे सर्वत्र चर्चा एवं पचिर्चा व्यापक गर्छन्। आत्मा चेतन आदि यस्तो सर्वशाक्तिशाली र सर्वसत्ताधारी शक्ति त्यसको वर्णन गरेर साध्यै छैन। तर पनि यी श्लोकको अर्थ यसरी छः- नाइटो भन्दा माथि र कण्ठ(घाँटी) भन्दा मुनि अवकाशको स्थानलाई व्याप्त गरेर सधै स्थित रहन्छ। यति नै स्थानको विचमा हृदय(मुटु) छ जसको स्वरूप डण्डी सहितका कमलको फूलको कोपिलाको समान हुन्छ। २४।

त्यसको मुख तलतिर छ त्यसमा सूक्ष्म र सुन्दर एक छिद्र(प्वाल) छ, त्यसैलाई दहराकाश भनिन्छ, त्यसैमा जीव रहन्छ। (यही जीव नै शिव हो, आत्मा हो, ईश्वर र ब्रह्म हो। २५।

यो कति सम्म सूक्ष्म हुन्छ भन्दा कुनै यन्त्र बाट देख्न नै नसकिने सर्वत्र रहने अति शक्तिशाली हुन्छ एक रौं को अग्रभागको, टुप्पोको सय भाग को पनि जसको सय भाग गर्दा जुन प्रमाण सूक्ष्मता हुन आउछ त्यति नै सूक्ष्मता जीवको जान्नु। वास्तवमा भन्ने हो भने चाहिँ जीवको स्वरूपको प्रमाण यस्तो-यत्रो छ भनेर भन्ने नै छैन। २६।

ईश्वरको तत्व बारे - भागवत

अहमेवासमेवाग्रे नान्यद् यत् सदसत् परम्।
पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम्। ***२/९/३२ भागवत***

अर्थः-

सृष्टिभन्दा पूर्व म नै थिएँ। मेरो अतिरिक्त न स्थूल थियो न सूक्ष्म न दुई वटाकै कारण अज्ञान। जहा यो सृष्टि छैन, त्यहा म नै छु र यो सृष्टिको रूपमा जे प्रतीत भइरहेको छ, त्यो पनि म नै हुँ र जो केही शेष रहन्छ त्यो पनि म नै हुँ। यसरी ३२ देखि ३५ सम्ममा सम्पूर्ण भागवतको सार उल्लेख छ।

ईश्वर तत्व बारे - वाइबल

I am Alpha and Omega, the beginning and the ending saith the Lord, which is, and which was and which is to come the Almighty.

(Reve. 1/8) Holy Bible

अर्थः-

पहिलो अक्षर 'अ' कार र अन्तिम अक्षर 'ज्ञ' (A to Z) म नै हुँ। सर्व शक्तिमान् परमेश्वर भन्नु हुन्छ- जो हुनु हुन्छ, जो हुनु हुन्थ्यो, जो आउनु हुनेछ, त्यो पनि म नै हुँ।

I am Alpha and Omega, the beginning and the end, the first and last.

Reve.22/13

अर्थः-

म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त म नै हुँ।

"प्रकाश २२ को पद १३ -वाइवल "

यस्तै- **अक्षराणामकारोऽस्मि...।** *३।३५।गीता*

अर्थः-

अक्षरमा पहिलो म 'अ' कार हुँ ....।

ईश्वर तत्वका विभिन्न रूप भए पनि अन्तिम द्वैत हैन अद्वैत एक मात्र हो भन्ने उल्लेख लिङ्ग पुराणमा छ ।

एत एव त्रयोदेवा एत एव त्रयो गुणाः ।
एत एव त्रयोलोका एत एव त्रयाग्नयः॥ ७८।

परस्पराश्रिताह्येते परस्परमनुवृताः ।
परस्परेण वर्तन्ते धारयन्ति परस्परम् ।७९।

भगवान् शिव...विस्तार-लिङ्ग पुराण

अर्थः-

तीन देव- ब्रह्मा, विष्णु, महेश्वर, तीन लोक- स्वर्ग, मर्त्य, पातल, तीन अग्नि-सूर्य, चन्द्र, वैश्वानर (बन्हि) यी परस्परमा आश्रित छन्, एक आपसमा अनुग्रह गर्छन्, एकले अर्कालाई समाहित गर्छन् र अन्तिममा तीनै एक भएर धारण गर्दछन् ।

ईश्वरको तत्व बारे - ईशावास्योपनिषद्

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णास्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।
ॐ शान्तिः शान्तिः शान्तिः ।

अर्थः-

ॐ उ (परब्रह्म) पूर्ण छ र उ (कार्य ब्रह्म) पनि पूर्ण छ, किनकि पूर्ण बाट पूर्णको उत्पत्ति हुन्छ । तथा (प्रलयकालमा) पूर्ण (कार्य ब्रह्म) को पूर्णत्व लिएर (आफूमा लिन गर्छ) पूर्ण (परब्रह्म) नै वच्दछ अथवा शेष रहन्छ । आध्यात्मिक, आधिदैविक र आधिभौतिक त्रिविध तापको शान्ति होस् । ॐ शान्तिः! शान्तिः!! शान्ति!!!

अज्ञानमूढा मुनयो वदन्ति पूजोपचारादिवलिकियाभिः ।
तोषां गिरिशो भजतीति मिथ्या कुतस्त्वमूर्तस्य तु भोगलिप्सा ।

(७।३१ शिव गीता)

अर्थः-

ज्ञानहीन अविचारि पुरुषले मात्र पूजा, यज्ञ आदि वाह्य कर्म बाट शिव सम्तुष्ट हुन्छन्, तर त्यो ठिक होइन किनभने जो अमूर्त परिणामरहित र अनन्त छ उसलाई भोगको इच्छा हुन्न । तर शुद्धताको लागि मा भने मानिस ले कर्म, उपासना गर्नु पर्छ । ज्ञान भए पछि कुनै कर्म गर्नु पर्दैन । सबै शास्त्रको निचोड पनि यही नै हो ।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।*१५।६ गीता*

अर्थः-

सूर्य, चन्द्र र अग्निको समेत प्रकाश पुग्न नसक्ने मेरो सर्वोच्च धाम अव्यय स्थान मा त्यस्ता भक्तहरू पुग्न सक्छन् । जुन स्थानमा पुगे पछि कोही पनि फर्कदैनन् अर्थात् उनलाई मोक्ष प्राप्त हुन्छ ।

अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम् ।
एवं समीक्षन्नात्मानमात्मन्याधाय निष्कले ।*(१२।५।११. भागवात)*

अर्थः-

शुकदेव स्वामीले राजा परीक्षित्लाई अन्तिम उपदेश दिनु भएको हो यो । सबै ज्ञानका कुरा भइसके पछि, "हे परीक्षित् ! तिमीले यस प्रकारको अनुसन्धान र चिन्तन गर कि म (आफू) नै "सर्व अधिष्ठान पर बह्मं हुँ, सर्बाधिष्ठान बह्मं म नै हुँ" । आफूले आफैलाई आफ्नो वास्तविक एकरस अनन्त अखण्ड स्वरूपमा स्थित गर ।" यस्तो भए पछि तक्षक ले डसोस् वा जो केही होस् "स्वरूप" मा स्थित भए पछि मोक्ष प्राप्त हुन्छ । तक्षक नाग र आफुमा भेद रहन्न अद्वैतमा पुगेपछि दोस्रो कोहि हुन्न अनि कसले डस्ने कसले मार्ने यहाँ मर्ने बाच्ने पनि हुन्न यही नै अन्तिम ज्ञान हो ।

यस्ता ब्रह्म ज्ञानका बारेका व्याख्या ब्रह्म ज्ञानीहरूले गर्दै आएका हुन् ती ब्रह्म ज्ञानीका लक्षण यस्ता हुन्छन् ।

जन्मना जायते शूद्रः संस्काराद्द्विज उच्यते ।
वेद भ्यासेद् भवेत् विप्रः ब्रह्म जानति ब्राह्मणः ॥

अर्थः-

जन्मदा आमाको साल-नाल आदि फोहोर बाट जन्म लिने हुँदा शूद्र भनीएको हो। यहा शूद्रको अर्थ फोहोर हो। संस्कार कर्म आदि गरे पछि हरेक सम्प्रदायका मानिसहरू द्विज हुन्छन्। वेद आदिको पठन पाठन पछि विप्र (पण्डित) हुन्छन्। जसले ब्रह्मलाई जान्दछन्, जो कोहि सम्प्रदाय वा जातिको किन नहोस् त्यसैलाई नै ब्राह्मण भन्दछन्।

विश्वामित्रो वसिष्ठश्च मातङ्गनारदादयः।
कर्मविषेशात् संप्राप्ता न त उत्तमजातितः॥

अर्थः-

विश्वामित्र क्षत्रिय राजा थिए, वसिष्ठ वेश्या पुत्र थिए, मातङ्ग भिल्ल थिए, नारद दासी पुत्र थिए। यी चारै उच्च कर्मले गर्दा देवर्षि-ब्रह्मर्षि भए जातका आधारमा होइन। संसारमा कर्म विषेश बाट नै जाति सम्प्रदायको निर्माण भएको हो।

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः।
तसां ब्रम्ह महद्योनिरहं बीजप्रदः पिता ॥४॥ *(१४/४ गीता)*

Of all embodied beings that appear in all the species of various kinds. Arjuna Prakrti or Nature is the conceiving Mother, while I am the seed-giving Father. *(14/4 Geeta)*

As Bible
And,
"I will be a Father to you,
And you will be my sons and
Daughters,
Says the Lord Almighty" *(2 Co. 6/18 Bible)*

अयं निजः परोवेत्ति गणना लघुचेतसाम्।
उदारचरितानां तु वसुधैव कुटुम्बकम्। *२।७१हितोपदेस*

अर्थः-

तेरो मेरो भन्ने कुरा छोटो चित्तका व्यक्तिले मात्र भन्छन्। उदार चरित्र भएकाहरूले विश्व भरिका सबै मानवलाई आफ्नै कुटुम्ब

ठान्दछन् । यस्तै विभिन्न सम्प्रदायाका धर्म गुरुहरूले निम्न बामेजिमका उद्‌गारहरू ब्यक्त गरेका छन् जसको भाव बसुधैव कुटुम्बकम्नै हो ।ती यस प्रकार छन् ।

जस्तै :-

१. " अद्वैतबादी " – जगद्‌गुरु शंकराचार्य
२. " शुन्यबादी (अहिंसा) " – भगवान बुद्ध
३. " शुन्यवादी (अहिंसा) " – महाबीर जैंन
४. "While we were still sinners, Christ died for us." romans 5/8 bible.
५. " क्षमाबादी " – यशु क्रिस्ट
६. " अल्खलको अयालुल्लाह " – कुरानको हदिस

अर्थ :-

तमाम मखलुकात अल्लाहके परिवार है ।
अथवा सम्पूर्ण प्राणी अल्लाका सन्तान हुन ।

७. " क्षमावादी " – मोहम्मद
८. " समत्वबादी " – गुरु नानक
९. " समता बादी " – कबिर दास
१०. " सबका मालीक एक " – सिरडी साईबाबा
११. " एकताबादी " – बाहउल्लाह
१२. " एक ईश्वर एक विश्व " – लेखराज सेठ (ॐ शान्ति)
१३. " सत्याग्रही " – महात्मा गान्धि
१४. " समाजबादी " – वि.पि. कोइराला
१५. " सर्व धर्म समताबादी " – सत्य साईबाबा
१६. " One famely under God " – Dr.Sun Myung Moon
१७. " समुन्वयबादी " – कृपालुजी महाराज
१८. " आदर्शबादी " – नेलशन मण्डेला
१९. " अद्वैतवादी " – स्वामि राम सुखदास
२०. " शान्तिबादी " – सन्त लाओ जी

अर्थ:-

सबै महा पुरुषहरूको भावना चराचर जगतका प्राणी प्रति एकै देखिन्छ । त्यसैले त भगवान कृष्णले सम्पूर्ण जगतका प्राणीहरूमा म

सनातन रुपले सबैमा सधै रही आएको छुँ भन्ने कुरा तलको श्लोकले जनाउदछ ।

"ममैवांशो जीवलोके जीवभूतः सनातनः ।" *१५।७.गीता*

अर्थः-

सबै प्राणीमा म अंश रूपले नित्य रहदै आएको छु । यो लोकमा सनातन यहीक्रम निरन्तर रहने छ ।

बाइबल उत्पति प्रकरण १ को २६

"मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिमा रूपमा बनाऔं । "

In English:

God said-" Let us make man in our image".

विभिन्न शास्त्रहरले ईश्वर तत्वलाई जान्न सकिन्न भन्ने कुरा उल्लेख गरेका नै छन्, अझ पूर्वीय दर्शनको धेरै प्रचलनमा चलि आएको श्रीमद्भागवतमा त झन् यस्तो भनेको छ वेद स्तुतिमा कृष्ण वा नारायण स्वयंले पनि ईश्वरलाई जानेका छैनन् कि ? जस्तो १०।८७।४१ श्लोकले यसको अर्थ यसरि प्रस्टाइको छ :–

जस्तै,

द्युपतय इव ते न ययुरन्तमनन्ततया
त्वमपि यदन्तराण्डनिचया ननु सावरणाः।

ख इव रजांसि वान्ति वयसा सह यच्छ्रुतय-
स्त्वयि हि फलन्त्यतन्निरसनेन भवन्निधनाः ॥ *१०।८७।४१भागवत*

अर्थ :–

श्रुति (वेद) ले स्तुति गर्दै भन्छन् – हे भगवन ! हे कृष्ण ! हे नारायण ! –सत्य तत्वको बारेमा जान्नेहरू ईन्द्र, ब्रह्मा, प्रभृतिहरूलाई पनि थाहा छैन होला –जान्दैनन् नै । त्यति मात्र होइन ईश्वर तत्व बारे आश्चर्यको कुरा त तपाईं (कुष्ण, नारायण) पनि जान्नु हुन्न – किन की सत्य तत्व ईश्वर जे भने पनि यसको आदि अत्य नै छैन जो अद्वैत छ भने जान्ने कसले कसलाई ? प्रभु ! जस्तो आकाशमा हावाले धुलोको साना-साना कण उडि रहन्छन्, त्यस्तै नै तपाईंमा कालको बेगबाट आफैमा उत्तरोत्तर दश गुणा हुदै सात आवरण सहित असंख्य ब्रमाण्डहरू एक साथ नै घुमि रहन्छन् । त्यस कारण तपाईंको सीमा

कसरि मिल्छ। हामी श्रुतिहरू (वेदहरू) पनि तपाईंको स्वरुपको साक्षात बर्णन गर्न सक्दैनौ, तपाईंको अतिरिक्त बस्तुहरूको निषेध गर्दै-गर्दै अन्तमा आफ्नो पनि निषेध गर्दछ र आफैमा नै आफ्नो सत्ता (अद्वैत) विर्सिएर सफल हुने गर्दछ।

अझ वेदले यस्तो भन्छ की वेदका चार महावाक्यहरूले पनि शब्दमा फरक भएपनि अर्थमा एकै ईश्वर परमात्मा "आत्मा"लाई नै एक रूप मानेको छ।

जस्तो,

१) ऋग्वेदको महावाक्यलाई ऐतरियोपनिषद्को ३/१/३ ले **"प्रज्ञानं ब्रह्म"** भनेको "प्रज्ञानस्वरूप परमात्मा नै ब्रह्म हा"।

२) शुक्ल यजुर्वेदको महावाक्यलाई बृहदारण्योपनिषद् १।४।१० ले **"अहं ब्रह्मास्मि"** भनेको "म(जीव) नै ब्रह्म हुँ"।

३) सामवेदको महावाक्यलाई छान्दोग्योपनिषद् ६।८।७ ले **"तत्वमसि"** भनेको "तिमी नै ब्रह्म हौ" ।

४) अथर्ववेदको महावाक्यलाई माण्डुक्योपनिषद् १/२ ले **"अयमात्मा ब्रह्म"** भनेको "यो आत्मा नै ब्रह्म हो "।

वेद-वेदान्तका अर्थहरूमा अन्तिम टुङ्गोमा सर्वसत्ताधारी एकमात्र परब्रह्म स्वरूप **"आत्मा"** नै हो भनेको छ।

वेदको चार महावाक्यको ब्याख्या गरौं।

(१) प्रज्ञानं ब्रह्म ३/१/३ ऐतरेयोपनिषद्

एष ब्रह्मैष इन्द्र एष प्रजापतिरेते सर्वे देवा इमानि च पञ्च महाभूतानि पृथिवी वायुराकाश आपो ज्योतींषीत्येतानीमानी च क्षुद्रमिश्राणीव बीजानीतराणि चेतराणि चाण्डजानि च जारुजानि च स्वेदजानि चोद्भिजानि चाश्वा गावः पुरुषा हस्तिनो यत्किंचेदं प्राणि जङ्गमं च पतत्रि च यच्च स्थावरं सर्वं तत्प्रज्ञानेत्रम्। प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः प्रज्ञा प्रतिष्ठा " प्रज्ञानं ब्रह्म " ॥

अर्थ :-

यो (प्रज्ञानरुप आत्मा) नै ब्रह्म हो, यो नै ईन्द्र हो, यही प्रजापति हो, यही यी सबै देवताहरु तथा पृथ्वी, वायू, आकाश, जल र तेज यी पञ्च महाभूत हुन, यही छुद्र जीवहरुको सहित उसको विज (कारण) र अन्य अण्डज, जरायुज,स्वेदज, उद्भिज, घोडा, गाई, मनुष्य एवं हात्ती

हुनतथा यसका अतिरिक्त जो पनि छन्, यो जङ्गम, (खुट्टाले हिड्ने चल प्राणिहरु) पतत्रि,(आकाशमा उड्ने प्राणिहरु) र स्थावर (वृक्ष-पर्वत अचल आदि) रुप प्राणि वर्ग हुन, यिनीहरु सबै प्रज्ञानेत्र र प्रज्ञान (उपाधि रहित चैतन्य) मा नै स्थित छन्। लोक प्रज्ञानेत्र (प्रज्ञा–चैतन्य नै जसको आँखा– ब्यवहारको कारण नै हो यस्तो) हो, प्रज्ञानै उसको लय स्थान हो, यस कारण "प्रज्ञान नै ब्रह्म हो"। प्रज्ञान स्वरुप परमात्मा नै ब्रह्म हो।

(२) **अहं ब्रह्मास्मि** १/४/१० बृहदारण्योपनिषद्

ब्रह्म वा इदमग्र आसीत्तदात्मानमेवावेत्। "अहं ब्रह्मास्मीति"। तस्मात्तत्सर्वमभवत्तद्यो यो देवानां प्रत्यबुध्यत स एवतदभवत्तथर्षीणां तथा मनुष्याणं तद्धैतत्पश्यन्नृषिर्वामदेवः प्रतिपेदेऽहं मनुरभवँसूर्यश्चेति। तदिदमप्येतर्हि य एवं वेदाहं ब्रह्मास्मीति स इद ँसर्वं भवति तस्य ह न देवाश्च नाभूत्या ईशते। आत्मा ह्मेषाँस भवति। अथ योऽन्यांदेवतामुपास्तेऽन्योऽसावन्योऽहमस्मीति न स वेद यथा पशुरेवँस देवानाम्। यथा ह वै बहवः पशवो मनुष्यं भुञ्ज्युरेवमेकैकः पुरुषो देवान्भुनक्त्येकस्मिन्नेवपशावादीयमानेऽप्रियं भवतिकिमुबहुषु तस्मादेषां तन्न प्रियं यदेतन्मनुष्या विद्युः।

अर्थ :–

पहिले यो (आत्मा) ब्रह्म नै थियो, उसले आफुलाई जान्यो कि **"म नै ब्रह्म हुँ"** यस पछि उनै सबै भयो। उसलाई देवताहरु जस जसले जाने उनिहरुनै तद्रुप भए। यस प्रकार ऋषि र मनुष्यहरु पनि जसले जाने ति पनि तद्रुप भए। यसलाई आत्मा रुपबाट देख्दै ऋषि बामदेवले जाने–**"मै मनु हुँ र सूर्य पनि म नै हुँ"**। त्यो त्यस ब्रह्मको यस समय पनि जसले यस प्रकार जान्दछ कि **"मै ब्रह्म हुँ"** उ यस मा सबै भैहाल्छ। त्यसको पराभवमा देवता पनि समर्थ हुदैनन्;किनकी त्यो उसको आत्मा नै हुन्छ। र जो अरु देवताहरुलाई भिन्न र म आफुलाई फरक हुँ ठान्छ र यस प्रकार उपासना गर्दछ भने त्यसले जानेन। जस्तो पशु हुन्छ त्यस्तैनै उ पनि देवताहरुको पशु हुन्छ। जस्तो लोकमा धेरै पशुलाई मनुष्यले पालन गर्दछन्, त्यसै प्रकार मनुष्य देवताहरुको पालन गर्दछ। एउटा पशुलाईनै हरण गऱ्यो भने राम्रो हुन्न धेरैको त के कुरा गर्ने ? यस कारण देवताहरु मनुष्यले ब्रह्म तत्व नजानुन र पशुसरह रहुन अनि आफ्नो पूजा गरुन भन्ने

कल्पना गर्दछन्। अब आफुलाई ब्रह्म ठान्ने की पशु ठान्ने मनुष्यहरुले ? यो स्वयं मनुष्यमा कमैले मात्र बुझेका होलान ।

(३) "तत्वमसि् ६।८।७ छान्दोग्योपनिषद

स य एषोऽणिमैतदात्म्यमिद ँसर्वं तत्सत्य ँस आत्मा "तत्वमसि" श्वेतकेतो इति भूय एव मा भगवान्विज्ञापयत्विति तथा सोम्येति होवाच ।

अर्थ :–

उ (आत्मा) जो यो अणिमा (अणु वा सुक्ष्म) छ त्यही रुप नै यो सब हो त्यो सत्य हो, त्यो आत्मा हो र हे स्वेतकेतु ! **"त्यो तिमी हौ"।** (आरुणिकलेस्वेतकेतुलाई यसरी सम्झाए पछि स्वेतकेतुले भने) भगवान ! मलाई फेरी सम्झाउनुहोस् । (त्यस पछि आरुणीकले) ठिक छ सोम्ये यस्तो भने । यसको अर्थ पनि **"तत्"** भनेको त्यो ईश्वर वा आत्मा, **"त्वं"** भनेको तिमी **"असि"** भनेको एक नै हो ।

(४)**"अयमात्मा ब्रह्म"** १/२ माण्डुक्योपनिषद्

सर्व ह्येतद् ब्रह्मायमात्मा ब्रह्म (अयमात्मा ब्रह्म) सोऽयमात्मा चतुष्पात् ।

अर्थ :–

यो सव ब्रह्म नै हो, **"यो आत्मा ब्रह्म नै हो "।** त्यो यस आत्मा चार पाउ भएको छ ।

यसरी चार वेदका चारै महा वाक्यले आत्मा बाहेक अरु केहि छैन र होइन है भनि देखाएको बाटोलाई छोडी हामी आफु भित्रको ब्रह्मलाई नखोजि अन्यत्र खोजि गरी हिड्नु मुर्खाई मात्र हो ।

यसलाई भगवान बुद्धले पनि आफ्नो धम्मपद ३८० श्लोकमा यस्तो भन्नु भएको छ :–

अत्ता हि अत्तनो नाथो –अत्ता हि अत्तनो गति ।
तस्मा सञ्ञमय'त्तानं–अस्सं भद्रं'व वाणिजो ।

अर्थ :–

आफ्नो स्वामी आफै हो, आफ्नो गति आफै हो, त्यसैले व्यापारीले राम्रो घोडालाई तालीममा राखे झैं आफुलाई आफैले संयममा राख्नु पर्छ ।

यो बुद्ध वाणीले पनि माथिका महा वाक्यलाई पुष्टि गरेको पाइन्छ । साथै ईश्वर वा अल्लाह एक मात्र छ भन्ने कुरा वाइवल र कुरआनले पनि बताएकै छ ।

ऋग्वेदको १०।१२९को नासदीय शुक्तका सात श्लोकलाई अध्ययन गरेमा संसार के हो, ब्रह्म के हो, त्यसको आकार प्रकार कस्तो हुन्छ, कसले जान्दछ, जान्ने वाला को छ, भन्ने कुरा तलका १ देखि ७ श्लोकमा यस्तो वर्णन छ :

नासदासीन्नो सदासीत्तदानीं नासीद्रजो नो व्योमा परो यत्।
किमावरीवः कुह कस्य शर्मन्नम्भः किमासीग्दहनं गभीरम् ॥

१०।१२९।१।ऋग्वेद

अर्थ:-

प्रलयकालमा पञ्चमहाभूत आदि सृष्टिको अस्तित्व थिएन र अभावग्रस्त असत् सृष्टिको अस्तित्व पनि थिएन। त्यस बेला भूलोक,आकाश र आकाश आदिभन्दा परलोक पनि थिएन । सबैलाई ढाक्ने ब्रह्माण्ड पनि थिएन होला । कसको स्थान कँहा थियो ? अगाध र गहिरो जलको अस्तित्व त्यस बेला कहाँ थियो ?

Meaning:
Neither there was non-existent, nor the existent; nor there was any realm or region. How could there be existing this unfathomable profound plasma? ***10/129/1 Regbed***

न मृत्युरासीदमृतं न तर्हि न रात्र्या अन्ह आसीत्प्रकेतः ।
आनीदवातं स्वधया तदेकं तस्माद्धान्यन्न परः किंचनास ॥

१०।१२९।२।ऋग्वेद

अर्थ:-

त्यस बेला न मृत्यु थियो , न अमरताकै अस्तित्व थियो । दिन र रातको ज्ञान थिएन, प्राणवायु पनि थिएन । एक मात्र ब्रह्मको अस्तित्व

थियो, त्यो निराकार ब्रह्म थियो । अन्य कुनै कुराको पनि अस्तित्व त्यस बेला थिएन ।

Meaning:

Nither there was death nor at that period immortality. There was no indication of day or night. That breathless one breathed upon as if by its own automation. Apart from that one, there was nothing else whatever. ***10/129/2Regbed***

तम आसीत्तमसा गूढहमग्रेऽप्रकेतं सलिलं सर्वमा इदम्।
तुच्छ्येनाभ्वपिहितं यदासीत्तपसस्तन्महिनाजायतैकम् ॥

१०।१२९।३ऋग्वेद

अर्थः-

सृष्टिभन्दा पहिले प्रलयकालमा सम्पूर्ण विश्व मायावी अज्ञान नामका अन्धकारले ग्रस्थ थियो । सबै अव्यक्त र सर्वत्र एकै किसिमको प्रवाह थियो । उस बेला चारैतिर सत् वा असम् तत्वले ढाकेको थियो । एउटा अविनाशी तत्व आफ्नै वा उसकै तपस्याका प्रभावले उत्पन्न भयो ।

Meaning:

Darkness there was; covered by darkness, a plasmic continuum,in which there was nothing distinguishable. And thence,an empty (world), united under a causal covering came out on account of the austere penance(of that Supreme one). 10/129/3 Regbed

कामस्तदग्रे समवर्तताधि मनसो रेतः प्रथमं यदासीत् ।
सतो बन्धुमसति निरविन्दन्हृदि प्रतीष्या कवयो मनीषा ॥

१०।१२९।४ऋग्वेद

अर्थः-

सर्वप्रथम परब्रह्म परमात्माका मनमा विराट् सृष्टि उत्पन्न गर्ने इच्छा प्रकट भयो । उसैको मनबाट सबैभन्दा पहिले उत्पतिको कारण उत्पन्न भयो । मेधावी ज्ञानीले विवेक, बुद्धिले हृदयमा विचार गरेर व्यक्त नहुने असत्बाट सत् तत्वको उत्पत्तिस्थान ठम्याए । किन की असत्बाट मात्र सत्को उत्पति हुन्छ भने सत्बाट असत्को उत्पति हुनै सक्दैन ।

Meaning:

In the begining, therewas the Divine Disire, which was the first seed of the Cosmic Mind. The sages, seeking in their hearts, have discovered by their wisdom the bond that operates between the existent (the manifested) and the non-existent (the unmanifested).

10/129/4 Regbed

तिरश्चीनो विततोरश्मिरेषामधः स्लिदासी३दुपरि स्विदासी३त्।
रेतोधा आसन्महिमान आसन्त्स्वधा अवस्तात्प्रयतिः परस्तात् ॥

१०।१२९।५ ऋग्वेद

अर्थः-

बीज धारण गर्ने देवताको प्रकाश तेर्छो भएर तल र माथि फैलियो र ब्रह्मा , विष्णु , महेश्वर, इन्द्रादिदेवताका महिमाले जल प्रेरित गरे । स्वधाको भोग्यस्थान तल र प्रयतिको स्थान माथि स्थिर गराए ।

Meaning:

There controls (rays or reins) were streteched out, some transverse, some below and other above. Some of these were shedders of the seed and the others strong and superb-the inferior, the causal matter here, and the superior,the creator's effort there. ***10/129/5 Regbed***

"को अद्धा वेद क इह प्रवोचत् कुत आजाता कुत इयं विसृष्टिः ।
अर्वाग्देवा अस्य विसर्जनेनाथा को वेद यत आबभूव ।"

१०।१२९।६।ऋग्वेद

अर्थः-

यो संसारको सृष्टि विज्ञान कत्तिको जान्दै नजानिने दुर्ज्ञेय र दुरुह छ भने कसैले पनि यो दृश्यमान सृष्टिको विविधता कहाँबाट आयो, कसरी आयो, किन उत्पन्न भयो भन्ने विषयमा बताउन सक्तैनन् । यसका रहस्यहरू ब्रह्मा, विष्णु, महेश्वर आदि देवताहरूले, विद्वान्हरूले वा ऋषि महर्षिहरूले बताउन सक्लान् भन्छन् कि भने त्यो पनि असम्भव छ । कारण यिनीहरू पनि जगत्को सृष्टिभन्दा अर्वाचीन हुन्

अथवा ती पनि भौतिक सृष्टिभन्दा पछि उत्पन्न भएका हुन् । तसर्थ कुन कारणले यो जगत्को सृष्टि एवं उत्पति भयो भन्ने कुरा कसैलाई पनि थाहै छैन र कसैले पनि बताउन सक्तैनन् ।

Meaning:

Who really knows, who in this world can declare it, whence came out this (manifested) creation? Whence was it engendered? Whence will it end? Nature's bounties came out much later, and hence who knows whence this creation came into manifestation?

Rgveda 10/129/6

इयं विसृष्टिर्यत आबभूव यदि वा दधे यदि वा न ।
यो आस्याध्यक्षः परमे व्योमन्त्सो अङ्ग वेद यदि वा न वेद ।।

१०।१२९।७ ऋगवेद

अर्थः-

जहाँ बाट जसरी यो विचित्र रूपले सृष्टिको आविर्भाव भयो त्यसले यो सृष्टिलाई धारण गरेको होस् वा नहोस् त्यसका वास्तविक यथार्थ र रहस्य त, आकाशमा सर्वत्र व्याप्त जगत्को अध्यक्ष वा नियामक वा जो कसै बाट नजाननीय पर ब्रह्म जो छन् तिनले मात्र जान्ने कुरा होला, यो आफ्नो चेतनामा, प्रकाशमा, आनन्दमा मग्न एवं सदा सर्व गतिका रूपमा प्रतिष्ठित जगत्का अध्यक्षले पनि यो जगत्को रहस्यलाई बुजेका वा जानेका छैनन् होला कि ! - भनी यस किसिमले वेदलेनै जगत्को सृष्टि र रचनालाई गम्भीर बनाएको छ भने, साधारण मनुष्यले कसरी बुझ्नु वा जान्नु ।

Meaning:

He from whom this creation arose- verily He may uphold it or He may not (and then of course, none else can do so). The one who is the sovereign in this highest heaven, He assuredly knows, or even He knows not (and then none else would ever know the secrets).

Rgveda 10/129/7

नजायते न म्रियते क्वचित्किंचित्कदाचन ।
जगद्विवर्त्तरुपेण केवलं बंह्मजृंभते ॥

६/११३/१९ नि.प्र. पु.ख.यो .वा.

अर्थः-

कहिले कोही पनि कुनै ठाउँमा "आत्मा" न जन्म्यो, न मऱ्यो, न उत्पन्न भयो बरु जगतको विवर्त रुपबाट नै उही उही (आत्मा, ईश्वर वा ब्रह्म) विकसित हुन्छ। यसले वेदको नासदीयको सुक्तलाई आधार मानेको देखिन्छ।

Meaning:

The spirit is never born, nor does it die as any other thing at any place or time; it transformation over the whole universe, as the univarsal spirit of **Brahma**, which encompasses and comprehends all space, and manifests itself in all thing .

ईश्वर वा ब्रह्म जे भनेपनि वेदान्तले एक मात्र सिद्ध गरेको छ। त्यसको केही उदाहरण निम्न छन्।

➢ **"द्वैतं नो सहते श्रुतिः"**

अर्थः-

वेदले एक ब्रह्म वाहेक दोश्रो सहनै सक्दैन।

➢ **"द्वतीयाद्वै भयं भवति" वृ.उ.१/४/२**

अर्थः-

ब्रह्म एक मात्र छ दोश्रो भएमा भय हुन्छ।

त्यस्तै :- **कुरआन- सु. अलःअम्बिया २१/२२ मा**

"यदि आकाश एवं धर्तीमा अल्लाह बाहेक अन्य उपास्यहरू भए यि दुवै अव्यवस्थित भइ अस्त-व्यस्त हुने थिए। अतः राजसिंहाशनका स्वामी अल्लाह यिनिहरूको मनगढन्ते कुराबाट पवित्र रहेका छन्।

In English:

"If there were in the heavens and the earth other Gods he side Allah. There would have been confusion in both! But

glory to Allah The lord of the throne above what they attribute to Him."

"एकं सद् विप्रा वहुधा बदन्ति" *१/१६४/४६ ऋगवेद र ९/१५/२८ अथर्व वेद*

अर्थः-

सत् रुपमा रहेको एकै परमेश्वरलाई विद्वान, ज्ञानी एवं आगम वक्ताहरूले विभिन्न रुप र गुणमा व्याख्या गरेको पाइन्छ ।

In English:

For learned priests call one by many names as they speak of the adorable etc.

अर्को श्लोकमा यस्तो छ :-

"एको विश्वश्य भूवनश्य राजा " *६/३६/४ -ऋगवेद*

अर्थ :-

तिमी एक मात्र प्राणीका श्रेष्ठ स्वामी र सब भूवनका अधिपति हौ । यसरी नाम गुण नभएको सर्वशक्तिमान सत्य एवं चेतनलाई एक मात्र ठहर गर्छ वेदले ।

In English :

"You are the unequalled soverign Lord of men, and the sole soverign of all the world ."

"एकं ब्रह्म द्वितीयो नास्ति"

अर्थः-

"ब्रह्म तत्व एक मात्र छ दोश्रो छदै छैन ।"

उहाँ एक परब्रह्म परमात्मा, सर्वज्ञ एवं सम्पूर्ण हुनुहुन्छ । यो चराचर जगत्मा उहाँको अतिरिक्त दोश्रो कोही छैन । अग्रेजीमा यस्तो हुन्छ :-

Meaning:-

Salutation to God(Allah): Existence absolute, knowledge absolute and bliss absolute.

Let us come in Quran : S.112/1

"Say he is Allah, the one and only". Hadis 6296 explain the S.112/1 verse - The nature of Allah is here indicated to us in a few words, such as we can understand. The qualities of Allah are described in numerous places else where, e.g., in S.59/22-24, s.62/1 and S.2/255

S.112/2 : "Allah the eternal absolute."

As well as S.2/255 in Hadis 296 : This is Ayat Al – Kursi verse of the Throne. Allah : He lives, but his life is subsisting and eternal, it does not depend upon other beings and is not limited time and space, that is almighty omnipresent at all sense of organs and creatures.

S.2/255 Hadis 297 Allah(God) : His life is absolute life and his being is absolute being.

Then we compare in Veda and Quran the supreme almighty God/Allah is only one supreme being.

बाइबल प्रकाशको १/८ ले पनि सर्वशक्तिमान् ईश्वर एक मात्र भएको प्रमाणित गर्दछ :-

"अल्फा र ओमेगा म नै हुँ, सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, *जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ ।"*

Meaning :

Holy Bible Revelation 1/8 also proved that the Almighty Lord God is only one.

"I am the Alpha and the Omega", says the Lord God, "Who is and who was and who is to come, the Almighty."

अर्को उद्धाहरण वाइवलमा पनि छन् जस्तो :-

" I am the light of world " John 8\12 bible

अर्थः- म संसारको ज्योती हुँ ।

यस्तै कुरआनको उपमा हेरौ :-

"Verily this is no less than message to(all)the world"

Quran 81\27

अर्थ :-

यो कुरआन सम्पूर्ण संसार बासीहरूका लागी उपदेश पत्र हो। कुनै पनि Prophet वा देवदुत वा ऋषि महर्षिहरू, वा ईश्वर, साथै संसारका कुनै पबित्र ग्रन्थहरू कुनै सम्प्रदाय विशेषको हुदैनन् यो त सबैको लागि हुन्छन्। तर दुर्भाग्य यो छ की बेदादि शास्त्रहरूलाई हिन्दुले मेरो, वाइवललाई ईशाईले मेरो, धम्मपथ गाथालाई बुद्धिष्टले मेरो, कुरआनलाई मुस्लिमहरूले मेरो मात्र भन्नु आदि कुराहरू समाजका लागि बाधक हुन भने सबै सबैका लागि हुन भन्नु समकाज कल्याणका लागि हो।

"God so love the world" ***John 3\16bible***

अर्थ :-

परमेश्वरले संसारलाई माया गर्नु हुन्छ।

"Righteousness exalteth nation " ***proverbs 14\34 bible***

अर्थ :-

धार्मिकताले राष्ट्रलाई उचाल्छ।

वेदान्तमा पनि यस्तो लेखिएको छ :-

"धर्मो विस्वस्य जगतः प्रतिष्ठा "

अर्थः-

धर्म द्वारा नै जगत प्रतिष्ठित रहन्छ।

- सर्व वेदान्त सिद्धान्तको सार संग्रहको निचोड पनि यही छ :-

"ॐ"

"ब्रह्म यथार्थ तत्व हो।"

उ शून्य बादीहरूको (जैन,बौद्ध आदि)"शून्य"(अरहन र अरहत) हो,
ब्रह्म बादीहरूको "ब्रह्म" हो,
विज्ञानवादीहरूको "विज्ञान" हो,
मलिनचित्त वादीहरूको "मल" हो,
सांख्यवादीहरूको "पुरुष" हो,
योगीहरूको "ईश्वर" हो,

शैवहरूको "शिव" हो,
वैष्णवहरूको "विष्णु" हो,
यहूदी र इसाईहरुको "एहोवा" हो,
पारसी हरूको "अहुरमज्द" हो
मुसलमानहरूको "अल्लाह" हो,
शिखहरुको "सत श्रीकाल" हो
कालवादीहरूको "काल" हो ।
उ (ब्रह्म) नै यथार्थ तत्व हो ।
जो सबै प्राणीका हृदयमा व्याप्त छ ।
सर्वगत छ ।

त्यस्तो ब्रह्म को होत भन्दा जगत् गुरु शंकराचार्यले "आत्मा षट्कम् र "दशश्लोकी" " मा यस्तो भन्नु भएको छ, यही शिव, ब्रह्म, परमेश्वर अथवा परम मूल तत्व हो र पूर्ण ज्ञान पनि हो । संसारमा योभन्दा भिन्न केही छैन ।

आत्मषटकम्

मनोवुद्ध अहंकार चित्तानि नाहं नच श्रोत्रजिव्हे न च घ्राणनेत्रे ।
न च व्योमभूमिर्न तेजो न वायुः चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् । १

न च प्राणसंज्ञो न पंचनिला न मे वा सप्तधातुर्न वा पंचकोशः ।
न वाक्पाणिपादौ न चोपस्थपायू चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् । २

न मे द्वेषरागौ न मे लोभमोहौ मदो नैव मे नैव मात्सर्यभावः ।
न धर्मो न चार्थो न कामो न मोक्षः चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् ।३

न पुण्यं न पापं न सौख्यं न दुखं न मंत्रो न तीर्थं न वेदा न यज्ञाः ।
अहं भोजनं नैव भोज्यं न भोक्ता चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् । ४

नमे मृत्युशंका, नमे जातिभेदः पिता नैव मे नैव माता न जन्म ।
न बन्धुर्नमित्रं गुरुर्नैव शिष्य चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् । ५

अहं निर्विकल्पो निराकाररूपोः विभूर्व्याप्य सर्वत्र सर्वेन्द्रियाणि
सदा मे समत्वं नमुक्तिर्न बन्ध चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् । ६

..... × ..... × ..... × .....

शिवोऽहम् शिवोऽहम् शिवस्वरूपोहम् ।
नित्योहम् शुद्धोहम् वुद्धोहम् मुक्तोहम् ।
चिदानन्दरूपः शिवोऽहं शिवोऽहम् । १

अद्वैतमानन्द रूपम् अरूपम् ।
ब्रह्मोहम् ब्रह्मोहम् ब्रह्मस्वरूपोहम् । २

चिदोऽहम् चिदोऽहम् सच्चिदानन्दोहम् ।
शिवोऽहम् शिवोऽहम शिवःस्वरूपोहम् । ३

दशश्लोकी

न भूमि र्न तोयं न तेजो न वायु-
र्न खं नेन्द्रियं वा न तेषां समूहः ।
अनैकांतिकत्वात्सुषुप्त्येकसिद्ध -
स्तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । १ ।

न वर्णा न वर्णाश्रमाचारधर्मा
न मे धारणाध्यानयोगादयोऽपि ।
अनात्माश्रयाऽहंममाध्यासहाना
त्तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । २ ।

न माता पिता वा न देवा न लोका
न वेदा न यज्ञा न तीर्थं ब्रुवन्ति ।
सुषुप्तौ निरस्तातिशून्यात्मकत्वात्
तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । ३ ।

न साङ्ख्यं न शैवं न तत्पाञ्चरात्रं
न जैनं न मीमांसकादेर्मतं वा ।
विशिष्टानुभूत्या विशुद्धात्मकत्वात्
तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । ४ ।

न चोर्ध्वं न चाधो न चान्तर्न बाह्यं
न मध्यं न तिर्यङ् न पूर्वाऽपरा दिक् ।
वियद्व्यापकत्वादखण्डैकरूप-

स्तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । ५ ।

न शुक्लं न कृष्णं न रक्तं न पीतं
न कुब्जं न पीनं न ऱ्हस्वं न दीर्घम् ।
अरूपं तथा ज्योतिराकारकत्वात्
तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । ६ ।

न शास्ता न शास्त्रं न शिष्यो न शिक्षा
न च त्वं न चाहं न चायं प्रपञ्चः ।
स्वरूपावबोधो विकल्पाऽसहिष्णु-
स्तदेकोऽवशिष्टः शिवः केवलोऽहम् ।७ ।

न जाग्रन्न मे स्वप्नको वा सुषुप्ति-
र्न विश्वो न वा तैजसः प्राज्ञको वा
अविद्यात्मकत्त्वात्त्रयाणं तुरीय-
स्तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । ८ ।

अपि व्याकत्वाद्धि तत्वप्रयोगात्
स्वतस्सिद्धभावादनन्याश्रयत्वात् ।
जगत्तुच्छमेतत्समस्तं तदन्यत्
तदेकोऽवशिष्टः शिवः केवलोऽहम् । ९ ।

न चैकं तदन्यद् द्वितीयं कुतःस्या
न्न वा केवलत्वं न चाकेवलत्वम् ।
न शून्यं न चाशून्यमद्वैतकत्वात्
कथं सर्ववेदान्त-सिद्धं ब्रवीमि । १० ।

अर्थः-

मानिसले माथि उल्लेखित जगदगुरु शंकराचार्य द्वारा विरचित **"आत्मषट्कम्"** र **"दशश्लोकि"**को अर्थको परिभाषा बोध गरेर आफुलाई त्यस भित्र घटाएपछि, वाँकि रहेको शेष **"तत्व"** जुन छ, त्यो आफू नै **"शिव"** हो । त्यस्तो शिवको परिभाषा योगवाशिष्ठ रामायणको निर्वाण प्रकरणको पूर्व खण्डको २९ सर्गमा गुरु बशिष्ठ र कैलाश पति महादेवको सत्संग हुन्छ। बशिष्ठ सोध्नु हुन्छ भगवान् शिवलाई "हे

प्रभु ! यो संसारमा तपाई देवाधि देव महादेव हुनुहन्छ तपाई वाहेक पूजनीय देव अरु कोही छैन् र ? छन् भने को हो ? कस्तो वस्तुले उसको पूजा हुन्छ ?"भन्दा भगवान् शिव भन्नु हुन्छ,

"नब्राह्मणोनावनीपोनाहंनत्वंद्विजोत्तम ।
नदेवोदेबरूपोहिनदेवश्चित्तरूपधृक् ।" *६।२९।१२० नि.प्र.पू.ख.यो.वा.*

अर्थः-

"ब्रह्मणवा क्षत्रिय देव होइनन्, म (महादेव) र तिमी पनि देव होइनौ देह रूप धारी र चित्त रूप धारी यथार्थमा कोही पनि देव होइनन् ।"

कस्तो देव हो तभन्दाः-

"तदेवदेवशब्देनकथ्यतेतत्प्रपूजयेत् ।"
तदेवास्तियतः सर्वंसत्तासत्तात्मरूपधृक् । *६।२९।१२३ नि.प्र.पू.ख.यो.वा.*

अर्थः-

शिव भन्नु हुन्छ "हे वशिष्ठ जी उही **"चित्रूप"** निरतिशय अकृत्रिम (जो बनावटि होइन) आनन्दलाई देवशब्द भनिन्छ, उसैको पूजा गर्नु, किनकि सब जगत् जीव तथा संसार उसैको चित्का सत्ताले आ-आफ्नो स्वरूप धारण गर्दछन्, न कि स्वतः, यसकारण उहाँ सबैका प्रकाशक देव हुनुहन्छ न कि अन्य ।

कालतालाकिलोत्तालादब्रह्मांडफलपालयः ।
उन्मेषकृद्वैरिंचसृष्टयोदेवनायकाः । *६।७६२ नि.प्र.पू.ख.यो.वा.*

अर्थः-

ब्रह्मा को सृष्टिलाई उन्नति दिने देव नायकहरू अर्थात् ब्रह्मा विष्णु महेश्वर सदा शिव आदि जो पनि छन्, ती सबै अज्ञानका विभूतिहरू हुन् ।

आत्मसंवित्तिरूपं तु त्यक्त्वा देवार्चनं जनाः ।
कृत्रिमार्चासुयेसक्ताश्चिरंक्लेश भजन्ति ते । *६।२९।१२९ नि.प्र.पू.ख.यो.वा.*

अर्थः-

आत्माको ज्ञान रूप देवार्चनलाई त्यागेर कृत्रिम पूजा, देवताहरू, मूर्तिहरू जो सबै बनावटि -रचना एवं संसारिक मा जो आशक्त हुन्छन् तिनीहरूनै चिरकाल सम्म क्लेशको (दुःखको) भागी हुन्छन् ।
कस्तो शिवको पूजा गर्नु त ?भन्दा शिव भन्नु हुन्छ ।

"आत्मैवदेवो भगवाञ्छिवः परमकारणम् ।
ज्ञानार्चनेनाविरतंपूजनीयः ससर्वदा ।" *६।२९।१३१ नि.प्र.पू.ख.यो.वा.*

अर्थः-

आत्मानै भगवान् देव शिव र परम कारण हुनु हन्छ । वहा ज्ञान पूजा द्वारा सदा पूजनीय हुनुहुन्छ ।
त्यो ज्ञान पूजा कस्तो छ त भनेः-

बोधः साम्यंशमइतिपुष्पाण्यग्राणितत्रच ।
शिवंचिन्मात्रममलं पूज्यं पूज्य विदोविदुः ।६।२९।१२७ *नि.प्र.पू.ख.यो.वा.*

अर्थः-

सो पूजाको सामाग्री यस्तो होस्, बोध (आत्माको ज्ञान) ले, सर्वत्र समता र शान्ति यस्तो त्यस पूजाको उत्तम पुष्प होस् र चिन्मात्र (चैतन्य/चेतन) निर्मल शिवको पूजाबेत्ताहरू पूजा भन्दछन् ।

Meaning :

The true worshipers know the purely intellectual and felicitous 'Siva', to be the only adorable God; to whom the understanding and tranquility and equanimity of the soul are, the most acceptable offerings than wreaths of flowers.

पूजाबारे अवधूत गीताः-
न आव्हानं नैव विसर्जनं वा, पुष्पाणि पत्राणि कथं भवन्ति ।
ध्यानानि मंत्राणि कथं भवन्ति, समासमं चैव शिवार्चनं च ॥
अवधूत गीता ४/१

अर्थः-

सर्व व्यापक चेतन आत्माको न आव्हान हुन्छ न विसर्जन, यसमा पुष्प एवं पत्र पनि कसरी समर्पित हुन सक्छन्, यसको लागि ध्यान र

मन्त्र पनि कुन प्रकारले हुन सक्छन् । सर्वत्र समान दृष्टि राख्नु नै यस शिवरूप(कल्याण) चेतन आत्माको पूजन हुनेछ ।

येनेदं पूरितं सर्वमात्मानैवात्मानात्मनि ।
निराकारां कथं वन्दे ह्याभिन्नं शिवमव्ययम् ॥ *अवधूत गीता १/२*

अर्थः-

यो दृश्यमान सम्पूर्ण जगत् जुन आत्मा द्वारा "आत्मा "बाट आत्मा मा नै पूर्ण भएको छ त्यस निराकार(ब्रह्म) को म कुन प्रकारले वन्दना वा नमस्कार गरौं किनकि त्यो (जीव बाट) अभिन्न छ, कल्याण स्वरूप छ, अव्यय छ ।

यो जगत् ब्रह्मरूप नै भएकोले भिन्न छैन, आत्मा बाट स्फुरित भएकोले मात्र भिन्न देखिन्छ यसमा द्वैत भन्ने वस्तु हुन्न, यसमा कसैको वा कुन देव देवता वा मनुष्य एक अर्कोलाइ पूजा वन्दना नमस्कार आदि रहदैन किनकि ब्रह्मको पूजा वा वन्दना, नमस्कार ढोग-भेट आदि केही रहन्न किनकि जीव र ब्रह्म एकै चेतन सत्ताको दुई रूप मात्र हो जुन अभिन्न छ । एक छ, जब एक मात्र छ भने कसले कसलाई नमस्कार वा पूजा, वन्दना, ढोग आदि गर्ने ? यसमा स्वऽहंमा स्वआत्म चिन्तनमा पुगेपछि बाँकि केही रहन्न ।

अझ ब्रह्म वस्तुको बारेमा चिन्तन मनन छ कि छैन गर्न पर्ने हो कि होइन(ब्रह्म, ईश्वर, अल्लाह, आत्मा) भन्ने बारे जगद्गुरु शंकराचार्य आफ्नो दश श्लोकीको अन्तिम श्लोकमा यस्तो भन्नुहुन्छः-

न चैकं तदन्यद् द्वितीयं कुतः स्या-
न्न वा केवलत्वं न चाकेवलत्वम् ।
न शून्यं न चाशून्यमद्वैतकत्वात्
कथं सर्व वेदान्तसिद्धं ब्रवीमि ॥ *१० श्लोकी को १०/ शंकराचार्यकृत*

अर्थ :-

ब्रह्म वस्तु, आत्मा, जे भने पनि एक मात्र भएकोले र भिन्न नभएकोले दोश्रो हुदै नहुने हुदा अर्थात् आफू (आत्मा) देखि भिन्न अर्को नहुने हुदा, केवल पनि छैन अकेवल पनि छैन, शून्य पनि छैन अशून्य पनि छैन । अद्वैत ब्रह्मवस्तुमा कुनै पनि यो छ यो छैन, यो हो त्यो होइन, सुनेर सुन्ने भनेर भन्ने, वुझेर वुझ्ने, देखाएर देख्ने यहाँ कोही

दोश्रो हुन्न, कसले कसलाई देखाउने । यो वुद्धिवृत्ति भन्दा परको वस्तु भएकोले यस्तो सिद्धान्तलाइ यो हो यो होइन भन्ने शब्द नै छैन र भन्न र देखाउन मिल्दैन । यही हो अद्वैत वेदान्त सिद्धान्त । यसमा अविद्याको वृत्तिलाई नष्ट गरेर बुझेपछि आफू "आत्मा" ब्रह्म मात्र बाँकि रहन्छ त्यही नै हो ब्रह्म वस्तु "म" मात्र बाँकि रहन्छ । यही नै वेदान्तको सार हो । आफू ब्रह्म नै थियो बोध भएपछि ब्रह्म नै रह्यो ।

यो बोधः स्वरूप भनौ वा भूमा भनौ यसको वर्णन विष्णुपुराणको पञ्चम अंशको १ को ४१ मा यस्तो गरिएको छ ।

श्रृणोष्यकर्णः परिपश्यसि त्वमचक्षुरेको बहुरूपरूपः ।
अपादहस्तो जवनो ग्रहीता त्वं वेत्सि सर्वं न च सर्वबेद्यः ॥

अर्थः-

ईश्वर त्यस्तो छ जसको कान छैन-सुन्छ, आँखा छैन-देख्छ, एक भएर पनि अनेक रूपमा प्रकट हुन्छ, हात खुट्टा नभएर पनि ठूलो वेग शाली र ग्रहण गर्ने छ, अवेद्य, वँहालाई कसैले देख्दैन तर वहा सबैलाई देख्नु, जान्नु हुन्छ । यस्तो स्वरूप चिद् रूप नै हो । जो कसैले देख्दैन ।

अद्वैत एवं निराकार ब्रह्म बारे विशेष गरी उपनिषदहरू मध्ये बाह्र श्लोक मात्र भएको सानो माण्डुक्यो उपनिषद को सातौ मन्त्रमा अद्वैत ब्रह्म बारे यस्तो लेखिएको छ :-

"नान्तः प्रज्ञं न बहिष्प्रज्ञं नोभयतःप्रज्ञं प्रज्ञानघनं न प्रज्ञं नाप्रज्ञम् ।
अदृष्टमव्यवहार्यमग्राह्यम्मलक्षणम्मचिन्त्यमव्यपदेश्यमेकात्मप्रत्ययसारं
प्रपच्चोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः ॥"

७ / माण्डुक्यो उपनिषद

अर्थ :-

ज्ञानीजनहरू तुरीयअवस्थामा जो ब्रह्ममा एकाकार हुन्छन् त्यो अवस्थालाई यस्तो मान्छन्, "जसले न भित्रको कुरा जानेको छ न बाहिरको, न दुवै कुरा जानेको छ, न प्रज्ञानघन छ, न त जानेको छ, न अज्ञानी छ, ईश्वर त्यस्तो छ जुन देखिन्न, व्यवहारमा आउन्न, समाउन सकिन्न, उसको कुनै लक्षण हुन्न, उ चिन्तन भित्र पर्दैन, जसको बारेमा उपदेश हुदैन, आफैलाई जान्नु नै उसलाई जान्नु एक मात्र

उपाय हो, उसमा प्रपच्च छैन, जो शान्त स्वरुप छ, कल्याणमय छ, अद्वैत स्वरुपछ, त्यो नै आत्मा हो, त्यहीनै परमात्मा हो, त्यही ईश्वर हो, त्यही अल्लाह हो, त्यो नै जान्न योग्य हो। यस्तो हुन्छ अद्वैत ब्रह्म।

तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति। अथ परा यया तदक्षरमधिगम्यते।

१/१/५ मु.उ.

अर्थ :-

यसमा ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष - यो अपरा एवं भौतिक ज्ञान हो। तर जसमा अक्षर भन्नाले अभिनाशी तत्व जुन छ त्यो परा ज्ञान हो। यो वेद शास्त्रादिहरु भन्दा ज्ञानी एवं तत्वदर्शि महा पुरुषले मात्र जान्दछ।

यत्तदद्रेश्यमग्राह्यमगोत्रमवर्णमचक्षुःश्रोत्रं तदपाणिपाद्म।
नित्यं विभुं सर्वगतं सुसूक्ष्मं तदव्ययं यद्भूतयोनिं परिपश्यन्ति धीराः॥

१/१/६ मु.उ.

अर्थ :-

त्यो जो ब्रह्म छ अदृष्य, अग्राह्य, अगोत्र, अवर्ण र आँखा कान आदि हिन छ, यसै प्रकार हात गोडा आदि पनि हुन्न, उ नित्य, विभु, सर्वगत, अत्यन्त सूक्ष्म र अव्यय छ र त्यो सम्पूर्ण भूतको कारण छ भन्ने कुरा विवेकी जनहरुले सब तिर देख्दछन्।

अभ्क स. बे. सि. सा. सग्रहको ६९७ श्लोकमा यस्तो लेखिएको छ :–

तथैव परमं ब्रह्म महतां च महत्तमम्।
परिछिन्न मिवाभाति भ्रान्त्या कल्पितवस्तुनः। ६९७

अर्थ :-

यस प्रकार त्यो एकै नै परब्रह्म को जो महान भन्दा महान "महतोमहीयान" छ त्यसलाई नदेखेर सबै बस्तुलाई भिन्न भिन्न देख्छन, त्यस पूर्ण ब्रह्मलाई देख्न सक्दैनन् जस्को यो विभिन्न रुप मात्र ठान्दछन्। यी सबै बस्तुहरू मानिस द्वारा कपिल्त हुन जसलाई पहिचान गर्न भिन्न भिन्न नाम र उपाधि दिएका हुन। त्यो एक मात्र अखण्ड ब्रह्म, अद्वय (जसको नाम हुन्न) को जान्नलाई मन र बुद्धिको सामार्थ्य छैन जसलाई यो कल्पित नाम दिएका छन् तथा निर्बुद्धि

भएका मनुष्यहरू यसै कल्पित नामलाई भ्रमबश सत्य मान्दछन् जुन उसको अज्ञान मात्र हो । ज्ञान भएपछि एकत्वको अनुभव हुन्छ । अनि कुनै नाम आदि केही रहन्न यही नै ब्रम्ह हो ।

यजुर्वेद को ३२/३ मा जाउः

न तस्य प्रतिमा अस्ति यस्य नाम महद्यश : । *३२/३ यजुर्वेद*

अर्थ :-

उनको (ईश्वरको) नाम, कृति, यश, अत्यन्तै धेरै छन , तर उनको मूर्ति वा प्रतिमा हुदैन । किन कि सत्य एक मात्र भएको, जसको कुनै आकार प्रकार हुन्न, एकले एकलाई जान्ने वा नजान्ने भन्ने रहदैन । निराकार एवं ब्याप्त ब्रह्म एक मात्र भएको र दोस्रो वा अर्को नभएकोले बाँकी केही रहन्न । There is no counterpart of him whose glory verily is great. In the beginning rose *Hiranyagarbha*, etc. Let not him harm me, etc. Than whom there is no other born, etc.

अझ ब्रह्म र आत्मा बारे श्वेताश्वेतरोपनिषद ५ अध्यायको १० मन्त्रमा यस्तो लेखिएको छ :–

नैव स्त्री न पुमानेष न चैवायं नपुंसक : ।
यद्यच्छरीरमादत्ते तेन तेन स रक्ष्यते ॥१०॥

अर्थः-

यो विज्ञानात्मा (आत्मा) न स्त्री हो, न पुरुष हो र न नपुंसक नै हो । यसले (आत्माले) जुन जुन शरीर धारण गर्छ उसै-उसैमा सुरक्षित रहन्छ । अझ चेतन, निरञ्जन निराकार ब्रह्मको कुनै पनि सगुणता नहुने हुदा यो नारि यो पुरुष भन्ने नरही ब्यापक चेतन एवं अद्वय रुपमा सर्बत्र एवं सबै प्राणीमा रहेको हुन्छ ।

In Quran: S/6/103 Al: Anam

"No vision can grasp Him, but His grasp is over all vision: He is above all Comprehension, yet is acquainted with all things."

अर्थः-

आँखाहरूले उनलाई भेट्न सक्दैनन् तर उनले आँखाहरूलाई देख्छन् र उनी सूक्ष्मदर्शि एवं सचेत छन्, सर्वज्ञ छन् ।

नमः शम्भवाय च मयोभवाय च,
नमः शङ्कराय च मयस्कराय च,
नमः शिवाय च शिवतराय च ॥ *यजुर्वेद १६।४१*

अर्थः-

- कल्याण एवं सुखका मूल श्रोत भगवान् शिवलाई नमस्कार छ ।
- कल्याण र सुखको विस्तार दाता भगवान् शिवलाई नमस्कार छ ।
- मंगल स्वरूप र मंगलमयताको सीमा रहित भगवान् शिवलाई नमस्कार छ । यो शिव सगुण शिव होइन । खास शिवको अर्थ हो- आनन्द, कल्याण, सुख, मङ्गल, श्रेष्ठ, उत्तम आदि हो ।

ब्रह्मात्मैकत्वबोध भए पछि, स्वयं म आफू नै पूर्ण ब्रह्म हूँ भनी सबै जाने पछि र अद्वैत ब्रह्म मात्र एक हो सो आफू नै हो भन्ने जानिसके पछि शिवोऽहम् म आफै शिव हुँ भनी जानि सके पछि, त्यो एउटा अवशिष्ट केवल म हूँ चैतन्यरूपी शिव हुँ भन्ने निश्चित भएका त्यस्ता सन्त एवं योगीजनले यस्तो निश्चित गर्दछन् ।

तीर्थानि तोयपूर्णानि देवान्पाषाणमृन्मयान्
योगिनो न प्रपद्यंते स्वात्मप्रत्ययकारणात् ।

वा.स.उ.ख. ३९ अ २९ शि.पु

अर्थः-

जल पूर्ण तीर्थ गंगा आदि र ढुङ्गा एवं माटाका मूर्तिहरूलाई आत्मज्ञान भई सकेका योगी जनहरूले स्नान एवं पूजा गर्दैनन् । किन भने यी कुराहरू अवोध मानिसका लागि कर्म मार्ग मार्फत ज्ञान मार्गमा ल्याउने बाटो मात्र हो ।

यस्तै गीताको ३/१७ को श्लोकमा यस्तो छ :-

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानव : ।
आत्मन्येव च संतुष्टस्तस्य कार्य न विद्यते ॥ ३/१७ गीता

अर्थः-

जो पुरुष आत्मरति,आफैमा खुसि,आत्मामातृप्ति वा आत्मा सन्तुष्ट भएको छ भने त्यस्ता व्यक्तिको संसारमा गर्नुपर्ने कर्म र कर्तव्य

केहीबाँकी रहन्न । यसको अर्थ आत्मावान भएपछि सांसारिक काम र कर्तव्य काँकी रहन्न । उ स्वयं ईश्वर हुन्छ ।

Meaning :

He, however, who takes delight and know in the self along, he is grastified with the self, and is contented in the self, has no duty.

यस्तै भागवत्मा पनि उल्लेख छ ।

परोक्षवादो वेदोऽयं वालानामनुशासनम् ।
कर्ममोक्षाय कर्माणि विधत्ते ह्यगदं यथा ॥ *११।३।४४ भागवत*

अर्थः-

वेद शास्त्र हरूमा भनिन्छ एक कुरो तर अर्थ अर्को हुने गर्दछ । र यसमा बालकलाई अनुशासनमा ल्याउन्, उसलाई रोग लागेको वेलामा सिधै औषधि ला खा बाबुभन्दा उसले खादैन अनि उसलाई मिठाई, चकलेट आदि देखाएर यो (औषधि) खाने भए यो पापा दिन्छु भनी जसरी लोभ देखाएर वालकलाई औषधि खुवाई वचाउने काम परिवार बाट हुन्छ, त्यसै गरी नै कर्म को मोक्ष का लागि कर्म गर्ने विधान छ । जब सम्म मल दोष निवारण हुन्न तव सम्म देव, तीर्थ, व्रत, यज्ञ दान आदि गर्ने । ज्ञान प्राप्त भइसके पछि, सम्पूर्ण कर्मलाई छोड्नु पर्छ । किन कि कर्म बाट स्वर्ग मात्र मिल्छ, स्वर्ग आदि पनि नाशवान् हुन । अविनाशी आत्मतत्व बोध भइसके पछि, बाँकि केही रहन्न । यसरी हरेक वेद, शास्त्र कथा पुराण आदिको अन्तिम निचोड भनेको आत्मज्ञान भन्नुहोस् वा ब्रह्मज्ञान भन्नुहोस् या परमानन्द भन्नु होस् या "सत्यम् शिवम् सुन्दरम्" (Truth Welfare Beauty) भन्नुहोस् । अझ सत्य नै शिव हो, शिव नै कल्याण हो, कल्याण नै सुन्दर हो ।

यस्तो आत्मज्ञान प्राप्त गर्न "सर्वत्याग" गर्नु पर्छ :- जस्तो,

यत्सर्वं सर्वतो यच्च तस्मिन्सर्वैककारणे ।
सर्वस्मिन्संपरित्यक्ते सर्वत्यागः कृतो भवेत् ।

६।९३।३०. यो. वा. नि. प्र. पु. ख.

अर्थः-

जो (मन) समस्त वासनाको आश्रय हुनुको कारण सर्वात्मक छ । सबै विषयमा पहुँच हुनुको कारण सर्वव्यापी छ । त्यो त्यसलाई (मनलाई) संकल्प द्वारा सवको एक मात्र कारणभूत सर्वात्मा (मन) को

परित्याग गरे पछि मात्र सर्वत्याग सिद्ध हुन्छ। यसको अर्को अर्थ यस्तो पनि हो - जबकि जुन (मनमा) सबै कुरा छ, जुन चारै तिर छ, जुन सबैको कारण छ, यस्तो (मन चित्त वासना वा अहंकार) त्यो सबै त्याग्नुनै सर्व त्याग हुन्छ। यस श्लोकको वास्तविक अर्थ हो, मनले संसाररिक विषय वा वासना आदिको संकल्प विकल्प द्वारा मानिसलाई संसारिक पदार्थ एवं विषय भोग तिर अत्यन्तै वलवान् तरिकाले फसाई राखेको हुन्छ, मानिसले पुण्यका लागि इन्द्रियहरूको त्याग त धेरैले गरेको पाइन्छ। यसमा राज्य देखि लिएर धेरै सुख भोगहरू इन्द्रियगत त्याग त गरेका छन्। तर त्यसमा जब सम्म मनको त्याग हुन्न, तब सम्म सर्व त्याग हुन्न। सर्व त्याग नभई विदेह मुक्ति, जीवन मुक्ति, स्वयं पर ब्रह्ममा पुग्न गाह्रो हुन्छ। यही कुरा को आत्मज्ञान रानी चूडालाले ऋषि कुम्भकको भेषमा राजा शिखिध्वजलाई बताएर मोक्ष गराइन्।

Meaning :

That which is all and everywhere, is the one only cause of all; it is by resigning everything in that sole existent being, that one becomes the renouncer of all.

अझ भगवान वुद्ध धम्मपद १०४ र १०५ मा यसो भन्नु हुन्छ :-

अत्ता हवे जितंसेय्यो –या चा'यं इतरा पजा।
अत्तदन्तस्स पोसस्स – निच्चं सञ्ञतचारिनो॥
ने'व देव न गन्धब्बो – न मारो ह ब्रह्मु ना।
जितं अपजितं कयिरा – एबरुपस्स जन्तुनो॥

अर्थः-

अर्कालाई जित्नु भन्दा आफुलाई (मनलाई) जित्नु बेस हो, किनभने आत्मा (मन) लाई दमन गरी सदा संयमी हुने व्यक्तिलाई देब, गन्धर्व, मार (कामदेव) र ब्रह्माले पनि जित्न सक्दैन।

मनको बारे अर्जुनले श्रीकृष्ण संग यसरी सोध्नु हुन्छः-

चञ्चलं हि मनः कृष्ण प्रमाथि ब्रलवद् दृढम्।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम्। *६/३४. भा. गीता*

अर्थः-

हे कृष्ण ! मनुष्यको मन चञ्चल, घमण्डि, वलियो र दृढ पनि छ। जसरी हावालाई रोक्न सकिदैन, मुस्किल पर्छ त्यसै गरी मनलाई रोक्न पनि अति नै दुष्कर ज्यादै नै मुस्किल पर्छ। अर्जुन जस्तो साहसी वीर एवं धनुर्धरलाई त "**मन**"लाई नियन्त्रण गर्न यस्तो कठिन अवस्थाको स्थिति देखाउनुभएको छ।

तर यसबारे कृष्ण अर्जुनलाई भन्नुहुन्छ मनलाई नियन्त्रणमा लिनु पर्छ भनी बताउनु हुन्छः-

असंशयं महावाहो मनो दुर्निग्रहं चलम्।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते। *६।३५. भा. गीता*

अर्थः-

श्री कृष्ण भन्नु हुन्छ -हे महावाहो अर्जुन ! यो मन रोकि नसक्नु अति चञ्चल र वलियो छ ता पनि वैराग्यको अभ्यासले यस मनलाई नियन्त्रणमा ल्याउन सकिन्छ। अथवा ल्याउनै पर्छ। अनि मात्र संसार (विषय वासना)लाई जितिन्छ र आत्मा स्वरुपमा पुगिन्छ।

श्री कृष्णले भन्नुहुन्छ आत्मा स्वरुपमा पुगेपछि यस्तो हुन्छ गिता ३।१७

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानव।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते॥ *३।१७ गीता*

अर्थ :-

जुन मानिस आफ्नो आत्मामा रमण गर्ने वाला हुन्छ र आफ्नो आत्मामा नै तृप्त हुन्छ तथा आत्मा द्वारा आत्मामा नै सन्तुष्ट हुन्छ, त्यस्ता मानिसको लागि कुनै कर्तब्य(कर्म) बाँकि रहदैन।

जो आत्मामा नै वा स्वरुपमा नै तृप्त भए पछि संसारिक कुनै पनि कर्तब्य गर्न बाँकि रहन्न। उ मुक्त हुन्छ, बोध स्वरुप हुन्छ, स्वयं ब्रह्म नै हुन्छ।

स्वरुप भन्नु, आत्मा भन्नु, ब्रह्म भन्नु, अल्लाह भन्नु, ईश्वर (God) भन्नु सत् हो। सत्को कहि कतै पनि अभाव रहन्न (२।१६ गीता)। कर्म भाव भनेको सांसारिक हो। सत् भावमा पुगेपछि बाँकि केही रहन्न एक "अद्वैत" ब्रह्म मात्र रहन्छ। जब एक ब्रह्म मात्र रहेपछि यहाँ कसले कसको सेवा गर्ने कसको आरधना गर्ने कहि बाँकि रहन्न। यहि नै आत्मा ज्ञान हो। आत्मा (ईश्वर) सदा अकृय रहन्छ। अनि उ स्थित प्रज्ञ हुन्छ (२।५५ गीता)।

अझ श्रीकृष्ण भन्नु हुन्छ अकृय आत्मालाई कर्ता भन्छ भने उसलाई बुद्धि नभएको दुर्मति मुड भने हुन्छ भन्ने स्प्रष्टोक्ति १८।१६ गीताको श्लोकले यस्तो भन्छ।

तत्रैवं सति कर्तारमात्मानं केवलं तु य :।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मति :॥ ***१८।१६ भा.गीता***

अर्थः-

जो मनुष्य अशुद्ध बुद्धिको कारण त्यस विषय (आत्म विषय) मा कैवल्यस्वरुप आत्मालाई कर्ता देख्छ भने त्यो दुर्बुद्धि एवं दुर्मति यर्थाथ देख्दैन अथवा भगवानलाई जान्दैन। अझ ५।१४ गीतामा पहिले नै स्पष्ट परि सक्नु भएको छ। ईश्वर अकर्ता हो भनेर।

- यस्तो अकर्ता अद्वैत ब्रह्ममा पुग्नको लागि अर्जुनलाई श्रीकृष्णले यस्तो उपदेश यस श्लोक बाट गनेुभएको छ।

जस्तैः-

शनैः शनैरूपरमेद्बुद्ध्या धृतिगृहीतया।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत्। ***६।२५ भा.गीता.***

अर्थः-

गीताको यस श्लोकले मानिसलाई संसारको दुःख बन्धनबाट मुक्त गरी परमानन्दमा पुऱ्याउने अर्थ राख्दछ।श्रीकृष्णले अर्जुन मार्फत मानव जातिलाई उत्तम एवं अन्तिम ज्ञान यसबाट दिनुभएको छ।

"मानिसले आत्मा एवं ब्रह्म ज्ञानको बोध भइसके पछि, विस्तारै विस्तारै धैर्य पूर्ण बुद्धिले उपराम (सन्यास) लियोस्। सम्पूर्ण विकार बाट निवृत्त भएपछि मनलाई आत्मामा मिलाओस् र कुनै प्रकारले पनि

म यस्तो गर्दै छु भन्ने अहम्को भान नभइकन पुनः संसारिक विषय वासनामा नफर्कने गरी अक्रिय रहोस् (जस्तो विपश्यना ध्यान गर्दा वासना वाँकि केही रहन्न शून्यको मात्र ध्यान हुन्छ)। संसारको विषय वासना बाट अक्रिय रहनु र देहभाव बाट छुट्नुको अर्थ स्वयं (आफै) पर ब्रह्म भावमा पुग्नु हो। यस्तो अवस्थामा उ आफैं परमानन्द प्राप्त गर्दछ र संसारमा पुनः फर्किनु पर्दैन। किनभने उ स्वयं ब्रह्म थियो बोध पूर्वक जान्यो ब्रह्म नै भयो। यदि मानिस सक्रिय रहने हो भने स्वयं ब्रह्ममा एकाकार हुन सक्दैन। किनकि मन नै वन्द र मोक्षको कारण भएको हुँदा मनलाई जित्नु नै सर्वजित हुनु हो। सक्रिय, श्रमरूप प्रकृति संसार विषय वासना एवं दुःखरूप हो भने अक्रिय, शान्त, परमात्मतत्व विश्राम एवं मोक्षरूप हो।

मनलाई जिति सकेका महापुरुषहरू यस्ता हुन्छन् भनी अष्टावक्र गीताका तलका दुई श्लोकले यसरी अझ स्पष्ट पार्दछन्।

हरो यद्युपदेष्टा ते हरिः कमलजोऽपि वा।
तथापि न तव स्वास्थं सर्वविस्मरणादृते। *अष्टावक्र गीता.१६।११*

अर्थः-

मानिसले पूर्ण आत्मज्ञान प्राप्त गरेपछि, यस्तो गरोस्-शिव, हरि र ब्रह्माले ब्रह्म ज्ञानको उपदेश दैनिक दिए ता पनि तव सम्म मानिस स्वस्थ एवं निर्वाण प्राप्त गर्न सक्दैन तव सम्म पहिले गरेका सम्पूर्ण कर्महरूलाई विस्मरण गरोस् या त्यागोस् वा सम्झना रहित होस्। यस्तो अवस्था भए पछि सम्पूर्ण कुराको जब त्याग हुन्छ उ बाँकि ब्रह्म मात्र रहन्छ।

ब्रह्मैवाहं चिदेवाहमेवं वापि न चिन्त्यते।
चिन्मात्रेणैव यस्तिष्ठेद्विदेहो मुक्त एव सः। *९८३। स.वे.सि.सा.स.*

अर्थ :-

ज्ञाता ज्ञेयबाट भिन्न हुन्छ तव उसलाई ज्ञेयको ज्ञान हुन्छ। चिन्तन गर्नेहरू जसको चिन्तन गर्छन, उ बाट भिन्न अर्को भए न चिन्तन हुन सक्छ। अतः योगी जो ब्रह्मरुप नै हुन्छन उसको भिन्नता मेटिएको, अर्को नभएको भन्ने भए पछि त चिन्तन गर्नेवाला मन नै रहन्न तब उसलाई अब "म ब्रह्म हुँ" भन्ने भान पनि रहन्न किनकी चिन्तन त द्वैतमा मात्र हन्छ। एकदेखि दोश्रो छ भन्ने अज्ञानीका लागि

तर अद्वैतमा एक मात्र रहने भएकोले एकले एककै चिन्तन कहा रहन्छ। यस्ता अवस्थाका योगी विदेहमुक्त हुन्छन्। जसको स्थूल शरीर रहेकै अवस्था हुन्छ तर उ शरीरदेखि पर आत्म वा स्वरुपमा स्थित हुन्छ। स्वरुप भनेको एक अद्वैत वस्तु हो अद्वैतमा दोस्रो वा संसार नहुने हुदा वाकी आफुमात्र हुन्छ यसैलाई जीवन छदैको मुक्तात्मालाई विदेह मुक्त भन्छन्।जसको उदाहरण राजा जनक हुन। यही पूरुष वा ज्ञानी मृत्यु पछि जीवन मुक्त हुन्छ।

यस्तो अवस्थामा पुगेका महापूरुषको यस्तो हुन्छ भन्ने कुरा अष्टावक्र मुनिले यस श्लोकबाट अझ स्पष्ट पार्नुभएको छ। :-

येन दृष्टं परं ब्रह्म सोऽहं ब्रह्मेति चिन्तयेत्।
किं चिंतयेति निश्चिन्तो द्वितीयं यो न पश्यति। *१८।१६ अष्टावक्र गीता.*

अर्थः-

यदि परंब्रह्म अर्को छ भन्ने भएमा म ब्रह्म हु भन्ने हुन्छ तर आफू स्वयं नै परब्रह्म हो भन्ने चिन्तनमा पुगे पछि, या आत्मज्ञानको स्वयं प्रकाश भए पछि, अर्को वस्तु केही रहन्न। अद्वैत ब्रह्म मात्र रहन्छ र दोश्रो अर्को छैन भन्ने निश्चित भइसके पछि, अव ध्यानको अवस्था पनि रहन्न र पूर्ण ब्रह्म हुन पुग्छ। यो पूर्ण ब्रह्म भन्ने चीज या अद्वैत भन्ने चीज जब एक मात्र छ भने कसैलाई कसैले कुनै वस्तुमा दाँजेर यस्तो भनेर देखाउने शब्द छैन। ब्रह्म वस्तु यस्तो होकि नभन्न मिल्ने न नभन्न मिल्ने, न केवलै हो न अकेवलै हो, न शून्य हो न अशून्यनै हो, यस्तो सर्व वेदान्त सिद्धान्त सिद्ध वस्तु - ब्रह्म, आत्मा, ईश्वर जे भन्नुहोस् त्यो मात्र अनुभव र विश्वासले मात्र जानिने अद्वैत वस्तु हो। यो ज्ञान र विज्ञानभन्दा पर भएकोले यही हो भनेर व्यक्ति वा शास्त्र आदिले औल्याउने वा देखाउने चीज होइन। यहीनै अन्तिम सार हो।

यस्तो अद्वैत व्रह्म बस्तु हो भनीएक मात्र कल्पना गरेको नाम र उपाधि रहित (भनेको ब्रम्हा, विष्णु, महेश्वर, बुद्ध, महावीर, यशु, मोहम्मद, अल्लाह, God, ऋषि, महर्षि, बेदब्यास, विभिन्न आदि सबै "अर्वाग्देवा" १०।१२९।६ ऋग्वेद – यी सबै सृष्टि पछिका हुन् अझ १०।१२९।१-७ श्लोक सम्म को अध्ययन गरेमा वास्तविक सृष्टि र ईश्वर तत्व वारे स्पस्ट वुझन सकिन्छ यहि नै हो बेदको अध्यात्म सूक्त पनि।) ईश्वरीय अवस्थालाई वेद शास्त्रहरू र विभिन्न पवित्र ग्रन्थहरूमा यस्ता प्रमाणहरू उल्लेख भएका छन्।

जस्तै

क) "एकं सद् विप्रा वहुधा वदन्ति "–१।१६४।४६ ऋग्वेद

ख) "द्वितीयाद्वै भयं भवति " १।४।२ वृदारण्यो उपनिषद

ग) ११।७।७, ८, ९र १० श्रीमद् भागवत

घ) "अत्ता हि अत्तनो नाथो–को हि नाथो परो सिया ? १६० ध.प

ङ) "अत्ता हि अत्तनो नाथो - अत्ता हि अत्तनो गति । ३८० ध.प

च) "यदि आकाश एवं धर्तीमा अल्लाह वाहेक अन्य उपाश्यहरू भयका भए यी दुवै अव्यवस्थित भई अस्त व्यस्त हुने थिए । सूरह अल अम्विया २१।२२ कुरआन

छ) "(हे नबी) भनिदेउ ! उनि अल्लाह एक्ला छन् । सूरह अल इख्लास ११२।१ कुरआन

ज) "अल्फा र ओमेगा म नै हुँ । "सर्वशक्तिमान परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहन्थो र जो आउनुहुनेछ । प्रकाश १।८ र २२।१३ वाइवल – आदि पवित्र ग्रन्थहरूले बताएका उपदेशलाई पर राखि "वसुधैव कुटुवकम् " को पवित्र "अद्वैत" गाठोलाई बिर्सि आज मानव समाज कुरीति, कुबाटो र कुसंस्कार तिर हिडिरहेका छन् । धर्म सम्प्रदाय, जात– जाति, क्षेत्रियता, संघियता, राष्ट्रियता, दल, पार्टी, संघ सस्था आदि सबै मानव मानवमा भेद ल्याउने तेरो धर्म मेरो धर्म, तेरो देश मेरो देश, तँ यो जात म यो जात आदि यी सबै कुसंस्कार एवं असव्य र मानव एवं प्राणीमात्रको विरोधि तत्वको रुपमा आज सर्वत्र क्रियाशील भएर एक आपसमा लडेर नाश तिर अगाडि बडिरहेका छन् । चाहे त्यो महाभारत युद्ध होस, चाहे प्रथम र द्वितीय नरसंहारकारी विश्व युद्ध नै किन नहोस । अझ त्यो भन्दा पनि आफ्नै धर्म सम्प्रदाय भित्र नै सिया र शुन्नीमा, क्याथोलिक र प्रोट्रेसटेण्टमा, शैव र वैष्णवमा, श्वेताम्बर र दिगम्बरमा, महायान र हिनयान लगायतका धर्म सम्प्रदायहरूमा आपसि झगडा, मार काट हुनु, एक देश बाट अर्को देश संग युद्ध हुनु, त्यति मात्र होइन आफ्नै देशमानै क्षेत्रियबाद, संघीयबाद भई राट्र टुक्रनु एक देश बाट अर्को देश बन्न लाखौको नरसंहार हुनु यी सबै अद्वैत ब्रह्म विपरित, कुसंस्कार र मानब धर्म विरोधि प्रकृया हुन । एक वह्म एक इश्वरमा जानोस त्यहा कोहि शत्रु र मित्रु बाकि रहन्न, यहि नै हो "वसुधैव कुटुवकम् ।"यसैमा छ "सत्यं शिवम् सुन्दरम्" अनि शान्ति नै शान्ति । यहि नै हो बैदिक साम्यबाद । त्यो आफु नै हो । त्यो नै " शिवोऽहम् " हो । बैदिक साम्यवाद र कार्ल

मार्क्सको साम्येवादमा भेद छ। बैदिक साम्येवाद भनेको एक आपसमा भेद नरहने सर्बत्र समदृष्टि, सर्बत्र समभाव रहेको बर्गविहिन एवं द्वन्द रहित अद्वैत ब्रह्म "एकोऽहम् द्वितीय नास्ति" संसारमा एक ब्रह्म बस्तु बाहेक अर्को छदै छैन भनि अभेद कल्पना गरेको छ। जसको शत्रुनै रहन्न। तर कार्ल मार्क्सले लेख्नुभएका कम्युनिष्ट मेनुफेस्टोको साम्यबादमा कम्युनिष्ट बर्ग मात्र त्यो पनि आफुलाई मान्ने मात्र उसको बर्ग भित्र पर्छ। अरु कम्युनिष्ट नै भए पनि विरोधि र सबै शत्रु नै शत्रु देख्नेछन्। यहिनै हो हाल विश्वमा चलेको साम्यबादि कम्युनिजम।

यसरी वेद र शास्त्रहरूले ब्रह्म तत्वलाई अत्यन्तै गहनताका साथ हेरिएको **"तत्व"**लाई क्षणिक लेखनको आधारमा र अल्पज्ञान बाट यसको विस्तार एवं जान्न सम्भव नै छैन तापनि शास्त्रिय आधारमा दुई कुरा भन्न सकिन्छ· जस्तै :-

वासना द्विविधा प्रोक्ता शुद्धा च मलिना तथा।
मलिना जन्मना हेतु :शुद्धा जन्मविनाशिनी॥

१।३।११यो.वा.वैराग्य प्रकरण

अर्थः-

वासना दुई किसिमका हुन्छन् एक शुद्ध र अर्को मलिन। मलिन वासना भनेको सांसारिक हो जसमा तेरो-मेरो श्रीमति, छोरा, छोरी, संम्वन्धि, धन सम्पत्ति आदि भौतिक चिजहरूको आशक्तिलाई जनाउछ। यसमा जसको आशक्ति हुन्छ त्यसको जन्म मृत्यु र सांसारिक दुःखमा अल्झि रहनु पर्छ र जन्म मृत्यु बारम्बार भईरहन्छ। शुद्ध वासना भनेको स्वरुपको, आत्मा तत्वको, अन्तरहृदयको ब्रह्म ज्ञान हो। जसमा आशक्ति हुँदा स्व स्वरुपमा पुग्छ यहि नै मोक्ष हो। यो अवस्था पुगेका ज्ञानीहरूको पुनर जन्म हुदैन।

एक त यस किसिमको वेदान्त र शास्त्र जान्ने श्रोत्रिय एवं ब्रह्म निष्ठ गुरु पाउनै मुस्किल हुन थालिसकेको छ। यदा कदा नेपाल, भारतमा हुन सक्छन् तर भेटिए पनि यस्तो ज्ञान यो पाप युग, भौतिक जगत्मा कसले सुन्ने ? कसलाई फुर्सद छ ? आजकाल त श्राद्ध, रुद्रि, यज्ञ आदि कर्म गर्नु पर्दा पनि हातको घडि हेरेर "मलाई त अफिस जानु पर्छ आठ बजे सक्ने है गुरु" भन्छन् अनि गुरुलाई पनि अरु ठाँउमा जानु पर्छ, विधि पुगोस् नपुगोस् पुरा होस् नहोस् आदि दुवै

पक्षलाई मतलव छैन। यस्तो यज्ञ कर्म आडम्वरी एवं देखावटि किसिमले सम्मान लिदै, दिदै गरेको दान आदिले लिने र दिने दुवैलाई फल मिल्दै मिल्दैन बरु नरक भोग्नै पर्छ।

अन्तमा यी कुराहरू मलाई धेरैले तपाइँ विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको र अन्तर-धार्मिक परिषद् नेपालको अध्यक्ष तथा पशुपति क्षेत्र विकास कोषको सल्लाहकार पनि हुनुहुन्छ तपाइँका ज्ञानका कुरा बेला मौकामा सुन्दा हामीलाई राम्रो लागेकोले तपाइँले प्राप्त गरेको ज्ञान लेख रचना आदि बाट प्रकाशित हुँदा समाजलाई राम्रो हुन्छ भन्ने धेरैको आग्रह भए बाट यो लेख लेखने प्रयास गरेको हुँ। यसमा कसैलाई पनि विषय वा प्रसङ्गले अर्को अर्थ नलगाओस्। कुनै व्यक्ति विशेषलाई यहाँ इङ्गित गर्न खोजिएको छैन। आफूले जो जानेको ज्ञानलाई, शास्त्रहरूले बताएको कुरालाई र समाजमा आज भोली घट्दै, हुंदै गरेका कुरालाई प्रकाश पार्न खोजेको मात्र हुँ। अन्तमा म आफै सर्वधर्म एवं सबै संप्रदायप्रति सद्भाव राख्दछु, "म" "अद्वैत" एवं "शिवोऽहम्" हुँ "म" देखि भिन्न अरु केही छैन बाँकि शेष "ब्रह्म" हुन्छ त्यंही "म" हुँ र यही नै मोक्ष हो। किनभने यो धर्म संप्रदाय र जाति भेद सृष्टि पछि मात्र भएको हो।**"ब्रह्म एक मात्र छ, त्यो सबै प्राणीमा छ"**, यसलाई शास्त्र ज्ञान आदिले मात्र जान्न सकिदैन यो अगम्य एवं निरञ्जन निराकार भएकोले, स्वयं सिद्ध हुने हुँदा मेरो आफ्नो समेत यसैमा (अद्वैत) पूर्ण विश्वास र अटल निश्चय रहेको हुँदा म अरुलाई समेत यसैमा रहन आग्रह गर्दछु। यसमा अक्षर, शब्द आदि त्रुटि रहेछ भने ईश्वर संग क्षमा याचना गर्दछु र पाठकलाई सच्याई पढ्न आग्रह गर्दछु।

शिवमस्तु

-ॐ नमः शिवाय-

श्रीपशुपतये नमः

ज्योतिर्लिङ्गको शिरो भाग पशुपतिनाथ (पशुपतिनाथ खण्ड)

आस्था एवं तीर्थस्थल बारे विना आधार र शास्त्रीय एवं पौराणिक प्रमाण विना कसै-कसैले लहडमा लेख लेख्ने र वोल्ने, संचार एवं मिडियामा पनि आउने गरेको छ त्यसले गर्दा समाजमा निकै खुल्दुली र अन्यौल सिर्जना गरेको पाइन्छ। यस्तै भएको छ पशुपतिनाथ ज्योतिर्लिङ्गको शिरो भागको सम्बन्धमा। हुनत विभिन्न पुराणमा तीर्थ बारे-फरक फरक मत नपाइने होइन। त्यसो हुनुमा कल्पभेद नै कारण हो भनी बताइन्छ। तर पौराणिक कालदेखि चलि आएको तीर्थ र ईश्वर बारे अन्योलता देखियो भने यस्को असर समाजमा ठूलो पर्न आउछ। यस्तै हुने गरेको छ पशुपतिनाथ बारे। यस्को केही पौराणिक तथ्य र शान्दर्भिकता बारे उल्लेख गरी जनसाधारणका लागि प्रकाश पार्ने सानो कोशिष गरेको छु। यस लेखमा हुनत म आफैं त्यस्तो विद्वान् र अन्वेषक भने होइन। तर पनि मैले बुझेका र अनुभव गरेका आधारमा मेरो आफ्नोभन्दा पनि पौराणिक एवं शास्त्रीय आधारलाई लिएको छु। यस्ले गर्दा समाजमा वेला-वेला हुने भ्रम को निवारण गर्ने यस लेखको भाव हुने विश्वास लिएको छु। यो कुरा लेख्न मलाई जनमानसले "दामोदर जी तपाई विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति र अन्तर धार्मिक परिषद् नेपाल समेतको अध्यक्ष हुनु हुन्छ। पशुपतिनाथको ज्योतिर्लिङ्ग शिरो भाग बारे तपाइलाई शास्त्रीय ज्ञान समेत भएको हुदा यसलाई स्पष्ट पार्न उपयुक्त होला" भनी धेरैको आग्रह भएकाले यो लेख प्रकाशित गरेको छु।

द्वादश ज्योतिर्लिङ्ग बारे कोटी रुद्र संहिताको अध्याय १ को श्लोक २१, २२ र २३ मा यसप्रकारको वर्णन छ।

"सौराष्ट्रे सोमनाथं च श्रीशैले मल्लिकार्जुनम्।
उज्जयिन्यां महाकालमोंकारे ममलेश्वरम् ।२१।

केदारं हिमवत्पृष्ठे डाकिन्यां भीमशंकरम्।
वाराणस्यां च विश्वेशं त्रयम्बकं गौतमीतटे ।२२।

वैद्यनाथं चिताभूमौ नागेशं दारुकावने
सेतुबंधे च रामेशं धुश्मेशं च शिवालये ।२३।

अर्थ-

१ गुजरातको सौराष्ट्रमा - **सोमनाथ**
२ आन्द्रप्रदेशको श्रीशैल पर्वतमा - **मल्लिकार्जुन**
३ मध्यप्रदेशको उज्यैनमा - **महाकालेश्वर**
४ मध्यप्रदेशकै ॐकारेश्वरमा - **अमलेश्वर**
५ उत्तराञ्चलको हिमालमा - **केदारनाथ**
६ महाराष्ट्रको डाकिनीमा - **भीमशंकर**
७ वनारसमा - **विश्वनाथ**
८ महाराष्ट्रको गोदाबरी तटमा - **त्रयम्बकेश्वर**
९ झारखण्डको चिता भूमीमा - **बैद्यनाथ**
१० द्वारकाको दारुक बनमा -**नागेश्वर**
११ तामिलनाडुको सेतुबन्धमा - **रामेश्वर**
१२ महाराष्ट्रको शिवालयमा - **घुश्मेश्वर**

ज्योतिर्लिङ्गको शिरोभाग पशुपतिनाथ नै हुनुहुन्छ भन्ने प्रमाण शिव पूराणको कोटि रुद्रसंहिताको ११ अध्यायको १८ र १९ श्लोकमा यस्तो स्पष्ट उल्लेख छः-

जस्तै-

नयपालाख्यपुचर्यां तु प्रसिद्धायां महीतले ।
लिंगं पशुपत्याख्यं सर्वकामफलप्रदम् । १८।

अर्थ-

यो भारतका द्वादश ज्योतिर्लिङ्ग मध्येका पाँचौमा पर्ने केदारनाथ ज्योतिर्लिङ्गको बारे वर्णन हुदा-"नेपाल" नामक प्रसिद्ध पुरीमा पशुपति नामक प्रसिद्ध तथा सबै कामनाको सिद्ध गर्ने वाला ज्योतिर्लिङ्ग छ ।

शिरोभागस्वरूपेण शिवलिंगं तदस्ति हि ।
तत्कथां वर्णयिष्यामि केदारेश्वरवर्णने ।१९।

अर्थः-

"यस शिवलिङ्गको शिरोभाग स्वरूपको रूपमा स्थित छ । यसको पूर्ण कथा केदारेश्वरको इतिहासमा वर्णन गरौला" ।

भनी यसको शिरोभागको वर्णनको रूपमा कोटिरुद्र संहिताको १९ अध्याय को १३, १४ र १५ श्लोक देखि संक्षिप्त वर्णन यस प्रकार छ ।

पाण्डवहरूका पाँचै भाई आफ्नो राजपाठ नाति परीक्षित्लाई दिएर सतोपथ (सत्यको मार्ग) का लागि केदारेश्वर भगवान्को तपस्या गरिरहेका थिए। भगवान् शिवलाई पाँच पाण्डवहरूको परीक्षा गर्ने इच्छा भयो र एक भयानक ठूलो राँगोको रूप धारण गरेर मन्दाकिनी गंगाका हिमश्रृंखलाका पर्वतहरूमा रहेका ढुङ्गा पत्थर आदिमा शिंगौरी खेल्दै भत्काउदै भयंकर गर्जना गर्दै आएको राँगो देखि पाँचै पाण्डवहरूले गरेको कृत्य निम्न श्लोकहरूले स्पस्ट पार्दछ।

"यो वै हि पाण्डवान्दृष्ट्वा माहिषं रूपमास्थितः।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत्" ।१३।

अर्थः-

पाण्डवहरूलाई देखेर महादेवले राँगोको रूप धारण गर्नु भएको थियो र मायाले छोप्दै उनीहरूको सामुन्य पलायन एवं अन्तर ध्यान हुनु भयो।

"धृतश्च पाण्डवैस्तत्र हृदवाङ्मुखतया स्थितः।
पुच्छं चैव धृतं तैस्तु प्रार्थितश्च पुनः पुनः" ।१४।

अर्थ-

त्यसपछि पाण्डवका पाँचै भाइले त्यस राँगोको पुच्छर एवं धडभागमा एकै पटक भ्याप्प समाते, तव त्यस राँगोले तलतिर मुख गरेर स्थित भयो। यो देखि तीनीहरूले वारम्बार प्रार्थना गर्न लागे।

"तद्रूप्रेण स्थितस्तत्र भक्तवत्सलनामभाक्।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः।" ।१५।

अर्थ-

त्यसपछि भक्तवत्सल भगवान् केदारेश्वरको धडभाग (पुच्छर पट्टिको भाग) त्यही केदारेश्वरमा स्थित हुनु भयो भने त्यसको सोही रूपको शिरोभाग नेपालमा प्रकट हुनु भयो।

यसरी कोटी रुद्र संहितको ११ अध्यायको १८ र १९ श्लोक र कोटी रुद्र संहिताकै १९ अध्यायको १३ १४ र १५ श्लोकले स्पष्ट रूपमा पशुपतिनाथ ज्योतिर्लिङ्ग केदारेश्वर ज्योतिर्लिङ्गको शिरो भाग भएको तथ्य स्पष्ट हुन्छ।

पाण्डवहरूका पाँचै भाई आफ्नो राजपाठ नाति परीक्षित्लाई दिएर सतोपथ (सत्यको मार्ग) का लागि केदारेश्वर भगवान्को तपस्या गरिरहेका थिए। भगवान् शिवलाई पाँच पाण्डवहरूको परीक्षा गर्ने इच्छा भयो र एक भयानक ठूलो राँगोको रूप धारण गरेर मन्दाकिनी गंगाका हिमश्रृंखलाका पर्वतहरूमा रहेका ढुङ्गा पत्थर आदिमा शिंगौरी खेल्दै भत्काउदै भयंकर गर्जना गर्दै आएको राँगो देखि पाँचै पाण्डवहरूले गरेको कृत्य निम्न श्लोकहरूले स्पस्ट पार्दछ।

"यो वै हि पाण्डवान्दृष्ट्वा माहिषं रूपमास्थितः।
मायामास्थाय तत्रैव पलायनपरोऽभवत्" ।१३।

अर्थः-

पाण्डवहरूलाई देखेर महादेवले राँगोको रूप धारण गर्नु भएको थियो र मायाले छोप्दै उनीहरूको सामुन्य पलायन एवं अन्तर ध्यान हुनु भयो।

"धृतश्च पाण्डवैस्तत्र हृदवाङ्मुखतया स्थितः।
पुच्छं चैव धृतं तैस्तु प्रार्थितश्च पुनः पुनः" ।१४।

अर्थ-

त्यसपछि पाण्डवका पाँचै भाइले त्यस राँगोको पुच्छर एवं धडभागमा एकै पटक भ्याप्प समाते, तव त्यस राँगोले तलतिर मुख गरेर स्थित भयो। यो देखि तीनीहरूले वारम्बार प्रार्थना गर्न लागे।

"तद्रूप्रेण स्थितस्तत्र भक्तवत्सलनामभाक्।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः।" ।१५।

अर्थ-

त्यसपछि भक्तवत्सल भगवान् केदारेश्वरको धडभाग (पुच्छर पट्टिको भाग) त्यही केदारेश्वरमा स्थित हुनु भयो भने त्यसको सोही रूपको शिरोभाग नेपालमा प्रकट हुनु भयो।

यसरी कोटी रुद्र संहितको ११ अध्यायको १८ र १९ श्लोक र कोटी रुद्र संहिताकै १९ अध्यायको १३ १४ र १५ श्लोकले स्पष्ट रूपमा पशुपतिनाथ ज्योतिर्लिङ्ग केदारेश्वर ज्योतिर्लिङ्गको शिरो भाग भएको तथ्य स्पष्ट हुन्छ।

साथै भारतका १२ ठाँउका द्वादश ज्योतिर्लिङ्ग भध्ये केदारेश्वर ज्योतिर्लिङ्गको शिरो भागको रूपमा भगवान् श्रीपशुपतिनाथ रहनु भएको पौराणिक प्रमाण त छदै छन् साथै हामी नेपालीहरू भारतवर्षको तीर्थ यात्रा जाँदा "शीर छोडी पुच्छर आया" भन्ने परापूर्व काल देखि अद्यावधि (हाल सम्म) को चलन छदैछ। अनि हामी नेपालीहरू पनि तीर्थ जानु पर्दा पशुपति नाथलाई बक्साउने र तीर्थ बाट आए पछि पशुपतिनाथको दर्शन गरी तीर्थ यात्राको पूर्ण सफलताको याचना गरी प्रायश्चित गोदान गरी, जल प्रसाद मिसाई तीर्थ भोज गर्ने चलन अध्यावधि हामीहरूले गरिरहेकै छौ।

बरु समय समयमा लिङ्ग पुनर्निर्माण गर्ने वा परिवर्तन गर्ने कार्यहरू पटक पटक भैरहेका छन् सो बारे-कुलचन्द्र कोइराला द्वारा लिखित पुस्तक "नेपालका आराध्य देव भगवान् श्रीपशुपति नाथ" भन्ने पुस्तकको चौथो परिच्छेदको पहिलो अध्यायमा विभिन्न वंशावलि र ऐतिहासिक प्रमाण को आधारमा भगवान् पशुपतिनाथको बारे अन्वेषणहरू भएका छन्।

जस्तै-भस्मेश्वर (भद्रेश्वर)को अभिलेखमा -

"भगवतः पशुपते क्षेत्रे" भनेर श्रीपशुपतिनाथको क्षेत्र उल्लेख गरिएको छ। त्यस्तै वंशावलि र पशुपतिनाथका बारेमा त्यसको १० पानामा लेखिएको छः-

"तत्रान्तेरे भृंगारेश्वरी भट्टारिका श्लेष्मान्तकवने विहरति गोपालो बभूवः ।तत्पश्चात् मालातः गोग्रामस्य आगमनेन नेप नाम गोल कस्य बहु हो कपिला गावी वाग्मती तीर स्वयन्दिनं प्रति गत्वा सुशीर पूजाको क्षीरधारा तेन संशिक्ते भूप्रदेशो गोपालेन दृष्टाः खनित्वा च श्रीमत्पशुपतिभट्टारकः प्रादुर्भूतः।"

तन्त्राद्यो राजा श्री भूमिगुप्तः। वर्ष ८६।

अर्थः-

यस किसिमको विकृत संस्कृतमा लेखिएको वंशावलिको अर्थ गर्दा अनुमानको आधारमा यस्तो हुन्छ। "त्यस पछि भृङगेश्वरी भट्टारिका स्लेष्मांतक वनमा विहार गरिरहेको बेलामा गोपाल भए। त्यस पछि मालखावाट गाईको बथान आयो। नेप नामका गोल (गोपाल) कि वन्हि नाम गरेकी कैली गाईले वाग्मतिको तीरमा गएर दिन दिनै

खाल्टोमा दूधको धारा बगाउन लागी । ती गाइले शेचन गर्न लागेको ठाँउ गोपालले देखे । (कृष्णका पूर्वज गोपाल वंशी) उक्त ठाउमा खनेर हेर्दा श्रीमत्पशुपति भट्टारक पादुर्भूत हुनु भयो । त्यहा पहिला राजा (गोपाल राजा) श्री भूमी गुप्त भए । बर्ष ८६ ।

भन्ने यस्तो उल्लेख उक्त वंशावलीमा भएबाट उक्त केदारेश्वरको शिरोभाग महिष स्वरूप राँगाको टाउको माथि देखिने चारमुख (कृत्रिम लिङ्ग) पशुपतिनाथ मुखलिङ्ग मुनी सो अनादि स्वयं उत्पत्ति ज्योतिर्लिङ्ग रहेको स्पष्ट हुन्छ। किनकि गोपाल हरूले उत्खनन गर्दा ज्योति बलिरहेको देख्नु ज्वाला मुखी हुनुहुन्छ भन्नु माथि स्थापित लिङ्ग तातेर वेला वेलामा पसिना आउछ भन्ने किम्मदन्ति अध्यावधि हुनु यी ज्वालामुखी ज्योतिर्लिङ्गको ज्वलन्त उदाहरण हो भन्नु अतिउक्ति नहोला। यस्तो ज्योति बलेको देखिनुमा महिष रूप शिरो भाग (राँगोको टाउको) मा रहेको आँखा आदिका प्वालबाट उक्त ज्योति रूप ज्वाला देखिएको स्पष्ट अनुमान हुन्छ। किन भने ज्योति बलि रहन्छ भन्ने ज्वलन्त प्रमाण नेपालको मुस्ताङ्गको मुक्तिनाथमा ज्वाला बलिरहे बाट पनि स्पष्ट हुन्छ।

पशुपति ज्योतिर्लिङ्गलाई ब्रह्मा र विष्णुको विवाद भई लडाइ हुदा प्रादुर्भूतः भएको शिवको तत्वको आदि ज्योति रूप प्रथम लिङ्ग रहेको पनि भनिन्छ।

साथै पशुपतिनाथ पूर्व पट्टिको चन्दन ढुङ्गा सङ्गै रहेको पत्थर शिलालाई पनि केदारेश्वर शिला भन्ने पनि गर्दछन्। जहा जसले जे भने पनि माथि देखिने लिङ्ग पटक पटक फेरिने गरेता पनि केदारनाथको शिरो भाग पशुपतिनाथ नै हो।

हुन त यस्ता उत्तम तीर्थको बारे एकै प्रमाण र धारणा मात्रै हुँदैनन् विभिन्न इतिहाँस, पुराण शास्त्र, वंशावलि अभिलेख आदिले विभिन्न समय र काल का विभिन्न रूप र नाम दिएको पाइन्छ। यस्तै यसै किताबको चौथो परिच्छेदको चौथो अध्यायमा पशुपतिका बारेमा कुल चन्द कोइराला लेख्नुहुन्छ ;

समय समयमा जस्तो देवमाला वंशावलि अनुसार ब्रह्माजीले मणिमय पाषाणको लिङ्ग, विष्णुले इन्द्रनीलमणिको लिङ्ग, त्यसपछि इन्द्र

र कुबेरले सुनको लिङ्ग बनाई उक्त ज्योतिर्लिङ्ग माथि क्रमश १, २, ३, ४ चारौं लिङ्ग हुंदै पूजा आदि भएको पाइन्छ। यस्तो मूर्तिहरू फेर बदल हुदा भने हिन्दु शास्त्र अनुसार प्राण प्रतिष्ठा गरी पुनःपूजा गर्ने प्रचलन छ। साथै गोपाल वंश पछिका सूर्य वंशी सुवाङ्गत नामका राजाले पाँचौ लिङ्गको स्थापना र किरात वंशी राजा पछि गलिञ्जका पालामा दक्षिणबाट सूर्यवंशी राजा निमिष्ठा आई किँरातलाई जिती छैठौ लिङ्ग सो स्थानमा स्थापना गरेको उल्लेख छ। यीनै राजा निमिष्टा हुन वा यीनका सन्तान राजा सुपुष्प (पशुपुष्प वा पशुप्रेक्ष?) ले पशुपति नाथको देवल बनाएको र जात, जाति - वर्ण व्यवस्था कायम गरेका भन्ने गोपाल राज वंशवलिमा उल्लेख छ।यस पछि राजा नरेन्द्रदेवले पनि पशुपतिको मन्दिर बनाएका हुन भन्ने ईतिहाँसमा उल्लेख छ। पशुपति नाथको पूजारिमा अग्नि शर्मा ब्राम्हण थिए कुनै बेला भने सोमेसोरानन्द संन्यासी थिए र यिनीहरू नेपाली नै थिए भन्ने उल्लेख कुल चन्द्र कोइरालाले लेख्नुभएको "नेपालका आराध्यदेव पशुपतिनाथ"मा उल्लेख छ। काठमाडौँका बुद्धिष्ट अमर सिहं वाँडा लगायतको आक्रमण पछि वि.सं ८५५ मा आदि जगत् गुरु शंकराचार्य १० वर्षको उमेरमा भारत बाट आई सातौ लिङ्ग र संसुद्दिन मुसल्मानको १२ सदि तिरको आक्रमण पछिको आठौँ लिङ्ग अर्का जगत् गुरु शंकराचार्यहरूबाट स्थापना गरिएको हाल रहेको यो अन्तिम लिङ्ग भएको किम्मदन्तिहरू पाईन्छन्।

यसमा वि.स. १६१७ तिर काठमाडौमा राजा महेन्द्र मल्ल गद्दिनाशीन भए। उनी नित्य पशुपति नाथको दर्शन एवं पूजा गरे पछि मात्र विहानको खाना खाने गर्दथे। एक दिन वर्षायामको समय थियो निराभ्रर पानी परिरहेको थियो। धोवी खोलामा बाढी आएकोले तर्न नसकेर तिरमै बसिरहेको अवस्थामा आकाश वाणी भयो हे राजा ! तिमीले मेरो दर्शन पूजा नगरिकनखाने हुदा मेरो यसभन्दा अगाडिको लिङ्ग संसुद्दिनले काठमाडौँ दहचोकको इन्द्रदहमा फ्याँकी गएको छ। सो लिङ्ग ल्याई तिम्रो दरवार को नजिगमा स्थापना गरी पूजा गर्ने गर। भन्ने सुने पछि सो को खोज तलास गर्दा सो लिङ्ग इन्द्र दहमै भेटियो र वि.सं. १६१८ को फाल्गुनमा हनुमान ढोकाको दरवार अगाडि मखनमा मन्दिर बनाई स्थापना गरियो। सो लिङ्गको नाम राजा महेन्द्र मल्लले स्थापना गरिएको हुनाले महेन्द्रेश्वर महादेव भनीराखे र यसैलाई मखनको पशुपति भन्ने चलन अहिले सम्म चलेकै छ। हाल पूजा गरिरहने पूजारी संग सोध्दा पनि यी कुराहरूको वर्णन गर्ने

गर्दछन् । यी भए पशुपतिनाथ नै केदारनाथको शिरोभाग ज्योतिर्लिङ्ग भन्ने प्रमाण ।

"पशुपति" नामको अर्थ बारे पशुपति कस्तो हुनुहुन्छ भन्ने अर्थ यस श्लोकमा यस्तो छ :-

मध्यान्हार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्ज्वलं
त्र्यक्षं पन्नगभूषणं शिखिशिखाश्मश्रुस्फुरन्मूर्धजम् ।
हस्ताब्जैस्त्रिशिखं समुद्ररमसिं शक्तिं दधानं विभुं
दंष्ट्राभीमचतुर्मुखं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत् ॥

शिवस्तोत्ररत्नाकर

अर्थः-

जसको प्रभा मध्यान्हकालीन सूर्यको समान दिव्यरूपमा भासित भइरहेको हुन्छ, जसको मस्तकमा चन्द्रमा विराजित छन्, जसको मुखमडल प्रचण्ड अट्टाहासका साथ उत्भासित भइरहन्छ, सर्प जसको आभूषण छ, तथा चन्द्र, सूर्य र अग्नि- यी तीनै जसका तीन नेत्रका रूपमा अवस्थित छन्, जसको दाढी र शिरको जटाहरू चित्र विचित्र रंगका मयूरका पंख समान स्फुंरित भइरहन्छन्, जसको आफ्नो करकमलमा त्रिशूल, मुद्गर, तलवार तथा शक्तिको धारणा गरिरहनुभएको छ र जसको चारमुख तथा दाढीहरू भयावह छन्, यस्तो सर्वसमर्थ, दिव्य रूप एवं दिव्यास्त्र धारण गर्ने हुनुभएका पशुपतिनाथको ध्यान गर्नुपर्दछ ।

स्मरण रहोस् शिवको हजारौं सगुणरूप मा दाढी-जुङ्गा भएको रूप पशुपति मात्र हो । रुद्र एवं भयको भने धेरैमा पाइन्छ ।

भगवान् पशुपतिनाथको पाँच मुख र ॐकारको अर्थ लेख्ने नै हो भने त्यसको यस्तो सानो लेखमा सम्भव नै छैन तर पनि पाठकहरूलाई केही जानकारी दिन खोजेको मात्र हो ।

<u>पञ्चमुख सदाशिव</u>

मुक्तापीतपयोदमौक्तिकजवावर्णैर्मुखैः पञ्चभिः
त्र्यक्षैरञ्चितमीशमिन्दुमुकुटं पूर्णेन्दुकोटिप्रभम् ।
शूलं टङ्ककृपाणवज्रदहनान् नागेन्द्रघण्टाङ्कुशान्
पाशं भीतिहरं दधानममिताकल्पोज्वलं चिन्तयेत् ॥ ***शिवरहस्यं***

अर्थः-

जुन भगवान् शंकरको पाँचमुखको क्रमशः ऊर्ध्वमुख(ईशान) जगमुक्ताको समान हल्का रातो रंगको, पूर्वमुख(तत्पुरुष) पीतवर्णको, दक्षिणमुख(अघोर) सजल मेघको समान नीलवर्णका, पश्चिममुख(सद्योजात) मुक्ताको समान केही खैरो(भूरे) रंगको र उत्तरमुख(बामदेव) जपापुष्पको समान प्रगाढ रक्तवर्णको छ। पाँचैमुखका तीन आँखा छन् र सबै मुखमण्डलमा नीलवर्णको मुकुटको साथ चन्द्रमा सुशोभित भइरहन्छन्। जसको मुखमण्डलको आभा करोडौ पूर्णचन्द्रमाको तुल्य आल्हादित गर्दछ, जसले आफ्नै हातमा क्रमशः त्रिशुल, टंङ्क(परशु), तलवार, बज्र, अग्नि, नागराज, घण्टा, अंकुश, पास र अभयमुन्द्रा धारण गर्नुभएको एवं जो अनन्त कल्पबृक्षको समान कल्याणकारी हुनुहुन्छ उनै सर्वेश्वर भगवान् शंकरको ध्यान गनुपर्दछ।

यही पाँचमुख शिव र ॐकारबारे केही छोटकरीमा यस्तो छ भन्ने कुरा शिवपुराण, लिङ्गपुराण आदिमा भएका वर्णन यसप्रकार छन् :-

१. उत्तरमुख बामदेव - अ कार - कर्ता - पृथ्वी - गणेश
२. पश्चिममुख सद्योजात- उ कार - क्रिया - जल - विष्णु
३. दक्षिणमुख अघोर- म कार - कारण - तेज - सूर्य
४. पूर्वमुख तत्पुरुष- विन्दु - करण - वायु - देवी
५. ऊर्ध्वमुख ईशान- नाद - कार्य - आकाश - शिव

शिवका पाँच कार्यहरू

सृष्टिस्थितिश्च संहार स्तिरोभावोप्यनुग्रहः।
पञ्चकृत्य प्रविणोऽसौ सच्चिदानन्द विग्रहः।

१।१७।९५ वि.सं शिवपुराण

अर्थः-

सृष्टि, स्थिति, संहार, तिरोभाव, अनुग्रह, यी पाँच कार्यहरू गर्न सच्चिदानन्द स्वरूप शिव संधै प्रवीण हुनुहुन्छ।

१. सर्जन - पालन - आदान - तिरोभाव - अनुग्रह
२. सृष्टि - स्थिति - संहार - आवरण - प्रसाद
३. ब्रह्मा - विष्णु - रुद्र - महेश्वर - शिव

भगवान् शिवको तत्व एवं नाम महिमा अगम्य भएको हुँदा विस्तृत कुरा जान्न विस्तृत ग्रन्थमा नै जानुपर्ने हुन्छ।

अब जाउँ विमलेश्वर (डोलेश्वर) तिर,

विमलेश्वर (डोलेश्वर) सिपाडोल गा. वि.स -६ भक्तपुरमा अवस्थित शिवलिङ्ग नेपालको पशुपति नाथको क्षेत्र भित्र पर्ने पशुपति सरहकै ६४ लिङ्ग मध्येको एक स्वयम्भु लिङ्ग हो । यसमा पशुपति सरहै भन्नुको अर्थ पशुपति क्षेत्र भन्नाले संकल्प आदि गर्दा पूर्वको सिन्धुलीको नेपाल थोकको कुशेश्वर, दोलखाको भीमेश्वर पश्चिम, ललितपुरको कालेश्वर र मकवानपुरको नटारम्वेश्वर उत्तर, मकवानपुरको कुटेश्वर र महादेववेशी धादिङ्गको अशितेश्वर पूर्व नुवाकोटको भद्दुटारको स्कन्देश्वर (कार्तिकेश्वर) र सिन्धुपाल्चोक बागद्वारको शतरुद्रेश्वर महादेव दक्षिण यी दश जिल्लाको चार किल्ला भित्रलाई **"आर्यावर्ते जम्बु द्विपे पशुपति क्षेत्रे"** भनी संकल्प कर्मकाण्ड आदि गर्दा भन्ने चलन अहिले पनि चलेकै छ। हुन त शिव तत्व जान्नेहरूका लागि भने यो नाम उपाधि वा क्षेत्र लागु हुँदैन किन भने **"यत्र यत्र स्थितो देवः सर्वव्यापी महेश्वर"** व्यापक रूपमा संपूर्ण ब्रह्माण्डमा रहने सर्वशक्तिमान् शिव कुनै ठाँउवा नाम विशेषको घेरामा सीमित रहन्नन् । तर पनि ६४ लिङ्गको पौराणिक व्याख्या स्कन्द पुराणको हिमवत् खण्डको नेपाल महात्म्यको ८९ अध्यायको कुशेश्वर प्रथम लिङ्ग देखि १५७ अध्यायको रुद्गारेश्वर को अन्तिम लिङ्गसम्ममा संक्षिप्त व्याख्या गरिएको छ। यी ६४ लिङ्गहरूलाई विरूपाक्षले पशुपतिनाथ देखि रिषको झोकमा भत्काउदै हिडेकोले प्रायः यी सबै लिङ्गहरू टेडा एवं बाङ्गा देखिन्छन् । यसको चालिसौँ संख्यामा पर्ने विमलेश्वर स्वयम्भु लिङ्गको विमला र सिमला गंगाको संगम र निकुञ्ज पर्वतको फेदीमा अवस्थित विमलेश्वर विमल तीर्थ भन्ने उल्लेख छ र विमलेश्वर प्राप्त गर्न विमल नामकै ब्रह्मचारि ब्रह्मण द्वारा प्राप्त गरेको कारण उनकै नामबाट विमलेश्वर महादेव, विमल तीर्थ, विमल गंगा भनी नामाकरण शिवजीले वरदानमा दिनु भएको थियो । विमलको अर्थ पाप रहित या मल रहित शुद्ध मानिन्छ ।

अब नेपालका ६४ लिङ्ग बारे चर्चा गरौ, यो नेपालको सिन्धुली देखि काठमाडौँ सम्म १० जिल्ला भित्र रहेको छ ।

जस्तैः-

लिङ्गानां च समुद्भूतं नेपालभुवि जन्मिनाम्
चतुःषष्टिप्रसंख्यानां महात्म्यं हि तथा पुनः ।५।

अर्थ-

विशाल पृथ्वीको नेपालमा उत्पन्न भएका ६४ संख्याका लिङ्गहरूको उत्पत्ति र महात्म्यहरू पनि सुन्न चहान्छु। ऋषि अगस्त्यले स्कन्द कुमार संग प्रश्न गर्नु भएको र स्कन्दले अगस्त्यलाई बताउनु भएको ६४ लिङ्ग र ने मुनि ले विरूपाक्षलाई मातृगमन पापमोचन का लागि गराउनु भएको दर्शन बारे उल्लेख गरिएका छन्। अब जाउँ विमलेश्वरको (हाल डोलेश्वर) प्रसङ्ग पट्टि।

स्कन्द पुराणको हिमवत् खण्डको नेपाल महात्म्यको १२९ अध्यायमा यस्तो वर्णन गरिएको छ।

स्कन्द उवाच-

ततोऽगमद्विरूपाक्षो मुनिनाऽगस्त्येन वै समम्।
विमलेशो हि यात्रास्ते तल्लिङ्गं हि प्रणम्य च ।१।
विमलोदकगंगायां स्नात्वा तल्लिंगमञ्चितंम्।
चैत्रस्य शुक्लसप्तम्यां निरशतो विनिन्द्रकः ।२।

तमपृच्छद्धि महात्म्यं तल्लिङ्गस्य विरूपदृक्।
तदाकर्ण्य मुनिस्तस्मै व्याजहार वचस्तदा ।३।

अर्थ-

स्कन्दजी भन्नु हुन्छ -

विरूपाक्ष त्यहा बाट ने मुनिका साथमा विमलेश्वर भएका ठाँउमा जानु भयो ।१।

विमलोदक गंगामा स्नान गरी चैत्र शुक्ल सप्तमीका दिन जागरण गरी विमलेश्वर लिङ्गको महात्म्य केहो भनी विरूपाक्षले नेमुनि संग सोधे पछि मुनि जी ले त्यहाको सबै महात्म्य बताउन लाग्नु भयो। सो महात्म्यको कथा संक्षिप्तमा यसप्रकार छः-

विमल नाम गरेका एक ब्रह्मचारि ब्रह्मण थिए। उनले यस तीर्थमा आई स्नान गरी एक शिला लिई भगवान् शिवजीको मार्ग कृष्ण चतुदर्शीका दिन ब्रत लिए निराहर गरे राति जागरण गरी लिङ्गको पूजा गरे र रात भर शिवको मन्त्र जप गरे। औंसीको रात खत्तम् हुने समयमा शिवजी प्रकट हुनु भयो र वरादान दिनुभएको थियो। यो तीर्थ तिम्रै नामले प्रख्यात भई विमल तीर्थ विमल गंगा विमलेश्वर महादेव

भनी प्रख्यात रहने छ। यस तीर्थमा विमल गंगाको स्नान गरी मेरो पूजा अर्चना जसले भक्ति पूर्वक गर्दछ त्यसको पाप मुक्त भई कैलाश वास पाउने छ भनी अन्तर ध्यान हुनु भएको कुरा यस १२९ अध्याय को २१ श्लोकमा स्पष्ट वर्णन गरिएको छ।

साथै स्कन्द पुराणको केदार खण्डको माघमहात्म्यमा स्वास्थानी व्रत कथामा सतीदेवीको अंग पतन हुदा विभिन्न अंग मध्ये **"मायापुर पुग्दा फियो पतन भयो। मायापुर पीठ, माया देवी, चञ्चला योगिनी, तपेश्वर महादेव उत्पन्न भए, शिवशक्ति - स्वरूपले रहे। त्यस तपो भूमीमा चतुःषष्टि लिङ्गले जप ध्यान गरी तपस्या गरे, ईश्वरी ले प्रसन्न भई बरदान माग भनीन्, चतुःषष्टि लिङ्गले "स्वयम्भु लिङ्ग भई रहौं" भनी मागे ईश्वरीले तथास्तु भनी बरदान दिइन्।"** यसकारणले यि ६४ लिङ्ग स्वयम्भु लिङ्ग भित्र पर्छन ज्योतिर्लिङ्ग भित्र होइन। जवकि पशुपतिनाथ र केदारनाथ ज्योतिर्लिङ्ग भित्रको हो।

लिङ्गका धेरै प्रकार हुन्छन् जस्तै - वेर लिङ्ग, स्वयम्भु लिङ्ग, स्थावर लिङ्ग, जंगम लिङ्ग, चरलिङ्ग, अचरलिङ्ग, रसलिङ्ग, पारदलिङ्ग, पार्थिवलिङ्ग, ज्योतिर्लिङ्ग, वाण लिङ्ग, आदि लिङ्गका प्रकारहरू छन्। यी आ-आफ्नै ठाँउमा आ-आफ्नै किसिमले उत्तम मानिन्छन्।

अन्तमाः **"शिव"** भनेको कल्याण, श्रेष्ठ, उत्तम, एवं **"सत् चित् आनन्द"**, स्वयं प्रकाश, निर्गुण, निराकार, परब्रह्म, अविनाशी, सत्य र शनातन भएकोले यहा उपाधि युक्त नाम भेद आदि जे जति लेखिएका छन्, ती परमात्मा मा पुग्ने मार्गका रूपमा ज्ञानीहरूले लिने गरेका छन्। यसमा बेला बेलामा पशुपतिनाथ नै शिरो भागको रूपमा माथि उल्लेखित प्रमाणका रूपमा हुँदा हुँदै पनि विवाद आउनुले मलाई अन्य त्यस्तो प्रमाण नदेखिएको ले यो लेख आवश्यक ठानी जनमानस समक्ष राख्ने सत्प्रयास गरेको छु। यसमा उल्लेखित अक्षर वा शब्दहरू गल्ती भएको भए सच्याई पढ्न अनुरोध गर्दछु। साथै यस बारे शास्त्रीय प्रमाण भए सुझावको लागि सो पाउने आशा पनि राख्दछु। मैले यी कुराहरू निम्न श्रोतका आधारमा लेख्ने प्रयास गरेको हुँ।

जस्तैः १. शिव महा पुराण।
२. स्कन्द महा पुराण।
३. स्कान्द - हिमवत खण्ड नेपाल महात्म्य
४. नेपाल एण्टीक्वेरी-डा.जगदिश रेग्मी
५. नेपाल महात्म्य (पशुपति महात्म्य) -पं लोक नाथ आचार्य

६. नेपालका आराध्य देव भगवान् श्रीपशुपतिनाथ कुलचन्द्रकोइराला ।

७. ६४ लिङ्ग महात्म्य-पं चित्र प्रसाद सुवेदी ।

कोटियौ ज्योतिर्लिङ्गहरू मध्ये वार ज्योतिर्लिङ्गलाई उत्तम मानिए पनि हाम्रो काठमाडौ नेपालको पशुपतिनाथ ज्योतिर्लिङ्ग केदारेश्वरको शिरो भाग भन्ने कुरा माथि उल्लेखित भइसकेको छ। तर कोटि ज्योतिर्लिङ्ग मध्येकै शिव पुराणको कोटिरुद्र संहितामा मात्र उल्लेखित निम्न ज्योर्तिलिङ्गहरू गण्डकी र कोशी नदी समीपमा पर्छन्। तर त्यसको खोजि र पहिचान भने भएको पाईदैन र छैन पनि ।

जस्तैः-

भूतेश्वरो यः संप्रोक्तो भक्तसर्वार्थदः सदा ।
नारीश्वर इति ख्यातः कौशिक्याः स समीपगः । *को.रु.स २।४ शिव पुराण*

अर्थः-

भूतेश्वर नामक तथा नारीश्वर नाम बाट प्रख्यात निरन्तर भक्त जनलाई सबै वस्तु दिनु हुने भएका शिवलिङ्ग छन् जो कोशी नदीको (कौशीकी) समीपमा विराजमान छन् ।

वर्तते गण्डकीतीरे वटुकेश्वर एव सः । *को रु.सं २।५ शिवपुराण*

अर्थः-

गण्डकी नदीको तीरमा वटुकेश्वर महादेव रहनु भएको छ ।

नागेश्वरस्तु कौशिक्यास्तीरे तिष्टति नित्यशः । *२७ को.रु.सं शिवपुराण*

अर्थः-

कोशी नदीको (कौशीकी) तीरमा नागेश्वर ज्योतिर्लिङ्ग नित्य विराजमान रहनु हुन्छ ।

तदारान्मुक्तिनाथाख्यं शिवलिङ्गं महाद्भुतम् ।
दर्शनादर्चनात्तस्य भुक्तिमुक्तिश्च लभ्यते । *११।२० को.रु.सं. शिवपुराण*

अर्थः-

उसै (पशुपतिनाथ)का केही पर मुक्तिनाथ नामक शिवजीको ज्योर्तिर्लिङ्ग वडो अद्‌भुत छ। यिनको दर्शन-पूजन ले भुक्ति मुक्ति प्राप्त हुन्छ।

यसमा यी माथि उल्लेखित शिवलिङ्गहरू कोशी र गण्डकी नेपालकै नदी हुन् र नेपाल बाटै बग्दै भारत तर्फ जान्छिन्। मलाई जहा सम्म थाहा छ, यी दुई नदीको नाम अन्यत्र वा अरु देशमा छैन। यसमा पनि मुक्तिनाथ ज्योतिर्लिङ्ग मलाई जहा सम्म विश्वास छ, मुस्ताङ्गको मुक्ति क्षेत्रमा अवस्थित ज्योतिर्लिङ्ग नै हो। किन भने, त्यस ठाँउमा रणवहादुर शाहकी रानीले ढलौटको नारायणको मूर्ति सोही ज्योतिर्लिङ्ग माथि स्थापना गरी पूजा आजा चलेपछि त्यस उपरान्त मुक्तिनाथ मुक्तिनारायण भनी पूजा आजा चल्दै आएको देखिन्छ। होइन भने, पशुपतिनाथ पछि, संगै आउने नेपालकै संदर्भको मुक्तिनाथ ज्योतिर्लिङ्ग (शिव) खोई कँहा पर्छ ? यसमा यी माथि उल्लेखित लिङ्गहरू बारे नेपालका संवन्धित निकाय एवं धार्मिक जनहरूबाट निरूपण हुनु के जरुरी छैन र ?

शिवमस्तु

- ॐ नमः शिवाय -

श्रीशिवप्रातःस्मरणस्तोत्रम्

(पूजा-आरती खण्ड)

प्रातः स्मरामि भवभीतिहरं सुरेशं गङ्गाधरं वृषभवाहनमम्बिकेशम् ।
खट्वाङ्गशूलवरदाभयहस्तमीशं संसाररोगहरमौषधमद्वितीयम् ॥

प्रातर्नमामि गिरिशं गिरिजार्द्धदेहं सर्गस्थितिप्रलयकारणमादिदेवम् ।
विश्वेश्वरं विजितविश्वमनोऽभिरामं संसाररोगहरमौषधमद्वितीयम् ॥

प्रातर्भजामि शिवमेकमनन्तमाद्यं वेदान्तवेद्यमनघं पुरुषं महान्तम् ।
नामादिभेदरहितं च विकारशून्यं संसाररोगहरमौषधमद्वितीयम् ॥

प्रातः समुत्थाय शिवं विचिन्त्य श्लोकत्रयं येऽनुदिनं पठन्ति ।
ते दुःखजालं बहुजन्मसञ्चितं हित्वा पदं यान्ति तदेव शम्भोः ॥

ooo

शिव ध्यानम्

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसम् ।
रत्नाकल्पोज्ज्वलांगं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ॥

पद्मांसनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानम् ।
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

कर्पूरगौरं करुणावतारं संसारसारं भुजगेन्द्रहारम् ।
सदा रमन्तं हृयारविन्दे भवं भवानीसहितं नमामि ॥

करचरणकृतं वाक्कायजं कर्मजं वा श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व जय जय करुणाब्धे श्री महादेव
शम्भो ॥

ooo

स्वस्ति एवं शान्ति पाठ

ॐ सहनाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै ।
तेजस्विनावधीतमस्तु माविद्विषावहै ॥

-o-

सङ्गच्छध्वं संवदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ॥ *१०।१९१।२ ऋग्वेद*

-o-

असतो मा सद्गमय
तमसो मा ज्योतिर्गमय ।
मृत्योर्मा अमृतं गमय ।
ॐ शान्तिः ॐ शान्तिः ॐ शान्तिः *१।३।२८ बृउ*

-o-

भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवांसस्तनुभिर्व्यशेम देवहितं यदायुः ॥ *२१।२६ सामवेद*

स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्षो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु । *२१।२७ सामवेद*
ॐ शान्तिः ! ॐ शान्तिः !! ॐ शान्तिः !!!

-o-

ॐ द्यौः शान्तिरन्तरिक्ष'गुँ' शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्व'गुँ'शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि । *यजुर्वेद ३६/१७*
ॐ शान्तिः ! ॐ शान्तिः !! ॐ शान्तिः !!!

-o-

श्रीरुद्राष्टकम्

नमामीशमीशाननिर्वाणरूपं विभुं व्यापकं ब्रह्मवेदस्वरूपम् ।
अजं निर्गुणं निर्विकल्पं निरीहं चिदाकाशमाकाशवासं भजेऽहम् ॥१॥

निराकारमोंकारमूलं तुरीयं गिरा ज्ञान गोतीतमीशं गिरीशम् ।
करालं महाकालकालं कृपालं गुणागारसंसारपारं नतोऽहम्।२।

तुषाराद्रिसङ्काशगौरं गभीरं मनोभूतकोटिप्रभाश्रीशरीरम् ।
स्फुरन्मौलिकल्लोलिनी चारु गङ्गा लसद्भालबालेन्दु कंठे भुजंगा ।३।

च्लत्कूंडलं भ्रूसुनेत्रं विशालं प्रसन्नाननं नीलकंठं दयालुम् ।

मृगाधीशचर्माम्बरं मुण्डमालं प्रियं शंकरं सर्वनाथं भजामि ।४।

प्रचण्डं प्रकृष्टं प्रगल्भं परेशं अखण्डं अजं भानुकोटिप्रकाशम् ।
त्रयीः शूल निर्मूलनं शूलपाणिं भजेऽहं भवानीपतिं भावगम्यम् । ५।

कलातीतकल्याणकल्पान्तकारी सदा सज्जनानन्ददाता पुरारिः ।
चिदानन्द संदोह मोहापहारी प्रसीद प्रसीद प्रभो मन्मथारिः ।६।

न यावद् उमानाथपादारविन्दं भजन्तीह लोके परेवा नराणाम् ।
न तावत्सुखं शान्ति सन्तापनाशं प्रसीद प्रभो सर्वभूताधिवास ।७ ।

न जानामि योगं जपं नैव पूजां नतोऽहं सदा सर्वदा शंभु तुभ्यम् ।
जरा जन्म दुःखौघतातप्यमानं प्रभो पाहि आपन्नमामीश शंभो ।८।

रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये ।
ये पठन्ति नरा भक्त्या तेषां शम्भुः प्रसीदति ।९।

॥इति श्रीगोस्वामितुलसीदासकृतं श्रीरुद्राष्टकं सम्पूर्णम् ॥

शिवमस्तु

महा शिवरात्रि चारप्रहर व्रत पूजा विधिः-

शिवरात्रिको चार प्रहर पूजाको व्रतका बारेमा स्वयं भगवान् शिव यस्तो भन्नु हुन्छ। *को.रु.सं.अ.३८, ३९ - शिव पुराण*

॥ शिव उवाच ॥ भूरि व्रतानि मे सन्ति भुक्तिमुक्ति प्रदानि च ।
मुख्यानि तत्रज्ञेयानि दशसंख्यानि तानि वै ॥ १ ॥

अष्टमी सोमवारे च कृष्णपक्षे चतुर्दशी ।
शिवतुष्टिकरे चैतेनात्र कार्या विचारणा ॥ २ ॥

चतुर्ष्वपि वलिष्टं हि शिवरात्रिव्रतं हरे ।
तस्मात्तदेव कर्तव्यं भुक्तिमुक्तिफलेप्सुभिः ॥ ३ ॥

संकल्प

देवदेव महादेव नीलकण्ठ नमोऽस्तुते ।
कर्तुमिच्छाम्यहं देव शिवरात्रिव्रतं तव ॥ १ ॥

तव प्रभावाद्देवेश निर्विघ्नेन भवेदिति ।
कामाद्याः सत्रवो मां वै पीडां कुर्वन्तु नैव हि ॥ २ ॥

यसरी संकल्प गरे पछि दियो, कलश र गणेशको विधि पूर्वक पूजा गर्नु पर्छ। त्रिपुण्ड र रुद्राक्षमाला लगाउनु पर्छ। यसरी चारै प्रहरको एकै पटक वा पटकै पिच्छे ब्राह्मण, कन्या आदिको भोजन दक्षिणाको यथाशक्ति संकल्प गर्नु। अनि ज्योतिर्लिङ्ग, शिवालयहरू, पार्थिव शिवलिङ्ग वनाएर र वा सगुण मूर्ति वा निर्गुण वा जुनसुकै होस् शिवको प्रतिमामा पूजा गर्नु पर्छ।

पूजा गरेर ॐ शिवाय नमः मन्त्र १०८ वार जप गर्नु पर्छ। ४ प्रहरको आव्हान गरेर शिवको पाँचै मूर्ति जस्तै पश्चिम मुखमा ॐ सद्योजाताय नमः। उत्तर मुखमा ॐवामदेवाय नमः। पूर्व मुखमा ॐ तत्पुरुषाय नमः। दक्षिण मुखमा ॐ अघोराय नमः। उर्ध्व मुखमा ॐ ईशानाय नमः भनी पूजागर्ने। पूजा गर्दा जेजे द्रव्य वा चीज चढाउने सोही द्रव्यको मन्त्र उच्चारण गरी चढाउने।

पूजा सामाग्री

सुगन्धित चन्दन, अखण्डित चामल, कालो तिल, वेलपत्र नभइनहुने, कमलको फूल आदि विभिन्न जातका फूलहरूका साथै गाँजा, भाङ्ग, धतुरो, करविर, अर्क पुष्प आदि पनि होस् (तर केतकीको फूल भने शिवजीलाई चढाउँनु हुंदैन ।)

चार प्रहरको नभइ नहुने नैवेद्य र अर्घ

पहिलो प्रहर-साँझ ६ वजे नैवेद्यमा सेल, पुरी, आदि होस् वेल, नरिवल पान चढाउनु अर्घमा श्रीफल बेल वा नरिवलको रसले अर्घदिनु । पूजा सुरुगर्दा शिवका आठ नाम जस्तै -ॐ भवाय नमः, ॐ शर्वाय नमः ॐ रुद्राय नमः ॐ पशुपतये नमः ॐ उग्राय नमः, ॐ महते नमः, ॐ भीमाय नमः, ॐ ईशानाय नमः । इनै ८ नाम्हरू उच्चारण गरी चारै प्रहरका द्रव्यहरू चढाउनु । ॐ नमः शिवायको जप १०८ पटक गर्ने, आरति गर्नु र

विभिन्न मुद्राहरू देखाउनु जस्तै-

यमपास (अंकुश), मत्स्य, धेनु, शङ्ख, योनि, लिङ्ग, ध्यान, ज्ञान, साम्भवी, वर, अभय, नमस्कार, खटवाङ्ग, धनु, पद्म, महामुद्रा, साष्टाङ्ग आदि मद्राहरू देखाउनु अनि गलनाद गर्नु जस्तै-

बम्-बम् महादेव भनी ओठफट्कार्नु, बड्बडाय नमः व ! व ! व ! भन्नु, थुथुर्की मार्नु ।

तत्पस्चात् निर्मल जलले हरहर महादेव भनी शिवलाई चढाएर तृप्त गर्नु । अनि उत्सव भजन कीर्तन गरी वस्नु । तर रात भरि, चारै प्रहरमा निदाउनु भने हुंदैन ।

दोस्रो प्रहर- समय रातको नौ बजे पूजाको सामाग्री भजन कीर्तन पूजा पूर्ववत् नै होस्- नैवेद्यमा (मूल) खीर अर्घमा विजपुर (कागतिको रस) ले दिने जपमा २१६ पटक ॐ नमः शिवाय जप्ने ।

तेस्रो प्रहर- राति १२ वजे सामाग्री र पूजा पूर्ववत् नै गर्ने जौको सट्टा गहूँ चढाउनु, मूल नैवेद्यमा पूवा, माल्पूवा अनेक प्रकारका साग, आरतिमा कपूर मात्रको आरति गर्नु । अनारको रसले अर्घ दिनु ४३२ पटक ॐ नमः शिवायको जप गर्नु ।

चौथो प्रहर- विहान पख ३ वजे पहिले गरेको सबै द्रव्य पन्छाउनु, हटाउन सबै किसिमको पूजा गर्नु सप्तधान्यमा धान, जौ गहूँ, मुग, कालोमाष, कागुनु र चना चढाउनु ।

अनेक नैवेद्यका साथै मासको वारा मुगको वारा मूल नैवेद्य चढाउँनु । केरा वा समय अनुसारको फलका रसले अर्घ दिनु । ॐ नमः शिवायको जप ८६४ पटक गर्नु । यसरी पूजा गरी रात विताई सूर्योउदय हुने वितिक्कै शिवको पूजा गर्नु र भेटी दक्षिणा भोजन संकल्प गर्नु र यो मन्त्रले स्तुति गर्नु । मन्त्र जस्तै

तावकस्त्वॐतप्राणस्त्वच्चित्तोऽहँ सदा मृड ।
कृपानिधे इति ज्ञात्वा यथा योग्यं तथा कुरु ॥ १ ॥

अज्ञानाद्यदि वा ज्ञानाज्जपपूजादिकं मया ।
कृपानिधित्वाज्ज्ञात्वैव भूतनाथ प्रसीद मे ॥ २ ॥

अनेनैवोपवासेन यज्जातं फलमेव च ।
तेनैव प्रीयतां देवः शंकरः सुखदायकः ॥ ३ ॥

कुले मम महादेव भजनं तेऽस्तुसर्वदा ।
माभूत्तस्य कुले जन्म यत्र त्वं न हि देवता ॥ ४ ॥

यसरी पुष्पाञ्जली अर्पण गरेर आचार्यबाट टिका वा प्रसाद ग्रहण गरेर त्यसपछि पार्थिव भए शिवको विसर्जन नगर्ने । स्थापित प्राण पतिष्ठित भए क्षमा याचना गर्ने ।

क्षमापनः-
मन्त्रहीनं क्रियाहीनं विधिहीनं चयद भवेत् ।
तत्सर्व क्षम्यतां शम्भो प्रसीद परमेश्वर ।

विसर्जनः-
कायेनवाचा मनसेन्द्रियैर्वा बुध्यात्मनावानुसृतिस्वभावात् ।
करोमि यद्यत्सकलं परस्मै नमः शिवायेति समर्पयामि ॥

पछिव्रतको उद्यापन गर्ने । भोलि पल्ट वा तिथि जुराएर गर्नु वेश हन्छ ।

ब्रतीले गर्नु पर्ने- उद्यापन विधि

१. त्रयोदशीका दिन व्रतीले एक छाक हविष्यान्न खानु पर्दछ ।
२. चतुर्दशी चारप्रहर पूजा सक्नु ।
३. भोलि पल्ट औंसीका दिन (दिव्य मण्डल) शिवजीको नजिक होस्, लिङ्गको भद्र मण्डल वा सर्वतोभद्रचक्र निर्माण गर्नु १ शुभ घडा थाप्नु, सके सुवर्णको साँढे, शिव र पार्वतीको मूर्ति पूजागरी ब्राह्मणलाई दिनु । विधानले होम गर्ने, ब्राह्मणहरू र कन्याहरू तथा साधु सन्यासीलाई यथासक्य भोजन गराउनु र गाईदान गर्नु तथा दक्षिणा आदि ब्राह्मणलाई दिनू ।

यस्तो प्रार्थना गर्नू: पुष्पाञ्जलि लिनू ।
देव देव महादेव शरणगतवत्सल ।
व्रतेनानेन देवेश कृपा कुरुममोपरि ॥ १ ॥

मयाभक्तत्यनुसारेण ब्रतमेतत्कृतं शिव ।
न्यूनं सम्पूर्णतां यातु प्रसादात्तव शङ्कर ॥ २ ॥

अज्ञानाद्यदि वा ज्ञानाज्जपपूजादिकं मया ।
कृतं तदस्तु कृपया सफलं तव शंङ्कर ॥ ३ ॥

विसर्जनः-
कायेनवाचा मनसेन्द्रियैर्वा बुध्यात्मनावानुसृतिस्वभावत् ।
करोमि यद्यत्सकलं परस्मै नमः शिवायेति समर्पयामि ॥

यस्तो स्तुति गरेर पूष्पाञ्जलि गरी पुनः नमस्कार गर्ने र उद्यापन विसर्जन गरी- विदा गर्ने ।

यो शिव पुराणमा आधारित विधि हो । यो व्रत गर्नेहरूः-

१) गुरुद्रह (व्याधा)
२) वेधि (कुबेर)
३) गुण निधि
४) चण्डाली (सौमिनी ब्राह्मणी-पूर्व जन्म)

शिवमस्तु

पार्थिव शिव लिगं पूजा किन गरिन्छ :-

वि.सं.अ. १।२०।४७ देखि

कोटीमेकां तुलिंगानां यः करोति नरोभुवि ।
शिव एव भवेत्सोपि नात्र कार्या विचारणा ॥

पार्थिव पूजन - प्रयोग

हरो महेश्वर : शंभु : शूलपाणिः पिनाकधृक् ।
शिवः पशुपतिश्चैव महादेव इति क्रमात् ॥
मृदाहरणसंघट्टप्रतिष्ठानाव्हानमेव च ।
स्नपनं पूजनं चैव क्षमस्वेति विसर्जनम् ॥

संक्षिप्त पार्थिवेश्वर पूजा विधि

क) आसन शुद्ध हुनु पर्छ ।
ख) सकेसम्म उत्तर वा पूर्व मुख हुनु पर्छ ।
ग) ॐ केशावाय नमः, ॐ माधवय नमः ॐ नारायण नमः भनेर ३ पटक आचमन गर्ने र ॐ ऋषिकेशाय नमः भनेर हात धुने ।
घ) कर्मपात्र-कुशको पवित्र, औठि र अर्घपात्र बनाउने ।
ङ) निधारमा विभूतिको त्रिपुण्ड लगाउने
च) रुद्राक्षमालागलामालागाउने ।
छ) दियो, कलश र गणेशको पूजा गर्ने ।

त्यसपछि संकल्प गर्ने

ॐअद्य सकलश्रुतिःस्मृतिपुरोणोक्तफलप्राप्तिकामःलोककल्याणार्थम् अमुकगोत्रः अमुकशर्मा, साम्बसदाशिवप्रीतये सपरिवारः, सवान्धवः, सलोकः श्रीपार्थिवेश्वर.... पूजनमहं करिष्ये ।

ज) गुरुको नाम संझने, यथाशक्य "ॐ नमः शिवाय" को जप गरेर सूर्यलाई अर्घ दिने ।
झ) सर्व प्रथम गणेशको मूर्ति, कार्तिकेयको मूर्ति, र शंकरजीको मूर्ति वा लिङ्ग बनाउने र त्यस पछि ५ वटा माटोको सानो-सानो गोली लिई पार्वती, शेष, बालचन्द्र, भस्म र गंगा संझिएर शिव लिङ्ग वा मूर्तिमा लगाई दिने । तदनन्तरः ॐ हराय नमः भनेर माटो लिने, ॐ महेश्वराय नमः भनेर शुद्ध जलले माटो मुछ्ने, र शिव लिङ्ग बनाउने, ॐ शूलपाणये नमः साम्बसदाशिव इह, सुप्रतिष्ठितो भव भनेर स्थापना गर्ने ।

फूल लिएर ध्यान गर्ने

ॐ ध्यायोनित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं ।
रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ॥
पद्मासीनं समन्तात्स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं ।
विश्वाद्यं विश्ववीजं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

भनेर फूल चढाउने । "ॐ पिनाकधृषे नमः साम्वसदाशिव इहागच्छ" यसमा विराजमान हुनुहोस् भनेर आव्हान गर्ने ।

ॐ शिवाय नमः भनेर जल, अर्घ, आचमनीय दिने । अनि ॐ पशुपतये नमः भनी नुहाउने त्यसपछि नमः शिवाय भनी चन्दन, वस्त्र, जनै, धूप बत्ति, नैवेद्य, पान सुपारी, फूल -(केतुकेको फूल शिवलाई चढ्दैन) फूलमा वेलपत्र चाहि हुनै पर्ने आदि सबै चढाउंने । त्यस पछि ॐ नमः शिवाय को यथाशक्य जप गर्ने ।

पुष्पाञ्जलि लिने

नाना सुगन्धिपुष्पाणि यथाकालोद्भवानि च ।
पुष्पाञ्जलिर्मया दत्तो गृहाणं परेमेश्वर ॥

ॐ ऱ्हौं ह्रीं जूं सः नमः शिवाय पुष्पाञ्जलिं समर्पयामि । भनी चढाइ दिने ।

क्षमापन

मन्त्रहीनं, क्रियाहीनं, विधिहीनं चयद् भवेत् ।
तत्सर्व क्षम्यतां शम्भो प्रसीद परमेश्वर ॥

विसर्जन

सम्पूज्य शैलेन्द्रसुतासमन्वितं मृत्युञ्जयं चन्द्रकलाऽवतंसम् ॥
प्रशोभितं चारुमृगेन्द्रचर्मणा नमः शिवायेति विसर्जयामि ॥

ॐ ऱ्हौं ह्रीं जूं सः नमः शिवाय, महादेव कैलाशं गच्छ ॐ हरहर महादेव । भनी विसर्जन गर्ने ।

पानी लिएर समर्पण गर्ने

कायेनवाचा मनसेन्द्रियैर्वा बुध्यात्मनावानुसृतिस्वभावात् ।
करोमि यद्यत्सकलं परस्मै नमः शिवायेति समर्पयामि ॥

ॐ महादेवाय नमः भनेर विसर्जन गर्ने र सबै पार्थिव शिव लिङ्गलाई गंगा वा नदीमा सेलाई दिने ।

लक्ष्य अनुसार पार्थिवेश्वर पूजा एक हजार, एक लाख एक करोड शिव लिङ्गको पूजाको समाप्ति पछि त्यही दिन वा अन्य कुनै शुभ दिनमा उमामहेश्वरको प्रतिमा बनाएर पूजा गर्ने ।

शिवमस्तु

जान्नै पर्ने कुराहरू खण्ड

पूर्वीय दर्शन जुन विश्वको जननी दर्शन मानिन्छ त्यसको शूरुवात यस पृथ्वी लोकमा महर्षी पाणिनिबाट भएको शास्त्रहरुले बताउछन् । भनिन्छ लोकमा स्वर र वर्णको वा भाषाको आविस्कार थिएन । महर्षी पाणिनिलाई भाषा ज्ञान गरी जगतको कल्याण गर्ने मनसुवा हुँदा सृष्टि कर्ता ब्रह्मा, पालन कर्ता विष्णु संग ब्रह्मलोक र बैकुण्ठमा जादा पनि कुनै बोली वा स्वर नआएपछि कैलाश जानु भयो । पाणिनि आएको महादेवले बुझि यीनि भाषा ज्ञानका लागि आएका हुन भनि डमरु बजाउनु भयो , त्यहि डमरुको स्वरलाई पाणिनिले यसरी टिप्नु भयो । जुन यस प्रकार छन् ।

१) अ इ उ ण् (२) ऋ लृ क् (३) ए ओ ङ् (४) ऐ औ च् (५) ह य व र ट् (६) ल ण् (७) ञ म ङ ण न म् (८) झ भ ञ् (९) घ ढ ध ष् (१०) ज ब ग ड द श् (११) ख फ छ ठ थ च ट त व् (१२) क प य् (१३) श ष स र् (१४) ह ल ल् ।

यही १४ शूत्रलाई माहेश्वर शूत्र भनिन्छ । यही माथि उल्लेखित वर्ण समुदाय क ख ग .....ज्ञ सम्मलाई ब्यञ्जन वर्ण (consonant BCD....Z) र स्वर वर्ण अ इ उ.... औ । - (vowel AEIOU) बाट क ख रा , वर्ण, अक्षर , वर्णमाला आदिवर्ण समुदाय (Alphabet)बाट ब्याकरण (Grammer) तयार गरी पाणिनि महर्षिले भाषा तयार पार्नु भयो । यही संस्कृत भाषालाई विश्वको जननी भाषा मानिन्छ ।

"शिव"

शिवको अर्थ : कुनै सगुण महादेब कैलाशबासि होइन, यो त निराकार ब्रह्म परम तत्वको कुरा हो । खास यसको अर्थ हो कल्याण, अनुग्रह, श्रेष्ठ, उत्तम, सन्तोष, सुख, आनन्द, परमानन्द, अतिशूक्ष्मावस्था, ब्यापकावस्था, स्वरुपावस्था, आनन्दावस्था, निजावस्था, सहजावस्था, आत्मानन्दावस्था, अद्वैतावस्था, चैतन्य, चेतना, आकाश, विभु, व्योम, खं, चिन्मय, चिन्मात्र, दिव्य, निर्मल, निरज, अलौकिक, निर्विषेश, निरवयव, अव्यक्त आदि हो शिवको अर्थ ।

देहो देवाहयः प्रोक्तः स जीवः केवलः शिवः ।
त्यजेदज्ञाननिर्मात्यं सोऽहंभावेन पूजयेत् । २/१ मै.उ.

अर्थः-

देह भन्नु देवालय हो, जीव भन्नु केवल शिव हो । अतः अज्ञानको कुरै छाडिदेओस् र निर्मल बनी सोऽहं भन्ने भावले पूजा गरोस् ।

साथै शिवको अर्थ "आत्मा" पनि हो । गीता २ अध्याको २४ श्लोकमा यस्तो भन्नु भएको कृष्णले आत्मालाई :-

अच्छेद्योयमदाह्योयमक्लेद्योशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोयं सनातनः ॥ ***२।२४ गीता***

अर्थः-

आत्मा-अच्छेद्य, अदाह्य, अक्लेद्य, अशोष्य, नित्य, सर्वगत, स्थिर र सनातन हो ।

"राम"

रामको अर्थ : दशरथ पुत्र राम होइन । यसको अर्थ हो प्रशन्न, आनन्द, रमाउनु, स्वात्मराम आफ्नै आत्ममा रमाउनु आदि ।
जस्तै :
महादेवउवाच : रामरामेतिरामेतिरमेरामेमनोरमे ।
सहस्रनामतत्तुल्यंरामनामवरानने । उ.खं.ष.अ.७१ श्लोक ३३१ पद्मपुराण

एकश्लोक रामायणम्
आदौ रामतपोवनादिगमनं हत्वा मृगं काञ्चनं ।
वैदेहीहरणं जटायुमरणं सुग्रीवसम्भाषणम् ॥
बालीनिग्रहणं समुद्रतरणं लङ्कापुरीदाहनं ।
पश्चाद्रावणकुम्भकर्णहननमेतद्धि रामायणम् ॥

"कृष्ण"

कृष्णको अर्थ : बसुदेव, देवकी पुत्र होइन । ब्रह्मवैवर्त पुराणका अनुशार कृष्ण-तेजको राशि परिपूर्णतं ब्रह्म हो ।

कृष्ण जन्म खण्ड अध्याय १३ को ६३, ६४, ६५श्लोकले यस्तो बताउछ:-

१. क- को अर्थ ब्रह्मा

ऋ- को अर्थ शेषनाग

ष-को अर्थ शिव

ण-को अर्थ धर्म

अ-को अर्थ स्वेतदीपका विष्णु:- को अर्थ नर नारायण

२. कृष्-को अर्थ निर्वाण

ण- को अर्थ मोक्ष

अ-को अर्थ दाता

३. कृष्- को अर्थ निश्चेष्ट

ण- को अर्थ भक्ति

अ-को अर्थ दाता(निष्काम भक्ति दिने)

अन्य अर्थमा कृष्णको अर्थ कालो, रात, पाप, दुःख, अध्यारो आदिलाई पनि जनाउँदछ। कृष्ण पक्ष भनेको अध्यारो पक्ष नै हो। यस्ता कुराहरूको अर्थ कृष्णले देवकीको गर्भबाट द्वापर युगमा जन्मलिनु पूर्व नै निर्धारित थिए।

एक श्लोकी भागवत

आदो देवकी देव गर्भ जननं गोपी गृह वर्द्धनन्।
मायाश्वन जीव ताप हरणं गोवर्द्धनोध्दारणम्॥
कंसच्छेदन कौरवादि हननं कुन्ती सुतं पालनम्।
एतद्ध श्रीमदभागवतपुराण कथितं, श्रीकृष्ण लीलामृतम्॥

स्वागमैः कल्पितैस्त्वं च जनान्मद्विमुखान्कुरु।
मं च गोपय येन स्याच्सृष्टिरेषोत्तरोत्तरा॥ *(प.पु. ७१/१०७)*

अर्थः-

भगवान श्रीकृष्णले कलीयूगमा आफ्नो आगमनद्वारा लोकलाई मेरो प्रतीकुल बनाउनु र मेरो रक्षा गरेर जसबाट उत्तरोत्तर सृष्टिको रक्षा गराउन भनी श्रीकृष्णले आफ्नो विरोधमा आदी जगद्गुरु शंकराचार्यलाई भन्नु भएको छ।

ॐ

गीता - सार

जो हुवा, वह अच्छा हुवा,
जो हो रहा है , वह अच्छा हो रहा है ।
जो होगा,वह भी अच्छा ही होगा ।
तुम्हारा क्या गया - जो तुम रोते हो ?
तुम क्या लाय थे - जो तुमने खो दिया ?
तुमने क्या पैदा किया - जो नष्ट हो गया ?
तुमने जो लिया, यहीं से लिया ।
जो दिया, यहीं पर दिया ।
जो आज तुमारा है,
कल किसी औरका था ,
परसों किसी और का हो जायगा ।
परिवर्तन ही संसारका नियम है ।

मनुष्यले आफ्नो भावना अनुसार कर्म गर्दछन् र सोहि अनुसार सिद्धि प्राप्ति हुन्छ वा प्राप्त गर्दछन् ।
जस्तै :–
या दृशि भावना यष्य, सिद्धिर्भवति ता दृशि ।*"महाभारत"*

जानामि धर्मं न च मे प्रवृत्ति—
र्जानामि पापं न च मं निवृत्तिः ।
केनापि देवेन हृदिस्थितेन
यथा नियुक्तो ऽस्मि तथा करोमि ॥ ५८। पाण्डव गीता

मुनिका लक्षणहरु :-

कामैरहितधीर्दान्तो मृदुः शुचिरकिञ्चनः ।
अनितो मितभुक्शान्तःस्थिरो मच्छरणोमुनिः । *८/२ अवधूत गीता*

अर्थः-

जस्को वुद्धि कामना रहित, निस्काम छ, जस्ले बाहिरी इन्द्रियहरूलाई वशमा लिएका छन्, जो कोमल स्वभावका छन्, पवित्र रहन्छन्, थोरै मा गुजारा गर्छन्, इच्छा रहित एवं थोरै भोजन गर्छन्,

शान्त, स्थिर वुद्धि छन् र जो आत्माको शरणमा छन् तिनलाई नै "मुनि" भन्दछन् ।

कर्मत्यागे स्थिते वोधाज्जीवन्मुक्तो विवासन :।
गृहे तिष्ठत्वरण्ये वा शाम्यत्वभ्येतु वोदयम् ॥

६/३/३७ नि.प्र.उ.ख.यो.वा.

अर्थः–

ज्ञानबाट कर्मको त्याग भएपछि वासना रहित जीवनमुक्त पुरुष घरमा रहोस् या वनमा, धनादिले युक्त होस वा रहित होस् परन्तु उ सदा समान रहन्छ । उसलाई कुनै माया वा मोहले छुदैन ।

Meaning in english:-

After one has got rid of his action, and freed himself from further desire, he becames liberated for life (*jiwan-mukta*), whether he may dwell at home in the forests, and live in the poverty or wealthy, not so differents for Saint, Muni, Yogi, Fakir etc.

गेहमेवोवशान्तस्य विजनं दूरकाननम् ।
अशान्तस्याप्यरण्यानी विजना सजना पुरी ॥

६/३/३८ नि.प्र.उ.ख.यो.वा.

अर्थः-

ज्ञानद्वारा शान्त पुरुषलाई घर पनि (गृहस्थ) दूरवन जस्तै प्रतित हुन्छ , र अशान्त पुरुषको लागि भने जनशुन्य वन पनि अनेक जनयुक्त महानगरी तुल्य हुन्छ ।

Meaning :

The contented spirit (soul) is as solitary at home, as in the midst of the farthest woods; but the discontented mind find the solitary woods, to be as thickly thronged with the vexations as the circle of a families home.

योगीका लक्षणहरुः–

धैर्यं यस्य पिता क्षमा च जननी शान्ति चीरं ज्ञेहीनि ।
सत्यं सुनुरयं दया च भगिनी भ्राता मन संयम ॥

शैया भूमितलं दिशोऽपि वसनं ज्ञानामृतं भोजनम् ।
यतः यस्य कुटुम्बिनो वदसखे कस्मात भयं योगिन ॥ १२/११ चा.नी/ भतृहरी

अर्थः-

योगिहरुको लागि कुनै नीजि भौतिक परिवार भने हुदैनन् । उनिहरुको संसार र नाता भने यस किसिमको हुन्छ - धैर्यनै जसको बाबु, क्षमा नै आमा, शान्ति नै गृहणी, सत्यनै छोरा छोरी, दया नै दिदी-बहिनी, संयम मन नै दाजु-भाई, ओछ्यान नै पृथ्वी, ओड्ने नै आकाश, दशै दिशाको वस्ति र ज्ञानामृतको भोजन । यस्ता जसका कुटुम्बहरु छन् भने त्यस्ता **"योगी"** जनलाई कसको डर र के को चिन्ता ? आफुनै संसार र संसार नै आफु पूर्ण आनन्द हुन्छ उ ।

जस्तैः-

यो मां पश्यिति सर्वत्र सर्वं च मयि पश्यति । *गीता ६/३०*

अर्थः-

सबैमा मलाई देख्ने र म मा नै सबै देख्ने हुनछन् ।

साधुका प्रकार :-

१. मीरा - प्रतिकुल अवस्थामा पनि कृष्ण भजन गर्थिन ।
२. राम - कर्तव्य र साधना पथमा अविरल हिड्नुहुन्थ्यो ।
३. भरत - राज्य पाएर पनि आफूले लिनु भएन ।

को साधु कसरी बने :-

१. राम - कैकइको बातले ।
२. भरत - रामको आघातले ।
३. विभिषण - रावणको लातले ।

एक एव पदार्थेषु त्रिधा भवति विक्षित ।
कुणप कामिनि मांस कामि भि, योगीभि स्व भी : ॥ १४/१७ चा.नी

अर्थ :-

एक पदार्थलाई मानिसको विक्षित दृष्टिकोणले तीनथरी ठहराउँछन् । जस्तै कामिनि(तरुणी)को मासुको टुक्रा(योनी)लाई कामि

पुरुषहरूले अतृप्त काम बासनाका कारण रसद्वारा भरिएको माउरीका महको चाकामा झींडा डुवे जस्तै डुब्ने गर्छन्, त्यसैलाई योगीजनहरू कुहीएको गनाउने मासुको टुक्राको दृष्टिले हेर्छन्, कुकुरले आफ्नो खाने आहाराको रुपमा हेर्छन् ।

दुर्जनं प्रथमं वन्देत् सज्जनं तु तदन्नरम् ।
मुख प्रक्षालनं पूर्वं गुद प्रक्षालनं यथा ॥

अर्थ :-

पहिलो दुर्जनलाई मान्नु, अनि सज्जनलाई किनकी मुख धुनु पूर्व बिहान गुदद्वार धुनु जस्तै हो । किनकी मानिसले पहिले उठ्ने वित्तिकै दिशा गर्छ र गुदद्वार धुन्छ। त्यसपछि मुख एवं स्नान गर्दछ ।सज्जनलाई मान्नु नमान्नुले केही अर्थ राख्दैन तर दुष्टलाई मानेन भने झगडा गरेर विघ्न पार्छ। जस्तो दिशा नधोइ मुख राम्रो गरेर वस्यो भने पनि गनाइ रहन्छ। त्यसैले गुदद्वार पहिले धुनु र दुष्टलाई पहिले मान्नु भनेको । दुष्ट र गनाउने चीज बाट टाढा रहनु भनेको हो ।

आत्मज्ञानीका लक्षणः-

अप्रमत्तो गभीरात्मा धृतिमाञ्जितषड्गुणः ।
अमानी मानदःकल्पो मैत्रःकारुणिकःकविः ॥ *८/३ अवधूत गीता*

अर्थः-

जो प्रमाद देखि रहित छन्, गम्भीर स्वभाव भएका, धैर्य युक्त, छन् । विकारलाइ जसले जितेका छन्, अभिमान रहित, अर्कालाइ मान दिने, मित्रता पूर्वक व्यवहार गर्नेहरू, करुणावान्, दयाशील जो छन् तीनैलाई नै "आत्मज्ञानी" भन्दछन् ।

त्यस्ता आत्मा ज्ञानमा पुगेकाहरूले यस्तो विचार राख्ने गर्दछन् भनीयी श्लोकमा उल्लेख छ जस्तै :-

सन्तोषः परमो लाभः सत्संग परमा गति ः।
विचारः परमं ज्ञानं शमो हि परमं सुखम् । *२/१६/१९ यो.बा.*

अर्थः-

सन्तोष नै परमं लाभ हो, सत् संगति नै परम् गति हा,` विचार नै सबै भन्दा उत्तम ज्ञान हो र शम नै सर्बोपरि सुख हो ।

आरोग्यपरमा लाभा–यन्तुट्ठि परम. धनं ।
बिस्सास परमा ञाती – निब्बानं परमं सुखं ॥ *ध.प २०४*

अर्थः-

निरोगी हुनु परम लाभ हो, सन्तोष नै परम धन हो, विश्वास सब भन्दा ठूलो बन्दु हो र निर्बाण नै परम सुख हो ।

यस्तो निर्बाण पदमा पुगेका साधु, ज्ञानी एवं मुनिजनहरू भगवान वुद्ध यसरि जिउछन् या बाँच्दछन् ।

जस्तै :–

अक्कोधेन जिने कोधं – असाधुं साधुना जिने ।
जिने कदारियं दनेन– सच्चेन अलिकवादिनं ।*ध.प २२३*

अर्थः-

क्रोधिलाई अक्रोधले जित्नु, नराम्रो गर्नेलाई राम्रो कामले जित्नु, कृपणीलाई दानले जित्नु र असत्येबादिलाई सत्यले जित्नु । यसरि महामानवहरूको जीवनचर्या ब्यतिथ हुन्छ ।

यसरि यस्तै जीवनचर्या ब्यथित गदै आउनु भएका नेपाल महाकबि लक्ष्मी प्रसाद देबकोटा जसलाई यात्री कविताका वारेमा नास्तिक पनि भन्ने गर्दथे वहाँले आफ्नो जीबनको अन्तिम कालमा यस्तो लैख्नु भएको छ ।

जस्तैः–

संसार रुपि सुख स्वर्ग भित्र
रमे रमाएँ लिई भित्र चित्र ।
सारा भयो त्यो मरुभूमि तुल्य
रातै परे झैं अब बुझ्छु बल्ल ॥

रहेछ संसार निशा समान
आएन ज्युँउदो रहँदा नि ज्ञान ।

आखिर श्रीकृष्ण रहेछ एक
न भक्ति भो ज्ञान न भो विबेक ॥

जन्मे म यो स्वर्ग विषे पलाएं ।
आँखिर भै खाक त्यसै विलाएं ॥
संस्कार आफ्नो सव नै गुमाएं ।
र शून्यमा शून्यसरी विलाएं ॥

यसरि ईश्वर तत्वलाई हरेक महामानवले अगिकार गरेका छन् । जो अन्तमा आस्तिक वा नास्तिक जोसुकै किन नहुन उसले ईश्वर वा अल्लाहलाई स्मरण गर्नै पर्छ । किनकी अन्तिम सत्य यही नै हो ।

अझ नेपालका मुर्धन्य कवि एवं नाटक सम्राट बाल कृष्ण सम यस्तो लेख्नु हुन्छ,

जस्तैः-

"ज्ञान मर्दछ हासेर
रोई विज्ञान मर्दछ " ।

यस्ता व्यक्ति कस्तो हुन्छन् त भने, कवि शिरोमणी लेखनाथ पौडेल लेख्नु हुन्छ,

जस्तैः-

"उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुंकेको कहाँ छ र "।

अर्थः-

उपकार एवं लोक कल्याणमा लागेका व्यक्तिहरू सदा विनम्र र सद्भाव लिई समग्र कल्याणको बाटोमा लागिरहेका हुन्छन् । उनिहरू दिन मात्र जान्दछन् लिन जान्दैनन् जस्तैः- लटरम्ब फलेको फलको बृक्ष नुगेको हुन्छ उसले समाजलाई मिठा-मिठा फल दिन्छ तर आफु भने समाजबाट केही लिदैन । त्यस्तै समाजको कल्याण मात्र गर्न चाहने व्यक्ति वा महापुरुषहरू आफु लिन जान्दैनन् दिने मात्रै गर्दछन् र आफु नाङ्गै रमाउछन् । यस्ता पुरुषलाई महापुरुष भन्दछन् ।

ईश्र्वराणां वचः सत्यं तथैवाचरितं क्वचित् ।
तेषां यत् स्ववचोयुक्तं बुद्धिमांस्तत् समाचरेत् ॥ *१०/३३/३२ भागवत्*

अर्थः–

कृष्ण भन्नुहुन्छ, ईश्वरले गरे जस्तो गर्छु भन्नु वा सक्नु कठिन हुन्छ तर आचरण वा मर्यादा भने गर्नुपर्छ । रामको जस्तो मर्यादित हुनु पर्छ तर कृष्णको जस्तो कार्य गर्न भने कठिन हुनछ ।

जस्तैः-

"बडाले जे गऱ्यो काम हुन्छ त्यो सर्ब सम्मत ।
छैन शंकरको नङ्गा मगन्ते भेष निन्दित ॥"

कवि शिरोमणि लेखनाथ पौडेल ।

अर्थः-

यिनै शंकर महा दानि एवं लोक कल्याणकारि हुन जसले हलाहल कालकुट बिषलाई पिएर कण्ठमा राख्न सक्नु भयो भने आफ्नी अर्धाङ्गिनि पार्बतिलाई रावणलाई दिएर संसारमा उत्कृष्ट नमूना दिन सक्नु भयो । यस विषयको ब्याख्या गर्दा ठूलो किताब बन्ने भएकोले यतिमै अस्तु ।

अझ थप गरे हुन्छ यस्ता महापुरुषका अगाडि सठ पुरुष परे भने कवि शिरोमणी लेखनाथ पौडेल यस्तो उपमा दिदै कविता लेख्नुहुन्छः-

जस्तैः-

म खाउँ मैं लाउँ सुख सयल वा मोज म गरुँ ।
म बाचु मै नाचुँ अरु सव मरुन दुर्बलहरू ॥
भनीदाह्रा धस्ने अबुझ सठ देखि छकःपरि ।
चिता खित्का छोडि अभयसित हाँस्यो मरी मरी ॥

कवि शिरोमणि लेखनाथ पौडेल ।

अर्थः-

म मात्रै खाऊँ, लाऊँ, सुखसयल वा मोज म गरौ, म मात्र बाँचौ, नाचौ अरु दुर्वल सव मरुन भन्ने सठहरू देखि चिता पनि यस्ता देखि घृणाले हाँस्दछ । संसारमा जसले अरुको कल्याण जान्यो त्यही ब्यक्ति मुक्त भयो र सर्वत्र कल्याण गऱ्यो ।

अझ कवि शिरोमणी लेखनाथ पौडेलको चेतावनि स्वरुप अर्को यस्तो श्लोक छ जस्तै :–

भर्दा भर्दै हजारौं विषय-सुख- घडादेह लंतन्न पर्दा ।
झर्दा सम्पूर्ण सेखि तुजुक, पवनले निस्कने जोड गर्दा ॥
सर्दा आपस्त डर्दै परपर धमिलो नाचको अन्त्य पर्दा ।
गिर्दामा साथ जाने कुन कुन चीज हुन? सम्झ ती कामगर्दा ॥

अन्य महापुरुषहरुका बारे:-

विगत इतिहासका दुई महापुरुषका बारेमा धेरैलाई ज्ञान छ ती हुन् महाराज भोजका दरबारका महाकवि कालीदास र महाराज अकबरका दरबारका मन्त्री वीरबल। वीरबलको कथा धेरै छन् यहाँ अहिले तिनका वर्णन गर्दिन तर एउटा कुरो के थियो भने उहाँका कुराले संसार हास्थ्यो तर उहाँलाई अरुको कुराले विशेष परिस्थितिमा बाहेक हँसाउनै सक्दैनथ्यो। अकबरको राज्यमा बाह्र वर्ष पानी परेन वीरबल हाँसे पानी पर्छ भनी धेरै हास्यकारहरूलाई झिकाइ कुरा गर्दा पनि उहाँ हास्नुभएन। अकबरले राष्ट्र संकटमा पर्दा पनि नहास्ने भनेर देश निकाला गरिदिए। वीरबल दरवारबाट बाहिर निस्के र धेरै पर पुगे रात पऱ्यो पाटीमा बास बसे। राति एक कुनामा वीरबल बसेका थिए भने संयोगबस एक कुनामा उखु बेच्ने भरिया, एक कुनामा युवक युवती, एक कुनामा गधा हराएको धोबी। यी तीन कुनामा बसेर रात बिताउने यात्रीहरूको आफसी प्रसंग र घट्ना.....ले वीरबल हाँसे। त्यही रात ठूलो पानि पऱ्यो।

यता राजा भोजका दरवारका महाकवि कालिदास बिना प्रसंग जवाफ नै दिँदैनथे। सभा आदिमा कालिदासलाई घतपर्ने प्रसंग आएपछि मात्रै उनको जवाफ हुन्थ्यो। राजा भोजले बिना प्रसंग मूर्ख व्यक्तिको लक्षण कस्तो हुन्छ भनेर सोधे कालिदासलाई, बिना प्रसंग भएकोले उनी कहिल्यै जवाफ दिँदैनथे। एक दिन कालिदस नजिकै हुनुहन्थ्यो राजाले जानी जानी कालिदासलाई बकाउन अन्य मन्त्री र भारदार सँग कुरा गरेजस्तो गरेर के गर्ने हाम्रो त दरबार कै महाकवि भन्ने नै मूर्ख छन् ! बल्ल कालिदासलाई रिस उठ्यो अनि यस्तो श्लोक भन्नु भयो:-

खादन्न गच्छामि, हसन्न जल्पे
गतं न सोचामि, हतं न मन्ने ।
द्वाभ्यां तृतीयो न भवामि राजन
किं कारणं मूर्ख भवामि राजन ॥ *१२/१ च.नी*

मूर्खको अर्थ राजा भोजले यसरी पाए । मूर्ख कस्तो हुन्छ रे भने, "बाटो हिड्दा खाँदै हिड्ने, अर्काले पानी खाइरहेको बेला हसाँउने, हिड्दै गर्दा मनमा कुरा सोच्ने, आफ्नो मनलाई मार्ने वा आत्महत्या गर्ने, दुई जना कुरा गरिरहेको बीचमा तेस्रो भएर जाने यस्ता व्यक्ति मात्रै मूर्ख हुन्छन् ती कारण म मा छैनन् राजन म कसरी मूर्ख भएँ ।

शिवव्रतैकनिष्ठस्यनाशौचंनसूतकम.।
ललाटेऽग्रेसितंभष्मतिलकंधारयेन्मृदा ॥

वि.सं.१/१८/८२ शिवपुराण

अर्थः-

जसको शिवव्रतमा निष्ठा छ, शिबको लिङ्ग वा सगुण मूर्ति स्थापना गरी प्राण प्रतिष्ठा गरेको छ ,त्यसले शिबको नित्य पूजा गर्ने पर्छ, शिब पूजा टुटाउनै मिल्दैन । त्यस्ता निष्ठावानलाई जुठो सूतक लाग्दैन । साथै ब्रह्मचारि, सन्यासी र राजालाई पनि जुठो सूतक लाग्दैन ।जसले ललाटको अग्रभागमा सेतो विभूति, भष्म वा माटोको तिलक धारणा गरेको होस ।

यथेष्टंलिंगमारोप्यंयत्रस्यानित्यमर्चनम् ।
पार्थिवेनतथाप्येनतैजसेनयथारुचि ॥ *वि.सं.१/११/३ शिवपुराण*

अर्थः-

जुन ठाउमा शिवको लिङ्ग वा सगुण मूर्तिको स्थापना र प्राण प्रतिष्ठा हुन्छ, त्यो लिङ्ग वा मूर्ति पृथ्वि संवन्धि कुनै धातु वा पदार्थ,जे को भए पनि त्यो स्थापना गर्ने कर्ताले शिवको नित्य पूजा गर्ने पर्छ । शिव पूजा खालि गर्न पाइदैन, शिव स्थापना गर्नेले आफु मरेमा मात्र गर्दैन, होइन भने वावु -आमाको किरीया बस्ता पनि मानस पूजा भने गरिएकै हुनु पर्छ ।

तर जवसम्म तीर्थ आदिमा पार्थिव शिव लिङ्ग बनाएर पूजा गरिएकोमा नित्य पूजा गर्नु पर्दैन । पूजा गरी सकिएपछि **"कैलाश गच्छ महादेव"** भनि मन्त्र वा शव्दले विर्सजन वा विदा गर्नु पर्छ । तर के

गर्ने यस्तो तीर्थ,तलाउ,गंगा आदिमा भक्तले पार्थिव लिङ्ग वनाएर छोडेर हिड्छन् यो चाहि अपराध हुन्छ। शिवको आह्वान गरेर पूजा भएपछि शिव त्यही स्थिर हुनु हुन्छ, तर कैलाश जाउ भनेर विदा गरिदिनै पर्छ। नगरेमा त्यही पूजा विना शिव भोकै रहनु हुन्छ।
अब विभिन्न वेलामा मान्यजनले दशैं वा अन्य यज्ञ यज्ञादी कार्य गर्दा

महिला वा पुरुषलाई दिने आशीर्वचन :-

ॐश्रीर्वर्चस्व मायुष्य मारोग्य माभिधात् पवमानं महीयते।
धनं धान्यं बहुपुत्रलाभंशतसंवत्सरं दीर्घमायुः॥
ॐमन्त्रार्थाः सफलाः सन्तुपूर्णाः सन्तु मनोरथा।
शत्रुणां क्रोधनाशोऽस्तु मित्राणामुदयस्तव॥
आयुर्द्रोणसुतेश्रियो दशरथे शत्रुक्षयो राघवे।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने॥
शौर्यं शान्तनवे बलंहलधरे सत्यं च कुन्तिसुते।
विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे॥
ब्रह्मा करोति दीर्घायु विष्णु करोति संपदः।
हर हर तु पापाणी गात्रौं रक्ष तु चण्डीका॥

अब विभिन्न वेलामा मान्यजनले दशैं वा अन्य यज्ञ यज्ञादि कार्य गर्दा महिलाई दिने आशीर बचन :-

ॐश्रीर्वर्चस्व मायुष्य मारोग्य माभिधात् पवमानं महीयते।
धनं धान्यं बहुपुत्रलाभंशतसंवत्सरं दीर्घमायुः॥
ॐमन्त्रार्थाः सफलाः सन्तुपूर्णाः सन्तु मनोरथा।
शत्रुणां क्रोधनाशोऽस्तु मित्राणामुदयस्तव॥
जयन्ति मंगला काली भद्रकाली कपालिनी।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमस्तुते॥
जयेतु देवी चामुण्डे जय भयार्ति हारिणी।
जय सर्बगते देवी दुर्गा देवी नमस्तुते॥

बद्रिकाश्रममा ब्रह्म कपाल गरेपछि दोऱ्याएर पुन श्राद्ध एवं पिण्ड दान कर्मगर्नु पर्दैन। यस्तै शिखर नाथ सुवेदीको शिखर भाष्यमा पनि स्पष्ट उल्लेख छ।

पिण्डं कृत्वा विशालायां
पितृनुद्धिश्य भामिनि ।
अन्य तीर्थे न च श्राद्धं,
केवलं तर्पणमाचरेत् ॥

अर्थ :-

शिवजी पार्वतीलाई भन्नुहुन्छ :- हे भामिनि ! कुनै पनि मानिसले आफ्नो पितृ मोक्षका लागि बदरीका आश्रमको ब्रह्मकपालमा पिण्ड, तर्पण आदि तीर्थ श्राद्ध कर्म गरेपछि उसको पितृ सबै मुक्ति हुनेछन् । तसर्थ अन्य तीर्थ वा घर आदिमा पिण्डदान दिनु वा गर्नु पर्दैन तर तर्पण आदि भने गरे गराए हुन्छ । पुनः श्राद्ध एवं पिड दान गर्नु भनेको मुक्त पितृलाई पुनःतल झार्नु, मोक्षबाट वञ्चित गर्नु हुनेछ । त्यसकारण ब्रह्मकपालमा पिण्ड दान गर्नेले पुनः पिण्डदान कहिपनि गर्नुहुन्न । पुनः पिण्डदान गरे पितृ मोक्षको लागि पुनःब्रह्मकपालमा गइ पिण्ड दिएर श्राद्ध गर्नुपर्ने हुन्छ ।

यी कुरा बदरीका आश्रमको ब्रह्मकपाल गर्ने ठाँउको शीला पत्थरमा लेखिएको छ र ब्रह्मकपाल महात्म्य आदिमा उल्लेखित छन् साथै ब्रह्मकपालमा श्राद्ध गर्ने पण्डाहरू(पण्डित) पनि आशीर्वाद दिँदै भन्ने गर्छन् अब तिम्रा पितृहरू तिमीभन्दा माथिका सबै मोक्ष भए । अब तर्पण र भोजनहरू गराउनु श्राद्ध एवं पिण्ड नदिनु भनि भन्दछन् ।

येषु तीर्थेषु यच्छ्राद्धं तत्कोटिगुणमिष्यते ।
गयायां यत्तुवै श्राद्धं तच्छ्राद्धमपवर्गदम् ॥ *(प.पु. १/११/८२)*

अर्थः-

जुन जुन ५५ तीर्थहरुमा जुन श्राद्ध वाताइएको छ त्यसको करोडौ गुना फल गया श्राद्धमा प्राप्त हुन्छ । गयामा गरेको गया श्राद्धले पितृ मोक्ष हुन्छ ।

दुईवटा कृष्णका वारेका गीता श्लोक यहाँ स्मरण गराउन चाहन्छुः-

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥ *९/११ गीता*

अर्थः-

मेरो परमभाव स्वरुप ईश्वरलाई नजान्ने मूढ मानिसहरु मलाई मानव शरीरको आधारवाला र तुच्छ सम्झन्छन्। त्यस परम भाव आत्मामा म स्थित छु। तर छु त मानव शरीर नै।

कृष्णले अर्जुनलाई दिएको गीता उपदेश मेरो नभएर ऋषि,वेद र ब्रह्म शुत्रहरुले बताएका ज्ञान भनि रहेको छुं।

जस्तैः-

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥ *१३/ ४ गीता*

अर्थः-

कृष्ण भन्नु हुन्छ, हे अर्जुन ! तिमिलाई मैले जे भनिरहेको छु मेरो आफ्नो कुरा मात्र नभएर महर्षि, वेदान्त र ब्रह्मशुत्र आदि ऋषिहरुले पहिलै गाएका ज्ञानहरु तिमिलाई भनिरहेको छु।

चार वर्णाश्रमको सिधा थर :-

१. ब्राह्मण को शर्मा
२. क्षत्रिय को बर्मा
३. वैश्य को देव
४. शूद्र को दास

कसले कसलाई त्यागेः-

१. शिव ले सती(श्रीमति) लाई
२. भरत ले आमा लाई
३. बली ले गुरु (शुक्र)लाई
४. गोपीनी ले पति लाई
५. प्रल्हाद ले पिता (हिरण्य कश्यपु)लाई

चार वाणी

१. परा- वाणी- नाभिमा पर्छ
२. पश्यन्ति -वाणी -पेटमा पर्छ
३. मध्यमा- वाणी- घाटीमा पर्छ
४. वैखरी -वाणी - मुखमा मर्छ (जुन बाह्रखरी हो)

चार नव रात्रीहरू

१. चैत्र शुक्ल -अष्ठमी (चैते दशै)
२. आषाढ शुक्ल -अष्ठमी
३. आश्विन शुक्ल - अष्ठमी (वडा दशै)
४. माघ शुक्ल - अष्ठमी

चार महारात्रीहरू :-

१. भाद्र कृष्णअष्ठमी-मोहरात्री कृष्ण जन्म
२. आश्विन शुक्ल अष्ठमी - कालरात्री बडादशै
३. कार्त्तिक कृष्ण औंसी - सुख रात्री गाई तिहार, लक्ष्मी पूजा
४. फाल्गुण कृष्ण चतुर्दशी - महाशिवरात्री

चार युगका जनैको प्रकारहरू

कृते पद्ममयं सूत्रं त्रेतायां कनकोद्भमम् ।
द्वापरे राजतं प्रोक्तं कलौ कार्पाससम्भमम् ॥

शीखरनाथ भाष्य

अर्थ :-

सत्य युगमा कमलको डाँठको, त्रेतामा सूनको तार, द्वापरमा चाँदिको तार, कलिका कपासको (धागोको) जनै लगाउनु उत्तम मानिन्छ ।

कसको गुरु को ?

गुरुरग्नि द्विजातीनां वर्णानां ब्राह्मणो गुरु : ।
पतिरेको गुरुः स्त्रीणां सर्वत्राऽभ्यागतो गुरु :।

११३। हितोपदेश

अर्थ :-

द्विजातिहरू (ब्राह्मण, क्षेत्रिय, वैश्य) का लागि अग्नि गुरु हुन्छन्, सबै बर्णका लागि ब्राह्मण गुरु हुन्छन्, तथा स्त्री जातिका लागि उनका पति मात्र गुरु हुन्छन् र अतिथिहरू त सबैका लागि गुरु समान सत्कार योग्य हुन्छन् ।

अमन्त्रोमक्षरोनास्ति नास्तिमुलोनषौदकम् ।
अयोग्यो पुरुषोनास्ति तत्र योजक दुर्लभ ॥

अर्थ:-

मन्त्र नभएको कुनै अक्षरै छैन, औषधि नभएको कुनै वनस्पति छैन, संसारमा कुनै पनि पुरुष, नारी अयोग्य छैनन् यस्तो सृष्टि छ ब्रह्माजीको तर यसलाई प्रयोग गर्न जान्नु पर्छ ।

कसको के मा परीक्षा :-
धनञ्जये हाटक सम्परीक्षा
महारणे शस्त्र भृतां परीक्षा ।
विपत्तिकाले गृहिणी परीक्षा
विद्यावतां भागवते परीक्षा ॥

१९२। नीतिपञ्चशती

अर्थ :-

अग्निमा सुनको परीक्षा, ठूलो लडाई मा शस्त्रधारीहरूको परीक्षा, विपत्ति परेको बेला गृहिणी (पत्नि) को परीक्षा हुन्छ भने विद्वानको भागवत पुराणमा परीक्षा हुन्छ ।

चार युगका कृत्याहरू
कृते कृत्या रेणुकादेवी(सतीदेवी) त्रेतायां जानकी तथा ।
द्वापरे द्रौपदी कृत्या कलौ कृत्या गृहे गृहे ।-*सु.भा. ।*

अर्थ :-

सत्य युगकी कृत्या रेणुकादेवी(सतीदेवी)को कारण राजा कार्तवीर्य आदि र दक्षको यज्ञ विनाश हुँदा हजारौं देव, मनुष्य आदिको नाश भयो, त्रेतामा सीताको कारण रावणादि फौजको नाश भयो, द्वापरमा द्रौपदीको कारण १८ अक्षौहिणी फौजको नाश भयो भने कलिमा घरघरमै कृत्या हुनेछ कलह र नाश भइरहनेछ । कलिको अर्थ नै कलह हो, पाप हो ।

ब्राह्मण चार किसिमबाट हुन्छन् :

१. कुल परम्परा -(वंशज)बाट
२. स्वाध्याय -बाट
३. श्रवण - बाट
४. प्रवृत्ति -बाट

सनातनको अर्थ

स-सत्यम् ज्ञान अनन्तं ब्रह्म
ना- नायं ज्ञान अनन्तं ब्रह्म
त- तत्वं ज्ञान अनन्तं ब्रह्म
न- नयनानन्दं ज्ञानं अनन्तं ब्रह्म

चार युगका चार नीति

१. सत्य मा मनुस्मृति
२. त्रेता मा गौतमास्मृति
३. द्वापर मा शंखलिखितस्मृति
४. कलि मा पारासरस्मृति

चार युगका मनुष्यहरुका आयुको मान–

महाभारतमाभीष्मपर्वको १० अध्यायमामनुष्यहरुको आयुमानबारे बर्णनन् गरिएको छ ।

जस्तै :-

चत्वारि तु सहस्त्राणि बर्षाणां कुरुसत्तम ।
आयुः संख्या कृतयुगे संख्याता राजसत्तम ॥१०/५म.भा.भी.प

अर्थः-

संजयले धृतराष्ट्रलाई भन्नु हुन्छ– हे कुरुश्रेष्ठ ! सत्ययुगका मनिसहरुको आयुको मान चार हजार बर्ष थियो ।

तथा त्रीणि सहस्त्राणि त्रेतायां मनुजाधिप ।
द्वे सहस्त्रे द्वापरे तु भुवि तिष्ठति साम्प्रतम् ॥१०/६म.भा.भी.प

अर्थः-

हे मनुजेश्वर (राजा) ! त्रेतायुगका मनुष्यको आयुको मान तीन हजार बर्षको र द्वापर युगका मनुष्यको आयुको मान दुई हजार बर्षको हुन्छ । जो यस समयमा विद्यमान छन् ।

न प्रमाणास्थितिर्ह्यस्ति तिष्येऽस्मिन भरतर्षभ ।
गर्भस्थाश्च म्रियन्तेऽत्र तथा जाता म्रियन्ति च॥ १०/७म.भा.भी. प

अर्थः-

हे भरत श्रेष्ठ ! यो कलि युगमा मनुष्यहरुको आयु प्रमाणको केही मर्यादा हुदैन । यहाँ गर्भको बच्चा, नवजात शिशु, किशोर आदिको पनि जुनसुकै उमेरमा मृत्युको प्राप्त हुने छन् । तर पनि कलिको आयु मा श्रीकृष्णको पनि सय बर्षमा जरा नामको ब्याधा बाट हत्या भएकोले आशीर्वचन लिदा **"शतसंवत्सरं दीर्घमायुः"** भनि सय बर्ष सम्म बाचे भन्ने चलन चलि आएको छ ।

चार युगका मनुष्यको आयु र उचाई ऋषि परम्परा अनुसार

आयु	उचाई
१. सत्य मा १००० वर्ष	२१ हात
२. त्रेता मा ५०० वर्ष	१४ हात
३. द्वापर मा २५० वर्ष	७ हात
४. कली मा १०० वर्ष	३.५ हात

कुन देवतालाई कुन फूल र पत्र चढाउनु हुन्न

१. शिव लाई केतकी
२. विष्णु लाई धतुरो
३. गणेश लाई तुलसी पत्र
४. सूर्य लाई बेलपत्र
५. देवी लाई दूवो

चार लक्षका महापुरुषहरू

१. को हो राम - जो शिवको मनमा रमाउनुहुन्छ
२. को हो लक्ष्मण - जो सधै लक्षमा लागिरहन्छन्
३. को हो सीता - जो शान्तिमा रमाउनुहुन्छ
४. को हो रावण - जो सधै अरुलाई रुवाउछ

भागवतको अर्थ

भा- प्रकाश (ज्ञान) शास्त्र
ग- गतिशील शास्त्र
व- वरिष्ठ शास्त्र
त- तत्व ज्ञान शास्त्र

अवधूतको अर्थ

अ- आशा रहित आसापास बाट मुक्त
व- बासनारहित वासना बाट मुक्त
धू- धूलो मा रमाउने धूलो फूलोमा रहने
त- तत्व ज्ञानी तत्व चिन्तन गर्ने

चार किसिमका मानिसहरू सफल हुन्छन्

१. धैर्य भएका
२. सूज-बूझ भएका
३. बुद्धि भएका
४. पराक्रम भएका

चार किसिमको चिन्तन

१. **स्पर्श चिन्तन** - कुखुरा को जसले फूललाई छोपेर २२ दिन ओथरा वसेपछि चल्ला काड्छ ।
२. **दृष्टि चिन्तन** - माछाले फूललाई हेरेर ओथरा गर्छ र भूरा निकाल्छ ।
३. **मानस चिन्तन** - कछुवाले फूल पार्छ फूल कहाँ छ थाह हुन्न तर मेरो फूल छ भनेर मनले चिताइरहेको भरमा बच्चा निकाल्छ ।
४. **भय चिन्तन** - कुमालकोटीको भाले पोथि हुन्न तर अन्य किरा जस्तै झुसिलकिरा, फट्यंग्रा, पुतली आदिलाई लगेर गुणमा राखि तर्साएर कुमालकोटी बनाउछ ।

व्याघ्राणां महति निद्राः सर्पाणां महतिं भय ।
ब्रह्ममाणानामनैकत्वं तेन जीवन्ति जन्तव : ॥

अर्थः- बाघलाई बढी निन्द्रा नआउने भए, सर्पलाई डर नहुने भए र ब्राह्ममणहरूमा एकता नभएको कारण नै संसारमा प्राणिहरू जीवित रहन्छन् । अझ यसको अर्थ यसो पनि छः- बाघ बढी निदाउने, सर्प वढि डराउने र ब्राह्मणहरूमा एकता नहुने भएकालेनै मानिसहरू निर्भयताका साथ बाच्न सफल भएका छन् ।

वीर मानिसको २ शत्रु र २ मित्रु हुन्छ

२ शत्रुः-

१. निन्द्रा
२. थकान

२ मित्रु:-

१. परिश्रम

२. सावधानी

ईसाइको अर्थ

१. ईश्वरको अनुयायी

२. सत्य ईश्वर हो ।

३. प्रेम ईश्वर हो ।

मुस्लिमको अर्थ

१. इश्लाम - शान्तिमा विश्वास गर्ने, अल्लाहलाई आत्मसमर्पण गर्ने, एक मात्र अल्लाह प्रति पूर्ण विश्वास गर्ने र मुसल जस्तै दृढ ।

हिन्दुको अर्थ :-

पञ्चखाना: सप्रमीरा नव साहा महावला ।
हिन्दु धर्म प्रलाप्तारो जायन्ते चक्रवर्तिन : ॥
हीनश्च दुषयत्मेव हिन्दुरित्युच्यते प्रिय ।
पूर्वाम्नीय नव सतां षडशीति प्रकीर्तिता ॥ *मेरुतन्त्र ३३प्र*

हिनोति धर्म विज्ञानं नयत्यात्मानमुन्नतिम् ।
दुनोति दुष्टवृत्तस्थान सह वै हिन्दु इतिस्मृत : ॥ *प्राचिन हिन्दु विज्ञान*

हीनंदुष ये ति इति हिन्दु - *शव्दकल्पद्रुम कोष*

हीनंतेज ये ति इति हिन्दु - *मेदनी कोष*

ॐकार मुलमन्त्रद्य : पूनर्जन्म दृढाशय :।
गोभक्तो गुरुभक्तश्च हिन्दुहिनत्वदुषक :॥

अर्थ :-

हिन्दु भनेको माथि उल्लेखित श्लोकहरूबाट प्राय:एउटै अर्थ हुन आउँछ त्यो अर्थ हो "ॐकारलाई मूल मन्त्र मान्ने, पूनर्जन्ममा विश्वास गर्ने, गाई र गुरुका भक्तहरूका साथै "हिन" को अर्थ खोटापन

नभएको, "दु" को अर्थ द्वेष रहित कसैमा पनि द्वेष, राग नभएका, निर्मल चित्तका सभ्य(आर्य) जातिका मनुष्यहरूलाई नै "हिन्दु" भनेर भनिन्छ ।

पूर्वीय दर्शनमा हिन्दु भनेर ६०० बर्ष अगाडि अंकित गरेको शब्द सन्त कबीर दासले आफ्नो कबीरबाँणीमा उल्लेख गरिएको छ ।
२७ मध्यको अंग श्लोक १ र २ । २९ भ्रम बिध्वंसको अंग श्लोक १६, १७ र ३९ मा हिन्दूहरुले भन्छन् राम र मुसलमानहरुले भन्छन् अल्लाह तर यि दुबै शब्द फरक भए पनि भाव एकै हो ।

जस्तैः
"हिन्दू मुआ राम कहि, मुसलमान खुदाय ।
कहैंकबीर सो जीवता, दोउ के सँग न जाय ।"

॥२७ ।१॥ कबीरबाँणी

अर्थ : -

हिन्दू र मुसलमानहरु सत्यताको रहस्य सम्झे बिना नै राम र अल्लाह लाई शब्दको दुराग्रहपुर्वक समातेर दुवेर मर्छन् । कबीर साब भन्नूहुन्छ की यो संसारमा तीनै सावधान छन् जस्ले यि दुईको धोकामा पर्दैनन् र सार्वभौमिक सत्यतालाई सम्झेर हर प्राणिको आत्मामा रमने वाला चेतननै राम र अल्लाह हुन ।

"कहहिं कबीर राम रमि रहिये, हिन्दू तुरुक न कोई ।" - बीजक

अर्थ : -

सन्त कबीर भन्नूहन्छ "**राम**"मै रमाई रहु, हिन्दू तुरक (मुसलमान) आदि भन्न छोड ।

आ समुद्रात्तु वै पूर्वादासमुन्द्रात्तु पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्वुधा : ॥

२।२२ मनुस्मृति

अर्थ : -

पूर्वी समुद्रदेखि लिएर पश्चिमी समुद्रसम्मको दुवैतिरका पर्वतमालाका विचमा रहेको देशलाई पण्डितहरूले आर्यावर्त भनेका छन् ।

यो पश्चिम अरब सागर देखि पूर्व हुँदैकन्याकुमारीहिन्दमहासागर देखि पश्चिम, हिमालय पर्वत देखि दक्षिणका सबै भागलाई आर्यावर्त भनिन्छ ।

धनानी गेहे पशवश्च गोष्ठे,
भार्यागृहद्वार जनाःश्मशाने ।
देहश्चितायां परलोकमार्गे,
धर्मानुगो गच्छति जीवः एकः ॥

अर्थ :-

मानिस वा जीवको अन्तिम घडीमा यस्तो अवस्था हुन्छ :-
धन घरमै रहन्छ, पशु गोठमा, श्रीमती ढोकासम्म, बन्धुवान्धव मशानसम्म, देह (शरीर) चितासम्म मात्र जान्छ अनि परलोक मार्गमा जीव एकलै आफूले कमाएको धर्म र अधर्म, पाप वा पुण्य लिएर जानुपर्छ । तसर्थ मनुष्यले अत्यन्तै वुद्धि पुराएर सत्यमा रहनुपर्छ ।

विनाश कालमाविपरित फल र बुद्धि निस्कन्छन् ।

जस्तै :-

"अनायका विनश्यन्ति, नश्यन्ति बहुनायका "॥

अर्थः-

नायक वा नेता नहुदा घर परिवार देखि लिएर समाज देखि पार्टि सम्मलाई विनाश गर्दछ । भने धेरै नायक हुदा पनि विनाशनै हुन्छ ।

"अली लूता कर्कट वेणु रम्बा
विनाश काले तद्फलं फलन्ति"॥

अर्थ :-

माहुरीले कसैलाई खिलेपछि उसको मृत्यु हुन्छ, माकुरोले बच्चा जन्माएपछि तिनै बच्चाले आमालाई खान्छन्, गंगटो पेट फुटेर मात्र बच्चा पाउछ अनि मृत्यु हुन्छ, बाँस फुलेपछि मर्दछ, केरा पसाएपछि उसको अन्त्य हुन्छ । यस्ता उत्तम प्राकृतिक नियममा प्रबेश गर्दा जसको विनाश हुन्छ ।

न निर्मितःकेन न दृष्टपूर्व
न श्रुयते हेममय कुरङ्ग ः।
तथाऽपि तृष्णा रघुनन्दननस्य
विनाशकाले विपरीतबुद्धि ः॥ *१६/५ चा.नी*

अर्थ :–

यस्तो सृष्टि ब्रह्माजीले कहिले गर्नुभएको थिएन, यस्तो पहिले कहिलै देखिएको पनि थिएन, सुनको मृग हुन्छ भनेर सुनेको पनि थिएन तर के गर्ने विनाश कालमा प्रतापि रामको बुद्धि विपरित भएको भियो । सुनको मृग हुदै हुदैन भन्ने थाहा हुदाहुदै मिथ्या भ्रममा (सीताको हठ पनि थियो) पर्दा सीताको हरण भयो रावणादि फौजको ठूलो विनाश भयो । ८४ लाख योनि बारे कथा,पुराण र ऋषि परम्पराले यस्तो लेखेका छन् ।

वृक्ष-गुल्म लता-वल्ली गिरयश्च तृणानि चः।
स्थावरा इति विख्याता महामोह समावृताः॥ *४/६१ गरुण पुराण*

अर्थः-

रुख, धान, घास, लहरा,झार-पात,पर्वत,त्रिणादि योनिहरुलाई स्थावर उद्भिज्य योनि भनिन्छ । जो उम्रिएर बढ्छन् र एक ठाउँबाट अर्को ठाउँमा चल्दैनन् ।

कीटाश्च पशवश्चैव पक्षिणश्च जलेचराः।
चतुरशीतिलक्षषु कथिता देवयोनयः॥ *४/६२ गरुड पुराण*

अर्थः-

किरा,पशु,पन्छी,जलचर,स्थलचर आदिलाई जगंम जरायुज,अण्डज र स्वेदज(पसिना बाट जन्मने) योनि भनिन्छ । स्थावर-जगंम आदिलाई ८४ लाख योनि भनिन्छ । यस ८४ लाख योनि भित्र मनुष्य योनि पर्देन, यो दुःखद योनि पार गरेपछि अनि मात्र मनुष्य योनि प्राप्त हुन्छ । भनेर देव योनिहरुले बताएको कुरा माथि उल्लेखित श्लोकको वर्णनबाट स्पष्ट हुन आउछ । यस श्लोकलाई पुष्टि हुने ८४ लाख योनिका बारे कुन कथा पुराणमा छ त्यो मलाई एकिन भएन तर विभिन्न विद्वानहरुले ऋषि परम्परामा यस्तो उल्लेख गरेको भनि लेखेको भने पाइन्छ ।

जुन श्लोक यस प्रकार छन् :-

दूरभाग्यबस यस्तो कुरा नछुटाई सगोत्र मै विवाह गर्नु, सगोत्र मै यजमान र पुरोहित हुनु र सगोत्र मै दान लिने- दिने गर्नु घोर अपराध पूर्ण एवं नरकगामि कार्य हो । अझ सगोत्रमा नै विवाह गर्नुलाई त हाडफोरा एवं पातकि भनिन्छ । बुझ्दै नबुझि यस्तो कार्य हुनु घोर अपराध मानिन्छ । यस्तो कार्यहरू समाजमा खासगरी अबुझ पुरोहितहरूले गर्ने गराउने गरेको पाइन्छ । पैसाको लागि आज समाजमा यस्तै भैरहेका छन् ।

दुबै अत्रि र आत्रेय गोत्रका प्रवरहरू एकै हुन् । एकै प्रवरका दुई गोत्र हुदै हुदैन् ।

जस्तो :-

१) अत्रि गोत्रको - अत्रि, अर्चनानस र श्याबाश्वत्रि-प्रवर नेपालमा चलाउछन् जुन पात्रोमा र शिखरनाथ सुवेदीको सिखर भाष्य किताबमा पनि उल्लेख गरेको छ । यदी अत्रि र आत्रेय ऋषि छुट्टा-छुट्टै भेटिएको प्रमाण भएमा त विवाह, यजमान, पुरोहित एक अर्कामा गरे हुन्छ । होइन भने एकै सगोत्र भित्र यस्तो कर्म हुनु पाप हो भनीशिखर भाष्यमा उल्लेख छ ।

२) आत्रेय गोत्रको पनि - आत्रेय, अर्चनानस र श्याबाश्व त्रि- प्रवर नै उल्लेख छ यस्तो हुनु हुन्न । बरु अत्रि गोत्रका गोत्र शाखाहरू ४३ शाखा वा परिवार छन् जस्को लामो ब्याख्या ऋग्वेदको पाचौ मण्डलका ८७ सूक्तमा अत्रि-आत्रेय मण्डलको ब्याख्या माथि छोटकरिमा उल्लेख गरिएको छ ।

स्मरणीय कुरो यहाँ उल्लेख गरौ गोतामे थरबाट किन गौतम थर गरियो ? यसको कारण हो–ताक परे ..... नत्र गोतामे भन्ने ब्यंग्यात्मक होच्याउने प्रचलन भएकोले विद्वान कुल चन्द्र गोतामे र श्रीराम गोतामे जसलाई कवि प्रसाद नामले चिनिन्छ जसको कीर्ति बाट आज पनि देशका धेरै भागमा अखण्ड हरि किर्तन चलिरहेका छन्। वहाहरूलेनै यो गोतामेको सट्टा गौतम थर लेख्न शुरु गर्नुभएको हो। जुन कुरो ठिक होइन्।किन भने गौतम पनि अर्को गोत्र हो।

गौतम ऋषि पनि सप्तऋषि मध्ये एक ऋषि गोत्र प्रवरकै हुनुहुन्छ। यहाँ त्यसको थर .... र गौततम गोत्र हो। यस्तोमा हामी गोतामे लाई भने जस्तो ठानि गोतामे थर बाट गौतम थर चलाई दिनु भयो। जुन आज प्रायजसो गोतामेले गौतम लेखेका छन्। म दोहोरायर भन्छु यो ठिक होइन किनभने हाम्रो अत्रि गोत्रमा नै कता कता गौतम गोत्र जस्तो भ्रम देखिन्छ। किनकी धेरै जसो भारत नेपालमा नामको पछाडी थर नलेखेर गोत्रनै लेख्ने गर्दछन्। वास्तबमा दामोदर अत्रि, कृष्ण प्रसाद (खतिवडाको ठाउमा) अत्रि यस्तो लेख्नु यपयुक्त हो तर चलन ठाउको नामबाट थर चलाईयो।

- ॐ नमः शिवाय -
गंगाधर गोतामे - गौतम अत्रि गोत्रका वंश
स्यूचाटार- पुरानो नैकाप काठ्माडौं

१ गंगाधर गोतामे- पुल्डोल किमसिका मूल पूर्खा बाजेका दुई श्रीमती, जेठीबाट जेठो सुन्दर र माईलो शंकर दुई छोरा एवं कान्छी बाट कान्छो छोरो परशुराम एक मात्र भए। हाल तिनका बंश यस प्रकार छन्।

२	जेठो छोरो सुन्दर	माहिले छोरो- शंकर	कान्छो छोरो - परशुराम
३	शिवराम (शिवानन्द)	दिवाकर (शोभाकर)	पशुपति
४	नैनानन्द	हरानन्द	आलाराम
५	कमलापति	कृष्णानन्द	दधिराम
६	पशुपति	वंशीधर	शिवनारायण
७	राजीवलोचन	कृष्णलाल	बल्लभ

८	भवनाथ	हरिचरण	चन्द्रकान्त		
९	षडानन्द	डिल्लिराम	गौरिकान्त		
१०	रामकृष्ण	पीताम्बर	भूवनेश्वर		
११	भरत	हरिबाबु	दामोदर गौतम		
१२			देवराज	पुष्पराज	रविराज
१३			चीरायु	प्रज्ञान	ईशान

अत्रि–गोत्र–गोतामे –(हाल गौतम) – वंश

ब्रह्माजीका मानस पुत्र र सप्तऋषिका मध्येका एक ऋषि अत्रि र सती अनसूयाका सन्तानका वंशहरू अहिले सम्म गौतम वंशावलिमा उल्लेख भएका निम्न बमोजिम छन् जुन पूर्ण छैनन् जसको खोजि ब्रह्मा हुदै परमं शिव निराकार एक ब्रह्म सम्म पुग्न जरुरी छ। तर पनि भवानि प्रसाद गोतामेले यो बंशावलि उतार गरी जुन गोतामे (गौतम) बंशलाई जुन गुण लगाउनु भएको छ त्यसको निम्ति वहा धन्यबादको पात्र हुनुहुन्छ।जुन बंशावलि निम्न प्रकार उल्लेख छ।

१) ऋतु भद्र
२) .....नाम थाहा नभएको
३) गोपाल भद्र
४) ब्यास भद्र
५) विकु भद्र
६) कुशीक भद्र
७) जयन्द्र
८) कासीदास-कन्नोज-कण्डोज-कान्य कुव्ज (भारत बाट नेपाल प्रबेश गर्दै सिजा खसान उपत्यका जुम्ला)
९) लल्लक
१०) गोतम दास-देखि वा पछि गोतामे)रुकुमको गोथाम बाट गोतमे भएको)
११) शिवदास
१२) विष्णुदास
१३) दिवादास
१४) दिवाकर
१५) शिवोदेब
१६) प्रभाष्कर

१७) श्रीकर
१८) भाष्कर
१९) उदयकर
२०) दिवाकर
२१) हिम्बुक
२२) ईम्बुक
२३) निम्बुक
२४) गोसल्भ
२५) सैगुन
२६) केदार
२७) कावरी
२८) लक्ष्मीधर
२९) श्रीधर(अर्गाखाचिमा विर्ता पाएको)
३०) विश्वनाथ
३१) लोकेश्वर
३२) शुकदेब
३३) शिवाकर
३४) शुकरु
३५) गंगाधर-जीवनपुरको छत्रेदेउरालि बाट भिकाई स्यूचाटार पुल्डोलमा प्रताप मल्लको दरवारमा गुरु- पुरोहितको लागि वि.सं १७१०र १७१८(नेपाल संवत् ७७३र७८१) मा दुईपटक वीर्ताको रुपमा ताम्रपत्रमा लेखि राजा प्रताप मल्ल बाट गंगाधर जोसिलाई दिएको जुन साँधाको गरो पश्चिमको जग्गाहरू अद्यावधि छदैछ ।
३६) परशुराम-गंगाधरका तिन भाई छोरा मध्येको कान्छो) (१.जेठा-सुन्दर २.माहिलो-शंकर ३.कान्छा-परसुराम कान्छाको वंशमा म दामोदर गौतम स्यचाटार ७ ।
३७) पशुपति
३८) आलाराम
३९) दधिराम
४०)शिवनारायण
४१) वल्लभ
४२) चन्द्रकान्त-शिवमाया र सरस्वता(दुई श्रीमती)
४३) गौरिकान्त-देवकुमारि र देवकुमारि(दुई श्रीमती)
४४)भुवनेश्वर-सुभद्रा (दाहालकि छोरी)
४५)दामोदर-मैया(अधिकारिको छोरी)

४६) जेठो छोरो देबराज-विन्दा (दाहालकी छोरी), बुहारी, नाति चिरायू, नातिनि प्रतिक्षा-माहिलो छोरो(पुष्पराज-दुर्गा(थपलियाकी छोरी)बुहारी, नाति प्रज्ञान, नातिनि प्रतिभा र प्रतिष्ठा -कान्छो छोरो(रविराज-शुष्मा) (लामिछानेकी छोरी)बुहारी, नाति इशान र, नातिनि त्रिलोचना ।

अत्रि बंशका सत प्रयासहरू

अत्रि वशंका बारेमा खतिवडा बन्धुहरू जसले अत्यन्तै परिश्रम गरी जुन बंशावलि उतार्नु भएको छ त्यो अत्रि (आत्रेय) बंशका लागि अत्तन्तै फलदायि भएकोमा खतिवडा बन्धुहरूलाई धन्यबाद दिनै पर्छ । चन्द्र बंशिहरूमा ५ हजार बर्ष अगाडिको बंशावलि उतार हुदा भगवान कृष्णको बंश संख्या ६४पुस्ता मा परेको छ भने आज हामि ५ हजार बर्ष पछिको बंशावलि जोड्ने क्रममा गौतम बंशावलिमा म दामेदर गौतम ४५ पुस्तामा छुँ भने पौडेल बंशावलिमा हाल सम्मको ५५ पुस्ता देखिन्छ । खतिवडा बंशावलिमा आएर म १२६ पुस्तामा पर्नु भने चाहि यो परिश्रम निकै प्रशंसनीय मान्नु पर्छ ।

अब मैले गोतामे बंशावली एवं खतिवडा बंशावलीलाई प्राय जोडेर र मैले भ्यायसम्मको बंशावलीलाई निम्न बमोजिम रहने गरी उतार गर्ने कोसिस गरेको छुँ ।किनभने थरहरू ठाँउ, नाम र वोलिका आधारमा र ल्याइता विवाहहिताको कारण थरहरू के.सि, खत्रि, दशनामिहरूका साथै हाल दलित भनिनेहरू खस ब्राह्मण भित्रका सबै थरहरूलाई भनिने परम्परा रहेको देखिन्छ । साथै खतिवडा बंशावलीले १.प्रभाकर २.प्रभाष्कर ३.लल्ल, ४.विलल्लका यी चार भाईका बंशहरू कुन कुन ठाउमा गए के नामले रहे सो अनुशार थरहरू भएकोले सम्बन्धित सबैको जानकारिको लागी मेरो तर्फको बंशावलीलाई निम्न बमोजिमले प्रस्तुत गरेको छु । यसमा खतिवडा बंशावली परिवार प्रति आभार ब्यक्त गर्दै वहाहरूको परिश्रमलाई यसमा समावेश गर्नको लागि खतिवडा बंशावली सम्पादक मण्डलका सदस्य मध्ये एक सदस्य श्री कृष्ण प्रसाद खतिवडासंग २०६८ मार्ग १७गते शनिवारका दिन फोनबाट अनुमति लिई प्रकाशित गरेको छु ।

लल्लक ऋषि साइलाको बंशका छोरा "गोतम" बाट गोतामे भएकोले सो लल्लक ऋषि भन्दा माथिका प्राय धेरैनै खतिवडा बंशावली जोड्दा म दामोदर गौतम (गोतामे) सम्म आउदा १२७ पुस्ता आयको देखियो तर पनि यो पूर्ण भने होइन हजारौ बर्ष वितेका

पुस्तालाई शास्त्रीय आधारमा जोड्नु त्यति सहज कुरो पनि होईन तापनि सत् प्रयास गरी रहनुभने पर्छ। यसले आगामि पुस्तालाई सजिलो पार्नेछ। यो भवानि प्रसाद दाईले लेख्नुभएको बंशावलिमा नाम तल माथि परे पनि फरक पर्दैन किन भने बाजेको नाम दोहोरिएर छोरा नातिको नाम पनि सोही पर्न आउछ। यसमा शंका गर्नु आवश्यक छैन खोज भने गरे हुन्छ। यसमा मैले सानो प्रयास गरेको छु भूल भएमा सम्बन्धित सबै गोत्रिय बन्धुहरूले सच्चाउने कार्य गर्नुहुनेछ।

अब अत्रि बंशावलीलाई यस प्रकार उद्धृत गरेको छु।

क) परम शिव निराकार सर्बब्यापक ब्रह्म (परम कल्याण स्वरुप)
ख) शिव (कल्याण स्वरुप)
ग) महेश (तीरोभाव)
१) रुद्र
२) शेषशायी विष्णु
३) पितामह ब्रह्मा
४) महर्षि अत्रि
५) सोम (चन्द्र)
६) अर्चनानस
७) श्यावाश्व
८) उद्वालकी
९) शौणकर्णी
१०) शौकतव
११) गौरग्रीव
१२) गौरजीन
१३) शत्रायण
१४) वपण्य
१५) वामररथ्य
१६) गोपन
१७) अस्तकी
१८) विन्दु
१९) कर्णजिहृ
२०) हरप्रीति
२१) लैद्राणी
२२) शाकलायणी

२३) तैलप
२४) सबैलेय
२५) अत्रि भौम
२६) गोणिपति
२७) जलद
२८) भगपाद
२९) महातपश्वी
३०) सौपुष्पी
३१) छन्दोगेय
३२) अभीभुत
३३) कर्णार्ण
३४) चक्रानुमान
३५) द्रवीण
३६) वैदिक
३७) नागपति
३८) वज्रपाणी
३९) सामुद्र
४०) युपवन
४१) द्रोण
४२) राघव
४३) महेन्द्र
४४) वेदमुख
४५) मित्रविन्द
४६) त्रिशक्ति
४७) अश्रुत
४८) दायद
४९) कुमुरेश्वर
५०) चित्रसेन
५१) गार्ग्ययही
५२) हिमांद्री
५३) शौलेय
५४) विरति
५५) कलानिधि
५६) शंकुकर्ण
५७) विरुपाक्ष

५८) पुण्डरीक
५९) परमेष्ठी
६०) हरिश्रवा
६१) भूरितप
६२) शुदर्शन
६३) जनार्दन
६४) चुडामणि
६५) वातभक्षि
६६) शक्तिधर
६७) त्रिविक्रम
६८) महातप
६९) योगशिद्धि
७०) वद्रिदास
७१) योगेश्वर
७२) ब्रह्मदेव ऋषि भट्ट
७३) नारद ऋषि भट्ट
७४) गोपिदास ऋषि भट्ट
७५) चन्द्रदास
७६) गोपाल ऋषि भट्ट (चाम्पावत)
७७) जमुना ऋषि भट्ट(वैतडी स्वराड)
७८) अविगत ऋषि भट्ट(डोटी दरवार)
७९) विगत ऋषि भट्ट
८०) व्यास ऋषि भट्ट(खत्याडी)
८१) विकास ऋषि भट्ट
८२) काशीनाथ ऋषि भट्ट
८३) विष्णु ऋषि भट्ट
८४) जगत दास ऋषि भट्ट
८५) देव दास ऋषि भट्ट
८६) हरिदास ऋषि भट्ट (श्याम दास ऋषि भट्ट)
८७) विकम ऋषि भट्ट
८८) हम्बु ऋषि भट्ट
८९) निम्बु ऋषि भट्ट
९०) दिक्षित गोपाल ऋषि भट्ट (इसावास डोटी) चार भाई छोरा

१ जेठो	२.माहिलो	३.साहिलो	४.कान्छो
भाष्करऋषिका बंशबाट	प्रभाकरऋषिका बंशबाट	लल्लऋषिका बंशबाट	विलल्लऋषिका बंशबाट
खतिवडा, कडरिया जोशि, डोटेल, मिश्र, उपाध्याय आदि भए	ओझा, वस्ती, मल्ल आदि भए	गोतम,(गोतामे) चापागाइँ, ठाडाराई, अधिकारि, गौली आदि भए	शाही, सिंह, ठकुरी, शाह, मल्ल बम आदि भए

९१) साहिलो लल्लक
९२) गोतम दास (देखि वा पछि गोतामे साथै रुकुमको गोथाममा बसेबाट पनि गोतमे भएको)
९३) शिवदास
९४) विष्णुदास
९५) दिवादास
९६) दिवाकर
९७) शिवोदेब
९८) प्रभाष्कर
९९) श्रीकर
१००) भाष्कर
१०१) उदयकर
१०२) दिवाकर
१०३) हिम्बुक
१०४) ईम्बुक
१०५) निम्बुक
१०६) गोसल्भ
१०७) सैगुन
१०८) केदार
१०९) कावरी
११०) लक्ष्मीधर
१११) श्रीधर(अर्गाखाचिमा विर्ता पाएको)
११२) विश्वनाथ
११३) लोकेश्वर

११४) शुकदेब
११५) शिवाकर
११६) शुकरु
११७) गंगाधर-जीवनपुरको छत्रेदेउरालि बाट झिकाई स्यूचाटार पुल्डोलमा प्रताप मल्लको दरवारमा गुरु- पुरोहितको लागि वि.सं १७१०र १७१८(नेपाल संवत् ७७३र७८१) मा दुईपटक वीर्ताको रुपमा ताम्रपत्रमा लेखि राजा प्रताप मल्ल बाट गंगाधर जोसिलाई दिएको जुन साँधाको गरो पश्चिमको जग्गाहरू अद्यावधि छदैछ ।

ताम्र पत्र यस्तो छ ।



ॐ स्वस्ति, श्री श्री कवीन्द्र जयप्रताप मल्लदेव प्रभु ठाकूलसन देवदालि गाम सर्यों गंगा जोसि व्राम्मणनाम्न प्रसादी कृतं स्थानस्य नैऋत्य दिशि प्रदेशे सिंद्वक्व न्हस कन द्व योखादोल क्षेत्र नामस भेकं सिंद्व न्हसकनद्व प्रयात सिमाया पश्चिमतो मार्ग्गन धर सिमाया उत्तरतो तवड्याङ भूमेन स्वल्यमार्ग्गन पूर्व्वतो नखि काप भूमेन प्रयात सिमाया दक्षिणतो एत खांमध्ये थ्वते चात्रा घातनडू वामू लिपशल ४०० सक्ववू देहि सिङ द्व मूलनय वूनेर खग्रारन योव न्हस कनं द्व या पाखनक्व थ्वते सकल्य याङ प्रसन्न जूया अत्र पत्रार्थे दृष्ट साक्षि श्री नारायणमल्ल हरिराम जयकृष्ण शिवरामपा रायराज श्री जगधर उभ्ना ॥ सम्वत् ७७३ माघशुक्ल ॥ पूर्णमास्यातिथौं शुभ ॥

अनुवाद

ॐ स्वास्ति ॥ श्री श्री कवीन्द्र जयप्रताप मल्लदेव प्रभू ठाकुरबाट देवदालि गाउँ वस्ने गंगाजोशी व्राह्मणको नाममा प्रदान गरियो । स्थानदेखि नैऋत्य दिशामा योखादोल खेत दिइयो । यसको सिमा :- पश्चिममा डोलखेत सिमसम्म, उत्तरमा बाटोसम्म, पूर्वमा ठूलोकान्ला भएको खेत हुँदै बाटोसम्म, दक्षिणमा नखिकाप भूमिसम्म । यति

लिख्यदान गरी प्रदान गरियो । ४०० सबै खेत सिम र मूलखेत गरी प्रदान भयो । महाराज प्रसन्न हुँदा यो दिइएको हो । यस पत्रका दृष्ट साक्षी श्री नारायण मल्ल, हरिराम, जयकृष्ण, शिवराम, रायराज श्री जगधर उभ्का ।, सम्वत् ७७३ (वि.सं. १७१०) माघ शुक्ल पूर्णमास्या तिथी । शुभ ॥



ॐ स्वस्ति ॥ शस्त्र शास्त्र संगीतादि सकल विद्या पारग महाराजाधिराज श्री श्री राज राजेन्द्र कवीन्द्र जय प्रताप मल्लदेव परम भट्टारक प्रभु ठाकूलसन देवदालि गाम सर्योङ गंगा जोशि ब्राह्मण नाम्न प्रसादी कृतं स्थानस्य पश्चिम दिशि प्रदेशे किमसि पूराण क्वाथजू धरचा यौता पूराण क्वाथजू द्वयो भूमेन पश्चिमतो वहिरि गाम दादान उत्तरतो मार्ग्गेन पूर्व्वतो लक्ष्मीदासकस्य क्षेत्रेन नामन्या भुमेन दक्षिणतो एत खांमध्ये ध्वते चात्रा घातनडू वामूलिपशर ४०० सक्ववू सरङा क्वाथ घल्यालि सिंद्वक्व न्हसकन द्वक्वया पादसि प्रसन्न जूस्य विज्याङा ॥ अत्र पत्रार्थे दृष्ट साक्षि श्री नारायण मल्लदेव वीरभद्र शिवराम भिंख्वार श्री जगधर उभ्का ॥ सम्वत् ७८१ कार्तिक शुल्क पूर्ण्णमास्यान्तिथौ शुभ ॥

अनुवाद

ॐ स्वास्ति ॥ शस्त्र शास्त्र संगीतादि सकल विद्या पारग महाराजाधिराज श्री श्री राज रोजन्द्र कवीन्द्र जय प्रताप मल्लदेव परम भट्टारक प्रभु ठाकुरबाट देवदालि गाउँ बस्ने गंगाजोशी ब्रह्माणको नाममा प्रदान गरियो । स्थानदेखि पश्चिम दिशा किमसि प्रदेश दिइयो । यसको सिमा पश्चिममा पुराण क्वाथजू र धरजा दुई जनाको भूमिसम्म, उत्तरमा वहिरी गाउँसम्म, पूर्वमा बाटोसम्म, दक्षिणमा लक्ष्मीदासको जमिनसम्म । यति लिख्यदान गरी प्रदान गरियो । घडेरी, डोलखेत, किल्लासहितको ४०० भूमि दिइयो । महाराज प्रसन्न हुँदाखेरी यो दिइएको हो । यस पत्रका दृष्ट साक्षि श्री नारायण मल्लदेव,

वीरभद्र, शिवराम, भिंख्वार, श्री जगधर उभ्रा ॥सम्वत् ७८१ (वि.सं. १७१८) कार्तिक शुक्ल पूर्णमासि तिथी ॥ शुभ ॥

११८) परशुराम (गंगाधरका तिन भाई छोरा मध्येको कान्छो) (१.जेठा-सुन्दर २.माहिलो-शंकर ३.कान्छा-परसुराम कान्छाको वंशमा म दामोदर गौतम स्यचाटार ७)

११९) पशुपति

१२०) आलाराम

१२१) दधिराम

१२२) शिवनारायण

१२३) वल्लभ

१२४) चन्द्रकान्त-शिवमाया र सरस्वता(दुई श्रीमती)

१२५) गौरिकान्त-देवकुमारी र देवकुमारी(दुई श्रीमती)

१२६) भुवनेश्वर-सुभद्रा (दाहालकि छोरी)

१२७) दामोदर-मैया(अधिकारिको छोरी)

१२८) जेठो छोरो देबराज-विन्दा (दाहालकी छोरी), बुहारी, (१२९)नाति चिरायू, नातिनि प्रतिक्षा-माहिलो छोरो(पुष्पराज-दुर्गा(थपलियाकी छोरी)बुहारी, नाति प्रज्ञान, नातिनि प्रतिभा र प्रतिष्ठा-कान्छो छोरो(रविराज-शुष्मा) (लामिछानेकी छोरी)बुहारी, नाति इशान र, नातिनि त्रिलोचना ।

ॐ नम : शिवाय

२०६३।२।२९
अपरा एकादशी व्रत

आदरणीय गंगाधर गौतम बंशजहरूको पूजा बारे :-

हाम्रा पूर्वज गंगाधर गोतामे अत्रिगोत्र बंशजहरू स्यचाटार पूरानो नैकाप लगायत अनेत्र बस्नेहरूमा :-

अत्रि वंश बारे केही कुरा :-

अत्रि (आत्रेय) बंशका ईस्टदेव

अत्रीश्वरस्च्च नाम्नासीदीश्वरः परदुःखहा ।
गंगा साथा स्थिता तत्र तदा गर्तेथ मायया ॥

को.रु.सं. ४ को अध्यायको ४/५६ शिवपुराण

अर्थ

अत्रीस्वर नामको ज्योर्तिलिङ्ग मन्दाकिनी गंगाका साथा सबैका दुःख हरणका लागि अत्रिऋर्षि र अनसूयाका तपस्याका प्रभावले स्थित रहनु भएको छ ।

यसरी शिवपुराणको कोटी रुद्र संहिताको ३ र ४ अध्यायमा अत्रि अनसूयाका बारे आफ्नो इस्टदेब महादेवको तपस्या गरी ज्योतिर्लिङ्ग प्राप्त गर्नु भएकोले सम्पूर्ण अत्रि वंशका "इस्टदेव अत्रिश्वर महादेवं" नै हुन । यसरी सबैलाई मान्न अनुरोध गर्दछु ।

"शिव" पाञ्चायन कूलदेवता पूजा वारे संक्षिप्त जानकारी :

हाम्रा पूर्खाले हाम्रो कूल देवता पूजामा पाँचखोपा, पाँच पूजा र गैडूदेवता, गोष्टदेवी शक्ति पूजा (हाल गोठ पूजा भन्छौ) कूल देवता र गोठ पूजा दुवैको पूजामा नौ ठांडा र नौ तेस्रो रेखा वनाई ६४ कोठा बनाएर पूजा गरेको पाइन्छ । वायु पूजा, आईतवारे पूजा गाई भैंसी ब्याउँदा विगौतिको सातपोका वान्दा सातपोकाका देवताका नामका बारेमा हाम्रा पूर्खाले अत्यन्तै उचित र त्यतिवेला शक्तिसाली मानिने शिव पाञ्चायन देवता पारेर सबै पूजाहरू गरेका रहेछन् । तर हाल ती देवताका नामहरू अपभ्रंश हुँदै अर्कै शब्द बन्न वा पर्न गएकोमा म दाममोदर गौतम तपाइहरूकै बंशले अब उप्रान्त हाम्रा पूस्तालाई सजिलो होस भनी हाम्रा देवताका नामहरू र पूजा विधिहरू

छोटकरीमा लेखि सबैलाई अनकुल बनाउने कोसिस गरेको छु। यी पूजा र यसका विधिहरू बारे विस्तारमा लेख्ने र ब्याख्या गर्ने हो भने एउटा ठूलो किताब तयार हुन्छ। तर यसलाई मैले शिव पुराण, लिङ्ग पुराण, स्कन्द पुराण, योगवाशिष्ठ, नेपालका आराध्यदेव पशिुपतिनाथ माहात्म्य र शब्द कोषहरूका आधारमा र हाम्रै बंशज दाजुभाईहरू संग सर्म्पक र सल्लाह समेत गरी मिलाई यो पूजा विधि आदि तयार पारेको छु। यसमा ब्याख्या र संशोधन प्रामाणीक आधारमा हाम्रा बंशवहरूले गर्न गराउन सक्ने छन्। तर मलाई जहाँसम्म लाग्छ निम्न उल्लेखित छोटकरी विधिहरू र नामहर फरक पर्ने छैनन्। पूजामा बस्नेले -कूल देवताको पाँचै पूजारी हुन वा वायु देवताका डाँग्रे (धामि) र धुपौरे समेत)सबले सकेसम्म माच्छा, मासु, मद्य, अभक्ष्य आदि नखाने हुनु पर्दछ। पूजारीले अधिल्ले दिन हविष्यान्न एकछाक मात्र खानु पर्छ। नङ्ग काट्ने र कपाल खौरेर गर्नुपर्दछ। त्यस दिन स्त्रि संग सहवास नगर्ने। पूजाको दिन रुद्राक्षको माला, भष्मको त्रिपुण्ड, शुद्ध वस्त्र, धोती लगाएर पूजामा वस्नु पर्दछ। गुरु शुक्र र गुरु वृस्पति अस्तमा र ग्रहणको सूतक - सूर्य ग्रहणको सूतक बाह्र घण्टा अगाडी र चन्द्र ग्रहणको सूतक नौ घण्टा अगाडी बाट र आफ्नो विन्द्रालो भित्रको जूठो, सूतकमा पूजा गर्न मिल्दैन। मार्ग शुक्ल धान्य पूर्णिमा मा कूल देवता पूजा रोकिए जेष्ट शुक्ल पूर्णिमा मा गर्नु पर्दछ। सो दिनमा रोकिएका कूल देवता पूजा र वायु देवताका पूजाका साथै गोठ पूजा पनि गरे हुन्छ।

१. **<u>हाम्रा कूल देवता -शिव पाञ्चायनका नामहरू र ब्याख्या तलका हुन :</u>**

कूल देवता

(१) वराह (वाराह) (२) मष्टा (३) मण्डली (४) देवी (५) देउराली

अर्थ- न्नारायण, शिव, सूर्य, शक्ति, गणेश

पञ्चमहाभूत :

१) जल २)आकाश ३) तेज ४)वायु ५)पृथ्वि

<u>खोपा बनायर पूजा गर्दा विचमा शिव राख्ने</u>

गणेश	दुर्गा	शिव	विष्णु	सूर्य
देउराली	देवी	मष्टा	वराह	मण्डली

मन्दिर भित्र प्राण प्रतिष्ठा गरेर राख्दा

देवी । वायव्य		विष्णु । ईशान
	शिव । विचमा पूर्व मुख	
गणेश । नैऋत्य		सूर्य । आग्नेय



नौ वटा ठाडो र नौ वाटा तेस्रो रेखा हाले पछि ६४ कोठा हुन्छ। त्यसमा शिब र शक्तिको, ६४ योगेश्वर ६४ योगिनिको कोठै पिच्छे वेलपत्र, तीतेपाति आदि विच्छयाई पूजा गरी खीर वावर, चामल घिउमा भुटेको भुटौरो, (मुसौरो) आदि पक्वान्नका साथ फलफूल आदि राखेर नैवेद्य चडाउने। शिव पाञ्चायन भएकाले वेलपत्र, तुलसी पत्र, तीतेपाति छुट्याउनु हुन्न अरु मौसम-अवस्था हेरी चढाउने। पूजा गर्दा षोडसोपचार, पञ्चोपचार, यथोपचार आदि विधि (जे जे सकिन्छ)ले गर्ने। यो ६४ कोठाको रेखी कूल देवता र गैडूदेवता (गोठ) पूजा दुवैमा एकै हो। नैवेद्य आदि पनि एकै हो। कूल देवता र वायु देवताको पूजा गर्दा पाँच पटक गर्ने। गोठमा पूजा गर्दा एक पटक मात्र गरे पुग्छ।

पूजा गर्नु अघि आव्हान गर्ने मन्त्र :

जस्तै -

आगच्छन्तु सुरश्रेष्ठा भवन्त्वत्र स्थिरा : समे।
यावत् पूजां करिष्यामि तावत् तिष्ठान्त संनिधौ ॥

ॐ बराह, मष्टा, मण्डली, देवी देउराली भ्यो नमः (विष्णु, शिव, सूर्य, दुर्गा गणेशेभ्यो नमः) भनी हातमा फूल लिई यथास्थानमा राखेर

देवताको आव्हान गरेपछि पूजा शुरु गर्ने। मन्त्र भन्न नआए बराह, मष्टा, मण्डली, देवी, देउराली तपाईहरू आ-आफ्नो ठाँउमां आएर वस्नुहोस। म। हामी पूजा गर्छौं भन्ने। यदि मन्दिर वनाई प्राण प्रतिष्ठा गरेको भएमा आव्हान र विसर्जन गरिरहनु पर्दैन सिधै सधैं पूजा गरे हुन्छ।

२. गैडूदेवता –गोष्ठदेवता पूजा (गोठ पूजा) :

गोठ भित्र पूजा गर्ने गरेकोले गोठ पूजा भनिएको हो तर यो गैडूदेवता र गडूैदेवी पूजा हो। चौपायहरू (गाई, भैंसी, बाखा आदि) आदिको रक्षाका लागि जेष्ठ शुक्ल गैडू पूणिमाका दिन यो पूजा गरिन्छ।

पूजा गर्ने तरिका :

नौ वटा ठाडो र नौ वाटा तेस्रो रेखा हाले पछि ६४ कोठा हुन्छ। त्यसमा शिब र शक्तिको, ६४ योगेश्वर ६४ योगिनिको कोठै पिच्छे वेलपत्र, तीतेपाति आदि विच्छयाई पूजा गरी खीर, वावर, पुरि आदि पक्वान्नका साथ फलफूल आदि राखेर नैवेद्य चडाउने। गाईको गोबरको शिब लिङ्ग सहितको वेदि वनाई लिङ्ग अगाडी गाईको गोबरको कुण्ड बनाईराख्ने। यो शिव लिङ्गको नाम गोबरबाट बनेकोले गोभ्राटेश्वर भनी पूजा गर्ने। पूजा सामाग्री तयार पारी पूजा स्थानमा लिपपोत गरी एक शिलाको गैडूदेवताको स्थापना समेत गरी यथोउपचारले पूजा गर्ने। गोठमा गैडू देवता प्राण प्रतिष्ठा गरी सधैं पूजा गरे पनि हुन्छ।

३. सूर्य पूजा आइतबारे पूजा :

डर लाग्दा वर्षा ऋतु पछि मनोहर शरद ऋतुको आश्विन कृष्ण पक्ष (पितृ पक्ष) कोआईतबार पारेर यो पूजा गरिन्छ। यो पूजा आइतबार भएकोले ग्रहका मूलस्वामी सूर्यको पूजा गरी डरलाग्दो दिनहरूलाई विदा दिई खुसियालि मनाएर उज्यालो पाएर गरिने यो पूजा सूर्यको पूजा हो।

यो पूजा आईतबारे पूजा भनेर अपभ्रंश हुन गएको हो। यसलाई तन्त्रोक्त विधिले पूजा गर्दा अघि धामी धामीनी र लामा लमीनी ले पूर्व वाट आई पूजा गरेकोले अहिले पनि पूर्वका आईतबारे धामी धामीनी भन्ने चलन रहेको छ। जहा सम्म पाठि र कुखुरा को बली दिने चलन

छ सो सम्बन्धमा तामाङ्ग जातीका (बैश्य जातीका) मानिस बाट पूजा गरिने भएकाले नीजि प्रयोगको लागी मात्र यो बली प्रथा चल्दै आएको हो। सूर्यलाई वली चढाउने प्रथा छैन। बाह्र सूर्यका नाममा वा सूर्य देवता भनेर शीलाको स्थापना गरेर यथोपचारले पूजा गर्ने।

अन्तमा : यहि सूर्य सहस्त्रांशो तेजोराशी जगतपते।
अनुकम्पय मां भक्त्या गृहाणार्घं दिवाकर : ॥
भनी सूर्यलाई अर्घ दिई आइतबार सूर्यको पूजा गर्नु।

४. वायु पूजा :

आफ्नो कूलमा अकाल मृत्यु भएकालाई वायुका रुपमा उतार गरी खली ख्वाई धामीबाट पूजा गर्नु वायु पूजा हो। जुन हाम्रो रित अनुसार खिर, बाबार, मुसौरा आदि बनाएर वाँच पटक पूजा गर्ने।

५. गाईं भैंसी ब्याउदा सातपोका बाध्ने देवताहरूको नाम :

१) महा रुद्र २)काँढाब्रह्म ३)ऐरा देवता (शिकारी देवता)४)चण्डी ५)देउराली ६) गैडू देवता ७)मष्टा (वा गोसाँइगैया) भनी सात देवताको नामका सात पोका र दुई पोका चाहिं छुट्टै सिमे र भूमि लाई भनी बाँधेर शुद्ध ठाउमा सिउरेर राख्ने।

- कसैलाइ दुविधा लागेमा अथवा अर्थ खुल्न चाहेमा मलाई सम्पर्क गर्न सक्नुहुनेछ।
- यसलाई सुरक्षित राख्ने र अझ बढी बन्धुहरूलाई पनि फोटोकपि दिई सहयोग गर्ने।
- अन्त्यमा जुठो सूतक सम्बन्धमा मैले धेरै अघि देखि भन्दै आएको छु। हाम्रो गंगाधर बंशीहरू पूरानो नैकाप डाँडागाउँ, भालटार र स्युचाटार वडा नं : ७ र ८ लगायत अन्नेत्र बस्ने बासिन्दाहरूले अन्यथा नमानि निर्णयका साथ आ-आफ्नो वडाको मात्र जूठो-सूतक वार्ने र अन्यत्रको नवार्ने गर्दा मात्र हाम्रो ब्यवहारिकतालाई कठिनाई पर्दैन। किनकी सबैले त्यसै रुपमा पनि सरिसके। जसलाई उपयुक्त मान्नु ब्यवहारिकता ठहर्ने देदिन्छ।
- मुठी उठाउने र न्वागी खाने :-
  १) ५ मुठी : बरहा, मष्ट, मण्डली, देवी, देउराली ५ मुठी।
  २) सबै वायू देवता १ मुठी।
  ३) आइतबारे (सूर्ये) १ मुठी।
  ४) अजिमा, भाट-भटेनी, उनमत्त भैरव ३ मुठी।

५) थानापति, नाग-नागीनी १ मुठी ।
६) सिमे-जल देवता र भूमे-भूमी देवता २ मुठी ।
७) विचमा १ ठूलो थुप्रो राखि सर्व खल्वीदम ब्रम्ह भनि चडाउने ।
८) नयाँ धान र चामलले कूल देवताको पूजाको भाडा माझने ।
९) त्यही दिन नयाँ चामल र मासको दाल भात खाने ।
१०) नयाँ चामलको दही चामल खाने ।

•

गोतामे (गौतम) कूल देवता पूजा बारे

विभिन्न ठाउँका गोतामेहरूका(गौतम) कूल देवताहरूको नामावली:-

क) स्युटार र पुरानो नैकाप काठ्माडौं गंगाघर गोतामे बंशहरूका कुल देवताको नामावली

१. वराह (वाराह) २. मष्टा ३. मण्डली ४.देवी ५.देउराली

ख) गोतामथोक रामकोट काठ्माडौं गोतामेहरूका कुल देवताको नामावली

१. मष्टा २.मण्डा ३. देवी ४. रुमाल

ग) पोखरा, कास्कीका गोतामेहरूको कुलदेवताको नामावली

१. मष्ठ २. रुमाल ३. बंशपाल ४.गोपाल५.वराह

१२मष्टाहरु बारे :-

खस ब्राह्मण समाजमा सुदुर पञ्चिमबाट शुरु भएको यो मष्ट पूजा परम्परा आज देश भरिका ब्राह्मण, क्षेत्री, दशनामी, आदि बर्गहरुले आफ्नो कूल पूजामा यी नाम मध्ये कुनै न कुनै नामबाट कूल देवताको रुपमा पूजा गर्ने चलन चलि आएको छ।

मष्टा बारे दिदीबाट दाह्रे मष्टा १२ जना बहिनीबाट कुदाह्रे मष्टा १२ जना गरि २४ भाई शिवको विर्यबाट जन्मिएकाले शिव तुल्य नै मानिन्छन् त्यस्तै अन्य मष्टहरुमा बान्हि मष्टो आदि गरेर ३६,३७ देखि ४२ जना मष्टहरुको नाम उल्लेख पाइन्छन्। कसैले मष्ट,मष्टा र मष्टो कुनै एक नामले पूजा गरिने चलन चलिआएको छ। पञ्चिम तिर भने मष्टहरु धामिकै रुपमा मनिसमा चडेर आउने र पूजा खाने चलन छ। जसलाई धामी झाक्रि भनेर रोग निको पारि दिनेको रुपमा पनि पूजा भाकल गर्दछन्। मुख्य रुपले चलिआएका बाह्र मष्टको नाम यस प्रकारका छन्।

१) ढडार (२) तेडी (३) थर्पा (४) दुधे (५) कालाशीला (६) रुमाल (७) वुड्ड (८) कवा (९) खापर (१०) वावीरो (११) दाह्रे (१२) गुरो (गुरु) मष्टा आदि पर्दछन्।

अन्वेषक :– दामोदर गौतम (गोतामे)

जन्म २००२साल कार्तिक २३ तदनुशार ८ नोवेम्बर १९४५

स्यूचाटार गा. वि. स वडा नं:७ काठ्माडौं (पुल्डोल तल्लो किम्सि बाहुँन गाऊ)

योग्यता:- वी.ए. अध्ययन, वेद, शास्त्र, पुराण, दर्शन आदिको स्वअध्ययन ।

गौतम समाजका आजीवन सदस्य नं: २०

१) नेपाली कांग्रेसमा २०२२ साल देखि हाल साल सम्म सक्रिय नेतृत्वदायी भूमिका गर्दै १० बर्ष भन्दा बढी जेल जीवन विताएको ।

२) संस्थापक सदस्य नेपाल विद्यार्थि संघ २०२७।

३) अध्यक्ष :-

क) संजीवनी सेवा संघ ।

ख) पार्थिव शिवलिङ्ग पूजनं प्रतिष्ठान ।

ग) अन्तर धार्मिक परिषद नेपाल ।

४) प्रमुख सल्लाकार तथा प्रवक्ता:- विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति ।

५) सल्लाहकार :- पशुपति क्षेत्र विकाश कोष ।

६) नेपाली कांग्रेस महासमिति सदस्य क्षेत्र नं. ९ काडमाण्डौं तथा नेपाली कांग्रेस स्वास्थ्य विभाग केन्द्रिय सदस्य ।

सम्पर्क नं: ०१४०३४२५१ घर, ९८५१०४३१२२ मो.

२०६८ साल मार्ग १७ गते रोज ७ शुभम्

३ डिसेम्बर २०११

थप भएको मिति २०७१ साल जेष्ठ २५ गते ।

शिवमस्तु

दामोदर गौतम

नारी वारे पूर्वीय दर्शनमा आधारितप्रस्तुत कार्यपत्रः—

संसारकै मौलिक दर्शन (Oriental Philosophy) हुदै पूर्वीय/हिन्दु दर्शनमा नारीको पवित्र स्थान छ भन्ने बारे वेद-शास्त्रमा मनुस्मृति, कथा, पुराण आदिमा स्पष्ट उदाहरणहरु छन् । सर्वप्रथम मानव सृष्टि पछि मैथुनि सृष्टिका लागि पहिलो स्वयम्भू मनु र शतरुपाको सृष्टिको कालः सृष्टितो गताब्दाः १९५५८८५११९ वर्ष देखि समाज सृष्टि भएपछि सो समाज कसरी चलाउने भन्ने विधि र नियमको नाम नै "मनुस्मृति" हो । यस मनुस्मृति हुदै आज सम्म समय र काल अनुसार पूर्वीय समाज विभिन्न विधि र नियम हुदै चलिआएका छन् । तर यस विधानमा गोत्र, थर, जातजाति, छुवाछुत, उच्च निच, छाउपडी जस्ता कुरीति आदि उल्लेख नै छैनन् । तर देशि विदेशि शक्तिहरुले पूर्विय दर्शनको अति उच्च गहिराई नबुझि यसलाई बङ्गाएर उल्टो अर्थ लगाई भ्रम सृजना गर्ने दुष्प्रयासहरु हुदै आउनु हाम्रो देशको आदर्श समाजलाई दुःखपूर्ण कुरा हुन । ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र भनि उल्लेख भएका छन् ती गुण र कर्म हुन, कुनै जातजाति विशेष होइन । यस अनुरुप तल दिएका मनुस्मृति देखिका श्लोकहरुबाट नारीका उच्च स्थान आदि लगायतका कर्महरु समाजका लागि निर्देश गरिएका छन् ।

ज़स्तैः

स्वायम्भुवो मनुर्देव : पत्नीत्वे जगृहे प्रभुः ।
तस्मात्तु पुरुषाद्देवी शतरुपा व्यजायता१।७१७,१८विष्णु पुराण

अर्थः

ब्रह्माजीले स्वयम्भुमनुलाई प्रजा पालन निम्ति प्रथम मनु बनाउनु भयो । आफु साथ उत्पन्न भएकी शतरुपा नामकी स्त्री लाइ पत्नीका रुपमा मनुले ग्रहण गर्नुभयो । यसमा अर्धनारेश्वर हुदै कहिं ब्रह्मा, कहिं

विष्णु, कहिं रुद्रबाट मैथुनि सृष्टिका लागि आफ्नै दाँया अङ्गबाट स्वयम्भुमनु र बाँया अङ्गबाट शतरुपाको उत्पत्ति गरी सृष्टि अगाडि बढाएको प्रसङ्गहरु छन् ।

अद्यप्रभूति ते दासस्तपोभिः कीत एव ते ।
कीतोऽस्मि तव सौन्दर्यात्क्षणमेकं युगाय ते। रु.स.२।

पा.ख.३ अध्याय २८।४४ शि.पु

अर्थः-

पार्वती जी को तपस्या देखि शिवजी लज्जीत हुदै भन्नु हुन्छ - हे पार्वती ! आज देखि तिमीले आफ्नो तपस्याले मलाई जित्यौ , म तिम्रो दास हु, भएँ, तिम्रो सुन्दरतामा म विकेको छु, तिमी विना एकक्षण पनि एक युगको समान लाग्छ ।

जायतेस्म सदा सिध्दा सिध्दिदा सिध्दिरुपिणी ।
सत्या अस्थि चिताभस्म भक्त्याधत्ते हरस्स्वयम् ।

रु.सं.।२। पा.ख.३।अ.३३।४७ शि पु.

अर्थः-

सती सधै सिध्दहरुको सिध्दिरुपिणी भएर प्रकट हुने गर्छिन, सतीदेवीको चिताको भस्म, खरानी लाई भक्तिले सधैं शिव, हरले धारण गर्नु हुन्छ । सधै आफ्नी प्रीय सतीको स्मरण होस भनेर ।

प्राह तां च महादेवो दासोऽस्मि तव शोभने ।
तपोद्रव्येण कीतच्च समादिश यथेप्सितम् ।

मा.ख.१,कौ.ख.२, अ.२५।८४, स्कन्द पुराण

अर्थः-

महादेवले स्विकार गर्दै भन्नु भयो - हे शोभने ! तिम्रो तपस्या कर्मले मलाई दास बनायो , म तिम्रो दास हुँ । भनि पार्वती देखि आफुले गरेको परिक्षा बाट लज्जित भएको प्रशङ्ग हो यो ।

पार्वती भन्नु हुन्छ -

मनसस्त्वं प्रभुः शंभो दत्तं तच्च मयातव ।

वपुष : पितारावीशौ तौ सम्मानयितुमर्हसी ।

मा.ख.१,कौ.ख.२, अ.२५।८५,स्कन्द पुराण

अर्थः-

पार्वती भन्नु हुन्छ - हे महादेव ! मेरो मन सधै प्रभु शंभोमा समर्पित भएकै छु , अव हाम्रो विवाह हुने भए पछि माता-पिताको सम्मान खातिर वहाँहरु सँगै मागेर मेरा विवाह गर्नोस ॥

महादेव भन्नुहुन्छ -

पित्रा हि ते परिज्ञातं दृष्ट्वा त्वां रुपशालिनीम् ।
वालां स्वयंवरं पुत्री महं दास्यामि नान्यथा ।

मा.ख.१,कौ.ख.२, अ.२५।८६, स्कन्द पुराण

अर्थः-

महादेव भन्नु हुन्छ - हे पार्वती ! पिता-माताले देखभाल , रक्षा गर्दै तिमिलाई रुपशालिनी, सुन्दरी बनाएका हुन - वहाँहरुलाई खुसी गराएर स्वंयवर गर, मलाई तिम्रो दास बराबर सम्झे हुन्छ भनेर अति प्रेमभाव दर्शाएको पाइन्छ ।

ऋग्वेदमा नारी

गृभ्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदिष्टिर्यथासः ।
भगो अर्यमा सविता पुरन्धिर्मह्यं त्वादुर्गार्हपत्याय देवाः ॥

१०।८५।३६ ऋग्वेद

अर्थः-

हे दुलही ! सूर्या सावित्री ! सौभाग्य विस्तार एवं सृष्टि वृद्धि गर्नका लागि म तिम्रो यो हात समाउछु (पाणी ग्रहण गर्दछु) मलाई पतिका रुपमा स्विकार गरेर वृद्ध अवस्था सम्म साथै रहिदेउ भन्ने मेरो आग्रह एवं प्रार्थना छ । भग ,अर्यमा, सविता र पुषादेवले तिमीलाई मेरा निमित्त गृहस्थ धर्म पालन गर्न हाम्रो जोडी प्रदान गरेका हुन ।

समञ्जन्तु विश्वे देवाः समापो हृदयानि नौ ।
सं मातरिश्वा सं धाता समु देष्ट्री दधातु नौ ।

१०।८५।४७ ऋग्वेद

अर्थः-

सम्पूर्ण देवताहरुले हामी दुई (पति पत्नी) को हृदय संयुक्त गराउन जल, वायु, धाता र सरस्वतीले हामी दुवैलाई परस्पर मेल गराई राखुन ,भन्ने प्राथना गरिएको छ । ।१०।८५। को ऋग्वेद १ देखि ४७ श्लोक सम्म विवाह दाइजो आदि कुरा उल्लेख गरिएका छन ।

पिता रक्षति कौमारे भर्ता रक्षति यौवने ।
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्रयमर्हति ।

९।३ मनुस्मृति

अर्थः-

वालकालमा पिताले ,युवावस्थामा पतिले, र बुढयौलीमा छोराले रक्षा गर्नु पर्दछ । किनभने स्त्रीहरु स्वतन्त्रता योग्य हुदैनन् । एक्लै छोड्दा असुरक्षित हुनेछन भनि स्त्रीको अति सुरक्षा गरेको हो ।

पुराकल्पे कुमारीणां मौज्जीबन्धनमिष्यते ।
अध्यापनं च बेदानां सावित्रीवचनं तथा ॥१॥

स्मृति चन्द्रिका - मनु

अर्थः-

वैदिक कालमा कुमारीहरुको व्रतबन्ध, वेदाध्यापन र गायत्री जप गर्ने, अधिकार थियो ।

पिता पितृव्यो भ्राता वा चैनामध्यापयेत्पुरः ।
स्वगृहे चैव कन्यायभैक्ष्यचर्या विधीमते ॥ २ ॥

स्मृति चन्द्रिका - मनु

अर्थः-

गुरुकुल नगइ आचार्य को सट्टा पिता , भ्राता आदिले घरैमा वेदाध्यायन गराउथे । नारीलाई भिक्षाटन गर्नलाई घरमा नै गराइन्थ्यो ।

वर्जयेदजिनं दण्ड जटाधारणमेवच ॥३॥

स्मृति चन्द्रिका - मनु

अर्थः-

गुरुकुल पढ्ने कुमार लाई दण्ड, जटा, मृगको छाला आदि धारणा गर्ने नियम थियो । तर कुमारीलाई (ब्रह्मचारीणी) लाई ती नियम थिएन ।

नारी—पुरुष दुवै नभै केही चल्दैन भन्ने कहावत छ ।

जस्तै :

एकचक्रो रथो यद्वदेकपक्षो यथा खगः ।
अभार्योऽपि नरस्तद्वदेयोग्य : सर्वकर्मसु ॥

अर्थः-

एक पाङग्राले रथ चल्दैन, एक पखेटाले पंक्षि उडदैन, त्यस्तै पत्नी रहित पुरुष एक्लै केही, कुनै पनि कार्य गर्न असफल हुन्छ ।

त्यस्तै आदिस्वयम्भुमनुले नारीलाई नै सम्मान दिएका छन् ।

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता : ।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफला :क्रिया :॥

३।५६ मनुस्मृति

अर्थः-

जहाँ नारीको पूजा हुन्छ (सम्मान गरिन्छ) त्यस कुलदेखि देवता प्रसन्न हुन्छन् । जुन कुलमा नारीहरु अपमानित हुन्छन् , त्यस कुलमा सबै यज्ञादी धर्मकर्म निष्फल हुन्छ ।

छोरीलाई अंश

स्वभ्योंऽशेभ्यस्तु कन्याभ्यः प्रदद्युर्भ्रातरः पृथक् ।
स्वात्स्वादंशाच्चतुर्भागं पतिताः स्युरदित्सवः ।

९।११८ मनुस्मृति

अर्थः-

घरमा अविवाहित कन्या, छोरी छ भने सबै दाजुभाइले आफ्ना भागबाट अंश दिनु पर्छ । यदि दिदी-बहिनी विवाहका लागि आफ्ना अंशबाट चौथाइ भाग दिनुपर्छ न दिने दाजुभाई पतित हुन्छन ।

अपुत्रोऽनेन विधिना सुतां कुर्वीत पुत्रिकाम् ।
यदपत्यं भवेदस्यां तन्मम स्यात्स्वधारकम् ।

९।१२७। मनुस्मृति

अर्थः-

पुत्रहीन मानिसले आफ्नी छोरीलाई पुत्रिका बनाउनुपर्छ । पुत्रिका भनेको छोराको जस्तै क्रिया, काज , कर्म, श्राद्ध आदि गर्दै यिनका सन्तानले पनि गर्दै रहुन भनि छोरीलाई छोरो सरहको पुत्रिका मानिन्छ ।

सर्वैरलक्षिता शीघ्रं लज्जिता ऽन्तर्गृहे वसेत ।
एकाम्वरा कृशा दीना स्नानालङ्गारवर्जिता ।

४अ , ४ प्र.को २४ शुक्रनीति

अर्थः-

रजस्वला भएपछि अरुले नदेख्ने गरी लजाएर घरभित्र बस्नु पर्छ । एकसरो लुंगा लगाएर, कमजोर अवस्था भएकोले, फोहोर अवस्थामा , लुगा, गहना, श्रृङ्गार त्यागेर बस्नु पर्छ । कमजोर अवस्थामा पति संग सम्पर्क वा सहवास आदी कर्म नगर्नु, नगराउनु भन्ने कुरा अत्यन्तै विज्ञानसम्वत् देखिन्छ ।

प्रथमे ऽहनि चण्डाली द्वितीये व्रहमघातिनी ।
तृतीये रजकी प्रोक्ता चनुर्थे ऽहनि शुध्यति ।

७।२० पारासर स्मृति

अर्थः-

नछुनी भएकी स्त्री पहिलो दिन चण्डाली, दोस्रो दिन ब्रह्मधातिनी, तेस्रो दिनकी धोवीनी सरह की र चौथो दिनकी स्नान गरे उप्रान्त शुध्द भएर आफ्नो मूल स्वरुपमा आउछिन । यि कुराहरु अत्यन्तै विज्ञान सम्भत छन । तीन दिन कसैसंग सम्पर्क नगरी छुद्दै बस भनिएको हो । यसले महिलाको स्वास्थ्यको सूरक्षा गर्छ र संक्रमणहुन वाट बचाउछ ।

भस्मना शुद्धयते कास्यं ताम्रमंम्लेन शुद्धयति ।
रजासा शुद्धयते नारी नदी वेगेन शुद्धयति ॥

६/३ चाणक्य नीति

अर्थः-

कासका भाँडा खरानिले माझेपछि चम्किलो हुन्छ । तामाका भाँडा अमिलोले माझ्दा शुद्ध हुन्छ । स्त्री रजस्वला भए छि शुद्ध हुन्छिन । नदी वेगले वगेपछि , खोला वाढी आए पछि शुद्ध र सफा हुन्छ ।

ऋतुकाल उपासीत पुष्पकालेन शुद्धयति ।
रजकश्र्वचर्मकारश्र्च नटो वुरुड एव च ॥ १९७
कैवर्तमेद भिल्लाश्च सप्तैते चान्त्यजाः स्मृताः ।
एषां गत्वा स्त्रियो मोहाभ्दुक्ता च प्रतिगृह्य च ॥ १९८

अर्थः-
नारीको ऋतुकाल सुरु भएपस्चात त्यसलाई पुष्प काल भनिन्छ । मासिक कर्मको सातौं दिन पस्चात देवकर्म, पितृ कर्मकोलागि नारी योग्य हुन्छिन । अ.सं. १९७, १९८ श्लोक

कुपुत्रो जायेत क्वचिदकपि कुमाता न भवति ॥

आदी शंकराचार्य । मा.पु.

अर्थः-
कुपुत्रहरु संसारमा जन्मन सक्छन तर माता कुमाता कहिल्यै हुदैनन ।

मन्त्रद्रष्ट्रार : ऋषिकाहरु ।

हिन्दु दर्शनमा नारी र शूद्रले वेद पढ्न पाइदैन भन्ने गलत एवं कूप्रचारहरु गरेका पाइन्छन् । तर कूप्रचार गर्ने नै गलत हुन पूर्वीय दर्शन गलत छैन भन्ने प्रमाण क्रमश तल दिइएका ऋषिकाहरु नै वेदका मन्त्रहरु देख्ने थिए । यिनीहरु सर्व कर्म गर्न सक्दथे ।

ऋषिकाहरु —
१) शची (२) गार्गी (३) ममता (४) विश्ववारा (५) अपाला (६) घोषा (७) सूर्या (८) सरमा देवशुनी
(९) वाक् (१०) जुहु (११) लोपा आदि ।

ऋषिहरु—
त्यस्तै : सुत ऋषि, वालमिकी, वशिष्ट, नारद ऋषि आदि तल्लो किसिमका वर्गबाट ऋषि भएका हुन ।

अर्को एक तुलसीकृत रामायणको श्लोकलाई पनि गलत अर्थ लगाउछन् :—

त्यस्तै :

ढोल गवाँर सूद्र पसु नारी ।
सकल ताडन के अधिकारी ॥ तु.रा.सु.का. पाँचौ सोपान ३

अर्थः साधारण अर्थ हो ढोल, मूर्ख, शुद्र,पशु र स्त्री यी सबै शिक्षाका अधिकारी हुन ।

यहाँ ताडनको अर्थ फरक किसिमले वुझ्नु पर्छ ढोललाई ताल मिलाएर ठोक्नु नै राम्रो ताल दिन्छ भनिएको हो । मूर्ख शुद्र र पशूको किसिम एकै जस्तो हुन्छ । यीनीहरु अनपढ मूर्ख हुने भएकाले प्रकृति र स्वभाव अनुशार हप्काएर, लठ्ठी देखाएर तहमा ल्याउदा राम्रो हुन्छ भनिएको हो । स्त्रीलाई ताडन भनेको संभोग द्वारा तृप्त गरेर आनन्द दिनु भनेको हो । तर यसलाई कुट्नु, ठोक्नु जस्ता गलत अर्थ बुझ्नु अबुझ र मूर्ख नै मान्नु पर्छ ।

१) मातृदेवो भव .....वृ.उ.
२) मातृवतपरादारेषु ..... हितोपदेश
३) या देवी सर्वभूतेषु मातृरुपेण ..... मा.पु.
४) श्रीमद भागवत गीता १।४१-४४ सम्म
नारी सम्मान नै प्रथम वाक्य आउछन जस्तैः
१) गौरी-शंकर
२) लक्ष्मी-नारायण
३) सीता-राम
४) राधा-कृष्ण आदि ।

- ॐ नमः शिवाय -

"धर्मो रक्षति रक्षितः"

सनातन बैदिक एवं पूर्वीय हिन्दु दर्शनका बन्दनीय वाणिहरु :–

असतोमा सद्गमय
तमोसोमा ज्योतिर्गमय
मृत्योर्मा अमृतङ्गमय ।
ॐ शान्ति ! शान्ति !! शान्ति !!!
वृ.उ.१/३/२

सङ्गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम्।
देवा भागं यथा पूर्वे सञ्जनानां उपासते। *१०।१९१।२ ऋग्वेद*

अर्थः-

सङ्गै हिड्न सिक वा आपसमा मिलेर हिड, आपसमा मिलेर बोलचाल गर, मनका कुरा आपसमा मिलेर एक अर्कामा आदान प्रदान गर र नयाँ कुरा सिक। पहिलेका सज्जनले आपसमा मिलेर यज्ञ उपासना गरेझैं तिमीहरू पनि आ-आफ्ना संप्रदायमा यस्तै गर्नका लागि एकमत होऊ।

Meaning

"May you move together, speak together in one voice; let your minds be of one accord; and like the ancient sages, may you enjoy your assigned share of fortune.

Rgveda 10/191/2

वेद र विभिन्न संप्रदायका शास्त्र एवं ग्रन्थहरूले यस्तो सन्मार्गको निर्देशन गरेको छ तर मानव धर्म-धर्ममा, संप्रदाय-संप्रदायमा मात्र नभई आ-आफ्नै संप्रदाय भित्र शैव र वैष्णव, सिया र सून्नी, क्याथोलिक र प्रोटेस्ट्यान्, हीनयान र महायान, स्वेताम्वर र दिगम्बर आदि आफैंमा लडाई मार-काट र हिंसामा उत्रिरहेका छन्। संसारका राजिनीतिक दल भित्रको लडाइको पराकाष्टा यहाँ उल्लेख गरिरहन पर्दैन।

"सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामया।
सर्वे भद्रानि पश्यन्तु, मा कश्चित दुःख भागभवेत॥" ऋषि एवं ब्राह्मण वाणी

<u>आयोजक</u>

१) ओरेक नेपाल
२) ल्पान ईन्टरनेशलन – साझेदारी
३) निरन नेपाल – समुन्वयकर्ता
स्थान :- होटेल फुलवारी इनरुवा , सुनसरी
मितिः– ६,७ आषाढ २०७५/२०,२१ जुन २०१८

दामोदर गौतम

पूर्वीय दर्शनमा वाल विवाह :—

संसारकै मौलिक दर्शन (Oriental Philosophy) हुदै पूर्वीय/हिन्दु दर्शनमा वालकको पवित्र स्थान छ भन्ने बारे वेद,शास्त्र,मनुस्मृति आदिमा स्पष्ट उदाहरणहरु छन् । सर्वप्रथम पहिलो स्वयम्भू मनुको सृष्टिको कालः सृष्टितो गताव्दाः १९५५८८५११९ वर्ष देखि समाज सृष्टि भएपछि सो समाज कसरी चलाउने भन्ने विधि र नियमको नाम नै "मनुस्मृति" हो । यस मनुस्मृति हुदै आज सम्म समय र काल अनुसार पूर्वीय समाज विभिन्न विधि र नियम हुदै चलिआएको छ । यस अनुरुप तल दिएका मनुस्मृति देखिका श्लोकहरुबाट पाँचबर्षसम्मको वालकको स्थान देव तुल्य मानिन्छन् । भन्ने सूक्तहरु प्रसस्त पाईन्छन् । विवाह आदिको निर्धारण पनि त्यतिकै वैज्ञानिक छन् । तर देशि विदेशि शक्तिहरुले पूर्विय दर्शनको अति उच्च गहिराइलाई नबूझि यसलाई बङ्गाएर उल्टो अर्थ लगाई भ्रम सृजना गर्ने दुष्प्रयासहरु हुदै आउनु हाम्रो देशको आदर्श समाजलाई दुःखपूर्ण कुरा हुन । ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र भनि उल्लेख भएका छन् ती गुण र कर्म हुन, कुनै जातजाति विशेष होइन ।

जस्तै:

हिन्दु दर्शनमा पुरुषको "वाल विवाहको विधानै छैनÆ । तर धर्म सम्प्रदायहरुको विचमा वेमेलका कारण र स्वस्थानी कथामा ७० बर्षको बृद्ध शिव शर्मा ब्राह्मणको प्राण बचाउन ७ बर्षकी गोमा ब्राह्मणीलाई परिस्थितिबस भएको विवाह र अनपढ समाजमा छोरीलाई पन्छाउदा बोझ हलुका हुने मनस्थितिका कारण अझ पनि नेपाल भारतमा ५—६ बर्षको उमेरमा बाल विवाह भै रहनु गलत संस्कार नै मान्नु पर्छ । कामसूत्रमा स्त्रीको ११—१३ बर्षमा रज पुष्ट हुन्छ भने पुरुषको २०—२५ बर्षमा मात्र वीर्य पुष्ट हुन्छ भनि उल्लेख गरिएको छ ।

हिन्दु दर्शनका वेद, उपनिषद्, मनुस्मृति देखि भागवत् आदि शास्त्रमा समाजलाई व्यवस्थित रुपले चलाउन चार वर्ण र चार आश्रमको व्यवस्था गरी व्यवस्थित गरेको पाइन्छ ।

जस्तैः–

ब्रह्मचारी गृहस्थच्च वानप्रस्थो यतिस्तथा ।
एते गृहस्थप्रभवाश्चत्वारः पृथगाश्रमा ।

६/८७ मनुस्मृति

अर्थः-

ब्रह्मचारी,गृहस्थ, वानप्रस्थ र सन्यासी यी चारै आश्रम गृहस्थ आश्रम बाट नै उत्पन्न हुन्छन् ।

चतुर्थमायुषो भागमुत्वा~~द्यं गुरौ द्विजः।
द्वितीयमायुषो भागं कृतदारो गृहे वसेत् ।

४/१ मनुस्मृति

अर्थः-

मानिसले आफ्नो १०० बर्षको आयूको पहिलो २५ बर्षको भागलाई गुरुकूल आश्रममा ब्रह्मचर्यमा रही विद्याध्यायन गरी विताओस । जीवनको दोस्रो भाग २५ देखि ५० वर्ष विवाह गरी गृहस्थ्मा रही जीवन व्यथित गरोस । ५० देखि ७५ वर्ष वानप्रस्थ र ७५ देखि १०० वर्ष सम्म सन्यास आश्रम वेथित गरोस ।

अथानन्तरमावेक्ष्यन् यथा जिज्ञासितागमः।
गुरवे दक्षिणां दत्वा स्नायाद् गुर्वनुमोदित : ॥

भागवत् ११/१७/३७

हे उद्धव ! यदि नैष्टिक ब्रह्मचर्य ग्रहण गर्ने इच्छा छैन भने गुरुकूलबाट स्नातक भएपछि (२५ वर्ष पछि) गृहस्थमा प्रवेश गर्न गुरु दक्षिणा दिई गुरु संग अनुमति लिइ समावर्तन (घर फर्कने) संस्कार गराएर विवाह गरी गृहस्थाश्रममा प्रवेश गर्नु भनिएको छ ।

लालयेत्पञ्चवर्षाणि दशवर्षाणि ताडयेत् ।
प्राप्ते तु षोडषे वर्षे पुत्रं मित्रवदाचरेत् ॥

३/१८ चाणक्य नीति

अर्थः-

पाँच बर्ष सम्मका वालवालिकालाई लाड प्यार दिएर पालन गर्नु । पाँच देखि दश बर्ष सम्मका छोरा छोरीलाई गुरुकूल पठाएर पठन-पाठन, नैतिक शिक्षा, अनुशासन आदिका लागि तह लगाउदै गुरुकूल पढाएर विद्यावान वनाउनु । सोह्र बर्ष पुगेपछि छोरा छोरीलाई मित्र बरावर मान्नु ।

माता शत्रुः पिता वैरी, येन वालो न पाठितः ।
न शोभते सभामध्ये हंसमध्य वको यथा ॥ १/३६ हितोपदेश

अर्थः-

जुन आमा वावुले आफ्ना वाल वालिकालाई पढाउदैनन् ती बैरी समान नै हुन । किनभने नपढेका बालवालिका वा मनुष्यहरु कुनै पनि सभामा शोभित हुदैनन्, जस्तो कि हाँसको वथानमा एक्लो बकुल्लाले शोभा नपाए जस्तै हुन्छ ।

त्रिंशद्वर्षोद्वहेत्कन्यां हृद्यां द्वादशवार्षिकीम् ।
त्र्यष्टवर्षोक ष्टवर्षां वा धर्मे सीदति सत्वर :

९।९४ मनुस्मृति

अर्थः-

तीस वर्ष उमेरका वरले बाह्र वर्ष उमेरकी कन्यासँग अनि चौविस वर्षको वरले आठ वर्षकी कन्यासँग विवाह गरुन । यो भन्दा छिटो विवाह गर्नाले गार्हस्थ जीवनमा कष्टदायी हुन्छ । समयमा विवाह नगर्दा वैज्ञानिक कारण वर वधुमा Hystereria उन्माद , मनोरोग, पागलपन जस्तो काम्ने, छोप्ने आदि विकृतिहरु हुन्छन । अहिले नेपालको नियमले २० वर्ष माथि मात्र विवहा गर्नु भनि ऐन कानून वनाएपनि वांह्र तेह्र बर्षका किशोरीहरुले विवाह पूर्व नै गर्भपतन गराएको समाचारहरुले पनि पूष्टि गरेको छ । मनुस्मृति र कामासुत्रले निर्धारण गरेको वर वधुको उमेर नै बैज्ञानिक देखिन्छ । तर यस समस्याको समाधान पनि समाजले वैज्ञानिक किसिमलेनै चलाउनु नै वेश हुनेछ ।

भविता योषितां सूतिः पञ्चषट्सप्तवार्षिकी ।
नवाष्टदशवर्षाणां मनुष्याणां तथा कलौ ।

६।१।४१। विष्णु पुराण

अर्थः-

कलिमा पाँच,छ र सात वर्षकी स्त्री तथा आठ, नौ र दश वर्षका पुरुषहरुबाट सन्तान हुनेछन् ।

शिव पुराणमा रु.स.पा.ख . अध्याय २२ श्लोक ५२ मा पार्वतिले शिव पति पाउन तीन हजार वर्ष तपस्या गरेर प्राप्त गरेकी थिइन् ।

भागवतको ८/८/२४मा

देवी लक्ष्मीले हजारौ देव –दानवको माझमा नारायणलाई स्वयम्बर गरेकि थिइन् ।

यस्तै चार आश्रम बारे :– विभिन्न हिन्दु शास्त्रहरु जस्तै :

भागवत ११/१७,१८ अध्याय , विष्णु पुराण ३/९, वाद्स्यायन सूत्र भाष्यम् , जावलोपनिषद ४, अमरकोष द्वितीय काण्डम् ब्रह्मवर्ग, वालमीकी रामायण अयोध्या काण्ड, महाभारत शान्ति पर्व अध्याय २८४ र ३३४को श्लोक १४१ र १ , श्क्रनीति अध्याय ४ को चतुर्थ प्रकरण । आदिमा चार आश्रमहरु बारे ब्याख्या गारेको पाइन्छ । यी माथि उल्लेखित मूल विधानहरुले २४/२५ वर्ष भन्दा मुनि पुरुषको विवाह गर्ने प्रमाण छैन भने हिन्दु दर्शन नबुझ्नेले मात्र समाजले आफुखुसि वाल विवाहहरु गर्दै आएका छन् । यो गलत प्रथालाई सम्बन्धित सबै निकायहरुले बुझी वाल विवाहको अन्त्य गरी वैज्ञानिक तवरले समस्याको सामधान गरी समुन्नत समाजको निर्माण गर्न सबै अग्रसर होउं ।

वाल विवाहको अन्त्य गरौं परिस्कृत एवं सभ्य समाजको निर्माण गरौं ।

- ॐ नमः शिवाय -

"धर्मो रक्षति रक्षितः"

सनातन बैदिक एवं पूर्वीय हिन्दु दर्शनका बन्दनीय वाणिहरु :–

असतोमा सद्गमय

तमोसोमा ज्योतिर्गमय

मृत्योर्मा अमृतङ्गमय ।

ॐ शान्ति ! शान्ति !! शान्ति !!!

सङ्गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम्।
देवा भागं यथा पूर्वे सञ्जनानां उपासते। *१०/१९१/२ ऋग्वेद*

अर्थः-

सङ्गै हिड्न सिक वा आपसमा मिलेर हिड, आपसमा मिलेर बोलचाल गर, मनका कुरा आपसमा मिलेर एक अर्कामा आदान प्रदान गर र नयाँ कुरा सिक। पहिलेका सज्जनले आपसमा मिलेर यज्ञ उपासना गरेझै तिमीहरू पनि आ-आफ्ना संप्रदायमा यस्तै गर्नका लागि एकमत होऊ।

Meaning:

"May you move together, speak together in one voice; let your minds be of one accord; and like the ancient sages, may you enjoy your assigned share of fortune.
Rgveda 10/191/2

वेद र विभिन्न संप्रदायका शास्त्र एवं ग्रन्थहरूले यस्तो सन्मार्गको निर्देशन गरेको छ तर मानव धर्म-धर्ममा, संप्रदाय-संप्रदायमा मात्र नभई आ-आफ्नै संप्रदाय भित्र शैव र वैष्णव, सिया र सून्नी, क्याथोलिक र प्रोटेस्ट्यान्, हीनयान र महायान, स्वेताम्वर र दिगम्बर आदि आफैंमा लडाई मार-काट र हिंसामा उत्रिरहेका छन्। संसारका राजिनीतिक दल भित्रको लडाइको पराकाष्टा यहाँ उल्लेख गरिरहन पर्दैन।

"सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामया।
सर्वे भद्रानि पश्यन्तु, मा कश्चित दुःख भागभवेत॥"

ऋषि एवं ब्राह्मण वाणी

<u>आयोजक</u>

१) ओरेक नेपाल
२) ल्पान ईन्टरनेशलन –साझेदारी
३) निरन नेपाल –समुन्वयकर्ता
स्थान :- होटेल फुलवारी इनरुवा , सुनसरी
मिति :- ६,७ आषाढ २०७५/२०,२१ जुन २०१८

दामोदर गौतम

सुरापान वारे पूर्वीय दर्शनमा आधारितप्रस्तुत कार्यपत्रः

संसारकै मौलिक दर्शन (Oriental Philosophy)हुदै पूर्वीय/हिन्दु दर्शनमा मदिरापान गर्नु पाप एवं नरकगामी कुलत (Bad Habbit) हो भनी वेद- शास्त्र आदिले निषेध गरेका धेरै उदाहरण हरु छन् । सर्वप्रथम पहिलो स्वयम्भू मनुको सृष्टिको प्रथम कालः सृष्टितो गताव्दाः १९५५८८५११८ वर्ष देखि समाज सृष्टि भएपछि सो समाज कसरी चलाउने भन्ने विधि र नियमको नाम नै **æमनुस्मृतिæ** हो । यस मनुस्मृति हुदै आज सम्म समय र काल अनुसार पूर्वीय समाज विभिन्न विधि र नियम हुदै चलिआएको छ । यस अनुरुप तल दिएका मनुस्मृति देखिका श्लोकहरुबाट मदिरा पान आदि लगायतका गलत कर्महरु नगर्न, नगराउन समाजका लागि निर्देश गरिएको छ ।

जस्तैः

ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः ।
महान्ति पातकान्याहुः संसर्गश्चापि तैः सह ।

११।५४ मनुस्मृति

अर्थः-

ब्रह्महत्या, मदिरापान, चोरी, गुरुपत्नी गमन, यी सबै कामहरु महापातक हुन । यस्ता काम गर्नेहरुसँग संसर्ग गर्नेहरुपनि महा पातक हुन । स्वयम्भु मनु महाराजले सत्य युगमा निर्धारण गरेको विधि र नियमहरु अहिले सम्म पनि पालना हुदै आएका छन ।

दैत्य गुरु शुक्राचार्यको शुक्रनीतिले पनि मदिरा पानलाई निषेध गरेको छ ।

जस्तोः

द्युतं स्त्री मद्यमेवैतत्त्रितयं बह्वनर्थकृतः ।

१।१०८ शुक्र नीति

अर्थः-

जुवा खेल्नु, गलत किसिमका स्त्रीहरुसँगको गमन गर्नु, मदिरा पिउनु आदिलाई अनर्थ कार्य मानि जीवनको घोर पतनको पाप मार्ग बताउनुभएको छ ।

अतिमद्यं हि पिवतो बुद्धिलोपो भवेत्किल ।
प्रतिभां बुद्धिवेशद्यं धैर्यं चित्तविनिश्तिम् ।

१।११५ शुक्र नीति

अर्थः-

धैरै मदिरा पान गर्नेहरुको बुद्धि निश्चित रुपले लोप हुन्छ । प्रतिभा बुद्धिमा भने उज्ज्वलता, धैर्यता र चित्तस्थिरता हुन्छ । यसरी दैत्य गुरुले पनि मदिरा पान लाई निषेध गर्नु भएको छ ।
अब आउँ चार युगका चार नियमका मनुमा स्वयम्भु मनु, गौतम, शंख र लिखित का नियम सत्य, त्रेता, द्वापर सम्म लागु भए । पछि यस कलियुगमा चल्ने नियम "**पारासर स्मृतिæ** हो । यसले पनि मदिरा पान आदि कार्यको निषेध गरेको छ ।

जस्तैः

मद्यमांसरतं नित्यं नीचकर्मप्रवर्तकम् ।
तं शूद्रं वर्जयेद्विप्रः स्वपाकमिव दूरतः ।

११।१५ पारासर स्मृति

अर्थः-

सधै मदिरा र मासु खानेहरु तथा निच कर्ममा प्रवृत्त रहनेलाई चण्डाल मानेर परैबाट परित्याग गरिदिनु पर्छ । यस्ता पतित कर्म गर्नेहरुको अन्न प्रयोगबाट ब्राह्मणहरु पनि भ्रष्ट र पतित हुनेछन ।
अब जाउँ पुराणहरु तर्फ

ब्रह्मघ्नाश्च सुरापाश्च गोघ्ना वा वालघातका : ।
स्त्रीघाती, गर्भपाती च ये च प्रच्छन्न् पापिनः ।

४।५ गरुड पुराण

अर्थः-

नारायण भन्नुहुन्छ - हे गरुड ! बैतरणी नदीमा पर्ने पापीहरु कस्ता हुन्छन भने क्रमशः जो ब्राह्मण बध गर्दछन्, जो सुरा (रक्सी) पान गर्दछन, गोबध गर्दछन्, बालकको बध गर्दछन्, स्त्रीको बध गर्दछन्, गर्भपतन गर्दछन् यस्ता पापीहरुले बैतरणी नदी देखि कठोर नरकको यातना भोग्नु पर्दछ ।

शिव पुराणमा जाऊँ

मद्यंमांसंतुलसुनंपलाण्डुंशिग्रु मेवच ।
श्लेष्मांतकं विड्वराहं भक्षणेवर्जयेत्तत ।

१।२५।४३ वि.सं शिव पुराण

अर्थः-

सात्विक व्यक्तिहरुको लागि वर्जित पदार्थहरु :- रक्सी, मासु, लसुन, प्याज,सिग्रु (सजिवनको साग) , लप्सी, बनेल वा सुगुरको मासु आदि खानु हुदैन । यी पदार्थ खाएमा उत्तेजना आई सात्विक भावबाट विमुख भई तामसी, राक्षसी, असुर आदि भावमा परिणत भई नकारात्मक कियाकलापमा परिणत भई खराब कर्ममा प्रवृत्त हुन्छन् ।

मांस भखै मदिरा पिवैं, धन विस्वासों खाय ।
जुवा खेलि चोरी करैं, अन्त समूला जाय ।

अर्थः-

जो मासु खान्छ, मदिरा पिँउछ, वेश्याबाट भाडपन गरेर कमाएको धन खान्छन, जुवा खेल्छन, र चोरी गर्छन, त्यस्ता व्यक्तिहरु अन्तमा मूल सहित नष्ट हुन्छन । पतन एंव नर्क जान्छन । मांसाहारी को अंग

५१।४ कवीर -अमृत वाणी

दैवी र आसुरी स्वभाव कस्ता हुन्छन गीतामा जाऊँ ।

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ॥

१६/६ गीता

अर्थः-

श्री कृष्ण भन्नुहुन्छ - हे पार्थ ! जगतमा प्राणीहरुको सृष्टि लाई दुई प्रकारले विभाजन गर्नु भएको छ। देवताको जस्तो स्वभाव (Divine Quality) भएकोलाई दैवि र असुरहरुको जस्तो दुष्ट स्वभाव (Demonic Quality)भएकालाई आसुरी भनिन्छ। जसले सात्विक आहार विहार गर्छन् ती दैवी सम्पदका पर्दछन, जसले तामसी मदिरा, मांसादी आहार विहार गर्दछन ती आसुरी सम्पद गुणका हुन्छन । तिनीहरु स्वयं जीवन कालमै दुःख र मृत्यु भोगीरहेका हुन्छन् ।

आसुरी स्वभाव कस्तो हुन्छ यो श्लोकमा हेरौ ।

दम्भो दर्पोऽभिभानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् । १६।४ गीता

अर्थः-

श्री कृष्ण भगवान भन्नुहुन्छ - हे पार्थ ! पाखण्ड (Hypocresy) घमण्ड (Arrogance) अभिमान (Pride) क्रोध (Anger) कठोरवाणी (Harshness) र अज्ञान ,(Ignorance) यी सबै आसुरी (Demonic) सम्पद प्राप्त प्राणीका लक्षण र व्यवहार हुन । दैवी (Divine) सम्पदमा सद्गुण मात्र पर्दछन । जुन गीता १६।१-३ मा उल्लेख छन ।

अझ यस विषयलाई भागवतले यस्तो बताएको छ ।
जस्तोः

लोके व्यवयामिषमद्यसेवा
नित्यास्तु जन्तोर्न हि तत्र चोदना ।
व्यवस्थितिस्तेषु विवाहयज्ञ-
सुराग्रहैरासु निवृत्ति रिष्टाः । ११।५।११ भागवत

अर्थः-

(वेद- शास्त्रले विधिको रुपमा कर्म गर्ने आज्ञा दिन्छ, जसमा मनुष्यहरु स्वभाविक प्रवृत्त हुदैनन् । आफ्नो किसिमले रुचि अनुसारको कर्म र खाने लाउने गर्दछन । शास्त्रले निषेध गरेको कुरा वास्ता गर्दैनन, मान्दैनन र नर्कमा जान्छन ।)

संसारमा देखिने गरेका छन कि मैथुन, मासु, रक्सी आदिको सेवन प्राणीको स्वभाविक प्रवृत्ति हुन गएको छ । जब उसले यसमा प्रवृत्त हुनलाई विधानत हुनै सक्दैन । यस्तो स्थितिमा विवाह, यज्ञ, सौत्रामणि यज्ञबाट मदिराको सेवन सुघेर यज्ञ गर्ने व्यवस्था दिएको छ । यसको अर्थ हुन्छ लोकलाई उच्छृङ्खल प्रवृत्तिबाट रोक्नु, नियन्त्रण गर्नु, उनको शास्त्रीय मर्यादाको स्थापना गर्नु हो । वास्तवमा यस्तो वेद निषिध कर्मबाट लोकले हट्नु नै श्रुतिको अभिष्ट उद्धेश्य हो । तर यस्तो नभई मनपरी दुरुपयोग गर्दछन् ।
अझ भागवतको अर्को श्लोकले यस्तो स्पष्ट पारेको छ ।

जस्तो :

यद् घ्राणभक्षो विहितः सुराया-
स्तथा पशोरालभनं न हिंसा
एवं व्यवायः प्रजया न रत्या
इमं विशुद्धं न विदुः स्वधर्मम् ॥ ***११।५।१३. भागवत्.***

अर्थः-

यज्ञमा मदिराको प्रयोग पनि हुने गर्दछन । जस्तोः सौत्रामणि यज्ञमा सुरा (मदिरा) सुँघने विधान हो, पिउने होइन । यज्ञमा पशुको आलंभन (स्पर्श मात्र) गरेर छोड्ने विधान हो, पशुलाई काट्ने वा हिंसा गर्ने होइन । यस्तै किसिमले आफ्नी श्रीमतीका साथ मैथुन गर्ने विधान छ, तर विषय भोगको लागि मात्र होइन, यो धार्मिक परम्पराको रक्षा गर्न सन्तान उत्पत्ति एवं सृष्टि निरन्तरताको निम्ति मात्र हो । तर आजकाल मानिसहरू अर्थवाद आफुलाई हुने अर्थ गरी वेद आदिका वचनलाई उल्टो अर्थ लगाई फसेका छन् । तर उनीहरूले यस्ता भागवत आदिका विशुद्ध ज्ञानलाई जान्दैनन् र पशु योनीमा जान्छन् ।
हुनत पूर्वीय दर्शनमा सात समुन्द्र मध्ये एक समुन्द्र सुराको समुन्द्र भनि उल्लेख छ ।

जस्तोः

एष द्वीपः समुद्रेण सुरोदेन समावृतः ।
विस्ताराच्छाल्मलस्यैव समेन तु समन्ततः ।

२।४।३३ विष्णु पुराण

अर्थ :-

(यो सात द्वीप र सात समुन्द्रको प्रसङ्गमा पर्दछन - द्वीपमा जम्भु, (यो भारत वर्ष भन्नाले एसिया महादेशमा पर्दछ ।) ल्पेक्ष, शाल्मल, कुश,क्रौंञ्च, शाक, पुष्कर यी सात द्वीप भए । यी सात द्वीपलाइ घेरिएका समुन्द्रमा नुनको, उखुको रस, मदिरा, घृत, दधि, दुग्ध र मिठो जल गरी सात समुन्द्र उल्लेख छन ।)

" यो द्वीप (शाल्मल) आफ्नो समान नै विस्तार भएको एक मदिराको समुन्द्रबाट सबैतिर पुर्णतया घेरिएको छ । यस किसिमको सुराको समुन्द्र समेतको वर्णन छन ।Æ तर पिउन भने निषेध नै गरिन्छ ।

यस्तै कुरआन को सुरह ४७ मुहम्मद को १५ आयातमा पनि शराबको नहर वा नदी उल्लेख छ ।

सोमरस बारे केहि उल्लेख गर्न जरूरी देख्छु । सोमरसका प्रसङ्गमा आजकाल मधुसालामा सोमरस लेउ भनेर पिउने चलन आदि देखिन्छन । यो अत्यन्तै गलत र भ्रमित वाक्यहरू प्रयोग भएका हुन । सोमरस भनेको मूलतः अमृत वा यज्ञबाट उत्पन्न हुने रसलाई सोमरस भनिन्छ । यस रसलाई देवता आदिले पिएको र यज्ञमा प्रयोग भएको प्रसËऋग्वेदको ८ मण्डलको ७६ सूक्तको १ देखि १२ श्लोकसम्म स्पष्ट वर्णन गरेको पाइन्छ ।

जस्तै :

मरूत्वा" इन्द्र मीठ्वः पिवा सोमं शतक्रतो ।
अस्मिन्यज्ञे पुरूष्टुत । ८।७६।७ ऋग्वेद

अर्थः-

हे हर्ष र खुसि वर्षा गराउने इन्द्रदेव । तिमी यज्ञजस्ता सयौं असल कर्महरू गर्दछौ । त्यसैले यस यज्ञमा सोमपान गर्नुहुन अनुरोध गर्दछु ।

तुम्येदिन्द्र मरूत्वते सुताः सोमासो अद्रिव : ।
हृदा हूयन्त उक्थिनः ।

८।७६।८ ऋग्वेद

अर्थः-

शक्तिशाली वज्र धारण गर्ने हे मरूत्वान् इन्द्रदेव । तिम्रा लागि सोमरस तयार गर्ने स्तोताले श्रद्धापूर्वक अन्तःकरणदेखि सोमरस पान गर्न तिमीलाई नै आव्हान गर्दछन ।

ये नः पूर्वे पितरः सोम्यासोऽनूहिरे सोमपीथं वसिष्ठाः ।
तेभिर्यमः संरराणो हवींष्युशन्नुशद्भिः प्रतिकाममत्तु ।

१०।१५।८। ऋग्वेद

अर्थः-

सोमरस तयार गर्ने वसिष्ठ आदि याजकहरू वैभवसम्पन्न भएर सोमपायी पितृलाई हविरूपी सोम प्रदान गर्दछन् । पितृहरूस"गै पितृका अधिपति यम पनि हविष्यको कामना गर्दछन् । जसले हविको कामना गर्दछन्, ती सबैले त्यो प्राप्त गर्दछन् । यस किसिमले सोमरसलाई स्पष्ट शब्दमा वेदमै देवता र पितृलाई चढाउने रस हो ।

सोमरस भनेको संस्कृतमा धेरै प्रकारले व्याख्या गरिएको पाइन्छ । सोमको अर्थ हो अमुत र चन्द्रमा । सोमरस भनेको अमृतको घडा चन्द्रलोकमा रहन्छ । त्यसै अमृतबाट चन्द्रमाले सारा सृष्टिलाई अमृत प्रवाह गर्नुहुन्छ । जस्तै : दुध, दहीध्यु, मह, चिनि पञ्चामृत लगायत फलफुल अन्नादी पदार्थहरु देखि प्राणीहरुमा जुन रस भरिन्छ त्यो रस नै सोमरस वा अमृत रस हो । अमृत देखि लिएर सोमलताको एक अति पौष्टिक रस भनि उल्लेख छ । साथै सोम भनेको शितलताको प्रतिक चन्द्रमा भएकोले यसलाई शितल रस वा योग रस पनि भनिन्छ । यस रस लाई यज्ञदेखि लिएर देवता, योगी, ऋषि ,साधक आदिले पिउने गरेको पाइन्छ । तर मदिरा भनि मान्ने आधार शास्त्रमा पाइन्न र हुदै होइन ।

भगवान बुद्धको पञ्चशील मध्ये एक शील प्राथनामा सुरा पान गर्न नहुने वारे यस्तो लेख्नुभएको छ ।

पाली भाषामा

सुरा-मेरय-मज्ज-पमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।

अर्थ नेपालीमा :

म रक्सी, नशालु पदार्थ सेवन नगर्ने शिक्षा पालना गर्दछु । यस्तो शील प्राथना छ बुद्धको पवित्र कुरानको सुरह २/२१९ र सुरह ५/९०,९१ मा शराव (रक्सी) पिउनु गुनाह (पाप) भनी उल्लेख छ ।

वैज्ञानिक दृष्टिकोण वा मेडिकल साइन्समा रक्सी आदि नशालु पदार्थ सेवन गर्ने मानिसहरुमा विभिन्न किसिमका घातक रोग, कलेजोको सिरोसिस र क्यान्सर (Liver Cirrhosis/Cancer/Alcer/T.B)आदि तथा आन्द्रका अल्सर, टि.बि. आदि जस्ता रोगले जीवन गुमाइरहेका उदाहरणहरु विश्वव्यापी रुपमा पाइन्छन । त्यस्तै माछा-मासु आदि खानाले हृदयघात र मष्तिष्कघात (Brain Haemorrhage /Heart Failure) हुन गई मानिसहरुको मृत्यु भइरहेको छ । परस्त्री र परपुरुष गमन गर्नाले यौन रोगहरु भिरिङ्गी HIV –AIDS, Syphilis/ Gonorrhoea आदि रोगबाट मृत्यु हुने गरेका छन । जुवा खेल्नाले घरबार र सम्पत्ति सबै हारी महाभारतका पञ्च पाण्डप देखि आजसम्म सबैको उठिबास भई आत्महत्या गरेको ज्वलन्त उदाहरणहरु छन । यस अर्थ मदिरा सेवन देखि लिएर माथि उल्लेखित गलत आचरणहरु सर्व दृष्टिकोणबाट बर्जित हुनु समाजको लागि हितकर हुन्छ ।

अन्तमा माथि उल्लेखित श्लोकहरुका उपमाबाट क्रोध उत्पन्न गराउछ र क्रोधले सबै कुराको नाश गर्छ भन्ने कुरा श्री कृष्णले गीतामा भन्नुभएको कुरालाई हेरौं -

जस्तै :

क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृतिभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ।

२।६३ गीता

अर्थः-

भगवान श्रीकृष्ण भन्नुहुन्छ - हे अर्जुन ! मानिसमा क्रोध आयो भने क्रोधबाट अविवेक अथवा मुर्खता उत्पन्न हुन्छ । नित्य अनित्य कर्मको विचार हुन्न । अविवेकबाट स्मरण शक्ति भ्रमित हुन्छ । स्मृति भ्रम भएका मानिसको बुद्धि नाश हुन्छ । जसको बुद्धि नाश भएको छ त्यो व्यक्तिको सबै कुरा नाश हुन्छ र उचित अनुचितबाट च्युत हुन्छ । यस उदाहरणबाट समाजले आफुलाई सतमार्गमा लाने प्रेरणा मिलोस ।

"सन्त वाणीÆ
हे मनुष्यहरु हो ! ,

- ❖ काम वासनालाई त्याग्नुहोस,
  महादेव हुनु हुने छ ।
- ❖ राज्य र वैभव त्याग्नुहोस,
  बुद्ध हुनु हुने छ ।
- ❖ बन्धु, वान्धव र वश्त्र त्याग्नुहोस,
  महावीर हुनु हुने छ ।
- ❖ अन्ध विश्वास र जगत त्याग्नुहोस,
  जगत गुरु हुनु हुने छ ।
- ❖ प्राणी मात्रको भेदभाव त्याग्नुहोस,
  सन्त कविर हुनु हुने छ ।
- ❖ सुरा, नशालु पदार्थहरु त्याग्नुहोस,
  तपाईको जीवन सफल हुने छ ।

æमद्यंमांसंतुलसुनंपलाण्डुंशिग्रु मेवच । श्लेष्मांतकं विड्रबराहं भक्षणेवर्जयेत्तत । १।२५।४३ वि.सं शिव पुराण Æ

"सन्त वाणीÆ
हे मनुष्यहरु हो ! ,

- ❖ काम वासनालाई त्याग्नुहोस,
  महादेव हुनु हुने छ ।
- ❖ राज्य र वैभव त्याग्नुहोस,
  बुद्ध हुनु हुने छ ।
- ❖ बन्धु, वान्धव र वश्त्र त्याग्नुहोस,
  महावीर हुनु हुने छ ।
- ❖ अन्ध विश्वास र जगत त्याग्नुहोस,
  जगत गुरु हुनु हुने छ ।
- ❖ प्राणी मात्रको भेदभाव त्याग्नुहोस,

सन्त कविर हुनु हुने छ।

❖ सुरा, नशालु पदार्थहरु त्याग्नुहोस,

तपाईको जीवन सफल हुने छ।

आयोजक
महिला हिंसा विरुद्ध अर्न्तधार्मिक राष्ट्रिय सञ्जाल (निरन-नेपाल)
नेपाल मदिरा नीति सञ्जाल (नापा)

दामोदर गौतम
अध्यक्ष
अन्तर-धार्मिक परिषद नेपाल
तथा प्रवक्ताः विश्व हिन्दु महासंघ
२ फागुन २०७४/ १४ फरवरी २०१८
अल्फा विटा, बानेश्वर
मो.नं. ९८५१०४३१२

नेपाल र भारतमा सदियौंदेखि चलिआएको छुवाछुत र जातजातीमाभएको भेदभाव मानव इतिहाँसको गलत परम्परा हो ।

UNTOUCHABILITY BAD CUSTOMS HELD IN NEPAL AND INDIA

The manifestation of the world especially the man on the basis of color and climatically the difference among races and languages but the creations are not only man but also all the creatures of world. Unfortunately Nepal and India due to cause of tradition of society the man give a four casts and 4th are untouchable. This is not correct in human beings. The Vedas and other Hindu scriptures tell that it is not true.

दामोदर गौतम

१) पृष्ठ भूमि

वैदिक सनातन हिन्दु धर्म शास्त्रहरुमान्ने तर बास्तविक मर्म नबुझेका कारण जातीय छुवाछूत र बिभेद कायम रहेको पाइन्छ । जस्का कारण देशको कूल जनसंख्यको १३ प्रतिशत जनतालाई समस्या सृजना गरेको पाइन्छ । अद्वैत वेदान्त एवं धर्मशास्त्रहरुमा बिभेद नहुदाहुदै पनि समाजमा धर्मपरम्पराको नाममा विभेद रहेको छ । यसलाइ हटाउन आबश्यक छ । लिच्छिवि कालदेखि नै दलित समुदायलाई धर्मका मर्म नबुझदा केही ब्यक्तिहरुले धर्म र कानूनको आडमा शिक्षा, अर्थ र राज्य सत्तामा सहभागिता हुनबाट पछि पारेको देखिन्छ । जसको परिणाम स्वरुप देशको विकासमा अवरोध सृजना भै मानव अधिकारको हनन् हुनुका साथै धर्मको मूल मर्म नै मर्न गएको छ । आज एउटै धर्मका अनुयायीहरुलाई पनि छुत अछूतको ब्यबहार गरी सामाजिक जीवनमा विभिन्न खालका अबरोध सृजना भएका छन् । यस किसिमका उत्पीडनबाट पिडित दलित समुदायले मुक्ति पाउनका लागि देशमा चलेका विभिन्न किसिमका राजनैतिक तथा सामाजिक आन्दोलनहरुमा सक्रिय सहभागिता रहयो । २००७ साल देखि २०६२/६३ दोस्रो जनआन्दोलनबाट दलित समुदायले जातीय

छुवाछूत र मुक्ति पाउने आशाा गरेका थिए । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संबिधान २०७२ अशोज ३ गतेबाट संम्बिधानको प्रस्तावनामा नै छुवाछूत र जातीय भेदभावलाई व्यवारतह अन्त्य गरी न्याय र समतामूलक समाजको निर्माण गर्ने लक्ष्य उल्लेख भएबाट अब जातीय छुवाछुतको को संबिधानतः अन्त्य भएको विश्वास गरिएको छ । तर नेपालमा जातीय छुवाछूत घटना घटी रहेका छन् र भेदभावको अवस्था वर्तमान समयमा पनि पेचिलो रुपमा रहेकै छ । त्यसैले छुवाछूत अन्त्य गर्नका लागि धार्मिक क्षेत्र लगाएत विभिन्न सरोकारवालाहरुबाट प्रयत्न हुन आवश्यक छ ।

२) पूर्वीय सनातन बैदिक दर्शनमा छुबाछूत रहित ब्यबस्था र यसको
अर्थः-

वेदको उत्पत्तिकाल अनादि हो । यसको उत्पत्तिको कुनै समय छैन र यो सनातन हो (Eternal, Emmemorial, withoutbegining)। साथै यो अपौरुषेय हो, कुनै पुरुषबाट यो लेखिएको होइन । यसलाई पछि मन्त्रद्रष्ट्रारः ऋषिहरुले देखे । यो श्रुति र स्मृति हुदै गयो द्वापर युगको अन्त पछि करिब पाँच हजार बर्ष अघि वेदलाई कृष्णद्वयपायन ऋषिले लिपिवद्ध गरे, यसैले उनको नाम वेदब्यास रह्यो । सत्य युगमा आएर स्वंयम्भु मनुले मानव समाज चलाउने विधान लेखे जसको नाम मनुस्मृति भनिन्छ । त्यस मनुस्मृतिमा वेदलाइ धर्मको मूल भनि दुइ अध्याय १/६ श्लोकमा यस्तो लेख्नु भएको छ ।

वेदोखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधुनात्मनस्तुष्टिरेव च ।

२/६ मनुस्मृति

अर्थः-

सम्पूर्ण वेद पुराणका विषय जान्ने मूल ज्ञान र धर्म वेद नै हो । यसबाट आचारशील र धार्मिक मानिसहरुले सन्तुष्टि पाउछन् । सन्तुष्टि नै सबै धर्मको मूल प्रमाण हो ।

पूर्वीय वेदान्त दर्शनमा हेऱ्यो भने यस्तो विशुद्ध भेद रहित सृष्टिको वर्णनन् गरिएको पाइन्छ :

जस्तै :

"एकं सद्विप्रा बहुधा बदन्ति" १/१६४/४६ ऋग्वेद ।

अर्थः-

सत्य एकमात्र छ। तर ब्राह्मण एवं ज्ञानीहरूले यसलाई विभिन्न रुप वा आकार प्रकारले व्याख्या गरेको पाइन्छ। जस्तै वर्ण, कर्म, गुण आदि हुदै पछि आएर जातजातीमा समेत नेपाल र भारतमा विभाजन भएको पाइन्छ।

यस्तो सत्यलाई केही स्वदेशि तथा बिदेशिहरुका निहित स्वार्थ सिद्धि गर्ने मनसायले नकारात्मक भ्रम फैलाउदै हिन्दुहरूको वेद र मनुस्मृतिले जात, वर्ण र नारीमा भेद गरेको छ भनेर कूप्रचार गरेर पूर्वीयदर्शनलाई बंग्याउने दुष्प्रयास गरिएको छ।

ऋग्वेदका अनुसार :

यत्पुरुषं ब्यदधुः कतिधा ब्यकल्पयन्।
मुखं किमस्य कौ बाहू का ऊरू पादा उच्यते॥

१०/९०/११ ऋग्वेद

अर्थः-

ईश्वरकोसंकल्पबाट उत्पन्न विराट पुरुषलाई ज्ञानीहरु विभिन्न किसिमले बर्णन गर्दछन्। त्यस पुरुषको कस्तो कल्पना गर्छन ? त्यस्को मुख कुन हो ? त्यसका पाखुरा, जङ्घा र गोडा कुन कुन हुन ? शरीरको संरचना त्यो पुरुषको कसरी पूर्ण बनेको छ। भन्ने सन्दर्भमा **१०/९०/१** देखि १६ ऋग्वेदको पुरुषसूक्तमा जगतमा प्राणीहरुको सृष्टि बर्णनन् भित्र पर्दछ। नजिकमा ११ पछिको १२औ श्लोक हो यो तलको।

ऋग्वेदको १०/९०/१२ को श्लोकको वर्णन यस्तो छः-

ब्राह्मर्णोस्य मुखमासीद् बाहू राजन्यःकृतः।
ऊरू तदस्य यद्वैश्यः पभ्द्यां शूद्रो अजायत॥

अर्थः-

ऋग्वेदको १० मण्डलको ९० सुक्तको १ देखि १६ श्लोक सम्म सृष्टिको वर्णन क्रममा एक विराट पुरुषको उत्पत्तिको वर्णनलाई यस्तो ब्याख्या गरेको छ। त्यस विराट पुरुषको १)मुख ब्रह्म ज्ञानी, (ज्ञान)२) पाखुरा सुरवीर, प्रशासक (सुरक्षा) ३)तिघ्रा वितरण गर्ने वैश्य (व्यापार) र ४) गोडा श्रमिक शूद्र (सेवा) यस्तो अर्थलाई बंग्याएर ब्राह्मण,

क्षेत्रिय, बैश्य र शूद्र चार जात भनि वर्गिकरण गरियो। तर यो एउटै विराट पुरुषको अंगको भागलाई वताएको हो। नकी चार जात।

बरु वेद, उपनिषद्, मनुस्मृति, महाभारत, भागवतपुराणहरु र गीता आदि शास्त्रले वेदको वाक्यलाई नै आधार मान्दै वर्ण, गुण र कर्मको आधारमा चार किसिमले मनुष्यलाई बर्गिकरण गरेको छ तर जात होइन वर्ण,कर्म र गुण हो। पछि गएर यही चार बर्णलाई चार जात भनि गलत व्याख्या गरियो। जुन यस प्रकारका छन्।
यही कुरा अब मनुस्मृतिमा जाऊँ मनुस्मृतिको एक अध्यायको ३१ श्लोकमा यस्तो लेखिएको छ।

लोकानां तु विवृद्ध्यर्थं मुखबाहूरुपादतः।
ब्राह्मणं क्षत्रियं वैश्यं शूद्रं च निरवर्तयत्॥

अर्थः-

संसारको अभिवृद्धिको लागि ब्रह्माजीले आफ्नै मुख, पाखुरा, तिघ्रा र गोडालाई क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र भनि नामाङ्कन गरे। यसमा पनि ऋग्वेद कै १० मण्डलको १२ श्लोकलाई इंगित गरेको हो। यो भनेको १९५५८८५११७। बर्ष पुरानो मनुस्मृति काल हो।

अझ वेदले यस्तो भन्छ की वेदका चार महावाक्यहरूले पनि शब्दमा फरक भएपनि अर्थमा एकै ईश्वर परमात्मा "आत्मा"लाई नै एक रूप मानेको छ।
जस्तो,

१) ऋग्वेदको महावाक्यलाई ऐतरियोपनिषद्को ३/१/३ ले **"प्रज्ञानं ब्रह्म"** भनेको "प्रज्ञानस्वरूप परमात्मा नै ब्रह्म हो"।
२) अथर्ववेदको महावाक्यलाई माण्डुक्योपनिषद् १/२ ले **"अयमात्मा ब्रह्म"** भनेको "यो आत्मा नै ब्रह्म हो"।
३) सामवेदको महावाक्यलाई छान्दोग्योपनिषद् ६।८।७ ले **"तत्वमसि"** भनेको "तिमी नै ब्रह्म हौ"।
४) शुक्ल यजुर्वेदको महावाक्यलाई बृहदारण्योपनिषद् १।४।१० ले **"अहं ब्रह्मास्मि"** भनेको "म(जीव) नै ब्रह्म हुँ"।
वेद-वेदान्तका अर्थहरूमा अन्तिम टुङ्गोमा सर्वसत्ताधारी एकमात्र परब्रह्म स्वरूप **"आत्मा"** नै हो भनेको छ। साथै वेदका एक

लाख श्लोकलाई असी हजार श्लोक कर्म काण्ड, सोह्र हजार उपासना काण्ड र चार हजार ज्ञान काण्डमा वाडिएका छन । कर्म काण्डमा म र मेरो, उपासना काण्डमा म र ईश्वर र ज्ञान काण्डमा æमÆ नै ईश्वर भनिएको छ । यसको व्याख्या धेरै लामो हुने हुदा ठूलो पुस्तक तयार हुन्छ । तर छोडकरीमा भन्नुपर्दा ज्ञानमा पुगे पछि संसारमा आफुभन्दा वा ईश्वर भन्दा फरक केही रहदैनन् र सर्वत्र समभाव भए पछि जाती भेद भाव सानो ठूलो केही रहदैन । यसकै निचोडमा चार वेदका महा वाक्यहरुलाई तल वर्णन गरिन्छ ।

वेदको चार महावाक्यको ब्याख्या गरौं ।

(१) **प्रज्ञानं ब्रह्म** ३/१/३ ऐतरेयोपनिषद्

एष ब्रह्मैष इन्द्र एष प्रजापतिरेते सर्वे देवा इमानि च पञ्च महाभूतानि पृथिवी वायुराकाश आपो ज्योतींषीत्येतानीमानी च क्षुद्रमिश्राणीव बीजानीतराणि चेतराणि चाण्डजानि च जारुजानि च स्वेदजानि चोद्भिजानि चाश्वा गावः पुरुषा हस्तिनो यत्किंचेदं प्राणि जङ्गमं च पतत्रि च यच्च स्थावरं सर्वं तत्प्रज्ञानेत्रम्। प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः प्रज्ञा प्रतिष्ठा "प्रज्ञानं ब्रह्म" ॥

अर्थ :-

यो (प्रज्ञानरुप आत्मा) नै ब्रह्म हो, यो नै ईन्द्र हो, यही प्रजापति हो, यही यी सबै देवताहरु तथा पृथ्वी, वायू, आकाश, जल र तेज यी पञ्च महाभूत हुन, यही छुद्र जीवहरुको सहित उसको विज (कारण) र अन्य अण्डज, जरायुज,स्वेदज, उद्भिज, घोडा, गाई, मनुष्य एवं हात्ती हुन तथा यसका अतिरिक्त जो पनि छन्, यो जङ्गम, (खुट्टाले हिड्ने चल प्राणिहरु) पतत्रि, (आकाशमा उड्ने प्राणिहरु) र स्थावर (वृक्ष-पर्वत अचल आदि) रुप प्राणि वर्ग हुन, यिनीहरु सबै प्रज्ञानेत्र र प्रज्ञान (उपाधि रहित चैतन्य) मा नै स्थित छन्। लोक प्रज्ञानेत्र (प्रज्ञा–चैतन्य नै जसको आँखा– ब्यवहारको कारण नै हो यस्तो) हो, प्रज्ञानै उसको लय स्थान हो, यस कारण "प्रज्ञान नै ब्रह्म हो"। प्रज्ञान स्वरुप परमात्मा नै ब्रह्म हो।

(२) **तत्वमसि्** ६।८।७ छान्दोग्योपनिषद

स य एषोणिमैतदात्म्यमिदँसर्वं तत्सत्यँस आत्मा "तत्वमसि" श्वेतकेतो इति भूय एव मा भगवान्विज्ञापयत्विति तथा सोम्येति होवाच।

अर्थ :-

उ (आत्मा) जो यो अणिमा (अणु वा सुक्ष्म) छ त्यही रुप नै यो सब हो त्यो सत्य हो, त्यो आत्मा हो र हे स्वेतकेतु ! **"त्यो तिमी हौ"।** (आरुणिकलेस्वेतकेतुलाई यसरी सम्झाए पछि स्वेतकेतुले भने) भगवान ! मलाई फेरी सम्झाउनुहोस्। (त्यस पछि आरुणीकले) ठिक छ सोम्ये यस्तो भने। यसको अर्थ पनि **"तत्"** भनेको त्यो ईश्वर वा आत्मा, **"त्वं"** भनेको तिमी **"असि"** भनेको एक नै हो।

(३) **"अयमात्मा ब्रह्म"** १/२ माण्डुक्योपनिषद्

सर्व ह्येँतद् ब्रह्मायमात्मा ब्रह्म (अयमात्मा ब्रह्म) सोँयमात्मा चतुष्पात्।

अर्थ :-

यो सव ब्रह्म नै हो, **"यो आत्मा ब्रह्म नै हो "**। त्यो यस आत्मा चार पाउ भएको छ।

यसरी चार वेदका चारै महा वाक्यले आत्मा बाहेक अरु केहि छैन र होइन है भनि देखाएको बाटोलाई छोडी हामी आफु भित्रको ब्रह्मलाई नखोजि अन्यत्र खोजि गरी हिड्नु मुर्खाई मात्र हो।
विभिन्न शास्त्रहरुमा चार वर्णको व्याख्याहरु छन्। त्यस मध्ये मूल रुपले यजुर्वेदको महावाक्य**æअहं ब्रह्मास्मिÆ लाई** बृहदारण्योपनिषद् १/४/१०, ११,१२,१३ ले चार वर्ण बारेको व्याख्या यस प्रकार छन् :-

(४) **अहं ब्रह्मास्मि** १/४/१० बृहदारण्योपनिषद्
ब्रह्म सर्गः

ब्रह्म वा इदमग्र आसीत्तदात्मानमेवावेत्। "अहं ब्रह्मास्मीति"। तस्मात्तत्सर्वमभवत्तद्यो यो देवानां प्रत्यबुध्यत स एवतदभवत्तथर्षीणां तथा मनुष्याणं तद्वैतत्पश्यन्नृषिर्वामदेवः प्रतिपेदेहं मनुरभवँ सूर्यश्चेति। तदिदमप्येतर्हि य एवं वेदाहं ब्रह्मास्मीति स इदँसर्वं भवति तस्य ह नदेवाश्चनाभूत्याईशते। आत्मा ह्मेषाँस भवति। अथ

योन्यांदेवतामुपास्तेन्योसावन्योहमस्मीति न स वेद यथा पशुरेवँस देवानाम्। यथा ह वै बहवः पशवो मनुष्यं भुञ्ज्युरेवमेकैकः पुरुषो देवान्भुनक्त्येकस्मिन्नेवपशावादीयमाने प्रियं भवतिकिमुबहुषु तस्मादेषां तन्न प्रियं यदेतन्मनुष्या विद्युः।

अर्थ :-

पहिले यो (आत्मा) ब्रह्म नै थियो, उसले आफुलाई जान्यो कि **"म नै ब्रह्म हुँ"** यस पछि उनै सवै भयो। उसलाई देवताहरु जस जसले जाने उनिहरुनै तद्रुप भए। यस प्रकार ऋषि र मनुष्यहरु पनि जसले जाने ति पनि तद्रुप भए। यसलाई आत्मा रुपबाट देख्दै ऋषि बामदेवले जाने–**"मै मनु हुँ र सूर्य पनि म नै हुँ"**। त्यो त्यस ब्रह्मको यस समय पनि जसले यस प्रकार जान्दछ कि **"मै ब्रह्म हुँ"** उ यस मा सबै भैहाल्छ। त्यसको पराभवमा देवता पनि समर्थ हुदैनन् किन की त्यो उसको आत्मा नै हुन्छ। र जो अरु देवताहरुलाई भिन्न र म आफुलाई फरक हुँ ठान्छ र यस प्रकार उपासना गर्दछ भने त्यसले जानेन। जस्तो पशु हुन्छ त्यस्तै नै उ पनि देवताहरुको पशु हुन्छ। जस्तो लोकमा धेरै पशुलाई मनुष्यले पालन गर्दछन्, त्यसै प्रकार मनुष्य देवताहरुको पालन गर्दछ। एउटा पशुलाई नै हरण गऱ्यो भने राम्रो हुन्न धेरैको त के कुरा गर्ने ? यस कारण देवताहरु मनुष्यले ब्रह्म तत्व नजानुन र पशुसरह रहुन अनि आफ्नो पूजा गरुन भन्ने कल्पना गर्दछन्। अब आफुलाई नै **"ब्रह्म"** ठान्ने की पशु ठान्ने मनुष्यहरुले ? यो स्वयं मनुष्यमा कमैले मात्र बुझेका होलान।

क्षेत्रिय सर्गः

ब्रह्म वा इदमग्र आसीदेकमेव तदकँ् सन्न व्यभवत्। तच्छ्रेयोरुपमत्यसृजत क्षत्रं यान्येतानि देवत्रा क्षत्राणीन्द्रो वरुणःसोमो रुद्रः पर्यन्यो यमो मृत्युरीशान इति। तास्मात्क्षत्रापरं नास्ति तस्माद् ब्राह्मणः क्षत्रियमधस्तादुपास्ते राजसूये क्षत्र एव तद्यशो दधाति सैषा क्षत्रस्य योनिर्यद्ब्रह्म। तस्माद्यद्यपि राजा परमतां गच्छति ब्रह्मैवान्तत उपनिश्रयति स्वां योनिं य उ एनँ् हिनस्ति स्वाँ् स योनिमृच्छति स पापीयान्भवति यथा श्रेयाँ् सँ् हिँ् सित्वा। १/४/११ बृ.उ.

अर्थः-

आरम्भमा उ एक ब्रह्म नै थियो। एक्लै भएको कारण उनी विभूतियुक्त कर्म गर्नमा समर्थ भएन। उनले अतिसयता बाट क्षत्र

यस्तो प्रशस्त रुपको रचना गरे । अर्थात देवताहरुमा क्षेत्रिय जो हुन ती ईन्द्र, वरुण, सोम, रुद्र, मेघ, यम, मृत्यु र इशानादि हुन तीनिहरुलाई उत्पन्न गरे । अतः क्षेत्रिय भन्दा उत्कृष्ट कोही छैनन् । यीनैले राजसूय यज्ञमा ब्राह्मणलाई तल बसालेर क्षेत्रियको उपासना गराउछन् , ती क्षेत्रियले नै आफ्नो यश र कृतिको स्थापित गर्दछन् । उनी जो ब्रह्म हुन , क्षेत्रियको योनि हुन । यस कारण यद्यपि राजा उत्कृष्टताको प्राप्त हुन्छन् , ता पनि राजसूय यज्ञको अन्तमा उनीहरुले ब्राह्मणकै आश्रय लिन्छन् । अतः जो क्षेतिय यीनि ब्राह्मणको हिंसा गर्दछन् , तीनिहरुले आफ्नै योनिकै नाश गर्दछन् । जुन प्रकार श्रेष्ठको हिंसा गर्नाले पुरुष पापी हुन्छन् , त्यसै प्रकार तीनिहरु पापी हुन्छन् ।

बैश्य सर्ग :

नैव व्यभवत्स विशमसृजत यान्योतानि देवजातानि गणश आख्यायन्ते वसवो रुद्रा आदित्या विश्वेदेवा मरुत इति ।

१/४/१२ बृ.उ.

अर्थः-

त्यो ब्रह्म विभूतियुक्त कर्म गर्नमा समर्थन भएनन् । यनले बैश्य जातिको रचना गरे । जो ती हुन वशू , रुद्र आदित्य, विश्वेदेव र मरुत इत्यादि देवगण गणशः । भनेर भनिन्छन् उनिहरुलाई उत्पन्न गरे ।

शूद्र सर्ग :

स नैव व्यभवत्स शौद्रं वर्णमसृजत पूषणमियं वै पूषेयँ् हीदँ् सर्वं ुष्यति यदिदं किञ्च ॥

१/४/१३ बृ.उ.

अर्थः-

फेरि पनि त्यो ब्रह्म विभूतियुक्त कर्म गर्नमा समर्थ भएन । उसले शूद्र वर्णको रचना गरे । पूषा नै शूद्र वर्ण हुन । यीनै पृथ्वी नै पूषा हुन । पृथ्वीले जस्तो सेवा अरु कसैले दिन सक्दैन किनकी यीनि जो कुछछीन, यीनै बाट संसारको पोषण हुन्छ । यस्तो हो शूद्रको अर्थ, जातको होइन ।

अब चार वर्णका वर्ण,कर्म र गुणहरु बारे मनुस्मृति र अन्य शास्त्रहरुमा यस्तो वर्णन छ ।

मनुस्मृतिमा

१) ब्राह्मण कर्म के हो ?

अध्यापनमध्ययनं यजनं याजनं तथा ।
दानं प्रतिग्रहं चैव ब्राह्मणानामकल्पयत् ॥ १/८८ मनुस्मृति
अर्थः-

मुखबाट उत्पन्न भएका ब्राह्मणलाई पढ्नु-पढ्नाउनु, यज्ञ गर्नु गराउनु,दान दिनु-लिनु यी छःवटा कर्म निश्चय गरिएका छन् ।

क्षेत्रियको कर्म :
प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च ।
विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः ॥ १/८९ मनुस्मृति
अर्थः-

बाहुबाट उत्पन्न भएका क्षत्रियलाई प्रजाहरुको रक्षा गर्नु, यज्ञ गर्नु, पढ्नु, विषयहरुमा आसक्त नहुनु यी पाँच कर्म निश्चित गरिएका छन् ।

वैश्यको कर्म :
पशूनां सक्षणं दानमिज्याध्ययनमेव च ।
वणिक्पथं कुसरीदं च वैश्यस्य कृषिमेव चा॥ १/९० मनुस्मृति
अर्थः-

पशुहरुको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु व्यापार गर्नुब्याजका धन दिनु र खेती गर्नु यी सात कर्म जङ्घाबाट उत्पन्न भएका बैश्यका निम्ति निश्चिय गरिएका छन् ।

शूद्रको कर्म :
एकमेव तु शूद्रस्य प्रभुः कर्म समादिशत् ।
एतेषामेव वर्णानां शुश्रूषामनसूयया ॥ १/९१ मनुस्मृति
अर्थः-

पाउबाट उत्पन्न भएका शूद्रका निम्ति ब्रह्माले उपरोक्त तीन बर्णहरुको गुणानुवाद गर्दै तीनको सेवा गर्नु यो एउटै कर्म निश्चित गरेका छन् ।

यस्तै चार वर्णका कर्म, वर्ण र लक्षणहरु भागवत्को **७।११।१४,१५,२१,२२,२३,२४ र ९/२/१७,२३ साथै विष्णु पूराण १/६/३,४,५ आदिमा विशेष वर्णन पाइन्छ ।**

बरु माथि उल्लेखित कर्म र गुणहरु मानिसले छोडेमा वा सुधारेमा ब्राह्मणबाट झर्दै शुद्र र शुद्रबाट सुधारिदै ब्राह्मण भएका उदाहरणहरु विभिन्न कथा पुराणहरमा उल्लेख गरेको पाइन्छ ।

आचाराद्वित्युतो विप्रा न वेदफलमश्नुते ।
आचारेण तु संयुक्तः सम्पूर्णफलभाग्भवेत् ॥ १/१०९ मनुस्मृति
अर्थः-

आचारले रहित भएका ब्राह्मणलाई वेदको फल मिल्न सक्तैन । अनि आचारले सहित भएका ब्राह्मणलाई वेदको सम्पूर्ण फल प्राप्त हुन्छ ।

योनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः॥ २/१६८ मनुस्मृति
अर्थः-

जुन द्विजले (ब्राह्मणले) वेद नपढेर अरु शास्त्रहरु पढ्नमा परिश्रम गर्छ त्यो जीउँदो भैकन पनि बंशसहित शूद्रतामा प्राप्त हुन्छ ।

एकजातिर्द्विजातींस्तु वाचा दारुणया क्षिपन्।
जिह्वायाः प्राप्नुयाच्छेदं जघन्यप्रभवो हि सः ॥ ८/२७० मनुस्मृति
अर्थः-

शूद्रले यदि ब्राह्मण, क्षत्रिय र वैश्य आदिलाई कुर वचन प्रहार गरेमा, आफ्नो आचरणमा नरहेमा त्यस्ता शूद्रलाई जिब्रोछेदनको दण्ड दिनुपर्छ, किन की त्यसको उत्पत्ति जघन्य स्थानबाट सेवाको लागि भएको हो । ८/२७१,२७२, २७३ र २८१ मनुस्मृतिको श्लोकहरु हेरेमा – शूद्रले अनैतिक, भ्रष्टाचार आदि कुकर्म गरेमा तातो तेल कान र मुखमा हाल्नु, सुइरोले कानमा घोच्नु , तिघ्रको मासु खुर्कनु भन्ने आदि उल्लेख छन् । यहाँ अनैतिक,भ्रष्टाचार,कुकर्म आदि गरेमा पूर्वीय दर्शन अनुशार चारै वर्ण दण्डनीय हुन्छन् ।

शूद्रका प्रकार :

ध्वजाहृतो भक्तदासो गृहजः क्रीतदत्रिमौ ।
पैत्रिको दण्डदासश्च सप्तैते दासयोनय :॥८/४१५ मनुस्मृति
अर्थः-

युद्धमा विजय प्राप्त हुँदा ल्याइएका, भोजनका इच्छाले आफैं आएका, दासीका गर्भबाट उत्पन्न भएका, किनेर ल्याइएका, कसैले

साथै भगवान बुद्धका बचनहरु :

सूत्त-पिटक, दीघ-निकाय, पाठीकवग्ग पाली, अग्गञ्ञसुत्तं ४को **"चतुवण्णसुद्धि"**को ११५ गद्यमा(श्लोक) चार वर्ण बारे यस्तो भन्नु भएको छ ।

चत्तारोमे, वासेट्ठ, वण्णा-खत्तिया, ब्राह्मणा, वेस्सा, सुद्दा । खत्तियोपि खो, वासेट्ठ, इधेकच्चो पाणातिपाती होति अदिन्नादायी कामेसुमिच्छाचारी मुसावादी पिसुणवाचो फरुसवाचो सम्फप्पलापी अभिज्झालु ब्यापन्नचित्तो मिच्छादिट्ठी । इति खो, वासेट्ठ, येमे धम्मा अकुसला अकुसलसङ्खाता सावज्जा सावज्जसङ्खाता असेवितब्बा असेवितब्बसङ्खाता नअलमरिया नअलमरियसङ्खाता कण्हा कण्हविपाका विञ्ञुगरहिता, खत्तियेपि ते इधेकच्चे सन्दिस्सन्ति । ब्राह्मणोपि खो, वासेट्ठ...पे०... वेस्सोपि खो, वासेट्ठ...पे०... सुद्दोपि खो, वासेट्ठ, इधेकच्चो पाणातिपाती होति अदिन्नादायी कामेसुमिच्छाचारी मुसावादी पिसुणवाचो फरुसवाचो सम्फप्पलापी अभिज्झालु ब्यापन्नचित्तो मिच्छादिट्ठी । इति खो, वासेट्ठ, येमे धम्मा अकुसला अकुसलसङ्खाता...पे०... कण्हा कण्हविपाका विञ्ञुगरहिहताः सुद्देपि ते इधेकच्चे सन्दिस्सन्ति ।

अर्थः-

ऋषी बसिष्ठ र भारद्वाजको प्रसंगलाई लिएर - भगवान बुद्धले एस्तो भन्नुभयो, "क्षेत्री, ब्राह्मण, वैश्य, सुद्र" यि चार बर्णहरु समान रुपले सबै मानिसवाटै धर्म पूर्वक समाजमा आएका हुन । यसमा कोहि सानो कोहि ठूलो भन्ने हुदैनन् । मनुष्यले खालि कर्म अनुसार आ-आफ्नो फल सुख-दुःख भोग गर्दछन् ।

शास्त्रहरुमा :

कर्म अनुशार हुदै जाने बर्ण :

यस्य यल्लक्षणं प्रोक्तं पुंसो बर्णाभिव्यञ्जकम् ।
यदन्यत्रापि दृश्येत तत् तेनैव विनिर्दिशेत् । ७/११/३५ भागवत ।

अर्थः-

जुन व्यक्ति जुन वर्णको लक्षण वाला भए पनि त्यो पुरुष जुन लक्षण वाला संग मिल्छ सोही वर्णको हो भनि जान्नु । यसको अर्थ हो एकै बर्ण जुन पहिले थियो त्यही बर्ण सधै रहन्न ।

बरु माथि उल्लेखित कर्म र गुणहरु मानिसले छोडेमा वा सुधारेमा ब्राह्मणबाट झर्दै शुद्र र शुद्रबाट सुधारिदै ब्राह्मण भएका उदाहरणहरु विभिन्न कथा पुराणहरमा उल्लेख गरेको पाइन्छ ।

आचाराद्वित्युतो विप्रा न वेदफलमश्नुते ।
आचारेण तु संयुक्तः सम्पूर्णफलभाग्भवेत् ॥ १/१०९ मनुस्मृति
अर्थः-

आचारले रहित भएका ब्राह्मणलाई वेदको फल मिल्न सक्तैन । अनि आचारले सहित भएका ब्राह्मणलाई वेदको सम्पूर्ण फल प्राप्त हुन्छ ।

योनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः॥ २/१६८ मनुस्मृति
अर्थः-

जुन द्विजले (ब्राह्मणले) वेद नपढेर अरु शास्त्रहरु पढ्नमा परिश्रम गर्छ त्यो जीउँदो भैकन पनि बंशसहित शूद्रतामा प्राप्त हुन्छ ।

एकजातिर्द्विजातींस्तु वाचा दारुणया क्षिपन्।
जिह्वायाः प्राप्नुयाच्छेदं जघन्यप्रभवो हि सः ॥ ८/२७० मनुस्मृति
अर्थः-

शूद्रले यदि ब्राह्मण, क्षत्रिय र वैश्य आदिलाई कुर वचन प्रहार गरेमा, आफ्नो आचरणमा नरहेमा त्यस्ता शूद्रलाई जिब्रोछेदनको दण्ड दिनुपर्छ, किन की त्यसको उत्पत्ति जघन्य स्थानबाट सेवाको लागि भएको हो । ८/२७१,२७२, २७३ र २८१ मनुस्मृतिको श्लोकहरु हेरेमा – शूद्रले अनैतिक, भ्रष्टाचार आदि कुकर्म गरेमा तातो तेल कान र मुखमा हाल्नु, सुइरोले कानमा घोच्नु , तिघ्रको मासु खुर्कनु भन्ने आदि उल्लेख छन् । यहाँ अनैतिक,भ्रष्टाचार,कुकर्म आदि गरेमा पूर्वीय दर्शन अनुशार चारै वर्ण दण्डनीय हुन्छन् ।

शूद्रका प्रकार :

ध्वजाहृतो भक्तदासो गृहजः क्रीतदत्रिमौ ।
पैत्रिको दण्डदासश्च सप्तैते दासयोनय :॥८/४१५ मनुस्मृति
अर्थः-

युद्धमा विजय प्राप्त हुँदा ल्याइएका, भोजनका इच्छाले आफैं आएका, दासीका गर्भबाट उत्पन्न भएका, किनेर ल्याइएका, कसैले

दिएका छ र जो दण्ड,ऋण आदि चुकाउनका निम्ति दास भएका हो , यी सातवटा दास योनि हुन् ।

यैः कर्मभिः प्रचरितैः शुश्रूष्यन्ते द्विजातयः।
तानि कारुककर्माणि शिल्पानि विविधानि च ॥ १०/१०० मनुस्मृति
अर्थः-

जुन प्रचलित कार्यहरुद्वारा द्विजातिहरुको सेवा गर्न सकिन्छ ती नै अनेक प्रकारका शिल्प र कारीगरीका कामहरु शूद्रको एवं श्रमिकको काम हो । श्रमिकको वा शूद्रको अर्थ : शिल्पकार,विश्वकर्मा र हालको अर्थ इन्जिनियर हुन् ।

महाभारत शान्तिपर्व - मोक्षधर्मपर्व अध्याय १८८ को १० श्लोकमा यस्तो लेखिएको छ ।

न विशेषोस्ति वर्णानां सर्वं बह्ममिदं जगत् ।
ब्रह्मणा पूर्वसृष्टं हि कर्मभिर्वर्णनां गतम्॥
अर्थः-

भारद्वाज ऋषीलाई भृगु ऋषिले भन्नु भयो, हे मुने ! सृष्टिको शुरुमा पहिले वर्णमा कुनै अन्तर थिएन, ब्रह्माजी बाट उत्पन्न (सृष्टि) हुनुका कारण सारा जगत ब्राह्मण नै थिए । सबै मानिस ब्राह्मण नै हुन किनकी उनको सृष्टि ब्रह्माले गरेका हुन । पछि विभिन्न वर्ण,गुण र कर्मका कारण त्यसमा कर्मभेद भएको हो । कुनै चार जात विशेष होइन ।

अझ चलन चल्तिको गीता ४को १३ मा कृष्णले पनि सृष्टि विस्तारको क्रमलाई अगाडि बढाउन वर्ण, गुण र कर्मलाई नै छुट्याएका हुन न की जातलाई । उक्त श्लोक यस्तो छ ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः।
तस्य कर्तारमपि मां विद्धय्कर्तारमव्ययम् ॥ ४/१३ भा. गीता
अर्थः-

श्रीकृष्ण भन्नु हुन्छ- चार वर्णको रचना मैले गरेँ तर मानिसलाई बाँडिएको होइन गुणको माध्यम द्वारा कर्मलाई चार भागमा बाँडिएको हो । न की जातलाई ।

गीताकै अझ अर्को श्लोकले यस्तो छ।

द्वौ भूतसर्गौ लोकेस्मिन्दैव आसुर एव च।

दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु॥ १६/६ भागवत गीता

अर्थः-

श्री कृष्ण भन्नुहुन्छ -जगतमा प्राणीहरुको सृष्टि लाई दुई प्रकारले विभाजन गर्नु भएको छ। देवताको जस्तो विवेकशिल मानवीय स्वभाव भएकोलाई दैवि र असुरहरुको जस्तो दुष्ट स्वभाव भएकालाई आसुरी। यहाँ कुनै जात वर्ण विशेष समेत रहेन।

शास्त्रहरुले चार वर्णलाई यसरी विभाजित गरिएका छन् :

सृष्टिको शुरुवात संग लोक संचालन गर्ने विधान नियम आदिको व्यवस्था अनुरुप ऋग्वेदको १० मण्डलको ९० सुक्त नै प्राणी र मनुष्य सृष्टिको पुरुष सुक्तवाट शुरु हुन्छ। यसमा सृष्टि प्रलय आदि दिन, हप्ता, महिना, अयन, बर्ष , युग हुदै कल्प कल्पान्तर भएर जाने व्यवस्था पूर्वीय दर्शनमा उल्लेख छन्। साथै चार बर्ण र चार आश्रम हुदै मनुष्यहरुले यो लोकमा जीवन यापन गरुन भनी उक्त व्यवस्था गरेको पाईन्छ। यसलाई ऋग्वेद, मनुस्मृति देखि पाराशरस्मृति सम्म आएर यो पूर्वीय संसार एवं समाज चलेको छ। खास गरी भारत र नेपालमा यो प्रथा बढी पाइन्छ।

अझ वेदान्तको उपनिषदमा पुग्ने हो भने माथि उल्लेखित भन्दा पनि अझ एक मात्र "आत्मा "रहेको पाइन्छ।

जस्तो :-

नैव स्त्री न पुमानेष न चैवायं नपुंसक :।

यद्यच्छरीरमादत्ते तेन तेन स रक्ष्यते॥ ५/१० स्व.स्व.उ.।

अर्थः-

यो (विज्ञानात्मा) न स्त्री हो, न पुरुष हो र न नपुंसक नै हो। यो त जुन जुन शरीरमा धारण गर्दछ उस-उसैबाट सुरक्षित रहन्छ। यहाँ लिङ्ग भेद त रहेन भने कहाँ जात जाती ?

बरु शूद्र कस्तो बेलामा हुन्छ तलको श्लोक हेरौं।

जन्मना जायते शूद्र कर्मणा द्विज उच्यते।
वेद पाठित भवेद विप्रः ब्रह्म जानति ब्राह्मण।
अर्थः-
ऋषि वाक्यः प्राणीहरु जन्मदा साल, नाल, रगत सहित जन्मने हुदा फोहर हुनाले शूद्र भनिएको हो, कर्म, संस्कारादि गरेपछि द्विज हुन्छ, वेदादि अध्ययन गरे पछि विप्र हुन्छ, ब्रह्मलाई जाने पछि ब्राह्मण हुन्छ। यसको अर्थ कुनै जात वा थरले ब्राह्मण हुने होइन। ज्ञानले हुन्छ।

नचात्मा ब्राह्मणश्चात्र क्षत्रियो वैश्य एव च।
न शूद्रो न च वै म्लेच्छो भेदिता गुणकर्मभिः॥ *१/३८ शुक्रनीति*
अर्थः-
यहाँजाती र जन्मका आधारमा ब्राहमण, क्षेत्रिय, वैश्य, शूद्र र म्लेच्छ छुट्टिएका होइनन् तिनीहरू गुण र कर्मका आधारमा छुट्टिएका हुन्। यसमा विभिन्न महापुरुषहरुको उद्गार हेर्ने हो भने पनि कुनै किसिमको जाती एवं रङ्ग भेद देखिन्न। बरु आफुलाई सुधार गरी ब्रह्मपद प्राप्त गरेका छन्।

जस्तैः
विश्वामित्र वसिष्ठश्च मातङ्ग नारदादयः।
कर्म विशेष सं प्राप्ता न च उच्चतं जातित :॥ *४/४/४० शुक्रनीतिक*
अर्थः-
राजा विश्वरथ कर्मले ब्रह्मर्षि विश्वामित्र भए, वेश्या पुत्र वसिष्ठ कर्मले ब्रह्मर्षि भए, मातङ्ग भिल्ल (सार्की) कर्मले ब्रह्मर्षि भए त्यसै गरी दासी पुत्र नारद देवर्षि भए, राजा जनक कर्मले राजर्षि भए। यहा कुनै जात कुल नभई समाजमा चलेका तल्लो जात वा कूलका पनि कर्म द्वारा नै उच्च मानिन्छन्।

अब पूर्वीय दर्शनमा शब्दलाई हेर्दा परोक्ष एक अर्थ हुन्छ भने अपरोक्ष अर्कै अर्थ हुन्छ। यस्तै उदाहरणका लागि भागवत्मा जाऊं।

परोक्षवादो वेदोयं वालानामनुशासनम्।
कर्ममोक्षाय कर्माणि विधत्ते ह्यगदं यथा॥ *११।३।४४ भागवत*

अर्थः-

वेद शास्त्र हरूमा भनिन्छ एक कुरो तर अर्थ अर्को हुने गर्दछ। यसमा बालकलाई अनुशासनमा ल्याउन्, उसलाई रोग लागेको वेलामा सिधै औषधि खाउ बाबुभन्दा उसले खादैन अनि उसलाई चकलेट आदि देखाएर होस वा लट्ठी देखाएर होस, यो (औषधि) खाने भए पापा दिन्छु भनी जसरी लोभ देखाएर बालकलाई औषधि खुवाई वचाउने काम परिवार बाट हुन्छ, त्यसै गरी नै कर्मको मोक्षका लागि कर्म गर्ने विधान छ। जब सम्म मल दोष निवारण हुन्न तव सम्म देव, तीर्थ, व्रत, यज्ञ दान आदि गर्ने। ज्ञान प्राप्त भइसके पछि, सम्पूर्ण कर्महरु छुटछन् । किन कि कर्म बाट स्वर्ग मात्र मिल्छ, स्वर्ग आदि पनि नाशवान् हुन। अविनाशी आत्मतत्व बोध भइसके पछि, बाँकि केही रहन्न। यसरी हरेक वेद, शास्त्र कथा पुराण आदिको अन्तिम निचोड भनेको आत्मज्ञान भन्नुहोस् वा ब्रह्मज्ञान भन्नुहोस् या परमानन्द भन्नु होस् या "सत्यम् शिवम् सुन्दरम्" (Truth ,Welfare, Beauty) भन्नुहोस्। अझ सत्य नै शिव हो, शिव नै कल्याण हो, कल्याण नै सुन्दर हो।

अब कलिमा के के गर्नु पर्छ त भन्ने कुरा पूर्वीय दर्शनले यस्तो बताएको छ।

पूर्विय बैदिक दर्शनका खासगरी ऋग्वेद र मनुस्मृतिका चार कर्म, चार वर्ण र चार गुणका शब्दलाई बङ्गाइएर कुप्रचार गरिएको पाइन्छ। तर यो चार युगको युग धर्म अनुशार फरक स्मृति र सामाजिक विधान छ भन्ने कुरा नकारात्मक प्रचार गर्ने पूवाग्रहीहरुबाट अनर्थ पूर्ण प्रचार भएको देखिन्छ । कल्पको त धेरै लामो हिसाव छ । स्वयम्भूमनुको पहिलो मनमन्तर बाट छैठौ मनमन्तर विति सक्यो। यो सातौ बैबस्वत मनमन्तरको चार युग मध्येको अन्तिम कलि युग हो।

स्वयम्भूमनुहरु बारेः

स्वायम्भुवस्या ँस्य मनोः षड् बंशया मावो ँपरे।
सृष्टवन्तः प्रजाः स्वाःस्वा महात्मानो महौजसः ॥ १/६१ मनुस्मृति

अर्थः-

सुन्नुहोस ऋषिगण π यी स्वायंभुव मनुका बंशमा छ मनु भए। ती महातेजस्वी महात्माहरु (मनुहरु) ले आफ्ना–आफ्ना प्रजालाई सृष्टि गरे।

स्वारोचिषश्चत्तमश्च तामसो रैवतस्तथा ।
चाक्षुषश्च महात्जा विविस्वत्सुत एव च ॥ १/६२ मनुस्मृति
अर्थः-

पहिलो मनवन्तरमा स्वायंभुव मनु, त्यसपछि स्वारोचिष, उत्तम, तामस,रैवत,चाक्षुष र महातेजस्वी सूर्यपुत्र हालका वैवस्वत मनु भए । आगामी सात मनवन्तरका मनुमा सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रुद्रसावर्णि, देवसावर्णि (रौच्य) इनद्रसावर्णिहरु हुनेछन् । यो १४ मनवन्तरको एक कल्प हुनेछ ।

सात मनवन्तर बारे विष्णु पुराणको ३/१ को ६ र ७ श्लोकमा यस्तो उल्लेख छ ।

स्वायम्भुवो मनुः पूर्वं परः स्वारोचिषस्तथा ।
उत्तम स्तामसश्चैव रैवत्तश्चाक्षुषस्तथा ॥ ३/१/६ वि.पु
षडेते मनवोतीतास्साम्प्रतं तु रवेस्सुतः ।
वैवस्वतोयं यस्यैतत्सप्रतं वर्ततेन्तरम् । ३/१/७वि.पु
अर्थः-

यो मनुष्मृतिकाल भनेको सृष्टितो गताब्दाः अनुशार १९५५८८५११७। पूर्व पहिलो मनवन्तर पर्छ । हाल सातौ मनवन्तर हो (१) पहिलो स्वंयम्भु मनु (२) स्वारोचिष मनु (३) उत्तम मनु (४) तामस मनु (५) रैवत मनु (६) चाक्षुष मनु यी प्रत्येक मनुको मनवन्तर काल एक चर्तुयुगको ४३,२०,०००। हो भने ७१ चर्तुयुगंको एक मनवन्तर ३०६७२००००। हुन्छ । छ मनवन्तरका छ मनुले १८४०३२००००। विताय भने , यो छैठौ मनवन्तर पूर्ण भै सातौ मनवन्तर बैवस्वत मनवन्तर हो । ११५५६५११७। बराबर १९५५८८५११७। हुन्छ । यसरी सृष्टि संचालनका लागि निमेष, काष्ठा, कला, मुहुर्त , दिन-रात, पक्ष, महिना, अयन, सम्वसर (बर्ष) , युग, मनवन्तर, १४ मनवन्तरको ४,२९,४०,८०,०००। बर्षको एक कल्प आदि हुदै सृष्टिको आदि अन्त्य हुन्छ र प्रत्येक १०० कल्पमा सृष्टी कर्ता ब्रह्मानै फेरिन्छन् ।
हालको सातौ बैवस्वत मनमन्तर काल हो ।

जस्तैः

१) सत्य युगको समयमान मनुष्यको १७,२८,०००। बर्ष मनुस्मृति काल

२) त्रेता युगको समयमान मनुष्यको १२,९६,०००। बर्ष गौतमस्मृति काल

३) द्वापर युगको समयमान मनुष्यको ८,६४,०००। बर्ष तीन युगको ३८,८८,०००। शंखलिखितस्मृति काल

४) कलि युगको समयमान मनुष्यको ४,३२,०००। बर्ष पराशरस्मृति कालमा ५११७ बर्ष बित्यो । कलि ४२६८८३बर्ष बाँकी ।

जम्मा ४३,२०,०००। बर्ष हुन्छ ।

अब आएर कलिको नै ५११७ बर्ष विति सक्यो ३८,९३,११७। बर्ष अगाडिको मनुस्मृतिका शास्वत् कुरा बाहेक अन्य कठिन कर्महरु अहिले लागुनै छैन । अहिले त पाराशरस्मृतिको नियम चलेको काल हो ।

जस्तैः

युगे युगे तु सामर्थ्यं शेष मुनिविभाषितम् ।
पराशरेण चाप्युक्तं प्रायश्चितं विधियते ॥ १/३४ पा.स्मृति

अर्थः-

साधारणतया प्रत्येक युगमा प्राणिहरुको सामर्थ्य, परिस्थितिहरु तथा रुचि-प्रवित्ति आदिलाई ध्यानमा राखेर नै युग प्रवर्तक महर्षिहरुले धर्म - नियम तथा अन्यान्य महत्वपूर्ण ब्यवस्थाहरुको प्रर्वतन गरेका छन् । महर्षि पाराशरको प्रयासलाई पनि यसै सन्दर्भमा हेर्न पर्छ र सम्झनु पर्छ कि निर्दिष्ट नियमबाट न्यून, अधिक अथवा भिन्नरुपबाट गरेको कार्यको, दण्ड, क्षतिपूर्ति, अपराधनिवृत्ति अथवा दोष संशुद्धिको नाम नै प्रयाश्चित हो ।

यसको ब्याख्यामा

अश्वालंभं गवालंभं संन्यासं पलपैतृकम् ।
देवराच्च सुतोत्पत्तिः कलौ पञ्च विवर्जयेत् ॥ *(१।३४ व्याख्या) पा.स्मृति*

अर्थः-

अश्वमेध, गोमेध, संन्यास, पितृकार्यमा मासुको प्रयोग र देवर-बाट भाउजूमा सन्तान उत्पति गरी वंश बढाउनु यी पाँचकर्म कलिमा वर्जित (नगर्नू) भनिएको छ। किन भने यसको व्याख्या लामो छ। छोटकरिमा मात्र उल्लेख गरिएको छ। अश्वमेध, गोमेध, नरमेध आदि यज्ञ युगान्तरका लागि मात्र विधान गरिएका हुन्। सत्य, त्रेता र द्वापर सम्म वलि चढाउने यज्ञहरू स्वतः स्वःजीवलाई मोक्ष गर्न सक्ने कर्म र

विधि-विधान योग्य कर्मकाण्ड गर्न सक्ने आचार्यद्वारा गरिन्थ्यो भने कलिमा आएर जीवलाई वलि दिएर मोक्ष गराउन सक्ने क्षमता नरहने हुँदा वलि प्रथालाई उचित मानिन्न।

यो व्याख्यालाई, पाराशरस्मृतिको-माधवीय संहितामा, चारण्य, पर्वणि, तत्रैव, व्रह्मपुराणे ँपि, कतुरपि, पुराणे ँपि आदिमा पनि उल्लेख छ।

चार वर्ण र चार जात बारे :-

वेदान्त दर्शनमा

नमे मृत्युशङ्का नमे जातिभेदः पिता नैव मे नैव माता न जन्म।
न वन्धुर्न मित्रं गुरुर्नैव शिष्य चिदानन्द रूपः शिवोऽहं शिवोऽहम्॥

५ आत्माषटकम्

अर्थः-

न मृत्युको शंका छ, न जातिकै भेद् छ, न पिता न माता न जन्म नै छ , न बन्धु छन न मित्र छन् न गुरु न शिष्य नै छन्। यी सब संसारिक हुन चिदानन्द रुप आफैमा शिवोऽहं मात्र छ।

न वर्णा न वर्णाश्रमाचारधर्मा
न मे धारणाध्यानयोगादयोऽपि।
अनात्माश्रयाऽहंममाध्यासहाना-
त्तदेकोऽवशिष्टः शिव केवलोऽहम्। २। दशश्लोकी

अर्थः-

न चार बर्ण छन्, न चार आश्रम धर्म छन्, न धारणा न ध्यान न योगादिनै छन् यी त सब अनात्मा र अज्ञान मात्र हुन बाँकी (शिवकेवलोऽहम्) निराकार ब्रह्म शिव मात्र रहन्छ,जुन कल्याण स्वरुप हो।

अर्को प्रसंग कवि शीरोमणी लक्ष्मि प्रसाद देवकोटाले मुना मदनमा यस्तो भन्नु भएको छ :-

"मानिस ठूलो दीलले हुन्छ जातले हुदैन"।

यस्ता अनगिन्ति प्रमाणहरू श्रुति देखि स्मृति सम्म पुर्विय दर्शनमा स्पष्ट उल्लेख छन्। तर बंग्याउने काम गरिएका छन् त्यसो नगर्न र पूर्वीय दर्शन अध्ययनका लागि सबैमा अनुरोध गर्दछु।

यस्ता अनगिन्ति प्रमाणहरू श्रुति देखि स्मृति सम्म पुर्विय दर्शनमा ऋषि एवं महामानवहरुका वाक्यमा स्पष्ट उल्लेख छन्। तर वंग्याउने काम गरिएका छन् त्यसो नगर्न र पूर्वीय दर्शन अध्ययनका लागि सबैमा अनुरोध छ।

पूर्वीय दर्शको निचोड अझ यस्तो छ :

अयं निज : परावेति गणना लघुचेतसाम्।
उदारचरितानां तु वसुधैव कुटुम्वकम्॥ हितोपदेश-मित्रलाभ २/७१
अर्थः-

म र मेरो, सानो र ठूलो भन्नेहरु सानो चित्त भएका मानिसहरुको लागि मात्र सुहाउछ । उदार चरित्र एवं दिल भएका असल मानिसहरुका लागि संसारका सम्पूर्ण प्राणी एवं मानवहरु आफनै सम्बन्धि, कुटुम्ब एवं परिवार हुन ।

अब हामीले पूर्वीय (हिन्दु) दर्शनका उल्लेखित प्रसंगलाई हेर्दा यति उदार एब मानविय छन् तर त्यसलाई नबुझ्ने देशी-विदेशीहरुले नकारात्मक अर्थलगाएर पूर्वीय दर्शनका वेद र शास्त्रलाई नै खराव देखाउने गरी प्रचार गरेको पाइन्छ।

३) छुवाछुतको शुरुवात र असरहरु

यस पृथ्वीमा मानवको सृष्टि हुँदा न कुनै जात, बर्ग, थियो। **मानब जन्मदा नाङ्गै जन्मियो** । समाजले पछि मात्र आफुलाई धर्म, बर्ग, बर्ण, जात आदि नाम दिन थालेको हो। ढुङ्गे युगको समयमा कुनै किसिमको जातीय तथा वर्गीय विभेद रहेको पाइदैन, तर विस्तारै मानव सभ्यताको विकासको क्रममा बर्तमान समाजसम्म आइपुग्दा समाज बिकास र सञ्चालनका नाममा यी बिभेदहरु शुरु भएका हुन। पूर्वीय तथा पश्चिमी दाशर्निक तथा अनुसन्धानकर्ताहरुको भनाई अनुसार **शुरुको वैदिक कालमा जातीय ब्यवस्था** थिएन । नेपालमा जातीय भेदभावको सुरुआत लिच्छिवी कालमा समाजले नै जातीच्युत गर्ने ब्यवस्था र खासगरी राजा **जयस्थिति मल्लले (वि.सं.१४३७ देखि १४५२)** चौधौं शताब्दीमा काठमाडौं उपत्यकामा भारतबाट निम्त्याइएका ब्राह्मणहरू र नेपालका ब्राह्मण समेतको रायसल्लाह अनुसार समाजलाई पेशा, कर्म, श्रम आदिको आधारमा ८२ जातमा बाँड्ने काम भएको थियो। जसमा ८२ मध्यको ५४ नम्बरमा शूद्र भनेको दंगोल छ। त्यसको अर्थ किसान ज्या या फु काम गर्ने मजदुर

वा सेवकको अर्थ बुझाउँछ। अर्को १ देखि १३ श्लोकको संस्कृतिमा लेखिएको जयस्थिति मल्ल जातिमालाको १३ श्लोकमा यस्तो उल्लेख छ:–

जस्तै :

रघुवंश पात्रवंशो वर्णशकंर एव च ।
वैश्य क्षत्रीय विप्राश्च ह्येषा स्थितिश्च निगद्येते । १३ श्लोक जयस्थिति मल्ल जातीमाला

अर्थ:-

७७) रघुबंश – राजलवट (७८) पात्रबंश – ठकुलवट (७९) वर्णशंकर– ब्राह्मणलवट (८०) बैश्य– ठकुल (८१) क्षेत्रिय – राजवंशी, ठाकुर (८२) विप्र– ब्राह्मण । लवटको अर्थ वर्णशंकर, ठिमाहा, लठुवा आदीलाई बुझाउछ ।

पृथ्वी नारायण शाहको महावाणीमा चार जात छत्तीस वर्णको फुलबारी भन्ने पाइन्छ । पछि भारतको जातीय भेदभावको बढ्दो प्रभावले गर्दा जातीय कथिततल्लो जात र माथिल्लो जातको व्यवहार गर्न थालियो । जहानियाँ राणाशासनका प्रवर्तक **जंगबहादुर राणाले वि.सं. १९१० को मुलुकी** ऐनमा जात जाती बाँडेका थिए । जुन यस प्रकार थियो । १. तागाधारी, २. मतवाली, ३. पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने र ४. पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने । चार वर्ण, जन्मको आधारमा जातको हैसियतको निर्धारण, उचनीच, पानी, खाना र शरीरमा छुवाछूत र जातको आधारमा श्रमको विभाजन जातव्यवस्थाका मुख्य विशेषताहरू हुन् । जातीय विभाजन अनुसार सामाजिक व्यवहार, व्यवसाय नगर्नेलाई जात अनुसार दण्डको व्यवस्था थियो । वि.स. २०२० सालको मुलुकी ऐन १५ महलको व्यवस्था भएपछि जाती च्यूतको साटो दण्ड सजायको व्यवस्था गरिएको छ । २०७२ असोज ३ गते जारी भएको नेपालको नयाँ संम्बिधानले छुवाछुतको पूर्ण रुपले अन्त गर्दै भेद् गरेमा दण्डनीय भनिएको छ ।

४. निष्कर्ष

दलित भन्ने शब्द खासगरी भारतमा सन् १९४७ ताका संबिधान सभा द्वारा संबिधान वनाउने क्रममा भीम राव अम्वेडकर (B. R. Abedkar) ले दलित भन्ने शब्द प्रयोग गर्नु भएको थियो भने महात्मा गान्धीले हरिजन भन्ने शब्द प्रयोग गरेका थिए । त्यस पछि

हरिजन संस्था आदि हुदै जगजीवनराम (चमार) भारतमा उप–प्रधान मन्त्री समेत हुनु भयो । पछि नेपालमा पनि दलित शब्द प्रयोग हुन थालेको हो । कथा,पुराण,पूर्वीय एवं पश्चिमा शास्त्रआदिले जे भनेपनि पूर्वीय दर्शन वेदान्तमा अद्वैत भाव रहन्छ । यहा कुनै जाती,पाति, रङ्ग भेद छुत-अछुत केही रहन्न, मानिस मात्र होइन सम्पूर्ण प्राणी समेत समान रहन्छ ।

अन्तमा यसरी विभिन्न वैदिक सनातन धर्मका वेद शास्त्रहरुको अत्यन्त उदार भावना रहेको छदां छंदै समाज एक आपसमा भेद गरेर कुरीति र आडम्बरलाई अंगालि गलत मार्गमा लागेको पाइन्छ । वेद र मनुस्मृतिको अध्ययन अनुसार तपाई हामी सबै मानव हौं । बेद अनुसार जन्मदा सबै ब्रह्म पुत्र हौं । वह्म पुत्र भएपछि हामी सबै ब्राह्मण हौं । हामीले हाम्रो पूर्खातिर फर्केर खोज्यौं भने हामी कहाँबाट आयौ ? को हौ ? हाम्रो सबै तथ्य खुल्छ र हामी ब्रह्ममा प्राप्त हुन्छौ । आफुलाई को हौं भनि बोध भएपछि आफै बुद्ध हुन्छौं । यँहा जातीभेद ,रङ्गभेद, काला गोरा, चुच्चे नाक आर्य, नेप्टे नाक मंगोल, ठूलो, सानो, क्षेत्रिय, उपक्षेत्रिय, राष्ट्र–राष्ट्र आदि सब समाजले पछि बनाएका कुचलन मात्र हुन । "वसुधैव कुटुम्बक" मा संसारका सबै मानिस आफ्नै कुटुम्ब हुन् । ईश्वरको सृष्टिमा कुनैपनि प्राणी असमान नहुने कुरा पूर्वीय दर्शनमा उल्लेख छ । हिन्दु शास्त्रको मर्मअनुसार कार्य नभएकाले देशि विदेशि बिमति राख्नेहरुलाई बल पुग्नुको साथै तथाकथित तल्लो जात र माथिल्लो जातको नाममा समाजलाइ बिभाजन गरेको देखिन्छ । भात भान्छाको कुरा गर्दा खस ब्राह्मणमानै तीन तह छ । जस्तै उपाध्याय, जैसी र खत्री (क्षेत्री) छन् । खत्री भन्दा जैसी ठूलो जैसी भन्दा उपाध्याय ठूलो जातको मानिन्छ । त्यति मात्र होइन पूर्वीय ब्राह्मण र कुमाई ब्राह्मणमा समेत तेरो भन्दा मेरो जात ठूलो भनि एक आपसमा भात भान्छा चल्दैनन् । त्यस्तै खस आर्य दलितमा पनि तीन तह छन् । यी ल्याइते ब्याइतेबाट निस्कने लवट (ठिमाह) आदिमा पर्दछन् । नेपालका जनजाति दलित, तराई र भारतका दलित बीच पनि सामाजिक कर्मका आधारमा दलित (अछुत) भनि भेद गराएको पाइन्छ । हामीले हाम्रो राष्ट्रको परम्पराका नाममा छुवाछूतलाई अन्त्य गरेर, अनेकतामा एकता भएर बसेको समाजलाई बिभाजन गर्ने देशी विदेशीको षडयन्त्रकारी मनसायलाई गम्भीर रुपमा बुझ्न आबश्यक छ । हामी विचको सद्भावले नै नेपालित्व बाँचेको छ र बाँच्न सक्छ । हामी बिच छुवाछूत कायम भै बिभेद हुने बित्तिकै अन्य शक्तिले फाइदा उठाउछन् । हामीले थाहै नपाई बिगतमा

भारत,दक्षिण अफ्रिकाका आदि देशहरुले जस्तो दुःख व्यहोर्नु पर्ने हुन्छ । समयमै होस नपुराएमा देशको बिकाशमा ठूलो बाधा पुग्छ । तसर्थ आम नेपालीहरुले समयमा बुद्धि पुऱ्याउन आवश्यक छ । समाजले नयाँ हिसावले सोची छुवाछूतको भेदभाव अत्य नगरेमा न्याय पुर्ण समतामूलक समाजको स्थापना अपुरो हुन सक्छ । दलित (तथा कथित अछुत भनिने) हरुले पनि आफ्नो थर गोत्र नागरिकताको प्रमाण पत्रमा राखेपछि पनि छुवाछूतको भेद्भाव कम हुन्छ । दलित–दलित भित्रका विभेदहरु अन्त्य हुन पनि अत्यन्त जरुरी छ । अब उपरान्त दलितका छोरा छोरीलाई पुर्खाको थर गोत्र लेखाउनाले पनि नब्बे प्रतिशत स्वतः कम हुन गई भेदभावमा कमि आउनेछ । साथै वैदिक कर्मकाण्डीय पद्धति अनुसार चुडाकर्म, विवाहादी गरी आफ्नो थर गोत्र कायम गर्न गराउन सादर अनुरोध गर्दछु । साथै छुवाछुतको भेदभाव हटाउन सबै वर्ग एवं समुदायमा जोडदार आग्रह गर्दछु । सबैमा शुभ एवं मंगलभाव तलका श्लोकहरुले व्यक्त गर्दछु ।

गीता - सार

जो हुवा, वह अच्छा हुवा,
जो हो रहा है , वह अच्छा हो रहा है ।
जो होगा,वह भी अच्छा ही होगा ।
तुम्हारा क्या गया - जो तुम रोते हो ?
तुम क्या लाय थे - जो तुमने खो दिया ?
तुमने क्या पैदा किया - जो नष्ट हो गया ?
तुमने जो लिया, यहीं से लिया ।
जो दिया, यहीं पर दिया ।
जो आज तुमारा है,
कल किसी औरका था ,
परसों किसी और का हो जायगा ।
परिवर्तन ही संसारका नियम है ।

"सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामया ।
सर्वे भद्रानि पश्यन्तु, मा कश्चित दुःख भागभवेत ॥"

असतोमा सद्गमय

तमोसोमा ज्योतिर्गमय
मृत्योर्मा अमृतङ्गमय।
ॐ शान्ति ! शान्ति !! शान्ति !!!

कार्यपत्र प्रस्तोता
दामोदर गौतम
अध्यक्ष
१) अन्तर धार्मिक परिषद नेपाल,
२) संजीवनी सेवा संघ
तथा
३) प्रमुख सल्लाकार, प्रबक्ता
विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति, कलंकी
Contact : +977-9851043122
Email :omdamodargautam@gmail.com

आयोजक
१) राष्ट्रिय दलित आयोग नेपाल
२) U.N.D.P. Nepal
३) टाइपमाः किरण उप्रेती
२०७३ जेष्ठ ११ गते 24 May 2016 वाल मन्दिर, चैनपूर , बझाङ।

यो कार्यपत्र बाग्लुङ्ग, काभ्रे, झापा, सुर्खेत हुदै धनगढी सम्म पाँच जिल्लाका गोष्ठीमा प्रस्तुत भएका थिए

ॐ नमः शिवाय

"प्रजातन्त्र आएपछि चिल्ला गाडी हुनेहरू पार्टीमा हावी हुने छन्, त्यसपछि पनि नेपाली कांग्रेसका वास्तविक पुराना कार्यकर्ताले पार्टी भित्र संघर्ष गर्नु पर्ने हुन्छ ।"

-महामानव वि. पि. कोइराला

राजनीति खण्ड

नेपालमा दलीय राजनीति : विगत र वर्तमान

✍ दामोदर गौतम

ॐ नमः शिवाय
भगवान् भोलेनाथमा समर्पित

लेखक
दामोदर गौतम
स्युचाटार-७, काठमाडौ
फोन नं:४०३४२५१
मोबाइलः ९८५१०४३१२२

प्रथम संस्करण : १००० प्रति
२०५९/२०६० जेष्ठ, इ.सं २००३
प्रकाशक : पार्थिव शिवलिङ्ग पूजनं प्रतिष्ठानस्युचाटार

दोश्रो संस्करण : २०६९ असार १९ इ.सं २०१२
२००० प्रति थप एवं संसोधन सहित ।

प्रकाशक : विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति,
संजीवनी सेवा संघ
कलंकी- स्युचाटार चोक
तेस्रो संस्करण प्रकाशक संजीवनी सेवा संघ
२०७१ जेष्ठ २००० प्रति

शुभ–कामना

डा.तुलसी भट्टराई
सदस्य सचिव
नेपाल प्रज्ञा प्रतिष्ठान

दामोदर गौतम- नेपालको प्रजातान्त्रिक आन्दोलनका सक्रिय, सशक्त एवं जुझारु योद्धाको नाम हो। दामोदर गौतम स्पष्टवादी र खरो स्वभावका पर्याय हुन्। नेता एवं आफ्ना समकक्षीहरूबीच उहाँको परिचय यसरी नै पाइन्छ। राजनीति, समाजसेवा र अध्यात्मतर्फ समान दायित्व बोकेर आफ्नो पहिचान कायम राख्न अग्रसर हुनुहुन्छ- उहाँ।

श्री गौतमजी यतिबेला लेखकका रूपमा देखा पर्नुभएको छ। उहाँले तयार पारेको पुस्तकको नाम हो-"नेपालमा दलीय राजनीतिः विगत र वर्तमान"। उक्त शीर्षकको पुस्तिकामा नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासबारे संक्षिप्त चिनारी गराइएको छ। प्रजातान्त्रिक आन्दोलनको पर्यायवाची बनेको नेपाली काँग्रेसको स्थापना, सात सालको क्रान्तिसन्दर्भ, २०१५ को निर्वाचन र वी.पी कोइरालाको प्रधानमंत्रीत्वमा बनेको सरकार, २०१७ को प्रतिगामी कदम र संसदीय व्यवस्थाको समाप्ति,नेताहरूको जेल र निर्वासन, वी.पी को निर्वासन र स्वदेश फिर्ता, २०३६ को जनमत संग्रह, ०४६को जनआन्दोलन र प्रजातन्त्र पुनस्थापना, ०४८,०५१,०५६,०५८ को निर्वाचन जेष्ठ १९ को दरबार हत्याकण्ड, माओवादी समस्या, संसद विघटन र वर्तमान चन्द सरकार समेतका बारे सूत्रात्मक रूपमा चर्चा भएको छ।

करीव चालीस पृष्ठाको यस सानो पुस्तिकामा धेरै कुरा समेटिएको छ। नेपालको प्रजातान्त्रिक आन्दोलन र प्रजातन्त्र प्राप्तिसँगसँगै नेतृत्ववर्गमा देखा पर्न थालेको सत्तामोह, स्वार्थ र अस्वस्थ सोचका कारण उत्पन्न कुप्रवृत्ति र विकृतिको पनि यसमा राम्ररी छायाङ्कन गरिएको छ।

श्री गौतम प्रत्यक्ष रूपमा नेपाली काँग्रेसको राजनीतिक अभियानमा संलग्न व्यक्ति भएकोले पार्टी भित्रीतहको चुरोसम्म पुग्नसक्ने क्षमता राख्नुहुन्छ। २०२२ यताका साढे तीन दशक नेपाली काँग्रेस र प्रजातान्त्रिक आन्दोलनका सहभागी योद्धाका रूपमा श्री

गौतमले आफैंले भोगेको र अनुभव गरेका कुराहरूको चर्चा गर्नुभएको छ ।

"मैले आफ्नो आलेखमा जे जति लेखें त्यो मैले देखेको, भोगेको र सुनेका कुरा छन् ।"

"म राष्ट्रभक्त हुँ । राष्ट्र खत्तम भएप म पनि खत्तम हुन्छु भन्ने कुरामा दृढ विश्वास छ । त्यस्तै म समाज भक्त हु । त्यस्तै म शिवभक्त हुँ ।"

यसरी गौतमको भनाइकै आधारमा उहाँमा राष्ट्रियताभाव प्रवल देखिन्छ । समाजसेवा उहाँको प्रमुख माध्यम हो भने उहाँ ईश्वरीय आस्थामा पनि दृढ देखिनुहुन्छ । राजनीति, समाजसेवा र ईश्वरीयभक्तिका कारण श्री गौतमको जीवन त्रिकोणत्मक आस्था र विश्वासमा संचालित देखिन्छ । यही त्रिकोणात्मक दृढता नै उहाँको धैर्य र अठोट हो ।

अन्य कुरा यही कृतिवाट प्रस्ट हुनेछ । उहाँको स्पष्टोक्ति र निर्भीकता आगामी दिनमा अझ सशक्त भएर अक्षर रूपमा, आलेख र पुस्तककाकारमा फैलिन सकोस् । हार्दिक कामनासाथ ।

१ जेष्ठ २०६०

मेरो भनाई

सर्वप्रथम त म भगवान भोलेनाथ शिवलाई नमस्कार गर्छु। किनकि जसले यो संसारको सृष्टि स्थिति, लय, तिरोभाव र अनुग्रह गर्दछ।

मैले यो लेख रचना शुरु गर्नुभन्दा पहिले मलाई लाग्यो कि मुलुकको वर्तमान माओवादीको हिंसात्मक क्रान्तिले अक्रान्त छ, प्रजातन्त्र संकटमा छ। देशमा जे जस्तो परिस्थिति आएपनि त्यसको सामना गर्न यस अघि संसद थियो। काग्रेंस, एमाले सरकारमा पुग्थे, त्यस क्रममा उनिहरुले जे जति विराए, जे जति गल्ती गरेको भएपनि मुलुकमा प्रजातन्त्र त थियो।

तर २०५९ साल असोज १८ गतेको श्री ५ ज्ञानेन्द्रको असंबैधानिक कदमबाट संकटमा परेको प्रजातन्त्र माथि 'कु' भयो। १३ वर्षको शिशु प्रजातन्त्रलाई चारैतिरबाट छ्याक-छयाक्ती पारि घाइते बनाइएको समयमा राजाबाट 'कु' हुनु उक्त घाउमा नुन चुक दल्नु जत्तिकै भई छट्पटाएको प्रजातन्त्रलाई अनुभव गरेर मैले केहि बोल्न वा लेख्नुपर्छ भन्ने प्रेरणा म मा उत्पन्न भयो। त्यो प्रेरणाको स्रोत भनेको वास्तवमा यो प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति २०२२ सालदेखि-आजसम्म मेरो राजनीतिमा निरन्तरता र १० वर्षको जेल जीवन नै हो। यही प्रजातन्त्र ल्याउनका निम्ति मैले १० वर्षभन्दा बढीको दुःख र कष्टपूर्ण राजनीतिक जीवन व्यतित गरेको सम्झनाले मैले 'कु' भएको प्रजातन्त्रका निम्ति केही बोल्नु आवश्यक ठानें।

त्यस क्रममा मैले पत्रकार मदन कुमार श्रेष्ठलाई बोलाएर देशको विगत र वर्तमानका बारेमा लामो कुरा गरें। मेरो कुरा सुनेर मदन जी ले नै मलाई सल्लाह दिनुभयो-"दामोदर दाई... तपाईका कुरा अत्यन्त मार्मिक र शिक्षाप्रद छन्। त्यसैले यसलाई एउटा अन्तरवार्ता वा लेखमा समेट्नुभन्दा एउटा सानो किताबकै आकारमा प्रकाशन गर्न सके यसले देश र जनतालाई नै मार्ग निर्देश गर्न सक्थ्यो। जसरी भए पनि तपाईका यी विचारलाई पुस्तकाकारको रूपमा प्रकाशित गरौं।"

यो इतिहासको धरोहरको रूपमा रहनेछ, भन्नुभयो।

मदनजीको कुरा सुनेपछि मलाई पनि यस्तो लाग्यो, कुरा ठीकै हो । त्यसपछि मैले मेरो मनमा लागेका, मैले भोगेको, अनुभव गरेको र सुनेको समेत तमाम कुरालाई समेटेर यो सानो पुस्तकाकारको रूप दिन सकें । यस क्रममा अथवा भनौं मेरा राजनीति जीवनमा मलाई आर्थिक, समाजिक, धार्मिक र राजनीतिक क्षेत्रमा सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गर्दछु ।

मेरो कठीन परिश्रमको मूल्याङ्कन गरी मैले लिन्न भन्दा भन्दै पनि मलाई भत्ताको सुविधा दिने 'संजीवनी सेवा संघको कार्य समिति' का साथै सबै साधारण सदस्य एवं सम्पूर्ण संजीवनी सेवा संघ परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै मलाई माया एवं श्रद्धा गर्ने सम्पूर्ण पत्रकार जगत, दुबै नेपाली कांग्रेसका साथीहरू र धार्मिक आस्था राख्ने सबै धर्मका धार्मिक भक्तजनहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । अझ मलाई टेम्पो, ट्याक्सी चलाएर जीविका धान्ने चालकले म प्रति आस्था राखी भाडा समेत नलिने गरेकोमा म उनीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

विगत ३८ वर्षदेखि आफ्नो राजनीतिलाई निरन्तरता दिंदै बिसौं वर्षदेखि संजीवनी सेवा संघ मार्फत मैले समाजमा विना भेदभाव समाजसेवा पुऱ्याउदैं आएको छु । गरिब असहायको त कुरै छोडौं माओवादीका नेता कार्यकर्ताहरूले पनि मेरो निस्वार्थ सेवा पाएका छन् । तथापि मैले गरेको सेवाको फल माग्न खोजेको भने अवश्य होइन ।

मेरो यति लामो राजनीतिक यात्रामा पनि पदमा नपुगेको देखेर मेरा शुभचिन्तकहरु मन खुम्च्याउनु हुन्छ । दामोदर निष्ठावान, खरो र आर्थिक मामलामा खरो छ । कसैसँग सम्झौता गर्दैन । त्यसैले पनि दामोदरलाई पदमा पुऱ्याइएन भन्ने मेरा शुभचिन्तक र सहयोगीहरुको धारणा मैले पाएको छु । तर म पदमा नपुग्नु नै मेरा लागि सौभाग्यको कुरो मान्नुपर्छ । किनकि सत्तामा मन्त्री भएर दुर्गन्धित भएका अवस्थामा कमसेकम म त्यसबाट बचेको छु । यसैलाई मैले शिवकृपा नै भएको ठानेको छु ।

प्रजातन्त्रको पुनर्स्थापनापछि बनेका मन्त्रीहरु खुमबहादुर खड्का, राधाकृष्ण मैनाली तथा कांग्रेस र एमाले, प्र.म, उप प्र.म सबै पार्टीका

मन्त्रीहरुलाई सम्पति जाँच आयोगमार्फत् कारवाही गर्न सक्ने गरी फाइल तयार गरिएको सुनिदै छ ।

वास्तवमा भन्ने हो भने खुमबहादुर, राधाकृष्ण मैनालीहरुले जति खाए पनि भ्रष्टाचार गरे त्यो भन्दा बढी प्रचार प्रसार गरियो र बद्नाम पारियो । यसैलाई आधार बनाएर बहुदललाई नै बदनाम गराउन थालिएको छ । यहाँ मैले सबैले असल काम गरेका छन् भन्न खोजेको त होइन, तर ती केही खराब व्यक्तिका नाममा असल मानिसहरु पनि खराबमा गनिन थाले, आरोप लाग्न थाल्यो । यी सबै कुराले पार्टीहरुको आपसी फुट र बैमनश्यका कारण प्रश्रय पाएको हो । एमाले फुट्दा माओवादीहरु बढ्न पुगेका थिए भने कांग्रेस फुट्दा राजा सक्रिय भएर प्रजातन्त्र नै निमोठिएको देखियो ।

त्यसैले कुनै पनि पार्टी कुसमयमा फुट्नुहुन्न भन्ने सवक भविष्यका लागि सबै नेताले सिक्नैपर्छ भन्ने मलाई लागेको छ । यद्यपि प्रजातान्त्रिक पार्टी नेपाली कांग्रसको विकल्पमा एउटा अर्को पार्टीको आवश्यकता भने थियो नै र रहने पनि छ । त्यो आवश्यकता कांग्रेस फुटेर पूरा भएको छ । तथापि यो यति चाँडो नभएर प्रजातन्त्रको स्थायित्व पछि मात्र हुनुपर्थ्यो । तर कांग्रेसी नेताहरुले यसतर्फ विचार पुऱ्याएनन् । त्यसैले हामीले आज यो परिणत भोग्नु परेको छ । यद्यपि मैले यो लेख रचना कसैप्रतिको आग्रह वा पूर्वाग्रहमा परेर तयार गरेको होइन । पाठक एवं यस रचनामा नाम पर्नेहरुले मेरो यही भावना अनुरुप बुझिदिनका निम्ति म आग्रह गर्दछु । र, म फेरी पनि भन्छु- मेरो यो रचना आत्माको आवाज हो, मनको उद्गार हो ।

यसै क्रममा मलाई यस आलेखलाई तयार गर्न प्रेरणा दिने पत्रकार मदन कुमार श्रेष्ठ, लेखन सहयोगी पूर्ण मानन्धर, कम्प्यूटर टाइप गर्ने आशिष उप्रेती कम्प्यूटर संम्पादन गर्ने राजेश कुमार राजथला थईन्द्र रिजाल र प्रदिप चौधरी, सहयोगी नारायण प्रसाद उप्रेती, पुस्तक छापि दिने श्याम मर्दन के.सी र कागजको व्यवस्था मिलाई दिने बासुदेव उप्रेती एवं सम्पादन गरिदिने यादव थपलिया का साथै, मन्तव्य लेखिदिनुहुने मित्र प्राज्ञः एवं नेपाल राजकीय प्रतिष्ठानका सदस्य सचिव डा. तुलसी भट्टराई समेतमा आभार प्रकट गर्दछु ।

मलाइ सुख-दुःखमा विशेष भरोसा दिनेहरु संजीवनी सेवा संघका महासचिव रविन पौडेल र उपाध्यक्ष नानीराम के.सी तथा २०५१ को संसदीय निर्वाचनमा काठमाडौं क्षेत्र नं.६बाट सहयोग गर्ने साथीहरु र सम्पूर्ण मतदाता लगायत सबैलाई म हार्दिकतापूर्वक धन्यवाद दिन्छु ।

लेखक

नेपालमा दलीय राजनीति - विगत र वर्तमानः

पृष्ठभूमिः

बिक्रम सम्वत २००३ सालमा खुलेको नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातान्त्रिक कांग्रेस मिलेर २००६ सालमा नेपाली कांग्रेसको स्थापना भएकोहो । त्यसपछि यसले आफ्ना संगठनात्मक अवस्थालाई वृद्धि गर्दै ठूलो संघर्ष गऱ्यो र १०४ वर्षको जहानीया राणाशासनलाई २००७ सालमा अन्त्य गऱ्यो । त्यस क्रममा भारतको राजधानी नयाँ दिल्लीमा राजा, राणा र नेपाली कांग्रेस बीच त्रिपक्षिय सम्झौता भयो । त्यसैका आधारमा संयुक्त सरकार बन्यो । त्यो सरकारमा अत्यन्त भविष्य द्रष्टा एवं राष्टवादी बी.पी कोइराला (जो त्यति वेला भर्खर ३०/३५ वर्षको युवा नै हुनुहुन्थ्यो) गृहमन्त्री हुनुभयो । उहाँले त्यस वेला नै राष्ट्रमा विभिन्न सुधारका कदमहरू चाल्न सुरु गर्नुभयो । उहाँले मुख्य रूपमा सामन्ती प्रथाको उन्मूलन गर्ने तर्फ कार्य आरम्भ गर्नुभयो ।

नेपालमा प्रजातन्त्र आउनु भन्दा ३ वर्ष अगाडि अंग्रेज शासनबाट मुक्त भएको भारतमा सामन्ति प्रथा रहेको अवस्थामा भारतलाई समेत उछिन्ने गरी गरिएको बी.पी कोइरालाको उक्त सुधार कार्यक्रमलाई भारतले "छोटी मुह बडी बात" का रुपमा लियो । अर्थात बी.पी कोइरालाको उक्त सुधारको कार्यलाई आफुलाई नसोधि गरिएको भनी भारतीय नेताहरूले लिए । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले बी.पी को कदम प्रति विरोध जनाउन थाले । त्यति बेलासम्म राजा र कांग्रेस बीच सुमधुर सम्बन्ध भयो ।

राणा शासकबाट अत्यन्त सताइएका तत्कालीन श्री ५ महाराजधिराज त्रिभुवन प्रजातन्त्र आइसकेपछि एक पटक बी.पी कोइरालाको अफिस रहेको अट्को नारायण स्थान चिकुमंगलमा आएर "ल बी.पी मलाई नेपाली कांग्रेसको सदस्यता दिनुपऱ्यो" भनिबक्सेछ । बी.पी कोइराला कतिसम्मको असल मानिस भने उहाँले भन्नु भएछ "सरकार राजा भनेको त राष्ट्रकै राजा हो, कुनै समूह वा पार्टीको होइन । हामीले जुन

व्यवस्थाको कल्पना गरेको छौं, त्यो बहुदलीय व्यवस्था हो। त्यसमा धेरै पार्टीहरू हुन्छन्। तसर्थ राजाले एक दलको मात्र सदस्यता लिंदा अनर्थ हुन्छ। राजाले सबै पार्टी र राष्ट्रको हित हेर्नुपर्छ " भनेर सम्झाएर पठानुभएछ।

बी.पी ले सामन्ति प्रथा उन्मूलन गर्ने कदम चाल्नु भएपछि त्यसवेला नेपालका लागि भारतीय राजदूत सी.पी.एन सिन्हाले बी.पी सँग यस्ता कार्यहरू गर्दा भारतसँग सर सल्लाह गरेर गर्दा राम्रो हुने धारणा राखेछन्। बी.पी ले तत्कालै प्रतिपाद गर्दै नेपालले आफ्नो हितको लागि काम गर्दा किन भारतसँग सोध्नु पर्ने ? भनीउल्टै प्रश्न राख्नु भएछ। बी.पी को यस्तो प्रतिवाद भारतिय राजदूतले आफ्नो प्रधानमन्त्री जवाहरलाल नेहरू समक्ष पुऱ्याए।

त्यसपछि भारत नेपाली कांग्रेसको खिलाफमा उभिन पुग्यो। खास गरी बी.पी कोइराला र कांग्रेसको खिलाफमा। फलस्वरुप भारतले राजा त्रिभुवनलाई एकातिर खेलाउन थाल्यो भने अर्कोतिर राणाहरूलाई खेलाउन थाल्यो, तथापि, राणाहरूलाई पुनर्स्थापना गर्न सक्ने अवस्था भने थिएन। अनि भारतीय नेताहरूले राजाको कान भर्न थाले। "सरकार राणाहरूले जसरी १०४ वर्ष शासन चलाए उनीहरूको त कुनै अधिकार नै थिएन। सरकार त स्वयम् राजा होइवक्सन्छ, जसको शासन गर्ने जन्मसिद्ध अधिकार छ, सरकारले स्वयम् किन शासन नगर्ने ? बरु सरकारलाई हामी सहयोग गर्छौं !" आदि इत्यादि।

यस्तै कचमच भैरहेको अवस्थामा अर्को एउटा घट्ना घट्यो। राजा त्रिभुवनको छोरी (श्री ५ अधिराजकुमारी) को विवाहका निम्ति, दरवारले झल्लरी छाता, असर्फी, सुन, जवाहारात आदिको हिसाब किताब सहित कुल २८ लाख रुपैया खर्चको माग अन्तरिम सरकारलाई पठायो। २८ लाखको बजेट देख्नासाथ सर्वप्रथम गणेशमान सिंहले ठूलो विरोध गर्नुभयो। उहाँको भनाइ थियो "ओहो ! एउटा छोरीको विवाह गर्न २८/२८ लाख किन लाग्छ ? सरकारले यो रकम यसरी दिन संभव छैन। राज्यको ढुकुटी यसरी जे मन लाग्यो त्यही गर्न दिन मिल्दैन।" गणेशमान सिंहको कुरा सुनेपछि तत्कालीन प्रधानमन्त्री मोहन शम्सेरले भन्नुभएछ " हेर्दै जानुस् गणेशमान जी ! यी भित्रका कीराहरूले कति दुःख दिनेछन् ! हामीले त १०४ वर्षसम्म चलाएर वाक्क भएका ! यिनिहरूले के के पो माग्दैनन्, तरुनी माग्दैनन् कि, जाँड माग्देनन् कि, जग्गा जमिन माग्दैनन् कि !" हामीलाई त हटायौं भन्नुहुन्छ, "अब हेर्दै जानुहोला !" यस बारेमा

क्याबिनेटमा पनि गणेशमानले चर्को विरोध गर्नुभएछ। यसै विषयमा दुई तीन राउन्ड छलफल गर्दा पनि टुंगो नलागे पछि बी.पी ले गणेशमान सिंहलाई सम्झाउनु भएछ- "हैन गणेशमान जी तपाई यस्तो अडान नलिनुहोस, २८ लाख रकम राजाले माग्नुभएको कुनै ठूलो कुरा होइन, रकम बढी होला, त्यो अलग कुरो हो। तर २८ लाख दिएर यदि प्रजातन्त्रको हत्या हुँदैन भने २८ लाखको त के कुरो ५६ लाख दिए पनि हुन्छ, करोड दिए पनि हुन्छ। तपाई किन जिद्दि गर्नुहुन्छ !" तर गणेशमानजी मान्दै मान्नु भएनछ र भन्नु भएछ "जे गर्न पनि दिने हो भने हामी सरकारमा आएको र अरु आएकोमा के फरक भयो त ?" यि कुराहरू राजाको कानमा परेपछि त्रिभुवन नेपाली कांग्रेससंग चिढिइ बक्स्यो। यसरी कांग्रेससँग भारत पनि चिढियो र राजा पनि। यसै बीच चिनिया काजी काण्डमा बी.पी ले राजीनामा दिएपछि कांग्रेस पार्टीलाई पनि फुटाइयो। मातृका प्रसाद कोइराला प्रधानमन्त्री भएपछि सोहि विवाहलाई रु.५६ लाख प्रदान गरियो।

यसै क्रममा संविधान सभाको चुनाव जो राजा त्रिभुवनबाटै घोषणा भएको भएपनि, त्यो हुन पाएन। राजा त्रिभुवनको देहावसान २०११ सालमा भयो। त्यस पछि युवराजधिराज श्री ५ महेन्द्रको राजगद्दी आरोहण भयो।श्री ५ महेन्द्र राजा भएपछि संविधान सभाको चुनाव त परै जावस् प्रजातन्त्र समेत अप्ठ्यारोमा पर्न थाल्यो। यसै बीच २०१४ सालमा नेपाली कार्ग्रेसले संविधान सभाको चुनाव हुनुपर्छ भनेर देशव्यापी रुपमा "भद्र अवज्ञा" आन्दोलन गऱ्यो। राजा महेन्द्रबाट बठ्याई पुर्वक 'चुनाव दिएँ' भनेर घोषणा भयो र पछि त्यो चुनाव संविधान सभाको नभएर संसदको भयो। भारतको गुप्तचर र दरबारका गुप्तचरहरूले चुनाव भयो भने कसैको पनि बहुमत आउँदैन र कांग्रेस ठूलो दल पनि हुँदैन, गोर्खा परिषद् ठूलो दल बन्छ। कांग्रेसको त १८/१९ सिट भन्दा बड्ता आउँदैन। गोर्खा परिषद् ठूलो दल भएर सरकार बनाए हामीलाई राम्रै हुन्छ भन्ने रिपोर्टिङ्ग गरेछन्। त्यस्तै बेलायती गुप्तचरहरूले कांग्रेसको ६० सिटसम्म आउने रिपोर्टिङ्ग गरेछन्। त्यसपछि संविधान सभाको होइन संसदको निर्वाचन दिनुपर्छ भनेर राजा महेन्द्रले धारा ५५ अर्थात् संकटकालीन अधिकार आफुमा राखी निर्वाचनको विधान मार्फत चुनाव गराइ बक्स्यो। आम चुनावमा नेपाली कांग्रेसले ६८ प्रतिशत अर्थ्‌ा ७४ सिट ल्यायो। कम्युनिष्टले जम्मा ४ सिट र अहिलेका रा.प्र.पा जस्तो त्यतिबेलाका राणाहरूको गोर्खा परिषद्ले १९ सिट ल्यायो। त्यसपछि पनि नेपाली कांग्रेसभित्र र

बाहिर विवाद ल्याउने काम भयो । कांग्रेसका चार नेता मध्ये एकजना सूर्य प्रसाद उपाध्यायलाई भारतले च्याप्यो ।

संयोग पनि कस्तो परेको थियो भने भारत र नेपालमा आन्दोलन भै रहदा बी.पी हरू भारतीय नेता जय प्रकाश नारायणहरूसँग जेलमा र सूर्य प्रसाद उपाध्यायहरू नेहरू सँग जेलमा हुनुहुन्थ्यो । त्यसै जेलमा र नेहरूसँग सूर्य प्रसाद उपाध्यायहरूको कुरा मिल्ने र बी.पी कोइरालाहरूसँग नमिल्ने हुँदै गयो । अहिलेसम्म पनि कोइराला रहेको कांग्रेससँग भारतीय नेताहरूको उस्तै रवैया रहँदै आएको देखिन्छ । भारतीय नेताहरूले कांग्रेसको खिलाफमा राजा महेन्द्रले योगी नरहरीनाथ आदिलाई गलत किसिमले प्रयोग गरिवक्सेको थियो ।

२०१५ को आम निर्वाचन :

२०१५साल फागुन बाट सुरु भै तीन चरणमा आम निर्वाचन सम्पन्न भयो । नतिजा नेपाली कांग्रेसले दुई तिहाई बहुमत प्राप्त गऱ्यो । तर राजा र नेहरू बी.पी कोइरालाको नेतृत्व देखन चाँहदैन थिए भन्ने कुरा बुझेका बी.पी ले आफु पार्टी सभापति मात्र रही पार्टी सञ्चालन गर्ने र जनरल सुवर्ण शम्सेरलाई प्रधानमन्त्री बनाउने प्रस्ताव राजाकहाँ पुगेपछि, राजापनि त्यत्तिकै चतुर व्यक्तिहोइबक्सेकोले बी.पी कोइरालालाई "तपाई जस्तो बहुआयामिक व्यक्ति र जनप्रिय नेता नै देशको लागि प्रधानमन्त्री हुन आवश्यक छ !" भनेपछि फेरि पुनः बिचार गरी २०१६ सालमा चुनावको नतिजाको धरै दिन पछि बी.पी लाई प्रधानमन्त्रीको सपथ ग्रहण गराइ बक्सियो ।

बी.पी प्रधानमन्त्री हुनासाथ उहाँले नेपालको राष्ट्रिय हितका लागि चिन, पाकिस्तान र इजरायलसँग दौत्य सम्बन्ध राखी राजदुत आदान प्रदान गराउनु भयो । यो कुरा पनि भारतलाई सैह्य भएन । भारत चाहन्थ्यो कि नेपालले भारत मार्फत मात्र अरु देशसँग सम्बन्ध राखोस् । सन् १९५० को सन्धि पनि यस्तै आशयको थियो, तर बी.पी ले एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रको हैसियतले कामहरू गर्न थालेपछि त झन् आगो भयो भारत कांग्रेससँग ।श्री ५ महेन्द्र अत्यन्त चलाख एवं धूर्त र महत्वाकांक्षी राजा होइबक्सन्थ्यो ।

कांग्रेससँग भारतको सम्बन्ध ठीक छैन भन्ने बुझेर राजा महेन्द्रले २०१७ सालको राष्ट्रघाती कदम चालिबक्सियो। कांग्रेस कै तुलसी गिरी, विश्ववन्धु थापा, सूर्यप्रसाद उपाध्याय आदि उच्च ओहदाका नेताहरूलाई हातमा लिएर राजा महेन्द्रबाट २०१७ सालमा कदम चालिएको थियो। भारतले पनि नेपालबाट प्रजातन्त्र फँयाक्नु पर्छ भनेर त होइन तर बी.पी लाई हटाउनु पर्छ भनेर नेहरूले राजा महेन्द्रलाई साथ दिए। जस्तो कि अहिले पनि गिरिजा प्र.कोइराला, माधव नेपाल समेतका पार्टीले प्रजातन्त्र त सिध्याउनु हुन्न तर शेरबहादुर देउवालाई चांहि हटाउनु पर्छ भनेर राजालाई सल्लाह दिए जस्तै। २०१७ सालमा अरु पार्टीले बी.पी लाई हटाउनै पर्छ भनेर राजालाई उचाले।

बी.पी साह्रै दुरदर्शी, विद्वान, कुटनीतिज्ञ र लोकप्रिय छ उ अगाडि बढेपछि सबैलाई पछि पार्छ भन्ने डर थियो त्यस बेला सबैमा। अहिलेपनि सम्पूर्ण पार्टीदेखि गिरिजा प्रसाद कोइरालासम्म शेर बहादुरलाई हटाउनु पर्छ भनेर लागे। किनभने शेरबहादुरले १२/१४ महिनाको कार्यकालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपले जुन सफलता हासिल गरे, सौभाग्य भन्नोस् या दुर्भाग्य भन्नोस शेरबहादुर सफल थिए।

राष्ट्र भित्र पनि सदनमा गिरिजा प्रसाद काइरालाको विधेयकहरू कुनै पनि पास हुन नसकेको अवस्था एवं ५७/५७ दिनसम्म संसद् नचलेको र त्यसपछिको अधिवेशन पनि ठप्प हुन लागिसकेको अवस्थालाई शेर बहादुरले सम्हालेर ल्याएको स्थितिबाट राष्ट्रिय रुपमा प्राप्त गरेको सफलता र अन्तर्राष्ट्रिय रुपमा त साह्रै नै ठूलो सफलता, युरोप अमेरिकाको समर्थन प्राप्त गरेको अवस्था रह्यो। त्यस अवस्थामा प्राय सबैलाई के लाग्यो भने लौ अब शेर बहादुरले हामीलाई सिध्याउँछ। त्यसैलाई दृष्टान्त गरी शेर बहादुरलाई सिध्याउन ६ वटा पार्टीको पनि स्वार्थ मिल्यो, भारतको पनि स्वार्थ मिल्यो र राजाको पनि। शेर बहादुर हट्नासाथ प्रधानमन्त्रीत्व पनि हट्छ र प्रजातन्त्र पनि हट्छ भन्ने कसैले पनि चाल पाएनन्।

पंचायतकालीन नेपाल :

मेरो ३७/३८ वर्षको राजनीति अनुभवको क्रममा मैले पञ्चायतको ३० वर्षजति अनुभव गरे, त्यहाँ जानीकन कहिले प्रो इन्डियन, कहिले प्रो चाइना प्रधानमन्त्री बनाएर ती देशलाई खुशी पार्न

काम गरिन्थ्यो । त्यस्तो मन्त्रीमण्डलमा २०/२२/२५ जना जति मन्त्री हुन्थे त्यसमा २ जना इन्डियन एजेन्ट, २ जना चाइनिज एजेन्ट, २ जना रसियन एजेन्ट, २ जना अमेरिकन एजेन्ट, यी आठ जना एजेन्ट पञ्चायतले भरेकै हुन्थ्यो । मलाई लाग्दथ्यो सायद म अन्जान हो कि अथवा राम जनकको राज्यको जस्तो मैले कल्पना गरेको हुँ कि या म कुटनीतिमा पोख्त पो नभएर हुँ कि, अब त बहुदलीय प्रजातन्त्र आएपछि त्यस्तो हुदैन कि भन्ठान्थें । तर मेरो अपेक्षा गलत सावित भयो । बहुदलमा पनि यस्ता घुसपैठ हुँदारहेछन् ।

शीतयुद्ध पछि नेपालमा रुसको प्रभाव त हट्यो तर यसको साटोमा पाकिस्तानको प्रभाव सुर भएको छ । अमेरिका, भारत र चिनको त छँदैछ, अझ मन्त्री परिषद् त परै जाओस् पार्टीहरूमा समेत यस्ता घुसपैठ देखियो । कांग्रेस, एमाले लगायत सबै पार्टीहरू यसबाट अछुतो रहेनन् । हाम्रा दलीय पार्टीहरूमा भारत, चीन, पाकिस्तान, अमेरिका आदि देशका एजेन्टहरूको घुसपैठ छ । खेलहरू खेलीरहेका छन् । यो देशको दुर्भाग्य हो । यो सानो मुलुक, (आजभन्दा २०० वर्ष अगाडि पृथ्वी नारायण शाहले 'नेपाल दुई ठूला ढुङ्गाको बीचको तरुल' भनेका थिए, त्यसै त कमलो तरुल त्यसमा पनि दुई ठूला ढुङ्गाको चेपबाट निस्किएर फल्न अभिव्यक्त "दुई ढुङ्गा बीचको तरुल" बढी मार्मिक छ ।) नेपालको वास्तविक अवस्था यस्तै छ ।

मलाई लागेको थियो बहुदल आएपछि त स्वच्छ मानिसहरू सत्तामा आउँछन् । तिनले राज्य सञ्चालन गर्छन् । स्वच्छ र राम्रा व्यक्तिहरू ठाँउ ठाँउमा पुग्छन् । ३० वर्ष लडाई लड्दा प्रजातन्त्र त आयो, त त्यसमा पनि उस्तै अवस्था दोहोरियो, बी.पी ले त यस्तो कुराहरू पहिल्यै भन्नुभएको थियो ।

सैद्धान्तिक चिन्तन, विचार, निष्ठामा बी.पी सफल हुनु भएपनि शासन गर्न सफल हुन सक्नुभएन, उहाँको निष्ठा ठीक रहेछ । उहाँ सधै राष्ट्रलाई स्वतन्त्र ढंगले अगाडि बढाउनु पर्छ भन्नु हुन्थ्यो । हामीलाई भेट्दा पनि उहाँ भन्नु हुन्थ्यो "हामीले दुई राष्ट्र चिन र भारतलाई मुखले एउटा कुरा भित्र अर्को कुरा गर्नु हुँदैन । त्यो एक्स्पोज हुन्छ र त्यसपछि हामीलाई र राष्ट्रलाई पनि ठूलो घाटा हुन्छ । तसर्थ दुवै देशप्रति हामीले भित्रैदेखि समान सद्भाव र व्यवहार गर्नुपर्छ । "

२०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गर्नु अगाडि बी.पी प्रधानमन्त्री नै रहनु हुँदा एक पटक पोखरामा राजा महेन्द्र र बी.पी भेट हुँदा राजाबाट सोधनी भएछ "बी.पी अब तपाई के चाहनुहुन्छ ?" बी.पी ले जवाफमा भन्नु भएछ "सरकार जनताको छोराले पाउने सबैभन्दा ठूलो पद प्रधानमन्त्री मैले पाई सकें। त्यसकारण त्यो भन्दा माथि जानु छैन मलाई। तर म के चाहन्छु भने, यदि मलाई राष्ट्रले, जनताले पत्यायो भने १५ वर्ष भित्रमा नेपाली जनतालाई बी.पी कोइराला सरहको जनता बनाउने इच्छा छ।"

बी.पी सरहको जनता भन्या के ? राजा महेन्द्रबाट सोधनी भएछ "बी.पी सरहको जनता भनेको बी.पी कोइरालाको जस्तो कम्तीमा ४/६ विगाहा जग्गा, एउटा गाई, भैसी पालेर, त्यो गाई, भैसीको दूध आफ्ना छोराछोरीलाई खुवाउन सक्ने अवस्था, उनीहरूलाई आफ्नै घर खेतीको आम्दानीले पढाउन सक्ने अवस्था, बिरामी भयो भने उपचार गर्न सक्ने अवस्थामा सबै नेपालीलाई पुऱ्याउने मेरो इच्छा हो, यही हो बी.पी सरहको जनता भनेको सरकार" भनी भन्नु भएछ।

अनि त राजा महेन्द्रलाई मनमा परेछ, बी.पी ले भनेको जस्तो कुरा मैले किन नगर्ने ? र त्यो कसरी गर्ने भन्ने कुरामा तल्लीन होइबक्सेछ। यो कुरा कसरी बुझ्न सकिन्छ भने राजा महेन्द्रले अरुले १०० वर्षमा गरेको काम हामीले १० वर्षमा गर्नुपर्छ भन्दै पञ्चायत ल्याई बक्सियो। र, राजाबाट कहिले गाउँ फर्क त कहिले भुमिसुधार आदि अनेक प्रयासहरू भए। तर देश विकास एक व्यक्तिको प्रयासले मात्र कहाँ संभव थियो र ?

वहुदलमा त विकास निर्माणका लागि पार्टी पार्टी बीच प्रतिसपर्धा, फलानो पार्टीले भन्दा हाम्रो पार्टीले कसरी राम्रो गर्ने आफ्नो गाउँमा कसरी विकास ल्याउने भन्ने प्रतिसपर्धा हुन्छ। तर ठूला पार्टीहरूलाई वेवास्ता गरेर राजा एक्लै आफ्नो वरिपरिका मानिसको मात्र कुरा सुनेर विकास हुने संभवै थिएन। राजा आफूले राजकीय सत्ता शासन भार लिएको १० वर्षसम्म पनि केही सीप नलागेपछि राजा महेन्द्रले २०२८ सालमा आफ्नो चितवनको दियालो बंगलामा देहवसान हुनुभन्दा एक हप्ता अगाडि शंभु प्रसाद ज्ञवाली जो तत्कालीन कानून मन्त्री र महान्याधिवक्ता पनि हुनुहुन्थ्यो, उहाँलाई दरवारमा बोलाएर "तिमीले संसारमा नभएको अर्थात संसारमा भएकोभन्दा उच्च किसिमको

प्रजातान्त्रिक संविधान एक हप्ताभित्र ड्राफ्ट गर्न सक्छौ ?" भनेर सोधिबक्सेछ। ज्ञवालीले "सक्छु सरकार" भनेर भन्नु भएछ। त्यसपछि राजा महेन्द्रको चितवन सवारी भयो। दुर्भाग्यवस त्यहीं मौसुफको स्वर्गाहोरण भयो। ज्ञवालीले त्यस्तो उत्कृष्ट प्रजातान्त्रिक संविधान ड्राफ्ट गर्नु भयो कि भएन थाहा भएन।

श्री ५ महेन्द्रको स्वर्गाहोरण पश्चात श्री ५ बीरेन्द्र राजा होइबक्स्यो। मौसुफ अत्यन्त उदारवादी राजा होइबक्सन्थो भन्ने कुरा विभिन्न घटनाक्रमले सावित गरिसकेको छ। सर्वप्रथम त मौसुफले २०२८ सालमा राज्यरोहण गरिबक्सँदा पनि महेन्द्रको फोटो नराखी बाजे त्रिभुवनको फोटो राखिबक्सेको थियो। यो बडो याद गर्नु पर्ने कुरा थियो। मलाई लाग्यो यी राजा साच्चै प्रजातान्त्रिक राजा हुन, यी राजाबाट प्रजातन्त्र प्राप्त हुन सक्छ। २०३१ सालमा राजा बीरेन्द्रले संविधान मस्यौदा समिति घोषणा गरिबक्स्यो आफैले। मस्यौदा समिति बनाएर संविधान चाहन्छन् त्यस्तै संविधानको लागि सुझाव दिई जनताले जस्तो संविधान चाहन्छन् त्यस्तै संविधान दिन्छु भन्ने हुकुम भएको थियो। त्यो बेलामा पनि ठूलो षड्यन्त्र भयो चाटुकारहरूबाट। राजा बीरेन्द्रलाई प्रजातान्त्रिक बाटोमा अगाडि बढ्न नदिने कोशिश भयो।

प्रजातन्त्र विरोधि देशी विदेशी शक्तिहरू पनि लागे। फलस्वरूप अत्यन्त राम्रो प्रजातान्त्रिक संविधान आउन सक्ने अवस्थामा पनि अझ पहिले भन्दा पनि निरंकुश गाउँ फर्के संविधान आयो। २०३२ सालबाट देश अझ दुर्भाग्याको बाटो तर्फ गयो।

बि.पि को मेलमिलाप नीति र ०३६ साल :

यसै बीच २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिंदै बी.पी कोइराला र गणेशमान सिंह स्वदेश फर्कनुभयो। त्यस बेलामा पनि बी.पी र गणेशमान सिंहलाई सिध्याउने षड्यन्त्र भयो। उहाँहरूलाई जेल हालियो र सूर्य बहादुर थापा, अर्जुन नरसिंह केसी, बीरेन्द्र भक्त श्रेष्ठ, जस्ताहरूले देशव्यापी रुपमा बी.पी कोइराला र गणेशमान सिंहलाई फाँसि दिनुपर्छ भनेर प्रस्ताव पास गराए। तर राजा बीरेन्द्र कति उदार र मानवीय होइबक्सन्थ्यो भने बी.पी लाई फाँसि हैन उहाँको स्वास्थ उपचारका लागि अमेरिका पठाईबक्सियो र उहाँहरूलाई छोड्न आम माफी दिई बक्सियो।

२०३५ सालमा पाकिस्तानको प्रधानमन्त्री जुल्फीकर अली भुट्टोलाई फाँसि दिने निर्णय गर्दा त्यसबेला नेपाल विद्यार्थी संघले एउटा ज्ञापन पत्र त दिनु पर्छ भनेर तत्कालीन ने.वि संघका सभापति बलबहादुर के.सी ले सो हत्याको विरोधमा पाकिस्तानी राजदूतावार लैनचौरमा ज्ञापन पत्र लिएर गएका थिए। त्यस बाहेक आन्दोलन गर्ने संघर्ष गर्ने आदि केही तयारी थिएन। त्यसमा पनि बी.पी कोइरालाले ने.वि संघ र हामी सम्पूर्ण कांग्रेसलाई के निर्देशन दिनु भएको थियो भने "राजासँग झगडा पनि हैन, पञ्चायतसँग समर्पण पनि होइन।" त्यो लाइनमा बी.पी ले सबैलाई राख्नुभएको थियो।

२०३५ साल चैत्र २५ गते बलबहादुर के.सी लाई प्रशासनले सो जुलुसबाट गिरफ्तार गरेपछि भोलिपल्ट विहान मलाई गिरफ्तार गऱ्यो। मलाई गिरफ्तार गर्नुको पछाडि त्यो घट्नामा विद्यार्थीको मात्र संलग्नता छैन, कांग्रसको पनि संलग्नता छ भन्ने देखाउनु थियो सरकारले। त्यस पछि क्रमशः चिरजिञ्वी वाग्ले, रामचन्द्र पौडेल, शेरबहादुर देउवा आदिलाई गिरफ्तार गर्दै गयो। यसरी गिरफ्तारको रुप बढ्दै गएपछि विद्यार्थीको आन्दोलन चर्कन पुग्यो, जुन कुरा बी.पी चाहनु हुन्नथ्यो। अहिलेको अवस्थामा आन्दोलन हुनासाथ कांग्रेससँग राजाको दुरी बढ्छ भन्ने ठान्नुहुन्थ्यो बी.पी। उहाँले अहिलेको अवस्थामा आन्दोलन गर्नुहुन्न भन्दा भन्दै पनि आन्दोलन भएरै छाड्यो। साँच्चै नै राजालाई पनि के दिऊँ भन्ने भैरहेको रहेछ। अनि त राजा बीरेन्द्रबाट जनमत संग्रहको घोषणा भयो। सायद राजालाई लागेको थियो - जनमतमा बहुदलले जित्नेछ, अनि प्रजातन्त्र आउँछ "रात रहे अग्राख पलाए" भनेझैं दरबारमा केही तत्वहरू र प्रजातन्त्र विरोधि भूमिगत गिरोहका पञ्चहरूले अनेक जाल गर्न थाले।

हामी सुन्छौ जनमत संग्रहमा ४४ लाख मत मध्ये बहुदलको पक्षमा करिब ३४ लाख र निर्दल पक्षमा १० लाख थियो। त्यति बेला चुनाव आयोगको अध्यक्ष कालिप्रसाद उपाध्यायले राजासँगको भेटमा "सरकार परिणाम त यस्तो आएको छ भने रे" दरबारिया षड्यन्त्रकारीहरूले दबावमा राजाबाट 'त्यो ज्योतिषीले भने जस्तो गर्नु' भनीबक्सेछ। यी कुरा त्यो बेला निक्कै चर्चामा थिए। त्यति हुँदा हुँदै पनि प्रजातान्त्रिक अभ्यासका पक्षमा कति सम्म इमान्दारिता देखाई बक्सियो भने सुधारिएको पञ्चायत चाहने कि बहुदल

चाहने ? अर्थात पञ्चायत चाहि नरहने। सुधारिएको पञ्चायतले जितेमा पनि वालिग मताधिकारको आधारमा निर्वाचन हुने र त्यो निर्वाचनबाट आएको सरकार सदन प्रति उत्तरदायी हुने भन्ने घोषणा गरिबक्स्यो।

दुर्भाग्यवस जनमत संग्रहमा सुधारिएको पञ्चायतले जितेको घोषणा गराइयो। २० लाख वहुदल र २४ लाख सुधारिएको पञ्चायतको पक्षमा भनेर। यो जनमत संग्रहमा किटेर भन्ने नै हो भने नीलो चिन्हको लागि नेपाली कांग्रेस एक्लै नै मात्र मैदानमा उत्रेको थियो। किनकि यो वेला क्रान्तिकारी सर्वहारा भन्न रुचाउने ने.क.पा माले (झापा)ले वहिष्कारका नारा दिएर पंहेलो चिन्हमा मत हालेको थियो।

तैपनि राजालाई अझैं चित्त बुझेको रहेनछ, फलस्वरूप राजाबाट अल्पमत अर्थात बहुदलको पनि कदर हुने घोषणा गरिबक्सियो। यस्तो अप्रत्याशित नतिजा आएपनि बी.पी ले अरु अप्रजातान्त्रिक कुराहरू हुँदा हुँदै पनि हामी प्रजातान्त्रिकहरूका लागि बालिग मताधिकारको आधारमा निर्वाचन र सदन प्रति उत्तरदायी सरकार हुनु सकारात्मक कुरा हुन भन्नु भएको थियो। तसर्थ अब यस्तो चुनावमा सहभागी हुने कि भन्ने विचार राख्नु भएको थियो, तर अरु कांग्रेसी कार्यकताहरूले मानेनन्। कार्यकर्ताहरूले पञ्चायतसँग लडेरै जानु पर्दछ र बहुदल ल्याउनै पर्छ भने। बी.पी ले पनि ठिकै छ भन्नु भयो। उहाँले टुँडिखेलको भाषणमा म एक्लो बृहस्पति भएँ भन्नु भएको थियो।

<u>जङ्ग बहादुर प्रसंगको यथार्थता:</u>

मैले इतिहासलाई विश्लेषण गर्दै आउँदा मुख्य तीन व्यक्तिहरू अत्यन्तै राष्ट्रवादी पाएको छु, जस्मा राणाकालका जङ्गबहादुर राणा प्रजातान्त्रिक कालमा बी.पी कोइराला र पञ्चायत कालमा डा.देवेन्द्रराज पाण्डे।

जङ्गबहादुरलाई मैले किन राष्ट्रवादी मानेको हुँ भने सन् १८५७ को भारतमा सिपाही विद्रोह हुँदा नेपालले अंग्रेजलाई सहयोग गरे वापत केही उपहार दिनु पर्‍यो भनेर अंग्रेजले उपहार दिने निर्णय गरेछन् र जङ्गबहादुरसँग तपाई हामीसँग के माग्नुहुन्छ माग्नुस भनेछन्। ब्रिटिसहरूलाई के लागेको रहेछ भने यो राणा प्रधानमनत्री २/४

करोड त माग्ला, या रक्सी र तरुणीको सौकिन रे त्यस्तै त माग्ला नि भनेर। अनि जङ्गबहादुरले पनि दिने भए माग्छु नत्र किन माग्ने ? भनेछन्। अंग्रेजहरूले पैसा, रक्सी वा तरुणी त माग्ला नि भनेर, माग्नोस न दिन्छौ भनेछन।

जङ्गबहादुरले अंग्रेजलाई बाचा गराए पछि भनेछन् "सुगौली सन्धीबाट नेपालले गुमाएको पूर्वको टिष्टादेखि पश्चिममा काँगडासम्मको भू-भाग दिनुस भनेछन्।" जङ्गबहादुरको माग सुनेर ब्रिटिसहरू छक्क परेछन्। सौखिन कुरा माग्ला कि भनेको त देशै पो माग्यो भनेर। तैपनि द्विपक्षीय सम्बन्धमा बोलेको पक्का हुनुपर्छ भनेर जङ्गबहादुरलाई सबै भू-भाग त दिन मिल्दैन तैपनि हामीले वचन दिई सकेको हुनाले .४ जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुर दिन्छौ भनेर फिर्ता गरे। यी ४ जिल्लालाई नयाँ मुलुक भन्ने चलन अहिलेसम्म पनि छ।

मैले देखेको अर्का राष्ट्रवादी बी.पी कोइराला नै हुनुहुन्छ। नेपाललाई स्वतन्त्र राष्ट्रको रुपमा राख्न र आम नेपालीलाई आफू सरहको बनाउने उहाँको चिन्तन अत्यन्त राष्ट्रवादी छ। यदि राष्ट्रपति कसैले चिन्तन गरेको छ भने त्यो बी.पी कोइरालाले मात्र गरेको देखियो। बी.पी एक सुझबुझपूर्ण व्यक्तित्व भन्न करै लाग्छ र देशभक्त पनि। २०१६ सालमा चाइनिज सेनाले हमला गरी नेपालका सुवेदारको हिमालय सिमानामा हत्या गरिसकेपछि सो हत्या काण्डको विरोधमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालको हिमालयसम्मको कसैले हमला गर्छ भने त्यो हमला भारतले आफुलाई गरेको सम्झने छ भन्दा बी.पी कोइरालाले "यो नेपाल माथिको हमला हो, भारत माथिको हमला हैन र यसलाई नेपालले नै सुझबुझ पूर्ण तरिकाले सामना गर्नेछ भन्नु भएर नेपालको स्वतन्त्रता र सार्वभौम स्वतन्त्र अस्तित्व कायम राख्न बी.पी ले प्रयास गर्नु भयो।

उता सगरमाथाको उत्तरी क्षेत्रलाई चाउ एनलाई र माओले उत्तरी मोहडा चीनको हो र दक्षिणी मोहडा नेपालको हो भन्दा बी.पी कोइरालाले त सगरमाथा हिमाल उत्तरी मोहडा मात्र हैन उत्तरपट्टिको (टिगुली) मैदान समेत हाम्रो हो भन्ने प्रमाण समेत जुटाइ दिन सफल हुनुभयो। तर वि.सं २०१७ साल पौष १ गतेको राष्ट्रघाति कदम पछि

राजा महेन्द्रले पञ्चायत जोगाउनका निम्ति सगरमाथाको उत्तरी मोहडा चिनको र दक्षिणी मोहडा नेपालको हो भनी सन्धी गरे ।

त्यस्तै एक पटक, योजना आयोगको बैठकमा राजा महेन्द्रको फोटो देख्दा बी.पी ले "राजाको फोटो त राख्नुस तर यसको साथै त्यहाँ एउटा भोको नाङ्गो हलो जोतिरहेको किसानको फोटो पनि राख्नुपर्छ" भन्ने उहाँको धारणा कस्तो दृष्टिकोण, कस्तो चिन्तन थियो उहाँमा ।

मैले तेस्रो राष्ट्रवादी व्यक्तित्व देवेन्द्र राज पाण्डेलाई किन भनेको भने, २०३६ सालको जनमत संग्रहको बेलामा उहाँ अर्थ सचिव हुनुहुन्थ्यो, त्यस बेलाका प्रधानमन्त्री सूर्य बहादुर थापाले पाण्डेसँग पञ्चायतलाई जिताउन राष्ट्रको ढुकुटीबाट पैसा चाहियो, अन्य भौतिक एवं प्राकृतिक सम्पदाको प्रयोग गरौं । २/४ करोड तिमी खाउ २/४ करोड म खान्छु भनेर भन्दा पनि पाण्डेले तपाईको पैसा तपाई नै खानोस् मलाई चाहिदैन भनेर सचिव पदबाट राजीनामा दिएर हिड्नुभयो । अहिलेको अवस्थामा पनि कति इमान्दार कति राष्ट्रवादी ? जबकी अहिले मुलुकमा देखिएको विकृति, विसंगति खाली पैसाको कारण हो ।

माथि उल्लेखित ३ व्यक्तित्वको बारेमा मैले इमान्दारीका साथ वर्णन गरे । तर यहाँ अर्को एक सिद्धान्तबाट अलिकति पनि बिचलित नहुने एउटा प्रखर व्यक्तिको बारेमा पनि उल्लेख गर्न चाहन्छु । उहाँ हुनुहुन्छ श्री गणेश राज शर्मा, वरिष्ठ अधिवक्ता । उहाँले नेपालको संविधान २०४७ प्रारम्भ भएपछि २०५१ सालमा नेपाली कांग्रेसले आफ्नै आन्तरिक छत्तिसे समूहले असहयोग गरेको कारणले गिरिजाप्रसाद कोइराला मध्यावधि चुनावमा जानुभयो ।

२०५२ सालमा अल्पमतको एमालेको सरकार आफ्नो विरुद्ध अविश्वासको प्रस्ताव आइसकेपछि जवर्जस्ती मध्यावधि घोषणा गरी सत्तामा बसेर बहुमत ल्याउने दुस्सहासका साथ प्रधानमन्त्री मनमोहन अधिकारीले मध्यावधि घोषणा गर्नुभएको थियो । त्यस्तै २०५५ सालमा सूर्य बहादुर थापा(काँग्रेस र रा.प्र.पा सूर्य बहादुर समूह)ले गरेको मध्यावधिको सिफारिस र २०५९सालमा शेरबहादुर देउवालाई सत्ताबाट हटाउने गलत खेलका कारण गरेको मध्यावधि घोषणा र २०५९ आश्विन १८ गते श्री ५बाट भएको शाही घोषणा बारे हरेक पार्टी,

समूह र कानूनविद्हरूले पनि पूर्वाग्रही भएर आ-आफ्नो किसिमले स्वार्थवश बहस, पैरवी गरिएको पाइयो भने बिना पूर्वाग्रह अक्षरशःसंविधानको पालना गर्ने व्यक्तिको रुपमा ४ वटा मध्यावधिलाई प्रधानमन्त्रीको विशेषाधिकार हो, यसलाई कसैले चुनौति दिन मिल्दैन भन्नुका साथै २०५९ को राजाको घोषणालाई पनि गैर संवैधानिक भनीस्पष्ट रुपमा भन्ने व्यक्ति हुन गणेशराज शर्मा जी ।

अहिलेका पार्टीहरूमा भएकाहरू सबै खराव भन्ने मेरो भनाइ हैन । राष्ट्रवादी र इमान्दार व्यक्ति त्यहाँ थुप्रै छन् । तर यिनीहरूलाई पेलेर थिचेर पछाडि पारिएको छ । एउटा उदाहरण दिउँ, २०४८ साल पछि बनेको पहिलो प्रजातान्त्रिक सरकारमा मन्त्री शैलजा आचार्यले आफ्नो मन्त्रालयमा भ्रष्टाचारको जालो छ भनेर सार्वजनिक रुपमा भन्नु भयो । तर प्रधानमन्त्री रहनु भएको गिरिजाप्रसाद कोइरालाले त्यस्तो भ्रष्टाचारको जालो तर्फ छानविन नगरी शैलजालाई माफी माग, कि राजीनामा देउ भन्नु भयो । शैलजाले पनि यस्तो पद चांहिदैन भनेर राजीनामा दिनुभयो । त्यस्तै पछिल्लो पटक गिरिजाप्रसाद कोइराला कै प्रधानमन्त्री कालमा जलस्रोत मन्त्री हुनुभएका बलदेव शर्मा मजगैयाँले लोकमान सिंह कार्की जस्तो भ्रष्ट सचिवसँग कार्य गर्न सकिन्न भनेर प्रधानमन्त्रीसँग सिकायत गर्नुभयो । तर गिरिजा बाबुले सचिवलाई हटाउनु भएन । लौ भनौं, सचिवलाई हटाउन त सकिन्न होला, तर अन्यत्र सार्नु भएन । र, उल्टै बलदेव शर्मा जस्ता निष्ठावान व्यक्तिले पद छोड्नु पर्‍यो ।

२०५१ सालमा एमालेको सरकार बन्यो, झन त्यसबेला त संस्थागत रुपले नै भ्रष्टाचार भयो । गाउँ इकाई देखि माथि सम्मकाहरूले पार्टीका नाममा भ्रष्टाचार गरे । संसारमा कहिँ नभएको भन्सारमा र अन्य आर्थिक लाभ हुने कार्यालयहरूमा समेत एमालेले अस्थायी र आफ्ना कार्यकर्ताहरू कर्मचारीको रुपमा भर्ना गरेर रकम बटुल्यो । पञ्चायत त के राणाहरूले समेत यस्तो काम गरेका थिएनन् । हेर्नुस्, मोहनगोपाल खेतान जस्ता व्यक्ति जसलाई गिरिजा प्रसाद कोइरालाको सरकारले ११ करोड विदेशी मुद्रा अपचलन गरेको अभियोगमा थुनेको थियो ।

उनलाई समेत एमाले अल्पमतको सरकारमा गएपछि क्रान्तिकारी सर्वहाराहरू सरकारमा पुगे । अब मुलुकमा राम्रो होला भन्ठानेको त झन उल्टो मोहनगोपाल खेतानसँग पैसा खाएर मुद्दा फिर्ता

लिइदियो ।यस्ता कैयन् चोर, डाँका, फटाहा, ज्यानमारा र भ्रष्टाचारीहरूलाई एमालेले आस्थाको बन्दी भन्दै पैसा लिएर मुद्दा फिर्ता लिंदै छोडिदियो ।

त्यस्तै यो सरकारकै पालामा बीर अस्पताल जस्तो संवेदाशील संस्था तोडफोड गर्नु, रेलिङ्ग भाँच्नु, मदन भण्डारी मार्ने गिरिजा नै हुन भन्ने भ्रम फैलाउँदै देशभरी गलत किसिमको सन्देश पुऱ्याई तोडफोड हिंसा हुन गई क्षति भयो । प्रजातन्त्र फष्टाउन र दरिलो हुन परिपक्व, असल र जिम्मेवार प्रतिपक्षी सावित हुनुपर्नेमा ने.क.पा एमाले त्यस्तो हुन सकेन ।

वास्तवमा विकृति र बदमासी जहाँ पनि हुन्छ, तर त्यसैलाई नियन्त्रण र कारवाही भएन भने अनि जनताले औंला ठड्याउँछन् । यसै क्रममा एउटा प्रसंग उल्लेख गर्नु सान्दर्भिक होला, २०१५ सालमा बी.पी कोइराला प्रधानमन्त्री हुँदा मन्त्री मण्डलका सदस्य मन्त्री गणेशमान सिंहले चाक्सीवारीको घर किन्दा भ्रष्टाचार भएको भन्छन नि भनी राजा महेन्द्रले सोधी बक्सदा बी.पी ले उक्त घटनाको तत्काल छानविन गरी जनता समक्ष तथ्य ल्याउनु भएको थियो ।

बि.पि को निधन पछिको यथार्थता:

बि.पि को देहावसान पछि काँग्रेस भित्र फेरी गुट उपगुट बनाउने काम भयो । गणेशमान जी, किसुन जी पञ्चायत विरुद्ध आन्दोलन गर्नु पर्छ भन्ने पक्षमा हुनुहुन्थ्यो भने गिरिजा बाबु भने हैन बी.पी ले राजासँग झगडा गर्नु हुन्न भन्नु भएको छ र राजाले मलाई पञ्चायतको विकल्प खोज्न हुकुम भएको छ भन्दै आन्दोलन नगर्ने पक्षमा हुनुहुन्थ्यो । पछि फेरि पञ्चायत फाल्न काँग्रेस कम्युनिष्ट मिलेर आन्दोलन गर्नु पर्छ भन्ने गणेशमान जी कै बलमा २०४६ को जनआन्दोलन भयो । त्यस भन्दा अगाडि एकपटक तत्कालीन मालेका नेता राधाकृष्ण मैनाली र मेरो बीचमा बीर अस्पताल(संजीवनी सेवा संघ) जहाँ म बिसौ वर्षदेखि सेवा गरिरहेको छु, त्यहाँ मैनालीसँग भेट हुँदा उहाँले "गौतम जी - तपाईको गणेशमान जी सँग राम्रो सम्बन्ध छ, उहाँले पञ्चायत विरुद्ध आन्दोलन गर्नका निम्ति कम्युनिष्टहरूलाई पनि आव्हान गर्नुभएको छ । नजाऔं भने हामीले पञ्चायतलाई साथ दिए जस्तो हुने, जाऔं भने आन्दोलनबाट पञ्चायत फाल्न सकिएन भन्ने पर्ने । कमसेकम काँग्रेसले फाल्न नसकेपनि कम्युनिष्ट त छ नी भन्ने त हुन्छ, तसर्थ यो संयुक्त आन्दोलन भन्ने कुरा रोक्न लगाउनु

पऱ्यो भन्नु भएको थियो ।" अनि प्रत्युत्तरमा मैले मैनालीलाई भनेको थिए "मैनाली जी - म स्वयं गणेशमान जी को मान्छे, अर्थात संयुक्त आन्दोलन गरेर पञ्चायत फाल्नु पर्छ भन्ने मान्छे, कहाँ मैले गणेशमानजी लाई यस्तो कुरा भन्ने ? यो कुरो सम्भव छैन" भनेर मैनाली जी लाई भने । केही दिनपछि त आन्दोलन नै शुरु भयो ।

यहाँनिर पनि राजा बीरेन्द्र कति प्रजातान्त्रिक र उदार होइबक्सन्छ भन्ने प्रश्न आउँछ, म आफै जन आन्दोलन भरी देशव्यापि रुपमा कति जनता मरे र त्यसमा कति राजनीतिक र अराजनीतिक मानिसहरू शहिद भए भन्ने तथ्यांक संकलन समितिको सदस्य भएर हिडें, खोजें । जम्मा ४१ जना मानिस जन आन्दोलनको क्रममा मारिएको र त्यसमा पनि राजनीतिक पार्टीका सशक्त कार्यकर्ताहरू त मरेकै छैनन् भनेपनि हुन्छ, काँग्रेस कम्युनिष्ट समर्थक त छन्, तर पार्टीको सदस्यता लिएर घोषित भने थिएनन् । सुनिन्छ कि त्यसबेला दरवारका मान्छे, भाई भारदारहरूले जम्मा ४१ जना त मरेछन् नि ! ४१ हजार पनि नमरी कहाँ बहुदल दिने ? भनेर राजालाई बहुदल नदिन बाध्य पार्न थालेका थिए । तर प्रजातान्त्रिक राजा श्री ५ बीरेन्द्रको उदार एवं प्रजातान्त्रिक मनस्थिति कै कारण बहुदलवादी नेताहरूलाई बोलाएर बहुदल दिई बक्सियो ।

२०५७ सालमा मैले कुम्भेश्वरमा १ लाख शिव लिङ्ग पूजा गर्दा राजा बीरेन्द्र सवारी होइबक्सेको थियो, त्यसबेला राजा बीरेन्द्रले म जस्तो सर्वसाधारणसँग बसी पूजा गरेर सारा वृतान्त सोँधिबक्सेको कुरा मैले कहिल्यै भुल्न सक्दिन ।

बहुदलले १३ वर्ष पूरा गरी १४ वर्ष लागेको छ, यो अबधिमा सबभन्दा बढी शासन नेपाली काँग्रेसले गरेको छ । तर ती काँग्रेसका नेताहरूले राम्रो काम गरेनन् । गणेशमान जी, किसुन जी र गिरिजा प्रसाद कोइरालाले पनि ठीक काम गर्नु भएन । नेपाली काँग्रेसका गिरिजाप्रसाद कोइराला पुत्री सुजातालाई धनी र नेता बनाउने मोहका कारण लाउडा, धमिजा आदि काण्डमा मुछिएर उहाँको छवी जनमानसमा विग्रिएको छ भने सन्त नेता भनीचिनिने कृष्णप्रसाद भट्टराई असल भएर पनि बुढेशकालमा तरुनी अमिता कपालीका कारण र हलुका र ढुलमुले नीतिका कारण उहाँको छवि धुमिल भएको छ । त्यस्तै स्व.गणेशमान सिंह महान हुदाँहुदैं पनि आफ्नो महानतालाई

नबुझि पुत्र प्रकाशमानको मोहका कारण अन्त्यमा काँग्रेस छोडेर वित्नु भयो। त्यस्तै नयाँ पुस्ताका नेता शेरबहादुर देउवाको छवि त त्यति खराब देखिन्न, तर पार्टी फुटाउने, प्रो दरवारीया र बढी भ्रष्टाचारी साथीहरूको समूह लिएर बसेको आरेपमा छवि बिग्रिएको छ। शैलजा आचार्य र रामचन्द्र पौडेल जस्ताहरूबाट केही हुन्छ की भन्ने हो तर उनीहरू पार्टीको आन्तरिक षड्यन्त्रका कारण नेतृत्वमा पुग्लान र ?

प्रजातन्त्रमा इमान्दारिताको प्रसंग:

मलाई के लाग्दछ भने प्रजातन्त्र बलियो हुन शासन गर्ने पार्टी बढी जिम्मेवार र नेता कार्यकर्ताहरू समक्ष एवं इमान्दार हुनुपर्छ। तर, यहाँ प्रमुख विपक्षी पार्टीमा रहेको एमाले २०४७ सालको संविधानलाई आलोचनात्मक समर्थन भन्नेदेखि राष्ट्रका हरेक संवेदनशील मुद्दामा बारम्बार बोली फेर्ने र जनता झुक्याउनमा नै उद्धत देखियो। रा.प्र.पा का नेताहरू त नाम फेरे पनि पञ्च नै हुन, र ३० वर्षे पञ्चायत कालका भ्रष्ट र गन्हाएकै हुन्। फलस्वरुप आज हाम्रो देश नेपाल सक्षम, सफल र दूरदर्शी नेता विहीन अवस्थामा पुगेको छ।

चाहे जुन सुकै पार्टीमा किन नहोस, खाँटी र इमान्दार कार्यकर्ताहरू सबै पछि परेका छन्। प्रजातन्त्र प्राप्त भएको १३ वर्षमा प्राय पार्टीहरूमा जसले पैसा दिन्छ, जसले रक्सी दिन्छ, जसले तरुणी दिन्छ उनीहरू नै नेताका वरिपरि रहन थाले। पैसा लिएर जि.एम बनाउने, पैसा लिएर राष्ट्रिय सभामा पठाउने जस्ता कार्य भए। जनता र कार्यकर्ताबाट नेताहरू टाढा हुँदै गए। तस्कर र कमिशनखोरहरूको घेराले नेताहरूलाई निस्कनै नसक्ने गरी जकड्यो। त्यसैको फलस्वरुप देशमा गम्भीर समस्याको रुपमा माओवादी समस्या उत्पन्न भएको हो। यही समस्याले गर्दा अब त प्रजातन्त्र त परै जावस् देशको अस्तित्व नै रहने कि नरहने भन्ने अवस्थामा मुलुक आईपुगेको छ।

दरवारी हत्या काण्डले उब्जाएको प्रश्न :

२०५८ साल जेठ १९ गते दरवार हत्याकाण्डमा शाह वंशका अति प्रजातान्त्रिक एवं लोकप्रिय राजा श्री ५ बीरेन्द्रको स-परिवार सखाप भएपछि अपुतालिका रुपमा प्राप्त राजा हालका श्री ५ महाराजाधिराज ज्ञानेन्द्रलाई जनताले पचाउन गाह्रो परेको अवस्था छ, उक्त हत्याकाण्डको बेला प्रधानमन्त्रीको पदमा आसीन रहनु भएका गिरिजाप्रसाद कोइरालाले २०५८को शाही हत्याकाण्ड र २०५९ साल

असोज १८ को शाही घोषणा एउटै ग्रयाण्ड डिजाइन भित्र पर्छ भन्नुले पनि जनमानसलाई पूर्ण शंका तर्फ डोऱ्याएको छ। म २०५८ माघ देखि चैत्रसम्म जम्मा ५८ दिन भारतको तीन धाम एघार ज्योर्तिलिङ्ग आदि तीर्थ स्थलको भ्रमणमा जाँदा हरेक ठाँउमा मानिसहरूले स्वर्गवासी महाराजधिराज बीरेन्द्रको मुक्तकण्ठले सम्मान एवं श्रद्धा गरेको पाएँ भने हालका महाराजाधिराज ज्ञानेन्द्र प्रति शंकाको दृष्टिले हेरेको पाएँ।

श्री ५ बाट २०५९ असोज १८ गते शाही घोषणा भएपछि स्वच्छ छवि भएका मानिसहरूको नाम सिफारिस मागि बक्सेकोमा देशको सबभन्दा ठूलो घोटाला एक अर्ब डलर अर्थात ८० अर्ब रुपैयाँ अपचलनमा संलग्न लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाउनु, पञ्चायत कालमा मन्त्री भएकै अवस्थामा दिउँसै रक्सी खाएर मात्तिएकै अवस्थामा अस्पतालका नर्स माथि दुर्व्यवहार गर्ने बद्री प्रसाद मण्डललाई उपप्रधानमन्त्री बनाउनु, त्यस्तै पञ्चायत कालका १४ अञ्चलाधीश मध्ये सबभन्दा कट्टरपन्थी मानिने धर्मबहादुर थापालाई गृहमन्त्री बनाइनु जस्ता कार्यबाट जनताले के अपेक्षा गर्ने, हालका श्री ५ महाराजाधिराजबाट ? त्यस्तै प्रधानमन्त्रीको सल्लाहमा थपिएका मन्त्रीहरू पनि आ-आफ्ना पार्टीबाट तिरस्कृत भएका र जनाधार नभएकाहरूको जमातले के विषम संकटबाट गुज्रेको यस मुलुकलाई पार लगाउला ? देशवासी निराश छन्। तथापी यस मन्त्रीमण्डलमा पनि एकाध मन्त्री स्वच्छ र योग्य भन्न सुहाउने छन्। तर, नेतृत्व नै गलत भएपछि त्यस्ता एकाध व्यक्तिहरू त्यसै बिलाएर जान्छन। इतिहासले त्यही देखाएको छ।

शुरु-शुरुमा त माओवादीहरूले उठाएका २/४ कुरा, जस्तै जाँड, रक्सी, जुवा, तास बन्द गर्ने र तमशुक च्यात्ने आदि कार्यले गर्दा माओवादीवाट केही हुन्छ की भन्ने आशा लिएको थिएँ। तर हालका उसका क्रियाकलापले त्यो आशा पनि रहेन। माओवादीहरूले मुलुकको भौतिक संरचना जो सबैलाई चाहिन्छ, ती नष्ट गर्ने र शस्त्र लिएर समूह वा दल जुनसुकै पनि निहत्था मानिसको हत्या गर्ने, शैक्षिक वातावरण विगार्ने जस्ता कार्य चेगोवेरा, फिडेल क्यास्ट्रो, लेनिन र माओका क्रान्तिमा पनि यस किसिमको विध्वंस गरिएको मैले कहिं पाएको थिइन, उनीहरूकै नक्सोकदममा चल्ने माओवादीहरूद्वारा यस्ता विध्वंसात्मक क्रियाकलाप हुन थालेपछि माओवादीप्रतिको मेरो सोचाई

बदलिन बाध्य भएको हो । तर नेपालका माओवादीहरूका अन्तर्राष्ट्रिय अग्रज शस्त्र लिनेहरूले त शस्त्रधारी(आफु बराबरको) जस्तै प्रहरी सेनासँग नै लडेको पाइन्छ ।श्रीलंकाका तमिल विद्रोहिहरू पनि हत्यारधारी प्रहरी सेनासँग नै लडेको देखिन्छ ।

म माओवादीहरूसँग कुनै हालतमा सैद्धान्तिक समर्थन राख्दिन । मेरो आस्था र विश्वास बहुदलीय प्रजातान्त्रिक प्रणालीमा छ र माओवादीहरूको साम्यवादी गणतन्त्रमा । मलाई जहाँसम्म लाग्छ उनीहरूले आफ्नो आस्थाको लडाईं लड्दा समान किसिमको हुनुपर्‍यो, दोस्रो निहत्था मानिस र देशको संरचना नष्ट गर्ने काम छोड्नु पर्छ ।

मुलुकको अवस्था :

एकातिर हाल देशको अवस्था विषम परिस्थितिबाट गुज्रिरहेको छ, भने अर्कोतिर मुख्य मुख्य पार्टीहरूमा जुन ठाँउमा जसको पकड थियो त्यो अब रहेन । सबै पार्टीहरू टुटेका, फुटेका र विग्रिएका भएपनि त्यहाँ भित्र एक प्रकारको उकुसमुकुस व्याप्त छ । पार्टी पार्टीबाट छुट्टिएर बनेका भर्खरका फुच्चे पार्टी जसको जनाधार नै छैन, यस्ता पार्टीका नेता भनाउँदाहरूलाई जसरी मन्त्री बनाई प्रमुख दलहरूलाई बाइपास गरेर दरबारले जुन कठिन परिस्थितिको सिर्जना गरेको छ, यसले प्रमुख पार्टीहरूलाई अब आन्दोलन गर्न बाध्य बनाएको छ । त्यही बाध्यताका कारणले मुलुकका संसदवादी सबै पार्टीहरूले राजाको प्रतिगमनका विरुद्धमा जनआन्दोलन गर्ने घोषणा गरिसकेका छन् ।

यसले मुलुक र संवैधानिक राजतन्त्रलाई भलो गर्दैन, यो कसैको निम्ति पनि प्रिय र सुखद चाँहि हुन्न । प्रजातन्त्र प्राप्ति पछिको यो १३ वर्षमा पार्टीहरू तँछाड मछाड गर्दै रहे भने पार्टी भित्र कसैको पनि पकड नरहेको अवस्थामा प्रहरी सेना मार्फत राजाको शासन त कतै माओवादीको शासन देखियो । यस्तो परिस्थितिमा काँग्रेस र एमाले पनि हतियार उठाउने अवस्थामा त पुग्दैनन् ? नेपाली काँग्रेसले २००७ सालदेखि २०१८ र २०२६ सालमा गरी तीन पटक हतियार उठाएकै हो । एमालेले पनि झापाबाट हतियार उठाई हत्याबाटै राजनीति शुरु गरेकै हो । अब पनि काँग्रेस र एमालेले हतियार नउठाउलान भन्न सकिन्न ।

किनकि यि मुख्य पार्टीहरूलाई नजानिदो पाराले यसरी पाखामा पार्ने परिस्थिति सिर्जना गरिंदै छ। यदि यसो हुन गयो भने नेपाल ध्वस्त हुने अवस्था मैले देखेको छु। अहिले देशमा न अमनचैन छ, न शान्ति, न कोही खुशी नै। अतः यस विषम परिस्थितिमा राजा, पार्टी र पार्टीका नेताहरू मात्र होइन व्यक्तिगत स्वार्थ नभएका देशभक्त र इमान्दार व्यक्तिहरू र विभिन्न दलहरू जो ग्रासरुटसम्म पुगेका छन् त्यस्ता दलहरू, राजा, माओवादीका पनि असल मानिसहरू र देशको प्रबुद्धवर्ग पनि मिलेर यो राष्ट्रलाई अगाडि बढाउन कम्मर कसेर लाग्नुपर्छ। होइन भने विगतमा अफगानिस्तानको अवस्था जस्तै नेपालमा आउन सक्छ। यदि त्यस्तो हुन गयो भने राजाले जाहिर शाह भागे झैं भाग्ने पर्ने छ।

संक्षेपमा २००३ सालमा काँग्रेसको गठन, २००७ सालको क्रान्ति, २०११ सालमा राजा त्रिभुवनको स्वर्गारोहण, २०११ देखि २०१५ सालसम्मको अवस्था, २०१५ सालमा संसदीय निर्वाचन, २०१७ सालमा प्रजातन्त्रको हत्या, २०२४ सालको गाउँफर्क अभियान, २०३२ सालको अर्को गाउँफर्के संविधान, २०३६ सालको जनआन्दोलन र १३ वर्षको बहुदलीय राजनीतिक अवस्था, २०५८ साल जेठ १९ गतेको दरवार हत्याकाण्ड र २०५९ साल असोज १८ गतेको शाही घोषणा र त्यस पछिका घटना क्रमहरूको बीच एक आपसमा श्रृंखलाबद्ध तरिकाले सम्बन्ध रहेको देखिन्छ।

यो १३ वर्षमा प्रजातन्त्रका सेवक भन्नेहरू कै गलत क्रियाकलापले प्रजातन्त्र दुर्भाग्यपूर्ण अवस्थामा पुगेको छ, बहुदल र जनता स्वयमको यसमा कुनै गल्ती र कमजोरी छैन। यो १३ वर्षमा काँग्रेसको मात्र कुरा गर्ने हो भने सरसर्ती हेर्दा सत्तामा पुगेकाहरू मध्ये शैलजा आचार्यले भ्रष्टाचार गरेको देखिएन, रामचन्द्र पौडेलले बदमासी गरेको देखिएन, रामहरी जोशीले गरेको देखिएन, महेश्वरप्रसाद सिंह, के.बी गुरुङ्ग, चक्र बास्तोला, दीनबन्धु अर्याल र भीमबहादुर तामाङ्गले पनि बदमासी गरेको देखिएन। अरु बाँकी अधिकांशले कसैले धेरै र कसैले थोरै बदमासी गरेका देखियो। शुद्ध र स्वच्छ कोही देखिएनन्। सायद त्यसैले होला जनताले २०४८ सालमा कांग्रेसलाई बहुमत दिएर पनि २०५१ सालमा एमाले ठूलो र काँग्रेस दोस्रो ठूलो पार्टी बनाइदियो। त्यसपछि एमालेको सरकार बन्यो। एमालेले सरकार चलाउँदा त झन संस्थागत रुपमै भ्रष्टाचार भयो।

उनीहरूले गरेका काम कारवाही हेर्दा काँग्रेसलाई चोर भनेको त माले एमाले त झन डाँका पो रहेछन् भनेर सायद २०५६ सालको चुनावमा फेरि जनताले काँग्रेसलाई बहुमत दिएर जिताए। तर यो चुनाव पछि पनि कस्तो भयो भने जसले पैसा खर्च गरेर सांसदहरूलाई जिताएर ल्यायो उही बलियो देखियो। उदाहरणको लागि कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बनाउँदा पनि खुमबहादुर नै बलियो। किसुन जीलाई हटाएर गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाउँदा पनि खुमबहादुर नै बलियो र गिरिजाप्रसादले छोडेर शेरबहादुर देउवा पनि प्रधानमन्त्री बन्दा पनि खुमबहादुर नै बलियो देखियो।

२०५९ असारमा काँग्रेस फुट्नुमा पनि यस्तै दुवै पक्षका व्यक्तिहरूको बढी हात हुन गयो। हुन त २०५१ सालमा गिरिजाप्रसाद कोइरालाले मध्यावधि सिफारिस गर्दा र २०५९ सालमा शेरबहादुरले मध्यावधि सिफारिस गर्दा पार्टीको अवस्था उस्तै हो। खाली फरक के थियो भने २०५१ मा चुनावमा जाने वातावरण थियो, २०५९ मा थिएन। २०५१ सालमा ३६से हरूको कारणले गिरिजा बाबु मध्यावधिमा जानु पर्‍यो भने २०५९ मा गिरिजा बाबुको कारणले शेरबहादुर देउवा मध्यावधिमा जानु परेका हो। सायद शेरबहादुरलाई पार्टीले कारबाहि नगरेको भए पार्टी फुट्ने थिएन।

पहिले गिरिजा बाबु माथि अन्याय भएको थियो। यसै भनेर हामी जस्ता कार्यकर्ताले गिरिजा बाबुलाई साथ दिएका थियौं। अहिले देउवा माथि पार्टीले अन्याय गर्‍यो भनेर देउवालाई साथ दिएका हौं। होला, कसैले पद र पैसा पायो वा पाउँछ भनेर पनि साथ दिएका होलान्, तर हामी जस्ता इमान्दार हजारौं कार्यकर्ताहरू जसमाथि अन्याय हुन्छ त्यतैतिर लाग्छौं, अन्यायको खिलाफमा। भन्ने नै हो भने बदमासी गर्नेहरू दुबैतिर छन्। यदि एकतावद्ध भएर जाने हो भने दुवैले फटाहा र बदमासहरूलाई हटाएर जानु पर्छ। केही समय पहिले गिरिजा बाबुले विचलित भएर गएका कार्यकर्ताहरू फर्केर आउ भन्नु भयो। म भन्छु को विचलित भएर गएको छ ? मलाई भन्नु हुन्छ भने म विचलित भएर गएको होइन।

गिरिजा बाबुले गलत काम गरेकोल शेरबहादुरलाई साथ दिएको हुँ। मेरो विश्लेषणमा गिरिजा बाबुले के भन्नु पर्छ भने, "राष्ट्र र

प्रजातन्त्र संकटमा पऱ्यो, जसबाट जे गल्ती भएको भएपनि त्यसलाई विर्सेर एकतावद्ध होऔं भनेर आव्हान गर्नुपर्छ। यस अर्थमा पार्टीमा एकता हुन सक्छ।" गिरिजा बाबुले चैं कुनै गल्ती गर्नु भएको छैन र ? जे होस गिरिजा बाबुले पनि आफ्नो गल्तीलाई सच्याएर पार्टी एकता गरौं भनेर आव्हान गर्नु पर्छ भन्ने मेरो विनम्र आग्रह छ। त्यसरी आव्हान गरेको खण्डमा उहाँले गल्ती गरेको भएपनि, शेरबहादुर, खुमबहादुर वा हामीले फटाहा, बदमासहरूलाई हटाउनै पर्छ।

गिरिजा बाबुको सन्दर्भ :

मलाई स्मरण छ मैले २ वर्ष अगाडि कुम्भेश्वरको पूजामा गिरिजा बाबुलाई टीका लगाई आशिर्वाद दिँदा नाम नै तोकेर "गिरिजा बाबु तपाईले खुमबहादुर खड्का जस्तालाई हटाउन सकेमा देशमा प्रजातन्त्रलाई र अनि पार्टीलाई पनि राम्रो हुन्छ " भनेर भनेका थिँए। जबकी खुमबहादुर बनाउने पनि गिरिजाप्रसाद नै हो। आज १४ वर्षमा जो जो जहाँ पुगेका छन्, सबैलाई गिरिजाबाबुले नै पुऱ्याएको हो, र खुमबहादुर, विजय गच्छेदार, जयप्रकाश, गोविन्दराज, अर्जुन नरसिंह के.सी आदिलाई माथि पुऱ्याउने पनि गिरिजा बाबु नै हो।

बिडम्बना भनौं किं के, अर्जुन नरसिंह के.सी जस्ता रा.प्र.पा का प्रवक्तालाई नेपाली काँग्रेसको प्रवक्ता बनाउने पनि गिरिजा बाबु नै होइन र ? के उहाँलाई अलिकति पनि नैतिक बन्धनले छेकेन ? यो त मैले, हामी जस्ता कार्यकर्ताको नैतिकता माथि चोट र अपमान सम्झेको छु। ठीक छ, अर्जुन नरसिंह जस्तालाई केन्द्रीय सदस्य बनाइयोस, सांसद बनाइयोस, मन्त्री बनाइयोस, राजदूत बनाइयोस हामीलाई केही मतलब छैन।

तर हाम्रो नेता बनाउन चाँहि पाईदैन। हामी जो पायो त्यही हुक्के बैठकेलाई नेता मान्दैनौ। म जस्ता त्यागी, इमान्दार कार्यकर्ताको लागि यो ठूलो चोट हो। यो र यस्तै कारणले म गिरिजा बाबुबाट पर भएको हुँ। म उहाँलाई भेट्दा पनि भन्छु - म तपाईबाट पर छैन। तर आफ्नो क्रियाकलाप त उहाँले पनि सच्याउनु पऱ्योनि ! फटाहालाई सहमहामन्त्री बनाउनु भएन, नरहिर आचार्य जस्ता घुसपैठहरूलाई नेता बनाउनु भएन।

जहाँसम्म अरु पार्टीको कुरा छ ती पार्टीमा पछाडि परेका र पीडा भोगेका इमान्दार कार्यकर्ताहरूले नै बोल्ने कुरा हो। मेरोअन्तस्मरणले देखेको भोगेको र सुनेको उल्लेखित घट्ना र चिन्ताहरूमा मेरो व्यक्तिगत स्वार्थ र पूर्वाग्रह किञ्चितमात्र पनि छैन। आम साथीहरूलाई लाग्ला, समस्त कमजोरीहरू औंल्याउन त सजिलो छ तर समाधान के हो त ? सबै पक्षले गम्भीर भएर सोच्ने र गर्ने बेला आएको छ।

हालको काल परिस्थिति र समयलाई मूल्याङ्कन गर्दा मलाई एउटा राजाको कथा याद आउँछ। एक पटक एउटा देशमा ब्राह्मण दमाई कामी र सार्कीले सल्लाह गरेछन, राजाले बढी अन्याय गऱ्यो अब उनलाई गोद्ने भनीएकजुट भएर गएछन्। राजा पनि बाठा, उनले म तिमीहरूलाई एक पटक छुट्टाछुट्टै भेटी कुरा गर्छु, अनि तिमीहरूले मलाई जे गर्न मन लाग्छ गर, मेरो मञ्जुरी छ भनेछन्, र भने जसो गरी नै ४ जनाले राजालाई छुट्टाछुट्टै भेटेछन्। त्यसपछि ४ जना ४ तिर फर्के, अनि त राजा कुट्ने त परै जाओस् आपसमा नै कुटाकुट गर्न थालेछन् र राजाले तमासा हेरीबसेछन।

आज २०५९ आश्विन १८ गतेको असंवैधानिक शाही घोषणा र नेपालको पार्टी र त्यसका नेताहरूको हालत पनि त्यस्तै भएको छ। पहिले शेरबहादुरलाई प्रधानमन्त्रीबाट हटाएर तपाईलाई बनाए कस्तो होला भन्दा गिरिजा, माधव नेपाल सबैले हुन्छ भने। त्यसपछि राजाले प्रधानमन्त्री हटाउने मौका पाइ हाले। अनि सबैलाई छोडी आफ्ना हुक्के बैठके लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाई हाले। अनि राजाको त्यो कदमलाई असंवैधानिक भयो भनेर चिल्लाउन, कराउन थालेका छन् अन्य पार्टीका नेताहरू।

अब भन्नुस् त शेरबहादुरलाई हटाउने सल्लाह दिने गिरिजा र माधव नेपाल जस्ता नेताहरू आफैं असंवैधानिक हो कि हैन ? अनि राजाले असंवैधानिक कार्य किन नगर्ने ? राजासँगको भेटमा कि त ती नेताहरू निर्वाचित प्रधानमन्त्री शेरबहादुरलाई हटाउन पाईंदैन भन्नु पर्थ्यो, दोस्रो शेरबहादुरले गर्न लागेका चुनाव हुन सक्दैन भनेर चुनाव सार्न किन सहमति दिए ? सर्वदलीय सहमति पछि नै शेरबहादुरले चुनाव सार्न सिफारिस गरेका थिए। आफुहरू शेरबहादुर संग रिस फेर्न र असंवैधानिक प्रधानमन्त्री हुन लालायित थिए गिरिजा र माधव नेपाल। त्यसैले राजासँग हो मा हो मिलाएर शेरबहादुर देउवालाई

चक्रव्यूहमा हाले अभिमन्यूलाई जस्तै गरेर । त्यस कदमले अहिले सबै पार्टीका नेताहरूलाई र राष्ट्रलाई नै अर्को अन्यौल र अनिश्चितताको भूमरिमा पारेको छ ।

यो दुष्परिणाममा अदूरदर्शी नेताहरू खास गरी गिरिजाप्रसाद कोइराला र माधव नेपाल आदिको अदूरदर्शीको प्रतिफल आज राष्ट्र र राष्ट्रवादी आम नेपालीले भोग्नुपरेको छ। नेपालका पजातन्त्रवादी दाजुभाई तथा दिदी बहिनीहरूले २०१५ साल २०४८ साल, २०५१ साल, २०५४ साल र २०५६ सालमा भएका कुनै पनि आम चुनाव होस्, चाहे संसदीय होस या स्थानीय, नेपाली काँग्रेसको पक्षमा खसेको बहुमतद्वारा नेपाली जनताले आफ्नो प्रजातन्त्र प्रतिको प्रतिवद्धता जाहेर गरेकै छन् । तर पनि नेपाली काँग्रेस आफ्नै कारणले शासन गर्न असफल देखियो ।

यसै क्रममा काँग्रेसका केही व्यक्तिहरूको बारेमा म केही व्यक्त गर्न चाहन्छु, सर्वप्रथम हाल असक्षम भनी राजाबाट हटाइएका शेरबहादुर देउवाको बारेमा लेख्छु, शेरबहादुर जी भाग्यमानी व्यक्ति पनि हुनुहुन्छ "भाग्यम् भवति सर्वत्र न च विद्या न च पौरुषम्" भन्ने उक्ति वहाँमा चरितार्थ भएको देखेको छु। जस्तो वहाँ जन आन्दोलनको बेला लण्डनमा बस्नु भएको मान्छे गिरिजा बाबुले उहाँलाई अरू योग्य साथीहरू हुँदा हुँदै पनि देउवालाई नै गृहमन्त्री बनाउनु भयो। त्यो बेला कृष्णप्रसाद भट्टराई कहाँ बिहानको चिया, गणेशमानजी कहाँ ब्रेकफास्ट र दिउँसोको खाना गिरिजा बाबुको निवास बालुवाटारमा खाएर अनि गृहमन्त्रालय जानुहुनथ्यो उहाँ। कस्तो भाग्य, कस्तो चतुरता ! त्यसबेला तीन नेताको आर्शिवाद पनि पाइरहने, अनि खान, पिउन र मन्त्री पद पनि सुरक्षित रहने उहाँको ।

२०५१ सालको मध्यावधिमा गिरिजा बाबुले निर्विरोध नभएमा संसदीय दलका नेता नलड्ने घोषणा गर्नुभयो । उता गणेशमानजीले गिरिजाको विरोधमा अर्को व्यक्ति नउठाई नछोड्ने अडान राखेपछि आठ जना उम्मेदवार भए। त्यसमा बाँकी तीन जना रामचन्द्र प्रो छत्तिसे, शैलजा प्रो गिरिजा भए ।

रामचन्द्र उठे गोविन्दराजले नछोड्ने भनी भन्ने (जो योग्य व्यक्ति चाहीं होइनन्) । अनि सबैले साझा मान्छे शेरबहादुरजीलाई संसदीय

दलको नेतामा छाने। यसपछि संयुक्त सरकार बनाउँदा देउवा नै प्रधानमनत्री बन्नुभयो। यसरी उहाँको भाग्य शुरु भएको हो।

गिरिजाप्रसाद कोइरालाको बारेमा धेरै टिका टिप्पणी लेखेको पढ्न पाइन्छ। तर उहाँको बारेमा जनता समक्ष बी.पी कोइरालाले भन्नुभएको थियो -"यो गिरिजा " म्यान अफ एक्शन" हो। तर यसले आफ्ना वरपरका चार जना मान्छेको कुरा सुन्छ। आफ्नो कुनै भिजन छैन। चार जना उसका सल्लाहकार असल परे देश, पार्टी र समाजलाई राम्रो हुन्छ, नत्र सखाप।" यो भनाई फरक परेको छैन, आज सम्मको उहाँको क्रियाकलापले।

शैलजा आचार्यको त्याग तपस्यामा कमि छैन। मन्त्री भएर घुस नखाएर मन्त्रालयमा भ्रष्टाचारीको जालो छ भने वापत गिरिजाले या त माफि माग या राजिनामा देउ भन्दा मन्त्रीको पदबाट राजिनामा दिएकै हुन। तर उहाँमा बढि भावुकता र आइमाइमा हुने कमजोरी जस्तो देखाएर नेतृत्व सम्हाल्न सक्दिनन् कि भन्ने छ कार्यकर्ताहरूमा। त्यस्तै २०५६ को निर्वाचन अगाडि छिनमा चुनाव लड्ने, छिनमा नलड्ने आदि दोधारे कुरा गरेर उनले आफ्नो कद आफैले घटाउने कार्य गरिन्।

रामचन्द्र पौडेल - उहाँको पनि त्याग तपस्यामा भन्ने हो भने कसैको भन्दा कम छैन। मन्त्री भएर भ्रष्टाचार नगर्नेमा उहाँ पनि पर्नुहुन्छ। तर कार्यकर्ताको नजरमा उहाँ अलि आँट नभएको व्यक्ति हो कि भन्ने छ। बाँकी उहाँको नेतृत्वलाई उच्च नै मान्नुपर्छ। किनकि पोखरामा भएको पार्टीको नवौ महाधिवेशनमा उहाँलाई देश भरका महाधिवेशन प्रतिनिधिहरूले दिएको मतबाट स्पष्ट हुन्छ।

खुमबहादुर खड्का जो नेपाली काँग्रेसमा अरु नेताहरूभन्दा पृथक पहिचान राख्न सफल व्यक्ति हुन। उनी सुल्तान डाँका जस्तै लोकप्रिय छन। किन मैले सुल्तान डाँका भनेको भने, सुल्तान आफु डाकाँ भएर धनिमानी र हुनेखानेसँग लुटेर सबै गरिब र असहायलाई बाँडेर सबैबाट जय जयकार पाउँथे। त्यस्तै खुमबहादुर मन्त्री भएर आफु खाने र अरुलाई पनि खुवाउने र कर्मचारी प्रहरी कार्यकर्ता धरैलाई खुसि पार्न सफल भए उनी। उनी काँग्रेसमा मात्र हैन सबैका लागि एउटा तत्वको रुपमा देखिए।

नेतृत्वमा महत्वाकांक्षा :

समग्रमा काँग्रेसको नीति ठीक भएर पनि यसका नेताहरूको अति महत्वाकांक्षी र गलत क्रियाकलापले गर्दा यो पार्टीमा विखण्डन, टुटफुट र वैमनस्यता आएको देखिएको छ। उदाहरणको लागि गिरिजा बाबुको छोरीलाई अगाडि बढाएर मात्रै नेतृत्व हस्तान्तरण गर्ने प्रवल इच्छा भएको स्पष्ट देखिन्छ। यहि कारणले शैलजा, प्रकाश कोइराला, लिला कोइराला लगायतका पार्टीका कैयन नेताहरू र परिवार भित्रका सदस्यहरूले समेत विरोध जनाएका र ससंकित भएका छन्।

संसदीय दलको नेताको चुनावमा गिरिजा बाबुले शुशिल कोइरालालाई नसघाएको पनि स्पष्ट देखिन्छ। यसरी कोइराला परिवार भित्रै असन्तुष्टि र प्रतिस्पर्धा देखिनछ र सुजाताको विषयमा र नेतृत्वको विषयमा कुरा गर्दा सुजतालाई पार्टी भित्रका केही फटाहाहरू जो अवसरवादी छन् बाहेक हामी जस्ताले कुनै हालतमा स्वीकार गर्ने अवस्था छैन। त्यस्तै परिवार भित्रको कुरा गर्दा गणेशमानजीको प्रकाशमानलाई अगाडि बढाउने चेष्टा भनौ या दुश्प्रयासले गर्दा उहाँले मर्ने वेलामा काँग्रेस नै छाड्नु पर्‍यो।

अहिले त्यसकै तुष प्रकाशमान सिंहले काठमाडौंका अरु नेताहरूलाई पेल्ने र बलपूर्वक हाँक्ने प्रवृतिलाई हेर्दा प्रकाशमान काठमाडौंमा दाँत गाडि, काठमाडौं काँग्रेस उठ्न नसक्ने निश्चित छ। एउटा कुरा लेखुँ- नेपाली काँग्रेस फुटाउन प्रकाशमान सिंह कै पनि स्पष्ट योगदान छ र प्रकाशमानकै पेलाहा, हेपाहा नीतिले गर्दा काठमाडौंको कुनै पनि निर्वाचनमा जित्न नसकेको र जित छैन भन्ने पनि मेरो स्पष्ट धारणा छ। तर पनि प्रकाशमान सिंहले आफु सुधिएर संगठनलाई पनि सुधारेर आएमा काठमाडौंको लागि गणेशमानजीको सन्तान आवश्यक व्यक्तिको रुपमा पर्दछन्।

मैले आफ्नो लेखमा माथि जे जति लेखें-त्यो मैले देखेको, भोगेको र सुनेको कुरा हुन। निचोडमा राष्ट्रको समग्र स्थितिलाई पनि नजर गर्दा र हाल राजाको विषयमा मन्थन गर्दा यो राजाको परीक्षा हुन बाँकी नै छ। तर श्री ५ ज्ञानेन्द्रको क्रियाकलाप हेर्दा बडो महत्वाकांक्षी देखिन्छ। किनकि दिन कस्तो हुन्छ भन्ने निर्क्योल विहानले बताउँछ भन्छन। राजा भएपछि एउटा नेताको जस्तो पाराले अभिनन्दन लिंदै भाषण गर्दै हिडेको देख्दा त्यसले राजाको शासन गर्ने आन्तरिक

चाहनालाई प्रष्ट्याएको छ। संवैधानिक राजतन्त्र मान्छु, भन्ने राजाको त्यस्तो कदम राम्रो चांहि देखिदैन। राजाले नेता भएर हिडेको इतिहास कंहि कतै छैन। नेताले त जनताबाट फूलको माला र जुत्ताको माला दुवै पाउँछन। यस्तो सम्मान र असम्मान नेताका निम्ति सामान्य कुरा हुन्छन। नेताले चुनाव जित्छन, चुनाव हार्छन। त्यसले नेतालाई केही फरक पर्दैन कुनै पनि देशका निम्ति खास गरेर राजतन्त्रात्मक मुलुकका निम्ति राजा अत्यन्त सम्मानित व्यक्तित्व हुन्छन्। त्यहाँ राजाको चुनाव हुँदैन। राजाले हार्न पनि मिल्दैन। हारेको व्यक्तिले राजा बन्न पनि पाउँदैनन् होला ?

के श्री ५ ज्ञानेन्द्रले त्यस्तै गर्न खोजेको हो ? हो भने हामी जनतालाई केही फरक पर्दैन। हामी राजा ज्ञानेन्द्रलाई नेताको रुपमा मान्न पनि तयार छौं, यदि राजाले नेताको हैसियतमा उत्रिएर काम कारवाही गर्ने हो भने। तर राजा नै भएर बस्ने हो भने यसरी मञ्चमा भाषण गर्दै हिड्नु राम्रो होइन। राजसंस्थालाई अत्यन्त सम्मानित बनाएर राख्नुपर्छ।श्री ५ ज्ञानेन्द्रले यस तर्फ विचार पुऱ्याउनै पर्छ। त्यस्तै राजतन्त्र बारे स्थापनाकालदेखि नै काँग्रेस संवैधानिक राजतन्त्रको पक्षमा एकमतले लागेको थियो। त्यो सिद्धान्तमा काँग्रेस अहिले सम्म कायम छ।

तर राजा चाँहि प्रजातन्त्र र काँग्रेस नचाहने भएपछि हामीमात्र किन संविधान सभा र गणतन्त्रको पक्षमा नउभिने ? र नेपाली काँग्रेसमा यो सोच र अवधारणा बृद्धि भयो भने निश्चित रुपमा राजतन्त्र रहने भविष्य देखिदैन। यसमा राजाले नै दुरदर्शिता पूर्वक विचार पुऱ्याउनु पर्छ। अर्को महत्वपूर्ण कुरा के छ भने, हाल राष्ट्रमा विकराल रुपमा रहेको माओवादी समस्यालाई दृष्टिगत गर्ने हो भने देश संकटग्रस्त छ। यद्यपी अहिले माओवादी र सरकारका बीचमा युद्धविरामको सम्झौता भई शान्तिका निम्ति दुबै पक्ष वार्ताका टेबुलमा बसेका छन्। यो बेला सरकार र माओवादी दुबै पक्षले यो युद्धविरामलाई स्थायी रुपमा लैजान आफ्ना सम्पूर्ण आग्रह र पूर्वाग्रहलाई थाती राख्नै पर्छ र एउटा निष्कर्समा पुग्नै पर्छ। यहाँ माओवादीहरूले के बुझ्नुपर्छ भने जबसम्म नारायणहिटिमा राजा र सिंह दरवारमा श्री ५को सरकार रहन्छ तबसम्म नारायणहिटि र सिंह दरबार दुबै तपाईहरूको कब्जामा हुने छैन।

तबसम्म तपाईहरू (माओवादी)को जित कुनै हालतमा हुने देखिन्न। जब यि दुई ठाँउबाट तपाईहरू विरुद्ध लडाई हुन्छ तपाईहरूको जित हुन सक्दैन, वरु नेपालको सेना प्रहरीले भ्याउन सकेन भने भारतीय सेना, अमेरिकी नेतृत्वमा बहुराष्ट्रिय सेना नेपाल आउन सक्छ। आइरहेको पनि छ। त्यतिखेर माओवादीको यो दिसाहिन क्रान्ति सफल हुने संभावना देखिन्न। यदि तपाईहरू(माओवादी) को गलत क्रियाकलापले गर्दा विदेशी सेना नेपाल भित्र पस्यो भने एक त निस्कन/निकाल्न गाह्रो पर्छ, अर्को यदि नेपाल लडाईको मैदान बन्यो भने नेपाल राष्ट्र तहस नहस हुने र हाम्रो राष्ट्रियता नै गुम्ने संभावना देखिन्छ। अतः माओवादी साथीहरू बेलैमा सोचौं, हत्या, हिंसा र आतंकको राजनीतिलाई सदाका लागि बन्द गरौं। राष्ट्र निर्माणमा लागौं।

यसैमा राष्ट्र र हामी तपाई सबैको कल्याण छ। सौभाग्यले अत्यन्त सरलताका साथ अहिले त्यो मौका तपाईहरूले पाउनु भएको छ। अब यस मौकालाई गुम्न नदिनुहोस। वार्तालाई टुङ्गोमा पुऱ्याई राजनीतिको मूलधारमा आई राष्ट्रलाई नष्ट हुनबाट बचाउनुहोस। अन्यथा इतिहासले तपाईहरूलाई माफी गने छैन। नेपालको परराष्ट्रनीति बारे भन्नु पर्दा दुई विशाल राष्ट्र चिन र भारतका साथै अमेरिका लगायतका दातृराष्ट्रहरूसँग अत्यन्तै सदभाव रहनु त पर्छ नै। साथै चीन र भारत मध्येमा पनि विषेश गरी भारतलाई साह्रै नै नजिक राख्न सक्नु पर्छ। तर देशलाई गुलामी गराउने वा भारतीय अधिनमा भएर होइन। यो सबै कुटनैतिक भूमिकाबाट हुनु पर्छ।

र, अन्तमा :

अन्तमा म राष्ट्रभक्त हुँ राष्ट्र खतम भए म पनि खत्तम हुन्छु भन्ने कुरामा मेरो दृढ विश्वास छ। त्यस्तै म समाजभक्त पनि हुँ। म समाजसेवामा हुर्केकोले समाज विग्रेमा म पनि विग्रने र हाम्रा भावी सन्तती पनि विग्रने देखेको छु। त्यस्तै म शिवभक्त हुँ, संसारको मोक्ष प्राप्ती र शान्ति एवं कल्याणको लागि भगवान शिवबाट मात्र संभव छ भन्ने मान्दछु। त्यस्तै म राजभक्त पनि हुँ। हाम्रो देश चार जात छत्तिस वर्णको फूलबारी हो। अतः यो फूलबारीमा यसको एकताको प्रतिकको रुपमा संवैधानिक राजतन्त्र रहनु पर्छ, निरंकुश हैन। यसमा राष्ट्रको अत्यन्तै विग्रेको यस विषम परिस्थितिबाट राष्ट्रलाई माथि उठाउनु देशको शक्तिकेन्द्रमा देखा परेका राजा र नेपाली काँग्रेस दुवै

एकतावद्ध हुँदै एमाले, माओवादी लगायतका सबै देशभक्तहरू एउटै टेबुलमा बसेर यो संकटको निकास खोजौं । सबैले आफ्नो गोरुको बाह्रै टक्का भन्ने ढिपि छोडेर राष्ट्र निर्माणका लागि समर्पित हाऔं यसैमा सबैको कल्याण एवं हित सुरक्षित हुन्छ । अन्यथा तपाई हामी र हाम्रो भावि पुस्ता र राष्ट्र समेत वर्वादी तिर स्पष्ट उन्मुख भएको छ, यसमा सबैले बुद्धि नपुऱ्याउने हो भने भोलीको इतिहासले हामी सबैलाई धिक्कार्ने छ ।

वि.पि कोइराला र अध्यात्म :-

सानन्दं सदनं सुताश्चसुधीय कान्ता प्रियलापिनि ।
सन्मित्रं सुधनं स्वोऽसीतिरति साज्ञापराः सेवक ॥
आतिथ्यं शिव पूजनं निशीदिनं स्वाच्छन्न पानं गृहे ।
साधोसंग मुपासते तु सततं धन्यो गृहस्थाश्रम ॥

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः॥ ५/१८भा.गीता

१) मोदीआइनमा - ठूलो र वीर होइन असल बन .....
२) हिटल र यहुदीमा- मेरो त जातै छैन .

माथि उल्लेखित सम्पूर्ण बुँदाहरू २०५८ साल भदौ १८ गते राजा ज्ञानेन्द्रको अवैधानिक कदम देखि पुस्तक प्रकाशित हुनेदिन २०६० साल जेठ १ गतेसम्मका हुन् । जुन कुराहरू मैले माथि उल्लेखित गरेका छन् ती आज पूर्ण रुपले सत्य सावित भएर आएका छन् ।

बी.पी कोइरालाका बारेमा उहाँ द्रष्टा एवं नेपालको राजनीतिक भविष्य जान्ने व्यक्तिका रुपमा स्पष्ट देखिन आएको छ । उहाँले मलाई भेट्दा मेरो शेष पछिका यी तीन नेता गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई र गिरिजा प्रसाद कोइराला यस किसिमका छन् भनेर भन्नुहुनथ्यो ।

जस्तो :-

१. **गणेशमान जीः-** आइरन म्यानका रुपमा अत्यन्त दृढ व्यक्तित्व हुनुहुन्छ तर उहाँ बौद्धिकता र भविष्यको लक्ष बारे अनविज्ञ हुनुहुन्छ ।

२. **कृष्ण प्रसाद भट्टराईः-** उहाँ चलाखमा चाणक्य जस्तै त हुनुहुन्छ तर हलुका पाराको हुनुहुन्छ ।

३. **गिरिजा प्रसाद कोइरालाः-** यिनी मेरा भाइ हुन् । म्यान अफ एक्सन् पनि छन् तर आफैमा यिनको विचारले काम गर्दैन र चार जनाका कुरा सुन्ने गर्छन् । तिनको विचारमा चल्छन् । कुरा सुन्ने र सुनाउन आउनेहरू चाप्लुस हुन्छन् । चाप्लुसहरूले आफ्नो स्वार्थको लागि प्रयोग गर्छन् ।

माथि उल्लेखित तीन जनाका बारेका बी.पी का भविष्यवाणीहरू शत प्रतिशत सत्य सावित भए । उहाँले नेपालको प्रजातान्त्रिक आन्दोलन देशि विदेशी शक्तिहरूको आडमा त गर्दै नगर्नु विशेष गरी नेपालका कम्युनिष्टहरू सँग त कुनै किसिमको सम्झौतै नगर्नु । यिनीहरू धोकेबाज हुन्छन् । नेपालको प्रजातान्त्रिक आन्दोलन नेपाली कांग्रेसले मात्र आफ्नो खुट्टामा उभिएर गर्नुपर्छ अनि त्यसबाट आएको प्रजातन्त्र दिगो र स्थाई हुनेछ भन्नुभएको थियो । के आज उँहाले गर्नुभएको भविष्यवाणी अक्षरस मिलेको छैन र ?

नेपाली कांग्रसका नेता सुवर्ण सम्शेर राणा २०३४ सालमा बित्नुभयो उँहा अत्यन्तै भद्र र नेपाली कांग्रेसलाई समुन्नत एवं सुसंगठित राख्ने विचारका हुनुहुन्थ्यो । यो कुरा मेरो अघिल्लो लेखमा छुट हुन गएको थियो ।

आज नेपाली कांग्रेसका २००७ साल अघिका पुस्ताको धरोहरको रुपमा २०६७ साल फागुन २० गते कृष्ण प्रसाद भट्टराईको निधनबाट अन्त भएको छ । अब नेपाली कांग्रेसमा नयाँ पुस्ताको शुरुवात भएको छ । गिरिजा प्रसाद कोइरालाले देशमा शान्तिको स्थापना गर्ने लक्ष त राख्नु भयो, कोशिस पनि गर्नुभयो । एक्लो गिरिजा प्रसाद कोइरालाको एकल निर्णयबाट २४० वर्षको राजतन्त्र पनि सहज रुपमा नै समाप्त भयो । तर बी.पी को दर्शन भन्दा बाहिर गएर १२ बुदे सम्झौता नेकपा माओवादी सँग गरेर र उनीहरूको हतियार राष्ट्रलाई नबुझाइ र क्यानटनमेन्ट खाली नगरी चुनावमा जानु एमाले सरह

माओवादीलाई ८३ सिट दिएर बराबरीको स्थान दिनु राष्ट्रको लागि आज घातक सावित भइरहेको छ। यस्तो अवस्था पनि देखिन्छ कि अब तेश्रो जनआन्दोलनको आवश्यकता भैसक्यो प्रजातन्त्रका लागि, किनकी कम्यूनिस्टबाट प्रजातन्त्र बलियो बनाउन सघाउछन् भनीसोच्नु वा ठान्नु त्यो दिवा सपना मात्र हुन्छ की भन्ने आम जनमानस एवं पार्टी पंक्तिमा महसुस हुन थालेको छ। जे हुनु भैसक्यो त्यसको मूल्यांकन गर्दै नेपाली कांग्रेसले आज राष्ट्र र प्रजातन्त्रलाई जोगाउन अत्यन्तै सुझबुझका साथ चल्नुपर्छ, बिना सोच र विचार नपुराई पार्टी अगाडी बढेमा देश र प्रजातन्त्र नै जोखिममा देखिन्छ। २०६७ साल असोज १ गतेदेखि ५ गतेसम्म भएको नेपाली कांग्रेसको बाह्रौ महाधिवेशन राम्रो भएको थियो भन्न मिल्दैन। जुन रवैया निर्वाचन ताका देखिएको थियो त्यो भूतमा त थिएन नै अब भविष्यमा पनि यस्तो नदोहोरियोस भन्ने मेरो कामना छ।

अब २०२२ सालदेखि आजका मिति २०६९ साल आषाढ १९ गते यो अक्षर टाइप गर्दा सम्ममा मैले राष्ट्रियता, प्रजातन्त्र, समाजवाद र नेपाली कांग्रेसलाई आफ्नो जीवनकाल ४८ वर्ष निरन्तर समर्पण गर्दै आएँ। मैले पार्टीलाई सघाएको कुरा घरगाँउ, माइती मावालीबाट सुन र सुनका गहना बन्धक राखी-राखी पार्टी चलाएको कुरा अब गणेशमान जी, किशुन जी र गिरिजाबाबु, बासु रिसाल नहुदा अब बाँकी त्यो मेरो योगदानलाई थाहा पाउने राजेन्द्र खरेल र योग प्रसाद उपाध्याय मात्र जिउँदा छन्। आज मैले मलाई धेरै भाग्यमानि सम्झेको छु। किनभने बी.पी र सुवर्ण जी को र मेरो कार्यकाल संघर्षको रह्यो त्यसमा दिने मात्र थियो लिने थिएन। गणेशमान जी किशुन जी र गिरिजा प्रसाद जी को २०४७ सालदेखि २०६७ सालसम्म लिने दिने सत्तामा जाने पद पोष्टमा रहन पाउने मौका उहाँहरू तीनै जनाबाट म वञ्चित भएँ मात्र होइन म सबै नेताहरूदेखि अऋिणी रहन पाएँ। त्यसैले मैले मलाई भाग्यमानि ठानेको हुँ। किनकी मलाई सत्ता पदपोष्टबाट उहाँहरूले बचाइ दिदा म निश्कलंक अबिरल लडिरहने, दिइमात्र रहने एउटा योद्धा एवं राष्ट्रभक्त एवं प्रजातन्त्रबादि नेपाली कांग्रेसको सिपाहीको रुपमा आफुलाई सम्झिएको छु। मलाई पैसा आदिको भौतिक सुख नभएतापनि निश्कलंक र निर्भयका साथ बाच्न पाएको छु। यही मेरो अहोभाग्य हो। खाली कुरो के हो भने मेरा शुभ चिन्तकहरू दामोदर गौतमले ठूलो त्याग गऱ्यो तर मन्त्री भएन भनी चिन्ता गर्छन, अझ दमननाथ ढुङ्गाना दाईले त जहा भेटे पनि दामु

तिमीले प्रजातन्त्रका लागि गरेको तेत्रो त्यागको कुनै पद पोष्ट वा सुविधा नै नलिई आज लोक कल्याणको मार्ग अङ्गाल्यौ धन्य छ तिमीलाई भन्नु हुन्छ, त्यस्तै बीर अस्पतालमा जाँदा डा. उपेन्द्र देवकोटादेखि डा. सम्भु पहाडीसम्म सबै डाक्टर-सिस्टरहरू लगायत देशका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, प्रहरी, सैनिक, सबै धर्म सम्प्रदायका धर्मगुरुहरू सामाजिक संघसंस्थाका व्यक्तिहरू सबै सम्प्रदायले सम्मान गर्छन् त्यतिकै प्रेस जगतले पनि मलाई माया गर्छन् र दामोदर गौतम मन्त्री हुनु पर्ने व्यक्ति हो भन्छन्। एकातिर भने घरमा श्रीमती र छोरा बुहारीहरूको अर्कै गुनासो छ, एत्रो बर्ष राजनीति गऱ्यो न घर न जागिर न पैसा ? भनी टेलिफोन गर्न र समाचार सुन्न श्रीमती रोक लगाउछिन के गऱ्यो तपाईले ४८ बर्ष देखि टेलिफोन गरेर र समाचार सुनेर के गर्नुभयो ? अनि म उहाँहरू सबै घर पविार, छरछिमेकी, ईस्टमित्र, शुभचिँतक साथिहरू आदि सबैले भनेका कुराहरूलाई एथावत राखि अवज्ञा नगरी अनि म राजनीतिमा प्रज़ातान्त्रिक समाजवादको लक्ष नेपाली कांग्रेस मार्फत, समाजसेवामा गरिब असाय विरामि आदिको सेवा संञ्जीवनी सेवा संघ विर अस्पताल मार्फत, र धर्ममा सबै धर्म सम्प्रदाय लाई समभाव राख्दै आफु "अद्वैत ब्रह्म शिवोऽहम्" मा पुगेको छु यही नै मेरा जीवनका सद् उदेश्यहरू हुन्। म ७५ बर्ष सम्म यदि बाचेमा सकृय राजनीति जीवन विताउनेछु। त्यसपछिको जीवन पूर्ण परमार्थमा विताउनेछु। किन की २०५४ साल यता आएर मलाई समाजले आदर गरेर यस्तो संज्ञाले बोलाउदछन् जस्तै :- भोले बाबा, जय भोले, जय शम्भो, स्वामी, Revrend, पण्डित, गुरु, जोगी, योगी, जय नेपाल, जय गुरुदेब, जय मसी, जय अल्लाह, सलाम वालेकम, जय जिन(जैन), जय बुद्ध, जय श्री राधे, प्रणाम, साईराम, वाहिगुरु, ॐशान्ति, हरिॐ, नारायण, ॐॐ, जय गुरु गोरख, जय श्री कृष्ण, जय श्री राम, जय श्रीमुक्तिनाथ, गुरुवा, वाजे, वुवा, देवता, भगवान, महात्मा, ज्ञानी, खरो र सत्य बोल्ने भएकोले दुर्बासा ऋषि, कसैले डाक्टर, कसैले माननिय आदि शब्दले सम्वोधन गर्दछन्। अनि कोही आश्रम कहाँ छ भन्छन् भने कोही पशुपति त वस्ने होलानी भन्छन्। टेम्पो, बस, माइक्रोबस, ट्याक्सी आदिले प्रायः भाडा माग्दैनन् भने कसैले फलफूल, चामल, पैसा आदि भिक्षाको रुपमा दान दिन्छन्। नलिउ भने मेरो भेष नै त्यस्तै छ, लिउ मनले इच्छा गर्दैन तर के गर्ने ? भक्ति र श्रध्दालाई म जस्तो परमार्थी पुरुषले नकार्नु पनि त हुन्न। अनि मलाई धेरैले तिम्रा साथीहरू प्रधानमन्त्री उपप्रधानमन्त्री छन् तीनले मद्दत गर्छन् होला नि भन्छन् ?

तर शेरबहादुर देउवा, रामचन्द्रजी धेरै पटक प्रधानमन्त्री, उपप्रधानमन्त्री र धेरै साथीहरू मन्त्री भए बिसौं वर्ष एउटै ओछ्यानमा सुतेका साथीहरूले रामकृष्ण ताम्राकार बाहेक अरु कसैले पनि के खाएको छौ के लाएको छौ र कुन पदपोस्टमा बन्छौ भनी सोध्नु त परै जाओस् पैसा माग्छ की भन्ठानेर फोन गरेर म भेट्न आउँ भन्दा म बाहिर निस्किन लागे भनेर टार्छन् ।नेतामा मलाई सहयोग गर्ने भनेको गणेशमान सिंह मात्रै हुनुहुन्थ्यो । २०६४ साल दशमीको टिका का दिन प्रधानमन्त्री गिरिजा प्रसाद कौइराला संग बालुवाटारमा भेट गर्दा "दामोदर जी तपाई त महात्मा हुनुहुन्छ म त पापी छु तपाई लाई छोए पनि केही मेरो पाप कट्छ होला" भन्नु भयो । यसरि अरुले हेर्दा दामोदर गौतमलाई दुःखको जीवन विताएको देख्छन् । तर म भने सांसारिक सबै बस्तुलाई तुच्छ एवं नाशवान मानी एक मात्र "अद्वैत" ब्रह्म एवं "आत्मामा" रमाएकोले म स्वयं नित्य आनन्दमा छु, यसरि अरुले हेर्दा दामोदर गौतमलाई दुःखको जीवन विताएको देख्छन् । तर म भने सांसारिक सबै बस्तुलाई तुच्छ एवं नाशवान मानी एक मात्र "अद्वैत" ब्रह्म एवं "आत्मामा" रमाएकोले म स्वयं नित्य आनन्दमा छु । यही नै मेरो परम लक्ष हो ।

यो राजनीतिक खण्ड २०५८/६/१८ गतेको राजा ज्ञानेन्द्रको अप्रजातान्त्रीक कदम निर्वाचित प्रधानमन्त्री शेर बहादुर देउवालाई हटाएपछि लेख्न शुरु भएको प्रथम संस्करण २०६० जेष्ठ १ गते शुरु भै छुट्टै पुस्तकको रुपमा रहेकोलाई दोस्रो संस्करण २०६९ आषाढ १९ गते यो संयुक्त पुस्तकको रुपमा प्रकाशित भएको थियो ।मलाई धेरै साथिहरुले यो किताबलाई बिस्तृत रुपमा प्रकाशित गर्नु भै जनमानस लाभान्वित हुने छ , भन्ने गर्नु हुन्छ तर मलाई लेख्न नै गाह्रो लाग्नु आफ्नो ठाँउमा छ , त्यतिकै समय अभाव पनि छ । किनभने म आफ्नो नित्य कर्मका लागि बिहान ४ बजे पछि उठ्ने,स्नान,जप,ध्यान, पूजा,वेदादिशास्त्रहरुको अध्ययन गरि विहान ९ बजे पछि संजीवनी सेवा संघ वीर अस्पतालमा असहाय गरिव विरामीहरुको सेवार्थ सामाजिक कार्यमा संलग्न हुने साथै परी आएका धार्मिक,सामाजिक र राजनीतिक सभा गोष्ठी आदिमा देश विदेशमा भाग लिने गर्दा समय कम हुनु स्वभाविक नै हो । यो तेस्रो संस्करणको लेखाई २०७१ जेष्ठ बाट शुरु गरिए पनि यसमा मलाई धेरै कुरा राख्ने इच्छा भए पनि समय नै भएन । तिन नेता गणेश मान जी,किसुन जी र गिरिजा बाबुले मलाई अन्तमा भन्नु हुन्थ्यो :-

१) गणेश मान जी भन्नु हुन्थ्यो – त्यो दामोदर गौतम अहिले गिरिजा मार्कामा भएपनि ठूलो त्यागि- तपस्वि हो । त्यसलाई सहयोग गर्नु भन्नु भएको छ भनि भन्छन् रविन्द्र लाल श्रेष्ठ र तिर्थ लाल श्रेष्ठ ।

२) कृष्ण प्रसाद भट्टराईले २०६० को दशैको टिका देखिनै दामोदर जी तपाइलाई पार्टिले अन्याय गरेको छ । म प्रधान मन्त्री भए पछि मन्त्री वा अख्तियार दुरुपयो अनुसन्धान आयोग प्रमुख बनाउछु भनि विदुर पौडेल , नारायण खड्का, पूर्ण बहादुर खड्का , विजय कुमार गच्छेदारका अगाडि भन्नु हुन्थ्यो ।

३) गिरिजा बाबु भन्नु हुन्थ्यो– २०६४ साल दशमीको टिका का दिन बालुवाटारमा भेट गर्दा "दामोदर जी तपाई त महात्मा हुनुहुन्छ म त पापी छु तपाई लाई छोए पनि केही मेरो पाप कट्छ होला" भन्नु भयो । त्यतिवेला गृह मन्त्री कृष्ण सिटौला र अङ्गरक्ष मरासिनी आदिको उपस्थिति थियो । यसरि तिनै नेताहरुबाट दामोदर गौतमलाई केही दिन नपाएकोमा पछुतो व्यक्त भएको देखिन्थ्यो । तर अहिले आएर त्यति सम्झने साथिहरुको त कुरा छोडौं भेट गर्न पाउनै मुस्किल भेटियो भने पनि केही माग्ला की भन्ने उनिहरुबाट चिन्ता भएको देखिन्छ ।

अन्तर-धार्मिक परिषद नेपाल को तर्फबाट नेपालको दिगो शान्ति र नयाँ संविधान कस्तो हुनु पर्ला भनी पाँचै विकाश क्षेत्रमा सर्व धर्म सम्प्रदाय अर्थात अन्तर- धार्मीक गोष्ठी संचालन गरियो, जन मानस र सबै धर्म संप्रदायका धर्म गुरुहरू निरास देखिन्छन् । पार्टि-पार्टिको द्वन्द, व्यक्तिवादि चरित्रका कारण दल बाट देशको उद्धार हुने आशा नदेखिएकोले अन्तर-धार्मिक पार्टी खोलौ दामोदर गौतम नै राष्ट्रपति हुनुहोस वरु, ठिक छ या दक्षिण अफ्रिकाको जस्तो पहिलो मत ल्याउने राष्ट्रपति, दोस्रो उपराष्ट्रपति, तेस्रो प्रधानमन्त्री, चौथो गृह मन्त्री गर्दै सबै धर्मका गुरुहरू मिलेर यो राष्ट्रको अमन चयन, दिगो शान्ति र नयाँ संविधान निर्माण गरौ भनी प्राय : हरेक गोष्ठीमा यस्तो उद्गार व्यक्त भएका छन् ।नेपाललाई हिन्दु राष्ट्र बानाउने हिन्दु पार्टिको तपाई अध्यक्ष हुनुहोस,तपाइको निष्ठावान एवं धार्मिक नेतृत्वले गर्दा कम्तिमा २५-३० सिट आउछ कति नेपाली कांग्रेस भनि बस्नुहुन्छ ?आजसम्म के दिएको छ र तपाइलाई नेपाली कांग्रेसले भन्ने पनि आम जनमानस र संघ संस्थाको आग्रह छ ।तर मैले ५० वर्ष विताएको

नेपाली कांग्रेस प्रतिको आस्थालाई त्याग्न उचित ठानिन यहिनै मेरो सवल पक्ष होला ।

मेरा जीवनका लक्ष तीन प्रकारका छन् ती निम्न छन् :-

१) नेपालमा प्रजातान्त्रिक समाजवाद कायम गरी नेपाल र नेपालिमा शान्ति, सुख र सम्बृद्धि ल्याउनु ।

२) असाहय एवं गरिब विरामिहरूले औषधि उपचार गर्न नपाएर मृत्यु वरण गर्न नपरोस भनी संजीवनी सेवा संघ मार्फत सेवा पुऱ्याई राहत दिनु ।

३) संसारमा चलेको विभिन्न धर्म सम्प्रदायवाद लाई व्याख्या गरी संम्प्रदाय फरक हुन तर धर्म भनेको "सत्य" हो सत्य भनेको ईश्वर, God, अल्लाह, खुदा आदि जे नामले पुकारे पनि लक्ष एकै हो तसर्थ संप्रदाय संप्रदाय वीच झगडा होइन एक आपसमा अन्तर धार्मिक हातेमालो (Interfaith Solidarity) अन्तर धार्मिक एकता र समुन्वय गरी विश्वमा प्रेम, शान्ति, सद्भाव र मेल मिलाप कायम गर्नु हो । यति गर्न सकियो भने विश्वमा चलेको राजनीतिक खिचातानी, आपसी द्वन्द र व्यक्तिगत महत्वाकांक्षा समेतलाई समेटी विविध प्रकारबाट अक्रान्त विश्वलाई केही शान्त गर्न मद्दत पुग्न सक्छ । आज यही नै विश्वको सामाजिक माग हो । तर यस्तो पूनितः लक्ष्य लिएर हिड्नेलाई पनि केहि नकारात्मक विचार भएका व्यक्तिले अन्तर-धार्मिकमा लागेको भनेर आलोचना गर्ने गर्छन ।

अन्तमा मैले लेखेका यी कुराहरू सत्य र तथ्यमा आधारित छन् । त्यसैले यी सधै सत्य रहिरहनेछन् । यही सत्य कुरालाई मेरा साथि रामकृष्ण ताम्राकारजीले भन्नुभयो - यो किताव तिम्रो मृत्युपछि आउनुपर्थ्यो पहिले नै निकाल्यौ तिम्राकुरा एकदमै शत प्रतिशत सत्य छन् । यसमा नेताहरूको सत्य कुरा त लेखेका छौ तर यो उनीहरूले गाली र विरोध ठान्ने छन् । अनि के तिमीलाई गिरिजा बाबु वा कसैले पनि टीकट वा पदपोस्ट दिन्छन् ? अनि मैले भने त्यही त रामकृष्ण जी मलाई पदको वा टीकटको आशा छैन पद वा टीकट पाउनलाई नेताहरूको चाकडीको भाषा बोल्नुपर्छ सत्यलाई लुकाउनुपर्छ त्यो कुरा म जान्दिन र त्यस्तो गर्न पनि नपरोस । त्यसैले त म पार्टीका नेताहरूको खराब कुरालाई औलाएकोछु, औलाइरहनेछु । सत्यमा छु सत्य नै बोल्ने छु । यही नै मेरो मूल उद्देश्य र मन्त्र पनि हो ।

आखिरमा म संक्षेपमा केही कुरा लेख्छु त्यो हो देशमा नेपालको पहिलो राष्ट्रपति डा.रामवरण यादव नेपाली कांग्रेसको मात्रै नभएर नेपाल राष्ट्रकै सपूतको रुपमा आफुलाई उभ्याउन सफल हुनुभएकोमा उहाँलाई बधाईदिन्छु र साथै नेपाली कांग्रेसले यसमा गौरव गर्नुपर्छ र अन्य नेता तथा कार्यकर्ताहरूले पनि उहाँको अनुशरण गर्नुपर्छ ।

नेपालमा वेला वेलामा राष्ट्र भक्त कर्मचारिहरू निस्कने गर्छन् । ती हुन २०३६ सालको जनमत संग्रहको बेला नेपालका अर्थ संचिव देवेन्द्रराज पाण्डेले प्रधान मन्त्री सूर्य बहादुर थापाले जङ्गल मासौ, बजेट मिलाउँ, निर्दलीय पंञ्चायतलाई जिताउँ र फाईदा लिउँ भन्दा पैसाको फाइदा तपाई लिनुस म बाट यस्तो राष्ट्रघाती काम हुन्न भनी राजिनामा दिनु भएको थियो भने २०६७ साल चैत्रमा नेपालका प्रधान मन्त्री झलनाथ खनाल (एमाले) र एकिकृत माओवादिका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले कार्यकर्ता पोस्नको लागि पैसा वितरण गर्ने र नक्कली भ्याट वील आदि सदर गरी अरबौं रुपैया घोटला गरी राष्ट्रलाई घात गर्ने बजेट कालो कोठाबाट ल्याइएकोमा नेपालको अर्थ संचिव रामेश्वर खनालले यस्तो राष्ट्रघाती कार्य म बाट हुन्न भनी राजिनामा दिनु भई राष्ट्रवादी देशभक्त कर्मचारिको उच्च सम्मान राख्न सफल हुनु भएकोमा राष्ट्रले वहालाई धन्यवाद दिनु पर्छ । तर वहाँ रामेश्वर खनाल त्यही वजेट मै प्रधानमन्त्री बाबुराम भट्टराईको आर्थिक सल्लाहकारमा नियुक्ति लिनु चाहि उचित मान्न सकिन्न ।

अबको नेपाली कांग्रेसको नेतृत्वमा देखिएका जिम्मेवारी बहन गर्नुपर्ने नेताहरूमा शुसिल कोइराला, रामचन्द्र पौडेल, शेरबहादुर देउवा, कुलबहादुर गुरुङ, रामशरण महत, खुमबहादुर खड्का, प्रकाशमान सिंह आदि अग्रपक्तिमा देखिन्छन् । यिनैबाट नेपाली कांग्रेस र प्रजातान्त्रिक राष्ट्रको नेतृत्व बहन गर्नुपर्ने देखिन्छ ।

अन्तमा नेपालको भविष्य माओवादीले विदेशी मिशनको इशारामा संम्विधान सभाको अवशान गरी गलत किसिमले जातीयताको वीजारोपवण गरेकोले जातीय भेदभाव बढ्न गई आपसी जातीय लडाई भई देशलाई बर्बाद गर्ने विदेशी मिशन सफल हुने सम्भावना देखिन्छ ।तर विदेशी डलर खाएर देशलाई बर्बाद गर्न खोज्ने दलालहरूको निकाय पहिचान गरी राष्ट्रलाई जोगाई नेपालीहरूको आपसी मेलमिलाप अनेकतामा एकता यथावत् कायम गरी शान्त र

समृद्ध नेपाल कायम राख्नु सबै राष्ट्रभक्त नेपालीहरूको काँधमा गहन जिम्मेवारी आएको छ। २००७ सालमा नै वि.पी कोइरालालाई संघीयतामा जान आग्रह गरेको थियो। वि.पी. कोइरालाले मान्नु भएन र त्यही कारण यहाँलाई जीवन भर दुःख दिए। अहिले त्यही कुरा देशी विदेशी शक्तिहरू नेपाललाई जातीय राज्यमा विभाजित गरी देशलाई मारकाटमा ल्याई विदेशी मिशन नेपालमा स्थापना गर्ने नियोजित योजनामा माओवादी र उनका पृष्ट-पोसक मार्फत नेपालमा षडयन्त्र भइरहेको छ। यही षडयन्त्रको योजना हो गिरिजा प्रसाद कोइरालादेखि खुम बहादुर खड्का लगायतलाई भ्रष्टचारी प्रमाणित गरी कांग्रेसलाई कमजोर पार्ने योजना दरवारदेखि लिएर देशी-विदेशी शक्तिहरू आफ्नो मिशन पूरा गर्न प्रयासंरत छन्। किनभने नेपाली कांग्रेस राष्ट्रवादी पार्टी भएकोले उनीहरूको जातीय संघीयता लगायतका नेपालमा मिशन खडा गर्ने योजनाको बाधक भएका कारण नेपाली कांग्रेसलाई फसाउने काम सबै क्षेत्रबाट भएको छ। तर नेकपा एमालेले नेपालको राणाकालदेखि अहिले सम्मको नम्बर १ भ्रष्टाचारी बामदेव गौतम हुन भनी टुडिखेल खुल्ला मञ्चबाट घोषणा भएका, साथै एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई आफ्नै पार्टीका वरिष्ठ उपाध्यक्ष मोहन किरण बैद्य, सचिव सि.पी. गजुरेल आदीले प्रचण्डले गर्नत ९ अरब भ्रष्ट्राचार गरे तर ४.७५ अबरको भने डाटा सहित प्रस्तुत गरिए। तर अख्तियार दुरुपयोग आयोग र अदालतले यस बारे कुनै चासो नदेखाउनुले आज नेपाली कांग्रेस प्रति सबै निकाय पूर्वाग्रही भएको स्पस्ट हुन्छ। किनभने नेपाली कांग्रेस र अन्य कर्मचारी माथि जुन मुद्दा लगाइएको छ ती सम्पूर्ण रुपले नेपाली कांग्रेस समर्थक भएकोलाई मात्र यस्तो षडयन्त्र गरिएको देखिन्छ। कुनै पनि हालतमा नेपाली कांग्रेसलाई कमजोर पार्न वि.पी कोइराला देखि आजसम्म भित्री वाहीरी दरवारदेखि, देशी-विदेशी शक्तिहरू लागिरहेरका छन्। यसलाई आम नेपालीले मनन गरी हाम्रो बुद्धको देश शान्तिपूर्ण नेपाललाई अक्षुण राख्ने अविभारा आम नेपालीको काँधमा आएको छ।

अब संविधान सभा नरहेको अवस्थामाः- १) ८२ प्रतिशत हिन्दु अझ ॐकार परिवार भित्रका, बुद्धिष्ट, जैन, शिख, किरात आदि सम्प्रदायहरू समेत भन्ने हो भने, ९५ प्रतिशत पर्दछन् यस्तो देशलाई मिशनको पैसा खाएर विश्वको एक मात्र हिन्दु राष्ट्र नेपाललाई धर्म निरपेक्ष राष्ट्र भन्नु अन्याय पूर्ण भएको हुदा यसको लागि र २) नेपाल जस्तो सानो देशले संघीयता थेग्नै सक्दैन यसको लागि समेत जनमत

संग्रहमा जानु पर्दछ। त्यस्तै अन्य विवादित प्रसंगलाई पनि जनमत संग्रहद्वारा नै टुङ्गो लगाउनु प्रजातान्त्रिक हुन्छ।

२०७१ सालको पुस्तकको यो खण्डलाई प्रकाशन गर्दा २०६३ जेष्ठ ५ गते देखि नै नेपाल हिन्दु राष्ट्र नै कायम हुनु पर्छ भनि चलाएको अभियानमा २०६९ चैत्रमा नेपाली कांग्रेसको महासमिति बैठक नवलपरासिको गजेन्द्र मोक्ष धाम देखि २०७१ साल कार्तिक २० गतेको खुम बहादुर खड्का सम्मको अभियान आइपुग्दा मैले लिएको सनातन हिन्दु राष्ट्र नेपाल हुनु पर्छ भन्ने अभियान आम जनमानसमा पहिले देखिथियो नै आज आएर बढी स्प्रस्ट भएको छ।
२०७५ साल मंसिर २८ गते देखि पौष ९ गते सम्म भएको महासमिति भेलामा सात सय भन्दाबढीमहासमिति सदस्यहरुले नेपाल हिन्दु राष्ट्र नै कायम हुनुपर्छ भनि हस्ताक्षर नेपाली कांग्रेसको सभापतिलाई बुझाइएको छ।

राजनीतिक इतिहास लेख्नुपर्दा म आफैको पनि २०१८ साल देखि बाट ५८ बर्ष भएकोले म सारंशमा भन्न चाहन्छु। हालको नेतृत्व रहि रहेमा नेपाली कांग्रेसले अत्यन्तै कठिन परिस्थितिको सामना गर्नुपर्ने छ। राष्ट्रियता प्रजातन्त्र र समाजबाद वि.पि को परिकल्पना मात्र हुने देखिन्छ। तसर्थ यस बारे मैले २०७५ मंसिरको महासमिति बैठकमा लेखित अपिल पेश गरि **"वयं राष्ट्रे जागृयाम कांग्रेसाः"**भनिआम कांग्रेस एक भइ जागौ वि.पि कोइरालाको आदर्श को बाटोमा सरिक हौं भनी तलको अपिलमा उल्लेख गरको छु।

वयं राष्ट्रे जागृयाम कांग्रेसाः

विश्वेश्वर प्रसाद कोइरालाको आदर्श र गणेशमान सिहंको साहसमा चलेको पार्टी आज विचलन भएको छ भन्नु पर्दा आफैलाई ग्लानी महसुस हुन्छ। हिजोका दिनमा नेपाली कांग्रेसले के नीति लिन्छ र के गर्छ? भनी देशी-विदेशी शक्तिहरले आफ्नो नीति तय गर्थे। तर आज नेपाली कांग्रेस अरुले के गर्छ भनी हेर्न थालेका छन्। २००७ सालको क्रान्ति पछि नै भारतका प्रधानमन्त्री जवहारलाल नेहरुले नेपाललाई संघीयतामा लैजानुस् वी.पी. भन्दा, हाम्रो देश नेपाल सानो भएकोले संघीयताको आवश्यकता छैन भनी जवाफ दिनुभएको थियो। त्यस्तै वी.पी.ले भन्नु भएको थियो आन्दोलन गर्नुपर्दा देशी-विदेशी शक्तिसँग कुनै सहयोग नलिनु र नेपालका कम्युनिष्टसँग त मिल्दै नमिल्नु, वरु दुई वर्ष ढिलो किन नहोस् आफ्नो खुट्टामा उभिएर प्रजातान्त्रिक आन्दोलन गर्नु त्यो नै राष्ट्रियता, प्रजातन्त्र, समाजवादका

लागि दीगो दिलाउने आन्दोलन हुन्छ । तर हामी २०४२ सालको सत्याग्रह, २०४६/४७ को प्रथम जनआन्दोलनमा ३०-३२ गुटमा विभाजित कम्युनिष्टहरुलाई बाममोर्चा भएर आउ भनि संगठित गरिदिने हाम्रै आदरणीय नेता गणेशमान जी होइनन् र ? त्यस्तै २०६२/६३ को दोस्रो जनआन्दोलन गर्दा जंगलमा बसेका माओवादीलाई ८३ सिट र एमालेलाई ८३ सिट दिई कांग्रेसलाई नै अल्पमतमा पारेको गिरिजाबाबुले नै होइनन् र ? अनि स्थानीय निर्वाचन २०७४ मा भरतपुर महानगरपालिकाकी उम्मेदवार प्रचण्डकी छोरी रेणु दाहाललाई हँसिया हतौडामा भोट माग्ने पार्टी सभापति शेरबहादुर देउवाजी होइनन् र ? गल्ती हाम्रै नेताहरुले गर्ने ? अनि हारको दोष चाँहि घात-अन्तर घातलाई दिने ? जुन कार्य नेताहरुबाटै भएको थियो । यसैले नै वी.पी.को भावना विपरित गयौ । त्यसैको फलस्वरुप नै आज कांग्रेस अल्पमतमा पर्न गई देशको नै अस्तित्व संकटमा परेको अवस्था छ । २०४७ सालको संविधानमा हिन्दु राष्ट्र नेपाल राख्न गणेशमान सिंहजीले विशेष जोड दिनु भएको थियो । यो कुरा मैले २०६७ को नेपाली कांग्रेसको १२ औ महाधिवेशनमा नै उठाएको थिएँ । तर म एक्लो बृहस्पति जस्तै भएँ । सत्यको आग्रह कसैले सुनेनन् । नेपालको संविधान २०७२ आउनु देश निकासको लागि हितकर भएतापनि संविधान जसरी लेखियो त्यसले राष्ट्रको हित गर्ने प्रायः जसो धारा उपधारा नै कम देखिन्छन् । समग्रमा यसले अशान्ति र विभाजनको वीजारोपण गरेको छ । अबको नेपालमा स्थिर सरकार बन्ने सम्भावना प्रायः कम देखिन्छ । यो सरकार तथाकथित दुईतिहाई त हो तर कुनै पनि बेला आ-आफ्नो पार्टीमा फर्किएर पुनः विभाजन भै क्षणभरमै ढल्न सक्छ । यस्तो बेला अझ राष्ट्रले अन्योल झेल्न पर्ने हुन्छ किनकि यो सरकारलाई छायाँ सरकार (Cryptocracy)भन्न थालिसकेका छन् । समग्र राष्ट्रको शासन प्रणाली बाह्य शक्ति, Syndicate, INGOको मार्फत् चलेको कुरा उल्लेख गर्दै वी.पी. कोइरालाले २०३३ सालमा राष्ट्रिय मेलमिलाप नीति लिनुभएको दियो । यही कुरा बाबुराम भट्टराईले प्रधानमन्त्री हुँदा देशको साँचो त विदेशीको हातमा रहेछ भनेबाट स्पष्ट हुन्छ । यसका लागि नेपाली कांग्रेसले सुझबुझ पुऱ्याउन अत्यन्त जरुरी छ । नेपालको संविधानलाई समग्र देश हितका लागि संशोधन एवं परिमार्जित गरी प्रयोग गर्ने क्षमता भएको नेपाली कांग्रेसमा सक्षम, इमान्दार, राष्ट्र-अन्तरराष्ट्रलाई विश्वसनीय हुने नेतृत्वको खाचो छ । यसको लागि नेपाली कांग्रेसको विधानमा विश्वेश्वरप्रसाद कोइरालाले वि.सं.२००३ साल देखिनै

परिकल्पना गर्नुभएको परिपाटि अनुसार चल्नु चलाउनु नै राष्ट्रहितमा हुनेछ ।

- ☐ नेपाली कांग्रेसको यही महासमितिमा हुने विधान संशोधनामा, विधानदेखि घोषणापत्रसम्म सनातन धर्म हिन्दु राष्ट्र नेपाल कायम गरौं ।
- ☐ सानो राष्ट्र नेपालको संघीयताबाट हित हुन्न भन्ने प्रमाण हाल चलेको संघीयताबाट पुष्टि भै सकेकोले नेपाली कांग्रेसले दह्रोसँग नेपालको संविधानबाट संघीयता खारेजीका लागि उभिनु पर्छ ।
- ☐ विदेश नीतिमाः असंलग्न परराष्ट्र नीतिकासाथै छिमेकी मित्रराष्ट्र चीन-भारतसँग समानताका आधारमा पवित्र एवं असल मित्रवत् नीति राखी अन्तरर्राष्ट्रिय जगतसँग अघि बढ्नु आजको आवश्यकता हो ।
- ☐ अर्थ नीतिमाः मिश्रित अर्थनीति (Mixed Economy) का आधारमा ग्रामीण अर्थतन्त्रलाई स्वावलम्बन गराई नेपाली कांग्रेसको आदर्श "राष्ट्रियता, प्रजातन्त्र र समाजवाद" को संरक्षण एवं संम्वर्धन गर्न गाँस, बास, कपास, स्वास्थ्य र शिक्षाको पहुँच आम नेपालीमा पुग्नुपर्छ ।
- ☐ यीनै वी.पी.का मुख्य नीतिमा अरु कुनै देशी-विदेशी शक्ति वा दल कसैसँग आश्रित नभै आफ्नो उद्देश्य एवं नीतिमा अडिग रहने ।

आज हाम्रो देश नेपाल राष्ट्रियता र सनातनधर्म भन्दा परराष्ट्रवाद र परधर्मवादतर्फ उन्मुख भएको देखिन्छ । किनभने दोस्रो जनआन्दोलन २०६३ पछि देखापरेका कुकृत्यहरु जस्तैः- नेपालको नाम फेर्ने, चन्द्र सूर्य अंकित झण्डा फेर्ने, राष्ट्रलाई धर्म निरपेक्ष बनाउने, जातीय संघीयतामा जाने, राष्ट्रिय जनावर गाइलाई हटाउने, पशुपतिनाथमा गलत पूजारी राख्ने, काठमाण्डौं, भक्तपुर र ललितपुरका कुमारी (जीवित देवी) पूजा बन्द गर्ने, पण्डित र पूजारीको हत्या गर्ने, शिवलिङ्ग तोड्ने, मठ, मन्दिर र गुम्बाहरु भत्काउने, नेपालको राष्ट्रिय झण्डा जलाउने, नेपाली राष्ट्रिय पोशाक दौरा सुरुवाल हटाउने, नेपाल राष्ट्र निर्माता पृथ्वी नारायण शाहको शालिक तोड्ने, राष्ट्रबादी नेता विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंहको शालिक तोड्ने, नेपाली सैनिकमा रहेका गणका नाम- देवीदत्त, भैरवनाथ, गणेशदल आदि जस्ता गणका नामहरु नराख्ने जस्ता दुश्प्रयासहरु पहिलो संविधानसभा देखि नै देशी-विदेशी तत्वबाट प्रेरित भै आएका नेपालको राष्ट्रियताको

मर्ममा र चुरो माथि प्रहार भएको सर्वविदितै छ । यही प्रहारका कारण आज राष्ट्रका कुनै पनि निकायहरु जस्तैः सरकार, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सबै कर्मचारीतन्त्र, प्रहरी, सैनिक, पार्टी, दलविशेष सबै, व्यापारी, पेशागत समाज, नागरिकसमाज, संघ संस्था आदी समग्र समुदायको विश्वसनियता गुम्नाले र जात-जाती र धर्म संस्कृतिमा समेत कुतत्वको विखण्ड्नकारी विभेद नीतिका कारण समाजलाई भड्काएको हुदा आज राष्ट्र थिलथिलो भएको अवस्था छ । यसैकारण बलत्कार, हत्या, हिंसा, सुन तस्कर, पार्टीदेखि लिएर सबै तह र तप्काका सिन्डिकेटलगायतका सबै किसिमका तस्करीहरु र कमिसन तन्त्रआदिको रोकावटभन्दा सरकार आफै संलग्न भएको महसुस आम जनता र राष्ट्रले गर्न थालेका अवस्था छन् । यस्तो हुन्छ भन्ने कुराको संकेत दूरदर्शी महामानव वी.पी. कोइरालाले वि.सं. २०३३ सालमा नै स्प्रस्ट औलाउँदै राजा र जनताबीचको मेलमिलापबाहेक अर्को विकल्प छैन भन्नुभएको थियो । यो कुरालाई न राष्ट्र, न राजाले बुझे न कांग्रेसलेनै बुझ्यो । अहिले आएर सबै दल तथा पार्टीहरु वी.पी.को विचारलाई अंगीकार गर्नुपर्छ भनी स्पष्ट रुपमा हिडेका छन् । आज परिस्थिति भिन्न छ, देश गणतन्त्रमा गएकोले अब नेपाली कांग्रेस भित्रको मेलमिलाप र एकताले मात्र राष्ट्र बचाउन सकिन्छ । आज हाम्रो राष्ट्रको मुख्य पहिचान भनेका सगरमाथा, बुद्धको जन्मस्थान लुम्बिनी, हिन्दु राष्ट्र नेपाल, पशुपतिनाथ, जानकी मन्दिर जनकपुर, मठ, गुम्बा, विहार, मन्दिर, जीवित देवी कुमारी पुजा आदि, सधै एक आपसमा मिलि बसेका १२५ जात जाती, भाषा भाषीका चाडपर्व, पूजा संस्कृतिहरु आदि नै हुन । तर यस मर्मलाई ध्वस्त पार्न देशी-विदेशी शक्ति र नेपाल भित्रका मुकुण्डोधारी कूतत्वहरु राष्ट्रघात गर्न लागिपरेका स्पस्ट देखिन्छन् । यसमा तमाम नेपाली होसियार हुनै पर्छ ।

आदरणीय साथीहरु :–

विश्वेश्वर प्रसाद कोइरालाको आदर्श र गणेशमानजीको साहसको अनुसरण गर्दै आँउदा १० वर्षभन्दा बढी जेल जीवन बिताए । राष्ट्रमा ३० वर्षको पञ्चायतकालको विकृति स्पष्ट देखें । पञ्चायतका मन्त्रीहरू चीन, भारत, रुस र अमेरिकाका दुई दुई जना चार देशको कोटाको रुपमा क्याबिनेट मन्त्री हुन्थे भने प्रधानमन्त्रीमा कहिले भारत समर्थक कहिले चीन समर्थक पालै पालो बनाइन्थ्यो । यो देखेर मलाई लाग्थ्यो प्रजातन्त्र आएपछि यस्तो विकृति हट्छ भन्ने तर आज दुर्भाग्यबस मेरो त्यो सपना अरु मिथ्या साबित भयो । धेरै पार्टी खुले नेता पनि बने तर

प्रायः सबै पार्टीमा यो विदेशीहरूको घुसपैठ हुने प्रक्रिया विगतको भन्दा साना ठूला सबै पार्टीमा अझ तीब्र देखियो । सांसद किन्न करोड भन्दा बढी मोल तोकिन थाले देशी-विदेशी चलखेल अत्यन्तै तीब्र भयो । अब कहाँ रह्यो राष्ट्रियता, स्वच्छ प्रजातन्त्र अनि नैतिकवान समाज । मेरो ५७ वर्षको राजनीतिक जीवनकालमा कुनै आर्थिक लाभ हुने पदपोष्ट पार्टी वा सरकारबाट आजसम्म प्राप्त भएको छैन । मैले आस्था एवं निष्ठाको साथ आफुलाई उत्सर्ग गर्ने राजनीति गरेको हुनाले पदपोष्ट नपाउँदा दुःख पनि छैन । साँच्चै भन्ने हो भने म आफु अद्वैत भावमा रहेकोले सबैमा सम देख्छु र शान्त छु । नेपाली कांग्रेस महासमिति सदस्य क्षेत्र नं ९, काठमाडौ आदिमा क्रियाशील रहेको छु । मेरा यीनै विचार हुन् आदरणीय साथीहरू सहमत हुनुहुन्छ भने गुट-उपगुट छोडौं नेपाली कांग्रेसको आगामी मंसिरमा हुने महासमितिको बैठकमा माथि उल्लेखित राष्ट्रहितका कुरा रहने गरी नेपाली कांग्रेसको विधान संशोधन गरी आगामी राष्ट्रिय आम निर्वाचनमा नेपाली कांग्रेसले दुइतिहाई वहुमत ल्याई नेपालको संविधान नै राष्ट्र हितमा हुने गरी संसोधन गर्न अगाडि बढौं । यही नै आज राष्ट्रको माग रहेको छ । **"वयं राष्ट्रे जागृयाम कांग्रेसाः"** नेपाली कांग्रेस उठौं, जागौं, वी. पी. मार्गमा लागि नेपाली कांग्रेसको आदर्श कायम गरी राष्ट्र बचाऊँ । यसको लागि साथीहरुको आग्रह भएमा म पनि अगुवाई गर्न तयार छु । धन्यवाद ! जय नेपाल !! जय शम्भो !!!

२८ मंसिर देखि ९ पुष, २०७५

शिवमस्तु

दामोदर गौतम
महासमिति सदस्य, क्षेत्र नं. ९, काठमाडौं, प्रदेश नं. ३
मोवाइलः ९८५१०४३१२२
स्यूचाटार, काठमाण्डौ ।

"मैले भोगेका आजका मिति २०७९-०१-१३ सम्मका विगतका इतिहाँसलाई हेरी मेरा धेरै शुभ-चिन्तकहरु, छरछिमेकका दाजु-भाइहरु, नेपाली काँग्रेसका मेची महाकालीका साथिहरु मलाई सधै प्रश्न गर्छन ।" दामोदर दाइ तपाईं शेर बहादुर देवउवा भन्दा सबै कुराले बरिष्ठ (Senior) हुनुहुन्छ तर तपाईको जीवनमा नेपाली काँग्रेसको तर्फबाट कुनै पद-पोष्ट किन पाउनु सक्नुभएको छैन भनि सोध्दछन, अब मैले लेख्ने पर्ने हुन्छ । त्यो मैले वि.पि. कोइरालाको आदर्श र गणेशमान सिंहज्यूको सहासलाई प्रेरणाको स्रोत मानि आफुलाई राष्ट्रियता, प्रजातन्त्र र समाजवादका लागि वहाँहरुलाई साथ दिदै आफ्नो किशोर अवश्था देखि आजका मिति सम्म आफ्नो जीवनलाई राष्ट्रको निम्ति उत्सर्ग गर्दै आएँ । २०२२ सालबाट सुवर्ण जि, २०२३ बाट गिरिजा बाबु, २०२५ देखि २०३९ सम्म वि.पि. कोइराला, २०२५ बाट २०५४ सम्म गणेशमानजि संग त २०३४ देखि २०५४ सम्म वहाँ सँग एउटै कोठामा सुत्ने-खाने गरी २० वर्ष बिताएँ । २०२६ साल बाट कृष्ण जि सगँ ८-९ वर्ष सगैं जेल बसें । शेर बहादुर, राम चन्द्र पौडेल समकालीन नै भए एउटै ओछ्यानमा २०औं बर्ष सगैं सुत्ने र खाने तँ, तिमी चल्ने साथि नै भए । यी मध्ये मलाई बाधक एवं राहु र केतु झैं गणेशमान जि र वहाँको पुत्र मोहका कारण प्रकाशमान सिहं नै आजका मिति सम्म म लगायतका काठमाण्डुका नेपाली काँग्रेसका साथिहरुलाई अगाडि बदन नदिने लक्ष अनुसार म त्यसैको शिकार भैरहेको छु । इतिहाँस लेख्नेनै हो भने ५६ बर्षको लामो र धेरै संघर्षका कारण ठूलो पुस्तकको ठेली हुन्छ । मलाई धेरैले आफ्नो आत्मकथा लेख्ने एवं भिडियो रिकर्ड गराउनु न भन्छन् । तर मलाई त्यस्तो लेख्न जाँगर र फुर्सद नै नभए जस्तो र अध्यात्मिक चिन्तकलाई सत्य कुरा लेख्नु पनि आफ्नो बढाई चढाई गर्नु जस्तो देखिने भएर पनि इच्छया लाग्दैन । गणेशमानजि, गिरिजा बाबु र शेर बहादुर जिले वि.पि.को मार्गलाई २०४२ साल देखि २०७४ सम्म छोडेकै थिए । दुःखका साथ भन्नुपर्छ, महात्मा गान्धी जस्तो मेरो सेखा पछि मेरा छोरा नातीले राजनीति गरुन तर म महात्मा गान्धीको छोरा नाती भनेर मेरो नाम नबिकाउन् । वि. पि.ले क्रान्ति नायक भएर पनि परिवारमा १ टिकट मात्र लिनु भयो २०१५ सालमा । नेल्शन मण्डेलाले आफ्नो श्रीमती विनी

मण्डेलालाई कार्यबाहि र त्याग गर्नुभयो । अर्को काल पनि जनताले राष्ट्रपतिका लागि आग्रह गर्दा उहाँले दोराउनु भएन । तर गणेशमान सिंह ज्यूले आफ्नो छोरा प्रकाशमान सिंह र श्रीमती अगाडि बढाउनु भयो । त्यस्तै गिरिजा बाबुले पनि छोरी सुजाता बढाउनु भयो । शेर बहादुर देउवा र प्रकाशमान सिंह आदि सबै जसोले परिवार र पैसामा पद पोस्टको किन बेच गर्नु गराउनु र अनैतिक, बेमेल सिध्दान्त विहिन गठबन्धन आदि गर्नु गराउनु प्रजातन्त्रका विपरित मान्यता हुन । २०७९ मा आएर स्थानिय तह निर्वाचनमा शेरबहादुर देउवाले पूनः कम्यूनिष्ट सँगको पाँच दलीय अपवित्र गठबन्दन गरेर नेपाली काँग्रेसले वि.पि.को आदर्श विपरित कार्य गर्नु भयो । आज गलत गठबन्दनका कारण राष्ट्र भरिका काँग्रेसहरु आहत भएका छन । काँग्रेस पार्टी एकलै लडदा बहुमत ल्याउने निश्चित थियो । वि.पि.को नीति पनि यहि हो । निर्वाचन जित्नु भन्दा आफ्नो आदर्श वचाउनु ठूलो हो । आजको नेपाली काँग्रेसको नेतृत्वहरु यी कूरा सुन्न कोही तयार छैनन् । आज काँग्रेसहरु यो गलत गठबन्धनलाई गाँठबन्धन भनी निष्ठावान कार्यकर्ताहरु पार्टीको गलत निर्णयलाई विद्रोह गरी विभिन्न तहमा स्वतन्त्र उम्मेदवार दिई वि.पि.ले भन्नूभएको महावाक्य, " नेपाली काँग्रेसको नेतृत्वले गलत निर्णय गरेको सहन्छ भने, त्यो कि दास हो, कि अवसरवादि हो । " भन्नु भएको थियो ।

नेपाल राष्ट्र र नेपाली कांग्रेसको हित गर्ने हो भने शेर वहादुर देउवा प्रवृत्तिले नेपाल र नेपाली कांग्रेसलाई नै अहित गरिरहेको छ । प्रकाशमान सिंह प्रवृत्तिले काठमाण्डौ कांग्रेसलाई खत्तम पारेको छ । विमलेन्द्र नीधी प्रवृत्तिले मधेस कांग्रेसलाई खत्तम पारेको छ । उपरोक्त प्रवृत्तिका साथै देशमा नातावाद, जातियवाद, धनवाद, जनवाद, भीडवाद, सत्तावाद, आरक्षणवाद, क्षेत्रीयवाद, छाँयावाद आदिलाई पूर्णरुपले नहटाए सम्म वि.पि. कोइरालाले प्रतिपादन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादका आर्दश नै खत्तम हुदै नेपाल राष्ट्रले नै दुःख पाइरहेको छ र राष्ट्रले पूनः वि.पि.को जस्तो राष्ट्रवादि नेतृत्व नपाए सम्म दुःख पाइरहने छ ।

छोटकरिमा मेरा संघर्षका केहि क्षण :

-२०२५ सालको एस.एल.सी. काण्डको नेतृत्व र जेल ।

-२०२६ साल माघमा ने.वि.सं. स्थापनाको लागि विद्यार्थी प्रतिनिधि लिन नारायण प्रसाद शर्माको छद्म नामले राप्ती र भेरी अञ्चल गएको ।

-२०२७ साल वैशाख ६-८ गते नेपाल विद्यार्थी संघको कृष्ण प्रसाद भट्टराईबाट स्वयम्भूको भुइखेलमा उद्घाटन, पक्राऊ र जेल । बाँकी रहेका विद्यार्थी प्रतिनि

धबाट पहिलो नेपाल विद्यार्थी सघंको संस्थापक सदस्यहरुको समिति गठन सो निम्न बमोजिमका छन :

१) अध्यक्ष : विपिन कोइराला

२) उपाध्यक्षहरु :

क- राम उपाध्याय - पूर्वाञ्चल

ख- मच्छेन्द्र पाठक - मध्यमाञ्चल

ग- सनत रेग्मी - पश्चिमाञ्चल

३) महामन्त्री : टीका पोखरेल

४) सदस्यहरु :

१. दामोदर गौतम २. ऋषिराज पाण्डे

३. सुरेन्द्र बहादुर बिष्ट ४. रुद्रमणी शर्मा

५. चक्रराज पन्त ६. केदार न्यौपाने

७. चित्र बहादुर के.सी. ८. भरत पाण्डे

९. सिताराम निरौला १०. कैलाश आसा

११. आनन्द लाल अमात्य १२. अम्बिका ढकाल

१३. राजेन्द्र बहादुर शाह

५) मनोनित सदस्यहरु :

१. राम चन्द्र पौडेल २. मीन कुमार दाहाल

३. वसन्त गुरुङ्ग

जम्मा २१ जनाको कार्य समिति थियो ।

-२०२७ सालमा पंञ्चायती सरकार द्वारा स्यूचाटार गाउँ पंञ्चायत वडा नं. १ देखि ५ वडा सम्म पन्द्र सय रोपनी जग्गा अधिकरण गऱ्यो, अन्तरराष्ट्रिय राजदुतहरुको निवासका लागि । मेरो नेतृत्वमा जग्गा नदिन ठूलो संघर्ष र २३ जना पक्राउ, निशेधाज्ञ १ हप्ता सम्म र आन्दोलन सफल भयो । आज ना.न.पा.

९ र १० वडा त्यसको प्रतिफल रहेको हो । मलाई मन्त्री खाउ आन्दोलन रोक भनी अञ्चलाधिस विष्णुमणी शर्माबाट प्रस्ताव गर्दा मैले जनताको वास उठाएर मन्त्री खान्न भनी अस्विकार गरे ।

नेपाल विद्यार्थी संघको दोस्रो महाधिवेशन २०२९/५/३१ मा चितवनमा निर्वाचित कार्य समितिका पदाधिकारीहरु यस प्रकार छन् ।

अध्यक्ष	:	श्री शेर बहादुर देउवा
उपाध्यक्ष	:	श्री अशोक कोइराला (पूर्वाञ्चल)
उपाध्यक्ष	:	श्री दामोदर गौतम (मध्यमाञ्चल)
उपाध्यक्ष	:	श्री युवराज शर्मा गौतम (पश्चिमाञ्चल)
महामन्त्री	:	श्री रामशरण महत
सदस्यहरु	:	चिरञ्जीवि वाग्ले, बद्री श्रेष्ठ, हेरम्ब बहादुर थापा, चक्रराज पन्त, पञ्च बहादुर नेपाली, खड्ग बहादुर खत्री, वेणुपराज प्रसाई, कला प्रसाद राई, किरण चन्द्र प्रधान, दिनेश रिसाल, सोभियत बहादुर अधिकारी, लक्ष्मण सिंह थापा, मीन कुमार दाहाल, रुपानन्द बजगाई, पुष्कर गौतम, राजेन्द्र भट्ट

-२०२९ साल देखि २०३६ साल सम्म ने.वि.सं.को कार्यवाहक अध्यक्ष आन्दोलनहरुको नेतृत्व ।

-२०३१ सालमा लिला दाहाल, खगेन्द्र दाहाल, ठगी दाहाल र गोकर्ण कार्कीको नखुको एकान्तकूनामा जेल सार्ने वहानाले गोलि हानी हत्या । पत्रिकामा अब ४ जनाको पालो, मार्शल जुलुम शाक्य, दामोदर गौतम, भीम बहादुर तामाङ्ग र मच्छेन्द्र पाठक मार्ने भनी पत्रिकामा प्रकासित भयो तर राष्ट्रिय-अन्तरराष्ट्रिय दवावका कारण त्यो भएन ।

-२०३४ सालमा बखान सिंह गुरुङ्ग, ३८ समूह, ३९-४० मा परसुनारायण चौधरी समूह आदिबाट पञ्चायतमा जाउँ तपाईलाई राजाबाट हामी मन्त्री बनाउछौ भन्ने हरेक पटकका यस्ता प्रस्तावहरु अस्विकार गरी जेल नेल, मृत्यू वरण गरें ।

-२०३६ सालको अन्दोलनको नेतृत्व जेल, जनमत संग्रहको राजाबाट घोषणा ।

-२०४० सालको श्रावण ६ गते वि.पि.को प्रथम वार्षिकीमा वृक्षारोपन स्यूचाटार गाउँ पञ्चायत वडा नं. ७ गर्ने निधो नेपाली कांग्रेस जिल्लाले दामोदर गौतमको नेतृत्वमा गर्ने निर्णय अनुरुप गणेशमा सिंहज्यूबाट गराउने मैले तयारी गर्दा वृक्ष विरुवा सहित मलाई र नारायण प्रसाद गौतमलाई ४ गते नै पक्राउ गऱ्यो र ६ गते स्यूचाटार गाउँ पञ्चायत भरिनै निषेधाज्ञ (कर्फ्यू) जारी गऱ्यो ।

-२०४१ साल श्रावण ६ गते दामोदर गौतमको नेतृत्वमा गिरिजा प्रसाद कोईरालाज्यु बाट स्यूचाटार गा.प.-७ मा वृक्षारोपण । हाल २०७८ साल माघ ३ गते वि.पि. उद्यान प्रतिस्थान गठन गरिदिएको छ ।

-२०४२ सालको सत्याग्रहमा नेपाली काँग्रेसको केन्द्रिय प्रचार बिभागको संयोजक, वाग्मती अञ्चल प्रमुख र जेल ।

-२०४६/४७ को प्रथम जन आन्दोलन संघर्ष समितिको संयोजकमा : जगन्नाथ आचार्य, सदस्यहरु बासु रिसाल, मार्शल जुलुम शाक्य र दामोदर गौतम पछि विध्यार्थीबाट बल बहादुर के.सी. राख्ने कुरा २०४६ साल माघ २२ गते गणेशमान जि, किसुन जि समेत हामि बसि गणेशमान जि को घरमा गोप्य बैठक बस्यो र गणेशमानजिले तपाईहरुले संघर्षको योजना बनाउँदा गिरिजा बाबुलाई थाहा नदिनु किन कि वहाले राजा संघ कुरा गर्न सक्छन भनि महामन्त्री गिरिजा बाबु प्रति अविश्वास र हामी प्रति गहन विश्वास थियो । मलाई २०४६ साल माघ २५ गते नै पक्राउ गरी जेल हाले । फाल्गुन १४ गते माताको मृत्यु भयो । पुलिसको घेरामा दाह संस्कार गरियो ।

-२०५१ सालमा तत्कालिन ६ नं. क्षेत्रको नेपाली काँग्रेसको सांसद उम्मेदवार । १०,६१५ मत प्राप्त ।

-२०५७ सालमा गिरिजा बाबुबाट माथिल्लो सदनको सदस्य तपाइंलाई काठमाण्डौ जिल्ला सभापति तिर्थराम डंगोललाई समर्थन गर्नुस, काठमाण्डौमा मैले नेवार प्रकाशमानलाई हटाएर तपाई बाहुनलाई ल्याउँदा मलाई बाहुनबादको आरोप लाग्छ भन्नु

भयो, मैले भने तपाई बाहुन भएर केन्द्रिय अध्यक्ष बन्न मिल्ने, अनि मैले जिल्ला अध्यक्ष बन्न नमिल्ने भनी तपाईको माथिल्लो सदनको सदस्य तपाईं नै खानुस म १ भोट आए पनि उठछु प्रजातन्त्रमा जातिवाद हुदैन भनि आफनो अडान र निष्ठालाई कायम राखे ।

-२०६१/६२ सालमा राजा ज्ञानेन्द्रको साशन काल हुदा पनि मन्त्री वनाउने प्रस्ताव विभिन्न तहबाट आयो त्यसलाई पनि अस्विकार गरे ।

-२०६३ सालमा म विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको अध्यक्ष हुदा र २०६६ सालमा अन्तर धार्मिक परिषद नेपालको अध्यक्ष हुदा अन्य धर्म सम्प्रदायवाट पनि आर्थिक प्रलोभनहरु आए तर मैले आफ्नो अडान धर्म सापेक्ष सनातन हिन्दु राष्ट्र नेपाल हुनुपर्छ र संघियता हुनुहुन्न, जातिय संघियता त राष्ट्रको लागि घातकै हुन्छ भन्ने शुरु देखिको मेरो अडान सत्य नै छ । किन कि यो हाम्रो देशको संविधान २०७२ नेपालको राष्ट्रहितका लागि वनेकै होइन । अन्तमा म वि.पि. कोइरालाको आदर्शलाई अक्षरसः पालना गरी आज सम्म आफ्नो निष्ठा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद प्रति अडिग रहि आएको छु । मलाई विश्वास छ, म जीवनको अन्तिम घडि सम्म अडिक रहने छु । आज म २००२ साल कार्तिक २३ गते जन्मेकोले ७७ बर्षमा चलिरहेको छु । अब मलाई कुनै राजनितिक पद पोष्टका लागि नेपाली काँग्रेसको यस्तो अनैतिक नेतृत्व संग म आफैं केही माग्नेवाला पनि छैन । राजनितिक पनि सारै फोहोर निष्ठा भन्दा परिवार, नातावाद र पैसामा किनबेच हुन थालेकोले त्यस प्रति रुचि नै लाग्न छोडदै आएको छ । मेरो सवै धर्म सम्प्रदाय प्रति समभाव छ र म सनातन हिन्दु राष्ट्र नेपालको पक्षमा हिजो पनि थिएँ, आज पनि छु, भोलि पनि रहनेछु । मैले २०३८ साल देखि संजीवनी सेवा संघ मार्फत सकेसम्मको निशुल्क सेवा दिएर असहाय गरिव विरामीहरुलाई केही राहत पुऱ्याउने कोशिष गरेको छु । मेरो वर्कतले भ्याय सम्म आफनो जीवनले यी पवित्र सेवाहरु गरिरहने छु ।

॥ जय शम्भु ॥

२०७९ साल वैशाख १३ गते, रोज ३ शुभम्
दामोदर गौतम

२०८१ साल वैशाख २१ गते, आज यो देशलाई वि.पि. कोइराला जस्तो राजनेताको खाँचो छ भन्ने कुरा यो वेदको श्लोकले पहिले नै स्पष्ट गरेको छ ।

जनस्य गोपा अजनिष्ट जागृविरग्निः सुदक्षः सुविताय नव्यसे ।
घृतप्रतीको बृहता दिविस्पृशा द्युमद्विद्व भाति भरतेभ्यः शुचिः ॥
५/११/१ ऋगवेद

अर्थः-

प्रजाको रक्षा गर्ने, जागृति र दक्षता प्रदान गर्ने अग्निदेव याजकलाई प्रगतिको नयाँ बाटो प्रशस्त गर्नका लागि प्रकट भएका छन् । घ्युका आहुतिले अधिक प्रदीप्त भएर विराट् आकाश स्पर्श गर्न सक्छन् । साधकलाई तेजले युक्त पवित्रता प्रदान गर्नका लागि नै तिमी प्रकट हुन्छौ ।

यसको अर्को अर्थः-

जनताको पालन गर्ने शासक भन्नाले राजा, राष्ट्रपति, प्रधानमन्त्री, नेताहरु आदि सादा जीवन, उच्च विचार, नैतिकवान राष्ट्र र जनताका लागि सेवा गर्छु भन्ने उच्च भावको हुनुपर्छ । तर आज विश्वमा यस्ता शासकको बहुत कम कल्पना मात्र गर्न सकिएला ।

२०७९ सालमा नेपाली काग्रेसको संघीय सामसद उमेदवार ।

सत्य पत्र (अपिल) खण्ड

-ॐ नमः शिवाय -



"धर्मो रक्षति रक्षितः"
-सत्य पत्र(अपिल)-
२०६७ असोज १-५
१२ रौं महाधिवेशन
नेपाली कांग्रेस

दामोदर गौतम
केन्द्रिय सदस्य उम्मेदवार
(२५ जना मध्ये)
नेपाली कांग्रेस
महासमिति सदस्य
क्षेत्र नं ९ काठमाडौं
मो :९८५१०४३१२२



क्रम संख्या 5 मिति २२/१२/०३५

श्री ..... ले प्रजातन्त्र, समाजवाद र राष्ट्रीयतामा आस्था र विश्वास जनाउँदै क्रियाशील सदस्यताका लागि शुल्क रु० २)- भुक्तान गरी आवेदन गरेकोमा स्थानीय सुझावको आधार मा तपाईलाई नेपाली कांग्रे[illegible] क्रियाशील सदस्यता प्रदान गरिन्छ ।

विश्वेश्वर प्र. कोइराला

अध्यक्ष

आदरणीय नेपाली कांग्रेसका महासमिति एवं महाधिवेशन प्रतिनिधि साथीहरू, २००३ सालमा स्थापना भएको नेपाली कांग्रेस आज ६४ वर्ष पूरा गरी बाह्रौं महाधिवेशनमा हामी जुट्दै छौं। आज ६ दशकदेखि नेपालको इतिहासमा विशाल चट्टान जत्तिकै अटल नेपाली कांग्रेसको नेतृत्व बी.पी, गणेशमान जी, सुवर्ण जी र गिरिजाबाबुको अवशान भइसकेको छ र किसुन जी शान्त प्रायः भइसक्नुभएको छ। नेपाली कांग्रेसका यी महान धरोहरबाट राष्ट्रियता, प्रजातन्त्र र समाजबाद प्रति जुन योगदान नेपाल राष्ट्रलाई पुगेको छ यो नेपाल र नेपाली कांग्रेसको इतिहासमा अमर एवं अटल रुपमा स्वर्णीम अक्षरमा लेखिने छ। विश्वेश्वर प्रसाद कोइरालाले प्रतिपादन गर्नुभएको राष्ट्रियता, प्रजातन्त्र, समाजवाद एवं समावेसि सिद्धान्त नै मूल सिद्धान्त थियो। जस्तो बी.पी कोइरालाले २०१५ सालमा आफ्नो मन्त्रीमण्डलमा धनमानसिंह परियार(दमाई), द्वारिका देवी ठकुराठी(महिला), दिवानसिंह राई(किरात (पहाडी), योगेन्द्मान सिंह शेरचन(हिमाली-जनजाती), रामनाराण मिश्र(तराई-मधेस), परशुनारायण चौधरी(थारु-तराई) गणेशमान सिंह(नेवार-काठमाडौं) आदि अत्यन्त सुन्दर समावेशि मन्त्रीमण्डल थियो। साथै म २०२६सालमा वँहासंग बनारसको महामूरगञ्ज भारतमा भेट्न जाँदा वँहाको भान्से वीरमान कामी थियो। यति उदार, समदर्शी, सादा जीवन उच्च विचार थियो वँहाको। वँहा भन्नुहुन्थ्यो मानिस ठूलो होइन असल बन्नु भनेर। वी.पी का सिद्धान्तलाई मेरो यो सानो अपिलमा वर्णन गर्न भ्याउने कुरै भएन तर म वँहाको सिद्धान्त र आदर्शलाई सनातन सत्य मान्छु र जीवनभर अनुशरण गर्छु। धर्ममा पनि वँहाको हिटलर र यहुदी भन्ने पुस्तकले मलाई सधै प्रभाव पारिरहेको छ। वँहाले भन्नुभएको छ महाभारतको नरसंहार र हिटलरको द्वितीय विश्व युद्धको नरसंहार एकै हुन। मानव समाजको संहार होइन पालन हो भन्नु भएको छ। बी.पी कोइराला द्वारा प्रतिपादित सिद्धान्तले नेपाली कांग्रेसलाई २००३ सालदेखि आजका दिनसम्म अक्षुण्ण त राखेकै छ तर २०३९ साल श्रावण ६ गते बी.पी कोइरालाको अवशान पछि वँहाको सिद्धान्तमा मेलमिलापका साथ सबै कुराहरू विपरीत मार्गमा जान थाल्यो। वँहाले मेलमिलापलाई सनातन सत्य त मान्नुभएकै थियो तर आन्दोलन गर्दा भने नेपाली कांग्रेसले आफ्नो खुट्टामा उभिएर राष्ट्रियता, प्रजातन्त्र र समाजबादलाई कही कतै कोही राष्ट्रिय अन्तरराष्ट्रिय कुनै पनि शक्ति संग सम्झौता नगर्नु र बिशेष गरी नेपालका कम्युनिष्ट संग त गर्दै नगर्नु यिनीहरू धोकेवाज हुन्छन्, काम थोरै गर्छन, नारा चर्को हुन्छ र माग पुग्नै

नसक्ने गर्छन । यसमा नेपाली कांग्रेसले सधै सतर्क रहनु भन्नु भएको थियो तर त्यसो भएन । २०४२ साल सत्याग्रह, २०४६/४७ को प्रथम जन आन्दोलन र २०६२/६३ को दोस्रो जन आन्दोलनलाई त्यसको पूर्ण नेतृत्व नेपाली कांग्रेसले नै गऱ्यो । २०४२ को सत्याग्रह देशी विदेशि घुसपैठबाट असफल पारियो । प्रथम र द्वितीय जनआन्दोलन पछिको नतिजा बी.पी ले जे भन्नुभएको थियो त्यही भयो । २०४६ को जनआन्दोलन पछि एमालेले नेपालको संविधानलाई आलोचनात्मक समर्थन भन्दै जुन वितण्डा राष्ट्रभर मच्चायो आज २०६३ को जनआन्दोलन पछि गिरिजा प्रसाद कोइरालाको एक्लो कृपाबाट जङ्गलबाट शान्तिका लागि संसदीय प्रणालीमा हाल्न खोजेको प्रयासलाई आज माओबादीबाट राष्ट्रको लागि के भएको छ र के गरेका छन् सबैका सामु छर्लङ्ग छ । यी कुराका जिम्मेवारि हामी नेपाली कांग्रेसको नेतृत्व र हामी कार्यकर्ता समेतले लिनुपर्छ । किनकि २०४६ सालको टिकट वितरणदेखि मन्त्रीमण्डल लगायतका हर क्षेत्रमा नाताबाद, कृपाबाद त व्यापक नै रह्यो अझ छोरा..छोरी..., स्वास्नी, सालासालीले मात्र प्रस्रय पाए भने २००३ सालदेखि नेपाली कांग्रेसका योद्धाहरू जसले कठोर यातना भोग्दै आएका र २०६३ सम्मका शहिदका परिवार, घाइतेका परिवारहरू तिरस्कृत रहनु यो नेपाली कांग्रेसलाई कमजोर पार्ने एक प्रमुख कारण मान्नुपर्छ । अनि २००३ सालदेखि नेपाली कांग्रेसको नेतृत्वमा सबै राजनीतिज्ञहरू वरिपरि घुम्थे भने त्यो कुरालाई अदूरदर्शी किसिमले दुर्भाग्यबस माओवादीको वरिपरि नेपाली कांग्रेस र अन्य राजनीतिज्ञहरू घुम्न आज विवश भएका छन् ।

माओवादीले नेपाली कांग्रेस, सात दल, देशि विदेशि देखि अनमिन सम्मलाई झुक्याउन सफल भएको छ भन्ने कुराको भिडियो टेपमार्फत पुष्प कमल दाहाल प्रचण्डले प्रस्ट्याउँदै हामी (१) गणतन्त्र भन्छौं, (२) जातीय संघियता भन्छौं, (३) धर्म निरपेक्ष भन्छौं, (४)संविधान सभा भन्छौं यो हामी कम्युनिष्टलाई चाहिने कुरा होइन । यी आदि कुरामा नेपाली कांग्रेस र एमाले लगायतले मान्दैनन् अनि जनता भड्किन्छन् अनि हामीलाई विद्रोह गरी भाले हुन सजिलो हुन्छ र हामी देशलाई कब्जा गर्ने छौं अनि हाम्रो शासन आएपछि ठीक पार्ने छौं । यस्तो बदनियत पूर्ण निहीत स्वार्थ लुकेको माओवादी सँग बाह्रबुदेदेखि आजसम्म फस्दै जान विवश हुनु हिजो विश्वेश्वर प्रसाद कोइरालाले कम्युनिष्टहरू धोकेबाज हुन्छन् भन्ने भविष्यवाणी के सत्य भएन र ? यी उल्लेखित झुटा नारामा के नेपालीकांग्रेस बहकिन पर्ने थियो र ?

माओवादी शान्ति र संविधान होइन एकलौटी उसको कब्जाको शासन चाहन्छ ।

त्यस्तै हालको घट्नालाई हेरौं एमालेलाई सरकारको नेतृत्व गर्न माधवकुमार नेपाललाई इमान्दारीपूर्वक साथ दिइ रह्यो नेपाली कांग्रेसले तर एमालेले आज आएर नेपाली कांग्रेसको रामचन्द्र पौडेललाई साथको बदला सहमतिको बाहना बनाएर धोका दिइरहेको छ। कांग्रेस उदार हुन्छन् सबैलाई साथ दिन र लिन चाहन्छन् तर कम्युनिष्टहरू अनुदार हुन्छन् आफुमात्र लिन चाहन्छन् अरुलाई विश्वास गर्दैनन् । भविष्य द्रष्टा भएकोले यो कुरा बी.पीलाई मात्र थाह रहेछ ।

यस कुरामा धार्मिक सन्दर्भका केही कुरा राख्नु उचित हुन्छ । जस्तै जप तपको शक्तिद्वारा कृत्या पुरुष खडा गरी कसैलाई नष्ट गर्न प्रयोग गरिन्छ त्यो प्रयोग असफल भएमा आफैंलाई त्यो कृत्याले खान्छ भन्ने प्रसंग गुरु शुक्राचार्यले आफ्ना पुत्रद्वारा प्रल्हादलाई मार्न खडा गरिएको कृत्याबाट प्रल्हाद मरेनन् गुरुपुत्र दुवैको मृत्यु भयो । नेपालको इतिहासमा भारतले माओवादीलाई प्रयोग गऱ्यो राजतन्त्रलाई ठेगान लगाउन कांग्रेसलाई कमजोर गर्न, राजा बीरेन्द्र र ज्ञानेन्द्र दुवैले प्रयोग गरे कांग्रेसलाई तल पारेर आफैंले एकलौटी शासन गर्न । त्यस्तै कांग्रेस लगायतका सात दलले प्रयोग गऱ्यो राजालाई ठेगान लगाउन । यो तीनै शक्तिको उल्टो प्रयोगले राजाको राजतन्त्र गयो, भारतमा माओवादी बढ्यो गीरिजा प्रसाद कोइरालालाई राष्ट्रपतिको र नोबल शान्ति पुरस्कारको लोभ देखाएर धोका दियो ।

अर्को प्रसंग पनि यँहा जोडौं एक जना ऋषिको आश्रममा मुसो पालेको थियो केही समयपछि मुसोले ऋषिलाई भन्यो के गर्ने गुरु अरु त ठीक छ मलाई बिरालाको डर लाग्छ ऋषिले बिरालो बनाइदिनु भयो, बिरालोले भन्यो कुकुरको डर लाग्छ कुकुर बनाइदिनु भयो, कुकुरले भन्यो बाघको डर लाग्छ ऋषिले बाघ, शेर किन ? तँ सिंह भइस् भनेर सिंह बनाइदिनु भयो जब के सिंह भएको थियो अनि मुसोले सोच्यो मलाई मुसोबाट सिंह बनाएको यो ऋषिलाई मात्र थाह छ किन यो ऋषिलाई खाए मेरो भेद कसैले थाह पाउदैनन् भनेर ऋषिलाई नै खान के सोच्दै थियो मुसोलाई "पुनः मुसिको भव" भनेर मुसै बनाइदिनुभयो । त्यो ऋषिको तपस्याको शक्ति थियो र सफल

भयो। आज भारत, राजा र सात दलले आआफ्नो स्वार्थका लागि २०४८ सालमा ९ सिट, २०५१ सालमा प्रायः शून्य सिटको जनमोर्चारुपी मुसोबाट नक्कली सिंहरूपी २२७ सिटमा जब के पुगेको थियो माओवादी मेरो विषयमा थाह पाउने यीनै तीन शक्ति हुन भनी जाइलागिरहेको छ। त्यसैले कसैले पनि क्षणिक स्वार्थको निम्ति गलत प्रयोग नगर्नु भनीशास्त्र एवं धर्मले बताउँछ र आज माओवादीलाई "पुनः मुसिको भव" मुसोलाई मुसो नै बनाउन सक्ने तपस्वी राष्ट्रिय नेताको खाँचो छ। या अंगुलीमाल जस्तो नरभक्षीलाई बुद्ध बनाउने बुद्ध चाहियो या श्रीलंकाको राष्ट्रपति राजोपाक्ष जस्तो नेपालपक्ष चाहियो। मेरो मतमा बुद्ध नै बेश हुन्छ माओवादीलाई शान्तिवादी बुद्धिस्ट बनाउन।

अझ अर्को प्रसंग राखौं "निल्नु न ओकल्नु"। सर्पले बिभिन्न किसिमको जीवको सिकार गर्छ माछा, भ्यागुतो, ठूलो सर्पले सानो सर्प, मुसो चराहरू सबै निल्छ। यदि छुचुन्द्रो मुखमा पऱ्यो भने त्यो सर्पलाई निल्नु न ओकल्नु हुन्छ। किनभने ओकले सर्पको दुवै आँखा बन्द हुन्छ निले सर्प कोर भएर कुहिएर मर्छ। आज गिरिजा बाबुले बेजिङ्गबाट डिल्लीको दुलोमा पुग्नुभो मुखमा छुचुन्द्रो रुपी माओवादी पऱ्यो आज राष्ट्रलाई ठीक त्यही भएको छ निल्नु न ओकल्नु। छोडे रक्तपात हुने डर नेतृत्व दिए देशैलाई कब्जा गर्ने डर। अब महादेवले जस्तो हलाहल विषलाई बाहिर छोड्दा संसार भष्म हुने निल्दा भित्रको जीवात्मा मर्ने। यी दुवैलाई बचाएर कण्ठको वीचमा विषलाई राखि निलकण्ठ महादेव हुनुभयो। त्यस्तै यो छुचुन्द्रोरुपी माओवादीलाई कण्ठमा राख्न सक्ने महादेव रुपी नेता देशको लागि आवश्यक छ। आज नेपाली कांग्रेसले जुन अडान लिएको छ माओवादी लडाकुको समायोजन, कब्जा गरेको सम्पत्ति फिर्ता, हतियार राष्ट्रलाई बुझाउनु पर्ने र वाइ सि एलको अर्धसैनिक संरचना भङ्ग हुनुपर्ने। यो कुरा वाह्रबुदे सम्झौतामा स्पष्ट उल्लेख नहुनु र यो कुरा पुरा नभइ संविधान सभाको चुनावमा जानु राष्ट्र र प्रजातन्त्रको लागि घातक सिद्ध भएको छ।

१) आज उनीहरू सेनाको आडमा एकमाथि अर्को माग थप्दै लोकतन्त्र होइन जनवाद भन्दै छन्। जनवाद भनेको उनीहरूको एकवर्गको एकलौटी शासन हो।

२) कार्ल मार्क्सको मेनुफेस्टोमा धर्म भनेको अफिम(नशा/लागुपदार्थ) हो भन्नेले निरपेक्ष भन्नु र अन्य धर्म मान्नेहरूले जुन देशमा ८२ प्रतिशत हिन्दु र ॐकार परिवार सहित ९४ प्रतिशत एक ईश्वरवाद मान्ने मुसलमान र इशाई समेतले भाषिक रुपले त्रुटीपूर्ण शब्दलाई भारतको नक्कलमा बहकिनु के उचित हुन्छ ? धर्म निरपेक्ष शब्दलाई नेपाली, संस्कृत र अंग्रेजी शब्दकोषले यस्तो लेखेको छ :-

नेपाली र संस्कृतमा निरपेक्षको अर्थ :-

क) कुनै कुरामा चाख वा वास्ता नभएको,
ख) लापर्वाह,
ग) हेलाँ,
घ) वेवास्ता,
ङ) एक्लो,
च) अकेलो,
छ) लौकिक,
ज) सांसारिक(दुःख, विषयी, बासना),
झ) अधार्मिक,
ञ) धार्मिक सत्यमा अविश्वासी,
ट) धार्मिक अध्यापनको बिरोधि,
ठ) अध्यात्म विरोधि

अंग्रेजीमा Secular को अर्थ :-

1. Not religious, (धर्म नमान्ने)
2. Not sacred (धार्मिक भावना रहित)
3. Not spiritual (अध्यात्म विरोधि)
4. Concerned with the affairs of this world (कुनै धर्ममा सम्बन्ध नभएको)
5. Temporal ;Worldly (अध्यात्मसँग सम्बन्ध नभएको सांसारिक)
